# नेवाः म्हसिका

# **Newa: Mhasika**

'Newa: Mhasika' refers to the Newar people’s “Newar Identity” in a cultural or symbolic sense.

In formal Newari (Nepal Bhasa) “नेवाः चिन्हारी” (Newa: Chinhari) can be expressed as: “नेवाः म्हसिका” (Newa: Mhasika).

# म्हसिका

(अखिल भारतीय नेवारी चिह्नारी)

अङ्क : १, वर्ष : १, २०२५-२०२६



**अखिल भारतीय नेवार संगठन**
**केन्द्रीय समिति**

# म्हसिका

## स्मारिका

**सातौं राष्ट्रिय महाअधिवेशन २०२५**

प्रधान सम्पादक
**भाजु प्रतापचन्द्र प्रधान**

सह सम्पादक
**भाजु श्याम प्रधान**
**भाजु सदिप प्रधान**

संरक्षक
**भाजु सूर्यनारायण प्रधान**
**भाजु डी. के. प्रधान**

संयोजक/व्यवस्थापक
**भाजु गणेशकुमार प्रधान**
**भाजु कर्णेल सञ्जयमणि प्रधान**

प्रकाशक
**अखिल भारतीय नेवार संगठन**को पक्षमा
**ज्ञानकुञ्ज बुक्स**, खरसाङ

आवरण
भाजु आविष्कारचन्द्र प्रधान

कार्यालय
पुरानो सुपर मार्केट
तेस्रो तला, दार्जिलिङ, ७३४१०१

ग्राफिक डिजाइन/मुद्रक
**ज्ञानकुञ्ज बुक्स, खरसाङ**
(सम्पर्क : 97337 29229,
gyankunja11@gmail.com)

मूल्य : २५०/-

**ISBN NO : 978-81-981848-5-6**

**Mhasika**, A souvenir book of Akhil Bharatiya Newar Sangathan (ABNS) edited by Pratapchandra Pradhan and published by Gyankunja Books on behalf of ABNS on 14 June 2025. ISBN No : 978-81-981848-5-6

# विषय सूची

शीर्षक/पृष्ठ संख्या


- सम्पादकीय iii
- अध्यक्षको कलमबाट iv
- शुभकामना
- सातौं राष्ट्रिय महाधिवेशन - २०२५ : महासचिवको प्रतिवेदन ०१
- असम राज्य समिति मुख्य सचिवको प्रतिवेदन ०७
- पश्चिम बंगाल राज्य समितिको प्रतिवेदन ०९
- नेवाःभाय् व तजिलजि ब्वनेकुथि : एक टिपोट १२
- अखिल भारतीय नेवार संगठनको संक्षिप्त विवरण १५
- कालिम्पोङमा अखिल भारतीय नेवार संगठनको थालनी/कृष्णमणि प्रधान १७
- Akhil Bharatiya Newar Sangthan, Assam State Committee ... २१
- असमेली नेवाः समाज अतीतदेखि वर्तमानसम्म : एक अवलोकन/पुष्पराज श्रेष्ठ २३
- प्रस्ताव : वार्षिक पात्रो (Calender) अनुसार भारतको नेवार समुदायले मनाउन सम्भव हुने धार्मिक-सांस्कृतिक चाडपर्व : एक प्रस्ताव / प्रतापचन्द्र प्रधान २७
- नेवार जातिको परिचय/ प्रो. प्रेमशान्ति तुलाधर ४०
- नेवाः जातिको सामाजिक संस्कार/ डा तुलसीनारायण श्रेष्ठ ४७
- मत्स्येन्द्रनाथ : कामरूपको बिरासतदेखि नेपालको सङ्कटमोचनसम्म / डा विधुप्रकाश कायस्थ ६७
- लाखे नृत्य/कर्णेल सञ्जयमणि प्रधान ७५
- नेवारी संस्कृति र संस्कारका सकारात्मक पक्षहरू/प्रद्युम्न श्रेष्ठ ७९
- नेवारी समाजमा नारी/डा गायत्री नेवार ८३
- सन्दर्भ नेवार युवतीको विवाह प्रथा र नारी अधिकार/सदीप प्रधान ८६
- सिक्किममा नेवारहरूको आगमनको ऐतिहासिक पृष्ठभूमि/कल्पना प्रधान ९०

- क्वाँति पून्हि/प्रो. दिवाकर प्रधान १०२
- नेवार पद्धतिमा शुभ विवाहमा लमीको भूमिका/ धननारायण प्रधान १०७
- नेवाः समाजमा धिमे बाजा/ सुदनमान मनिकार १०९
- नेवारी दाल-भात/ प्रकाश प्रधान १११
- स्वतन्त्रता सेनानी भक्तबहादुर प्रधान/हिमाल पाण्डे ११३
- भारतीय नेवाः जातिका केही विभूति/योगवीर शाक्य ११७
- मास्टर पूर्णमान शाक्य : संक्षिप्त जीवनी/सञ्जय शाक्य १२०
- Siddhi Das Mahaju (Amatya)/Maiju Reshu Pradhan १२३
- डा. पारसमणि प्रधानको योगदान/गणेशकुमार प्रधान १२७
- यः मरि-को धार्मिक एवं सांस्कृतिक महत्त्व/कल्पना महर्जन १४०


**परिशिष्ट (पृष्ठ १४४ देखि)**


- प्रचलित नेवारी लिपि : स्वर-व्यञ्जन वर्ण a
- कूटाक्षर लिपि : स्वर व्यञ्जन वर्ण b
- विविध लिपिहरू : स्वर-व्यञ्जन वर्ण c
- संस्थापक सदस्यगण d
- केन्द्रीय समिति f
- पश्चिम बङ्गाल राज्य समिति i
- उत्तराखण्ड राज्य समिति k
- असम राज्य समिति l
- विज्ञापन तथा फोटो क-ढ

# सम्पादकीय

भारतका विभिन्न प्रान्तहरूमा स्थायी रूपले बसोवास गरिरहेका नेवाः समुदायमा नेवाः जातिका धार्मिक, सांस्कृतिक चाडपर्व र संस्कार, भाषा, साहित्य, धर्म, संस्कृति, कला-कौशल, गर-गहना, भेषभूषा, खानपिन आदिको चिन्हारी प्रस्तुत गर्ने उद्देश्यका साथ अखिल भारतीय नेवार संगठन (अभानेस) ले आफ्नो मुखपत्र 'म्हसिका' नामक वार्षिक पत्रिका प्रकाशनको उज्यालोमा ल्याएको छ। 'म्हसिका' भन्नाले नेवाः समुदायको चिन्हारीलाई सांस्कृतिक वा प्रतीकात्मक अर्थमा जनाउँछ। त्यसैले सङ्गठनको मुखपत्रको नाम पनि 'म्हसिका' नै नामकरण गरिएको हो।

अखिल भारतीय नेवार संगठनले आफ्नो वार्षिक मुखपत्र 'म्हसिका'का माध्यमबाट 'परम्परा बचाऊँ, संस्कृति जोगाऊँ' भन्ने आदर्श नारालाई पाठकसमक्ष अघि सारेको छ। यस पत्रिका प्रकाशनको मुख्य उद्देश्य लोपोन्मुख अवस्थामा रहेको नेवाः समुदायको समृद्ध सांस्कृतिक सम्पदालाई संरक्षण गर्नुका साथै जातीय चिन्हारीसहित समुदायको उन्नति गर्नु हो। आजको परिप्रेक्ष्यमा 'म्हसिका'ले भारतलगायत विश्वभरि छरिएर बसेका नेवारहरूका जातिगत मौलिक विशेषतालाई क्रमशः चिनाउँदै लैजाने लक्ष्य राखेको छ।

विश्वमा नै आफ्नो विशिष्ट सांस्कृतिक चिन्हारी र सम्पदाका माध्यमबाट नेवाः जातिले आफूलाई एक विशेष जातीय समुदायको रूपमा चिनाएको छ। "कहीँ नभएको जात्रा हाँडी गाउँमा" भने झैं जातीय बैभव झल्काउने सम्पदाका दृष्टिले कहीँ नभएका अनौठा धार्मिक-साँस्कृतिक संस्कार र चाडपर्वहरू नेवाः समुदायमा नै पाइन्छन्। उदाहरणार्थ जीवित देवी कुमारी पूजा, छोरीको तीन विवाह प्रथा (इहिँ, बारा तयगु/गुफा राख्ने र इहिपा), विवाहित गर्भवती छोरीलाई माइती पक्षले धौ बजि खुवाउने, सुत्केरी भएको एक महिनापछि माइतीले सुत्केरी पाल्न लैजाने, धार्मिक अनुष्ठानहरूमा तान्त्रिक विधिअनुसार जाँड-रक्सी, अण्डा, माछा, मासु चढाउने, ७७, ८८ र ९९ वर्ष पुगेका वृद्ध-वृद्धाको बूढो जङ्को गर्ने जस्ता संस्कारहरूले नै विश्व समुदायमा नेवाः जातिलाई विशेष समुदायको रूपमा चिनाएका छन्।

अभानेसले तीन दशकभन्दा धेर घुम्तिहरू पार गरिसकेको छ। २० जुन १९९३ मा स्थापित अभानेसले जातीय उठानका लागि सुरु सरूमा धेरै महत्त्वपूर्ण कामहरू गर्दै आइरहेको भए पनि कालान्तरमा नेतृत्वको कमी कमजोरीका कारण निष्क्रिय बन्न पुगेको थियो। तर जातीय अस्मिता र चिन्हारीका लागि भाजु सूर्यनारायण प्रधानको कुशल नेतृत्वमा अभानेसले ०३ अप्रेल २०२२ मा पुनर्जन्म लियो। वर्तमानमा अभानेस भारतभरि छरिएर बसेका सम्पूर्ण नेवारहरूको आस्था केन्द्र बनेको छ। त्यसैको एउटा ज्वलन्त उदाहरण 'म्हसिका' पत्रिकाको प्रकाशन पनि हो।

- **प्रतापचन्द्र प्रधान**

प्रधान सम्पादक।

# अध्यक्षको कलमबाट



अखिल भारतीय नेवार संगठन (अभानेस) -को सातौं वार्षिक साधारण सभा आउँदो १४ र १५ जुन २०२५ का दिन सर्वसम्मतिद्वारा भानु भवनको प्रेक्षागृह, दार्जिलिङमा आयोजना गर्ने निश्चित गरिएको हो। यस सभालाई जीवन्त र सफल बनाउनका लागि भारतका विभिन्न प्रान्तहरूसमेत छिमेकी राष्ट्र नेपाल र अन्य देशहरूबाट अतिथिहरूको आगमन र सहभागिता हुने भएकोले आमन्त्रित सबै आदरणीय अतिथिवर्गलाई यस सम्मानित उपस्थितिमा म अभानेसको तर्फबाट गौरवका साथ हार्दिक स्वागत गर्दछु।

नेवार जातिका विविध पक्ष - भाषा, साहित्य, परम्परागत संस्कार, कला, संस्कृति आदिको सम्वर्द्धन र उन्नयनका लागि २० जुन १९९३ मा स्थापित अभानेस केही कालसम्म निष्कृय रहे तापनि ०३ अप्रेल २०२२ मा पुनर्स्थापना भई हाम्रो नेवार जातिको अस्मिता र चिन्हारी बचाइराख्नमा सङ्गठनात्मक रूपमा कटिबद्ध रहिआएको छ।

भारतका विभिन्न प्रान्तहरूमा बसोवास गरिरहेका नेवारहरूलाई एक सूत्रमा बाँध्ने उद्देश्यले अभानेसको छातामुनि नेवारबहुल प्रान्तहरूमा राज्य समिति, अञ्चल समिति, जिल्ला समितिजस्ता शाखा-उपशाखाहरूको स्थापना भइसकेका छन्। बहुसांस्कृतिक तथा बहुजातीय राष्ट्र भारतमा नेवारहरूको छुट्टै जातीय चिन्हारी र अस्तित्वलाई विश्वसमक्ष चिनाउनु अभानेसको लक्ष्य हो।

परम्परित संस्कार र संस्कृतिबाट वञ्चित भारतीय नेवारहरूलाई आफ्नो भाषा, संस्कार र लोकमान्य धार्मिक-सांस्कृतिक गतिविधिहरूसँग परिचित गर्न हेतु अभानेसले बेलाबेलामा ठाँउ ठाँउमा कक्षा सञ्चालन गरेर नेवार भाषा, नृत्य, लोक वाद्यवादन, पकाउने कौशल, भेषभूषा, गरगहनाबारे ज्ञान दिने प्रशिक्षण र प्रदर्शन गर्ने कार्यक्रमहरू गर्दै आइरहेको तथ्य सबैलाई अवगत भएकै हो। यस किसिमका कार्यक्रमहरू भारतीय नेवार समुदायमा उत्साहजनक देखिएका छन्।

केन्द्रीय समिति, राज्य समिति, अञ्चल समिति, जिल्ला समितिका कार्यकारी पदाधिकारीहरू र सदस्यहरू गणतान्त्रिक पद्धतिअनुसार चयन गरी अभानेसले आफ्नो जिम्मेवारी पूरा गरिरहेको छ। यस पूनित कार्यमा अभानेससँग हातमा हात मिलाई नेवार जातिका सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक र सांस्कृतिक स्तरलाई माथि उठाउनाका लागि "हामी नेवार हौं। हामी नेवार भएर बाँचौं" भन्ने सन्देशका साथ नेवार समुदायको प्रत्येक भाजु-मयजुलाई विनम्र आह्वान गर्दै महाधिवेशनको गुणात्मक परिणाम प्राप्तिका लागि म मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

जय कुमारी देवी! जय भीमसेन देव!! जय भैरवनाथ!!!



**सूर्यनारायण प्रधान**

अध्यक्ष।

**RAJU BISTA**
**Member of Parliament (LS)**
**Darjeeling - West Bengal**

**Member Standing Committee on**
**Rural Development and Panchayati Raj**

सत्यमेव जयते

301, Ganga Apartment
Dr. BD Marg, New Delhi - 110001
Mob. : 7303932706
Ph. : + 91-11-23310433
E-mail : rajubistabjp@gmail.com
raju.bista@sansad.nic.in

Ref. No. DARJ/GN/2903 Dated 03/05/2025

**शुभकामना-सन्देश**

सेवामा,

श्री प्रतापचन्द्र प्रधान,
अध्यक्ष एवं प्रधान सम्पादक
'म्हसिका' अखिल भारतीय नेवार सङ्गठन
सांस्कृतिक समन्वय केन्द्रीय विभाग
गुठी भवन, सालबारी हाट, सिलगढ़ी, जिल्ला – दार्जीलिङ
पश्चिम बङ्गाल, भारत -७३४००२

सन् १९९३ मा स्थापित यो अखिल भारतीय नेवार संगठनले तीन दशकभन्दा धेरै समयदेखि आफ्नो भाषा, संस्कृति अनि परम्परा जोगाउनका लागि निरन्तर काम गर्दै आइरहेको छ। यस संगठनको उदात्त उद्देश्य र यसले गर्दै आएका विभिन्न कल्याणकारी कार्यहरू प्रशंसनीय छन्।

भारतमा विभिन्न भाषाभाषी उपजातिहरूले बनेको एउटा बलियो जाति हो - हाम्रो गोर्खा जाति। यसभित्रका विभिन्न घटक जातिहरूका आफ्ना-आफ्नै भाषा एवं बोलीहरू, साहित्य, संस्कृति, परम्परा र रीति-रिवाजहरू हुँदाहुँदै पनि एकमुष्ठ रूपमा हामीले आफ्नो चिह्नारी बनाएका छौँ – गोर्खा जातिको रूपमा। हाम्रो भाषा नेपालीले हामी सबैलाई एउटा बलियो अनि समृद्ध जातिको रूपमा अगाड़ि बढ़ाएको छ।

यस पृष्ठभूमिमा, हाम्रो गोर्खा जाति भित्रका विभिन्न महत्त्वपूर्ण घटकहरूका भाषा, साहित्य अनि संस्कृतिको जगेर्ना र विकासले हामीलाई विविधतासँगै एक मजबूत आधार प्रदान गर्दछ। यिनै घटकहरू मध्ये एक हो - भारतका नेवारहरू। अखिल भारतीय नेवार सङ्गठनले "परम्परा बचाऔँ, संस्कृति बचाऔँ" नाराका साथ **"म्हसिका"** नामक वार्षिक पत्रिकाको प्रकाशन गरेर भारतमा नेवार समुदायको समृद्ध इतिहास एवं सांस्कृतिक सम्पदालाई चिनाउनुसँगै भावी सन्ततिहरूलाई आफ्नो गौरवशाली इतिहास र परम्परासित गाँस्दै लैजाने महनीय जमर्को गरेकोमा म हार्दिक बधाई एवं शुभकामना दिँदछु।

नेवारी भाषामा **"म्हसिका"** को अर्थ नै चिह्नारी हो। मलाई पूर्ण विश्वास छ कि यस पत्रिकाले हाम्रो एकमुष्ठ चिह्नारीलाई झनै बलियो र समृद्धशाली बनाउनमा आफ्नो योगदान गर्नुका साथै महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

पुनः अखिल भारतीय नेवार सङ्गठनका समस्त अग्रजहरू, वर्तमान पदाधिकारीहरू र सदस्यहरूलाई यस अवसरमा हार्दिक शुभकामना र बधाई छ।

मितिः ०४ मई २०२५

भवदीय

Raju

**राजु बिष्ट**

**Constituency Office :** Bunglow No-6, Barsana Garden & Apartment, Khaprail Road,
Near Barsana Hotel & Resort Matigara, Darjeeling West Bengal - 734101 Tel. : 0353-2571707

अनित थापा
ANIT THAPA

सत्यमेव जयते

प्रमुख कार्यपाल
गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन
Chief Executive
Gorkhaland Territorial Administration

दिनाङ्क : २७/०५/२०२५

## शुभकामना

समकालीन भारतीय समाजमा स्वजातीय भाषा, साहित्य, संस्कृति, रीतिरिवाज, पारम्पारिक संस्कार, खानपीन, भेषभूषा जस्ता जातीय चिन्हारीका महत्त्वपूर्ण पक्षहरू लोपोन्मुख स्थितिमा पुगेका छन् । बहुभाषिक, बहुसांस्कृतिक समाजको परिप्रेक्ष्यमा जातीय चिन्हारीका त्यस्ता पक्षहरूको संरक्षण र सम्बर्द्धन गर्दै समाजलाई एकीकृत दिशातिर अग्रसर गराउनु प्रत्येक सङ्गठनको कर्त्तव्य हुनेछ । यस सन्दर्भमा अखिल भारतीय नेवार सङ्गठनले नेवार जातिको समृद्ध संस्कृतिको पुनरुत्थान र संरक्षणको दिशातिर उठाएको पाइला स्वागतयोग्य छ ।

प्रकाशोन्मुख म्हसिका पत्रिकाले भारतीय नेवारहरूको जातीय चिन्हारीलाई अझ विस्तार गर्न सकोस् भनी म आन्तरिक हृदयबाट शुभकामना व्यक्त गर्न चाहन्छु ।

शुभेच्छु

(अनित थापा)
प्रमुख कार्यपाल
गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन।

GTA Secretariat, Lalkothi, Darjeeling – 734101
+91 0354 2254434 chiefexecutivegta@gmail.com

*Kalpana Pradhan*
Sabhasad
Pankhabari, Ambotia, Longview Constituency
कल्पना प्रधान
सभासद
पंखाबारी, अमबोटिया, लङ्ग भिऊ समष्टि

Cell : 8250461683
Email : kalpanapradhan25@gmail.com

Executive Sabha Member
Women & Child Development Dept.
Gorkhaland Territorial Administration
कार्यकारी सभासद
महिला एवं बाल कल्याण विभाग
गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन

*Ref. No. :..........................* *Date :..........................*

## हार्दिक बधाई एवं शुभकामना



धैरे अन्तरालपछि अखिल भारतीय नेवार संगठनले संगठनको स्मारिका ‘म्हसिका’ प्रकाशित गर्ने निश्चित गरेकोमा मलाई अत्यन्त हर्ष लागेको छ। हाम्रा पुर्खाले दिएको र सिकाइराखेको जातिको भाषा, संस्कृति, भेषभूषा, खानपान आजको पिँढीलाई सिकाउनु यो संगठन स्थापित भएको हो। हाम्रो ऐतिहासिक सभ्यतालाई आउने भावी पिँढीसम्म पुऱ्याउने सोच लिएर प्रकाशित हुने यो स्मारिकाले एक ऐतिहासिक भूमिका निर्वाह गर्नेछ भन्ने पूर्ण विश्वास मभित्र जागेको छ। म आफै पनि नेवार भएर जन्मिनु पाएकोमा गर्व गर्दै यो ‘म्हसिका’ नामले प्रकाशित हुने स्मारिकाका सम्पूर्ण सम्पादक मण्डली, संरक्षक र संगठनलाई बधाई टक्र्याउँदछु। यो संगठन अझ फुलोस्-फलोस् र प्रगति मार्गमा अघि बढ्दै जावोस् भन्ने शुभेच्छा र शुभकामना टक्र्याउँदछु।

कल्पना प्रधान
कार्यकारी सभासद्
गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन

*Yogendra Pradhan*
Executive Sabha Member
Power and Non Conventional Energy Dept.
Constituency No. 6
Lebong-Badamtam Samasty

**Gorkhaland Territorial Administration**
Room No. 8, Lewis Jubilee Complex
Darjeeling, West Bengal, India

**Contact : +91 8967918738, +91 9775455509**
**e-mail : pradhanyogendra777@gmail.com**

**योगेन्द्र प्रधान**
कार्यकारी सभासद
विधुत एवं गैर-परम्परागत ऊर्जा विभाग
क्षेत्रीय संख्या : ६
लेबोङ्ग-बदमताम समष्टि

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन**
लुईस जूबली कम्पलेक्स
दार्जीलिङ्ग, पश्चिमबंगाल, भारत

**Ref. No.** .......................................  **Date** .......................................

सेवामा
सम्पादक महोदय
**म्हसिका**, स्मारिका
अखिल भारतीय नेवार संगठन।

महोदय,

अखिल भारतीय नेवार संगठनको सातौं राष्ट्रिय महाअधिवेशन सम्पन्न हुन लागेको सुखद जानकारी प्राप्त भयो। भारतीय नेपाली समाजको विकासमा नेवार समुदायको संस्कार–संस्कृति, खानपान साथै विभिन्न सांस्कृतिक झाँकीहरूले ठूलो योगदान पुऱ्याएको म अनुभव गर्दछु। नेवार समुदायले भारतमा सबैलाई एकतामा बाँधिएर बस्न पनि सिकाएको छ। अखिल भारतीय नेवार संगठनले आफ्नो सातौं महाधिवेशनको यस उपलक्ष्यमा '**म्हसिका**' नामक स्मारिका पनि प्रकाशित गर्ने खबरले उत्साहित बन्दै यस अवसरमा सम्पूर्ण अखिल भारतीय नेवार संगठनका पदाधिकारीवर्गलाई न्यानो शुभ कामना व्यक्त गर्दछु।

धन्यवाद।

**योगेन्द्र प्रधान**
कार्यकारी सभासद,
विद्युत अनि ऊर्जा विभाग
गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन

नेवाः देय् दबू
# नेवाः देय् दबू केन्द्रीय समिति
का.म.पा.-१२, काठमाडौं विजनेश पार्क, बुद्धबारी, टेकु

का.जि.का.द.नं. ८८७/०५७/०५८
पान नं. ३०१५५९१५७३
स.क.प.नं. १९३११

NEWA DEY DABOO

प.स.च.नं. ५७३/११४५/११४६



हनेबहःम्ह नायःभाजु सुर्यनारायण प्रधानजु,
अखिल भारतीय नेवार संगठन
भारत

**भिंतुना**

छिस्कर,

अखिल भारतीय नेवार संगठन सिक्किम भारतया थ्वहे वइगु 14th-15th जुन, 2025 कुन्हु सिलगडीइ खुक्वःगु दँमुँज्या जुइत्यंगु खँ न्यनाः तसकं लय्तायाच्वना।

छिमेकी देय् भारतय् ताःईनिसें बसोबास याना वयाच्वनादीपिं नेवाःतय्त छप्पं यानाः थःपिनिगु म्हसीका जुयाच्वंगु भाषा, कला, संस्कृति व संस्कारया संरक्षणया निति अखिल भारतीय नेवार संगठनं यानावयाच्वंगु ज्या तसकं च्वछाये बहःजू। स्थानीय स्तरय् संगठीत थीथी नेवाः संगठननापं समन्वय् यानाः भाषा, लिपि, परम्परागत बाजं, प्याखं स्यनेगु ज्याय् थ्व संगठनया तःधंगु योगदान दु। नेपाः देय्पिने नं नेवाः सभ्यता ल्यंकातयेगु निति यानावयाच्वंगु ज्वःमदुगु योगदानया निति दुनुगलंनिसें सुभाय् देछानाच्वना।

वंगु नेसं. ११४४ दिल्लागा चःहे, 3rd Augest, 2024 य् नेवाः देय् दबू व अखिल भारतीय नेवार संगठन दथ्वी अध्ययन, अनुसन्धान व साँस्कृतिक सहकार्य सम्बन्धी जूगु सम्झौताकथं भारतया दार्जिलिङ, डुअर्श व सिलगडीइ नेपालभाषा, धिमेबाजं व नेवाः साँस्कृतिक प्याखं नापनापं नेवाःतय् जन्मनिसें मृत्युतकया संस्कार सम्बन्धी तालिम सञ्चालन यायेत माःगु ग्वाहालि व समन्वय याये दयाः नेवाः देय् दबू तसकं लय्ताःगु दु। लिपालिपा नं भारतया मेमेगु थासय् जुइगु थीथी तालिम, अध्ययन-अनुसन्धानया ज्याय् नेवाः देय् दबूया माक्व ग्वाहालि दइगु बचंसहित छिकपिनिगु खुक्वःगु दँमुँज्या सुथांलाक क्वचायेमा धकाः कामना यासें थुकथं हे नेवाःतय् वृत्ति विकासया ज्याय् मदिक न्ह्यांवनेफयेमा धकाः दुनुगलंनिसें भिंतुना देछानाच्वना।

**भावार्थ**

अखिल भारतीय नेवार संगठन सिक्किम भारतको यही मिति 14th-15th जुन, 2025 का दिन सिलगडीमा छैठौं बार्षिक कार्यक्रम हुन गइरहेको खबर सुन्न पाउँदा ज्यादै खुशी लागेको छ।

छिमेकी राष्ट्र भारतमा लामो समयदेखि बसोबास गर्दै आइरहनु भएका नेवारहरूलाई संगठित गर्दै आफ्नो भाषा, कला, संस्कृति र संस्कारको संरक्षणका लागि अखिल भारतीय नेवार संगठनले सञ्चालन गर्दै आएको विभिन्न गतिविधिहरू अत्यन्तै प्रशंसनीय छ। नेपालबाहिर समेत नेवाः सभ्यतालाई जीवन्त राख्न स्थानीय स्तरमा संगठित विभिन्न नेवाः संगठनसँग समन्वय गरी भाषा, लिपि, परम्परागत बाजा, नृत्यको तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने कार्यमा यस संस्थाको योगदानप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

गत नेसं. ११४४ दिल्लागा चःहे, 3rd August, 2024 मा नेवाः देय् दबू र अखिल भारतीय नेवार संगठन बीच भएको अध्ययन, अनुसन्धान र साँस्कृतिक सहकार्य सम्बन्धी सम्झौता अनुसार भारतको दार्जिलिङ, डुअर्श र सिलगडीमा नेपालभाषा, धिमेबाजं र नेवाः साँस्कृतिक नृत्य तथा नेवारहरूको जन्मदेखि मृत्युसम्मका संस्कार सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक सहयोग तथा समन्वय गर्न पाउँदा नेवाः देय् दबू अत्यन्त हर्षित छ। भविष्यमा भारतका अन्य विभिन्न क्षेत्रमा हुने तालिम, अध्ययन-अनुसन्धानको कार्यमा नेवाः देय् दबूको तर्फबाट आवश्यक सहयोग रहने वचनबद्धताका साथ यहाँहरूको **सातौं** बार्षिक कार्यक्रम सफलतापूर्वक सम्पन्न होस् भन्ने कामना सहित नेवारहरूको वृत्ति विकासमा निरन्तर अघि बढ्न सफल रहोस्, भिंतुना।

नेसं. ११४५ चौलागा तृतिया, 16th April 2025

पवित्र बज्राचार्य
नायः

जि.प्र.का. दर्ता नं. ४६६/२०५१/०५२

"शैक्षिक व आर्थिक उन्नतिया प्रवर्द्धन, प्रविधियुक्त कृषि, हस्तकला व पर्यटन"

स.क.प.आ.नं. १४६४७/२०५९/०६०
पान नं. ३०२४१६५५८

# ज्यापु समाज यल
# JYAPU SAMAJ YALA

च.नं./पत्र संख्या : ५३६/१५२३/०१/०१२

**ज्यासमा पुचः**

नायः, सन्तमान महर्जन
मो. ९८५१४१४०१४
निवर्तमान नायः, तिर्थलाल महर्जन
मो. ९८५१०२६९८७
वरिष्ठ न्वकू, सबिना महर्जन
मो. ९८५१००७५६१
प्रथम न्वकू, मोहन ब्यञ्जनकार
मो. ९८४१२९९१३८५
द्वितीय न्वकू, वीर बहादुर महर्जन
मो. ९८४१२४७५३९
तृतीय न्वकू, किरण डंगोल
मो. ९८४१५१५९१८
चतुर्थ न्वकू, सरिता महर्जन
मो. ९८४१३५९४४३
छ्याञ्जे, बालकृष्ण महर्जन
मो. ९८५१४१४०१५
दाँभरी, कृष्ण अवाले
मो. ९८५११११५०७१
वरिष्ठ ल्यूछ्याञ्जे, सरिता अवाले
मो. ९८४१७५०१८८
प्रथम ल्यूछ्याञ्जे, बाबुराजा महर्जन
मो. ९८५१११५५७५
द्वितीय ल्यूछ्याञ्जे, प्रमिला महर्जन
मो. ९८४१०२६३८५
ल्यूदाँभरी, सुरेन्द्र महर्जन
मो. ९८५१०९४८५३

मू दुज पि

| | |
|---|---|
| वज्रमान महर्जन | मो. ९८४१८५२७३५ |
| नरेश महर्जन | मो. ९८५१०६९६०१ |
| शर्मिला महर्जन | मो. ९८४१८९४९९८ |
| मदन महर्जन | मो. ९८४१३३३७२४ |
| बुद्धरत्न डंगोल | मो. ९८४१३७९२३५ |
| रत्नमान डंगोल | मो. ९८५१०५३३२१ |
| हरिगोविन्द महर्जन | मो. ९८४१५९८४३५ |
| किरण महर्जन | मो. ९८५१०९३३९१ |
| माया महर्जन | मो. ९८४१४३९५२५ |
| अष्टबहादुर महर्जन | मो. ९८४१३२०२८८ |
| रामदेवी महर्जन | मो. ९८६०१११५०७ |

पदेन दुजः

| | |
|---|---|
| संजिब महर्जन | मो. ९८४१५६८५६३ |

मानार्थ दुज पि :

| | |
|---|---|
| सिद्दिलाल सिं | मो. ९८४१४७२२८४ |
| कृष्णलाल महर्जन | मो. ९८५१०२४१०१ |
| चन्द्र महर्जन | मो. ९८५१०३१९१६ |
| राजकाजी महर्जन | मो. ९८५११००९३४ |
| प्रेम बहादुर महर्जन | मो. ९८५१०५२९४६ |

ने.सं ११४५ तछलाथ्व पारु
२०८२ जेठ १४ गते

श्री एस.एन. प्रधानज्यू,
अखिल भारतिय नेवार संगठन,
दार्जिलिङ्ग, वेस्ट बङ्गाल ।

बिषय : शुभकामना ।

सर्वप्रथमत: अखिल भारतीय नेवार संगठनको आसन्न सातौं महाधिवेशनको पूर्ण सफलताको कामना गर्दै भारतमा रहेका सम्पूर्ण नेवारहरुको हकहितको साथै सर्वाङ्गिण विकासको कार्यलाई नयाँ कार्यसमितिले अझ चुस्तदुरुस्तसंग अगाडी बढाउन सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

साथै ज्यापु समाज यल र अखिल भारतिय नेवार संगठन बिचको सम्बन्धलाई अझ प्रगाढ बनाउन संयुक्त रुपमा समयसापेक्ष कार्यहरु गर्न ज्यापु समाज यल हरबखत तयार रहेको निवेदन गर्दै दुई संस्थाबिचको सम्बन्ध सदासर्वदा सुमधुर रहनेमा बिश्वस्त रहेको अवगत गराउंदछु । धन्यवाद ! भवतु सब्ब मंगल !!

.................................
सन्तमान महर्जन
अध्यक्ष

**Diwakar Pradhan,** Ph.D.
Professor in Nepali
Head, Department of Indian Languages
Faculty of Arts
**Banaras Hindu University**
Varanasi - 221 005, U.P., India
Phone : 0091-94541-55457, 0091-89489-96301
email : mail2dpr@gmail.com
Website : www.bhu.ac.in

दिवाकर प्रधान, विद्यावारिधि
प्राध्यापक, नेपाली प्रभाग
अध्यक्ष, भारतीय भाषा विभाग, कला संकाय
काशी हिन्दू विश्वविद्यालय
वाराणसी - २२१ ००५, उत्तर प्रदेश, भारत
चलभाष : ००९१-९४५४१-५५४५७, ००९१-८९४८९-९६३०१
ई मेल : mail2dpr@gmail.com
वेबसाइट : www.bhu.ac.in

सेवामा

सम्पादक : म्हसिका मुखपत्र,
अखिल भारतीय नेवार संगठन,
दार्जिलिङ।

१४ मई २०२५।

प्रिय भाजु,

अखिल भारतीय नेवार संगठनको मुखपत्र **म्हसिका** प्रकाशमा आउनेबारे थाहा लागेर अत्यन्त हर्ष लागेको छ। नेवारी सांस्कृतिक निधि र आस्तित्विक अभियानलाई भारतीय राष्ट्रिय मूलधारामा प्रवाहित गराउन यो पत्रिका अवश्य एउटा कारक बन्नेछ भन्ने विश्वास गर्दछु। शुभाय ।।

**विभागाध्यक्ष**
**भारतीय भाषा विभाग**
**काशी हिन्दू विश्वविद्यालय**
**वाराणसी–221005**

# शुभकामना

सेवामा,

सम्पादक **'म्हसिका'**

अखिल भारतीय नेवार संगठन

मिति : १ मई २०२५

अखिल भारतीय नेवार संगठन केन्द्रीय समितिको तत्परतामा 'म्हसिका' स्मारिका प्रकाशन हुने खबरले अतिनै हर्षित छु।

अखिल भारतीय नेवार संगठनको स्थापनाको ३२ वर्षपछि फेरि प्रकाशित हुनलागेको स्मारिका आवश्य पनि ऐतिहासिक दस्तावेज बन्नेछ भन्ने लागेको छ।

नेवार समुदाय भाषा, साहित्य, संस्कार र संस्कृतिमा अति नै समृद्ध छ। विभिन्न जाति-सम्प्रदाय एकबद्ध बनेर नेवार समुदायको उदय भएको हुनाले हाम्रो भाषा, साहित्य, संस्कार र संस्कृतिमा पनि विविधता पाइन्छ। यसैले भारतीय नेवारहरू असमञ्जसमा पर्नु कुनै असाधारण कुरा होइन। यस्तो अवस्थामा 'अखिल भारतीय नेवार संगठन'-ले नेपालबाहिर बसोबास गरिरहेका भारत लगायत विश्वका धेरै मुलुकहरूका नेवार समुदायलाई एकजुट बनाउने अभियान स्थापनाकालदेखि नै गरिरहेको छ।

यसरी एकजुट बन्दै गइरहेका नेवार समुदायको निम्ति यस स्मारिका निकै लाभदायी बन्नेछ भन्ने कामना गर्दछु। यस जोखिमपूर्ण कार्यको निम्ति सम्पूर्ण प्रकाशन समितिलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

सुभयः

**- मणि जोशी**

केन्द्रीय समिति सदस्य (संस्थापक सदस्य)

नौ माइल, मिरिक

दार्जिलिङ।

# सातौँ राष्ट्रिय महाधिवेशन - २०२५ : महासचिवको प्रतिवेदन

**श्याम प्रधान**
सिलगढी।

२० जुन १९६३ सालमा स्थापित भएको अखिल भारतीय नेवार संगठनका संस्थापक सदस्यहरू स्वर्गीय जि. एन. प्रधान, स्वर्गीय एच. एन. प्रधान, स्वर्गीय जय नारायण प्रधान, स्वर्गीय मणिकुमार प्रधान, भाजु दिल बहादुर प्रधान, स्वर्गीय गणेश प्रधान, स्वर्गीय ए. बि. प्रधान, सौरेनीबाट, भाजु सुनिल जोशी, भाजु पि. एल. जोशी, भाजु मणी जोशी, स्वर्गीय बाबुराम प्रधान, स्वर्गीय प्रेम मिलन प्रधान मिरिकबाट, भाजु के. एन. प्रधान, दार्जिलिङबाट, भाजु बि. बि. प्रधान कालेबुङबाट र अन्य सम्पूर्ण माननीय सदस्यगणप्रति श्रद्धा सुमन अर्पण गर्दै संगठनको प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु। संगठनको प्रतिवेदन प्रस्तुत गर्न जाँदा यसको ऐतिहासिक पृष्ठभूमिलाई केलाउन आवश्यक ठानेको छु। यसको तथ्यपूर्ण र तर्कसम्मत विश्लेषणले हामीमा भएको कौतुहलता र जिज्ञासाको तृष्णा मेटाउन सक्ने आशा साचेको छु। संगठनको पृष्ठभूमि केलाउँदा सर्वप्रथम संगठन किन गठन गर्नुपर्‍यो भन्दा हाम्रो देशको संविधानमा जाति, भाषाको आधारमा सुरक्षा र सहुलियत स्पष्टसँग उल्लेख गरिएको छ। यसैले जातिको संगठन गर्नु संविधानले नै अप्रत्यक्ष रूपमा भनिएकोले गर्दा जातिको संगठन हुनु स्वाभाविक ठहर्छ। यसैको फलस्वरूप हाम्रो संगठन स्थापित भयो र धेरै कुटनीतिक र सैद्धान्तिक संघर्ष र अथक प्रयासको फल विगत २००५ सालमा राज्य सरकारको अन्य पछौटे वर्गको सूचीमा नेवार समुदायलाई सामेल गराउन संगठन सफल भयो।

तर यहाँ उल्लेख नगरी नहुने सत्यचाहिँ हामीलाई चलाउने राजनीतिमा राजनैतिक सचेतकको अनिकाल भएकोले नेताहरूको मूर्ख सिद्धान्त (theory of brute force)मा सामेल हुनुपरेको र व्यवस्थाभित्रको मौन सत्यमा पिसिन परेकोले आजसम्म हामी भ्रमित (confused) अवस्थामा अघि बढिरहेको छौँ। यो भ्रमित अवस्था कारण १९५० को नेपाल-भारत सन्धिको धारा ७ ले जन्माएको रेसिप्रोकल प्रावधान पनि हो। यसलाई हामी चिन्हारीको समस्या (Identity Crises) भन्छौँ।

यसलाई अझ नियाल्नु हामी प्राचीन कालदेखि मानवको पूर्व महापलायन इतिहास कोट्याउनु पर्छ। ३२७ खृष्टपूर्वतिर मेसिडोनियाबाट

अलेक्जेन्डर साम्राज्य विस्तार गर्दै पूर्व दिशातिर भारतसम्म आएका थिए। उनी फर्किए पनि उनको सेनापति सेलुकस भारतमा नै बसे। गुप्त काल प्राय ४ सय शताब्दीतिर दक्षिण युरोपबाट हुन्सहरूले पूर्वपट्टि नै चडाई गर्दै भारतमा प्रवेश गरेका थिए। ११ शताब्दीदेखि दक्षिण पूर्व युरोप मेसोपोटामिया र इजिप्टबाट मुस्लिमहरू भारतमा प्रवेश गरे। यसरी फ्रेन्च, पोर्तुगिज, इङ्लिसहरू पनि व्यापार फैलाउँदै पूर्वको यात्रा गरे। यसरी नै पूर्व दिशातिरको पलायनको क्रममा प्राय १८ औं शताब्दीदेखि नेपालीहरू पलायन हुँदै बर्मा आजको म्यानमारसम्म पुगेको हौं। सायद दोस्रो युद्ध नभएको भए उक्त पलायनको क्रम अझ पूर्वतिर हुन्थ्यो। यहाँ के स्पष्ट हुन्छ भने प्राचीन कालदेखि आक्रमणकारी, व्यापारी अथवा नरमेडिक जातिको पूर्वतिरको पलायन पाउँछौं।

यसर्थ, आज हामी जहाँ जसरी बसोबास गर्दै आएको छौं यो आधुनिक भारतको निर्माण हुनभन्दा प्राय २०० वर्षअघिदेखि छौं। अनि हाम्रो मूल थलो नेपाल खाल्डो नै हो यसर्थ हाम्रो लोकभाका, भाषा, संस्कृति, रीतिरिवाज, खानपान, पहिरन आदि एकसमान छन् तर राष्ट्रियता अलग्गै छ। भारतमा बस्ने अनेकौं जाति जस्तै तामिलनाडु राज्यमा बस्ने तामिल र श्रीलंकामा बस्ने तामिल समान छन्। भारतमा बस्ने बंगाली र बङ्गलादेशमा बस्ने बंगाली एकसमान छन्। भारतमा बस्ने मुसलमान र पाकिस्तानमा बस्ने मुसलमान एक समान छन् अनि भिन्नता एउटै हो अलग राष्ट्रियता। यसलाई बुझ्नु मात्र होइन स्विकार्नु आवश्यक छ जसले हामीमा भएको भ्रमलाई स्पष्ट गर्न सक्छ।

अब प्रतिवेदनको केन्द्रबिन्दुमा आउन पर्दा कुनै पनि संघ-संस्था सुचारू रूपले चल्नको निम्ति गणतान्त्रिक प्रक्रिया र वित्तीय अनुशासन मूलभूत र आवश्यक तत्वहरू हुन्। तर यसैको अभावमा संगठन विगत दीर्घ वर्षसम्म मरणतुल्य अवस्थामा रहेको कुरो कसैको जानकारीबाट ओझेल परेको छैन। संगठनलाई पुनः सक्रिय पार्ने केही विशेष व्यक्तिहरू चिन्तित थिए। यही चिन्तालाई मूर्त रूप दिन दिनाङ्क १२ अक्टोबर, २०२०, आइतबारको दिन, दार्जिलिङस्थित होटल पाइनट्रीमा बसेको सभाले निष्क्रिय संगठनलाई विघटन गरी भाजु सूर्यनारायण प्रधानलाई संयोजक मनोनित गरे अनि एक केन्द्रीय तदर्थ कमिटी गठन गरियो। केन्द्रीय तदर्थ कमिटीको संयोजक भएपछि भाजु सूर्यनारायण प्रधानले दिन रात एक गरेर संगठनलाई पुनर्निर्माण गर्न उहाँले भ्याएसम्म ठाउँ ठाउँमा गएर संगठनको पुराना साथीहरूलाई भेट्न कुनै कसर बाँकी राखेनन्। उहाँकोमा संगठनको केन्द्रीय अधिवेशन अति शीघ्र बोलाई एउटा पूर्ण कमिटी गठन गर्ने मूल दायित्व काँधमा थियो। केन्द्रीय कमिटी गठन गर्न कम्तीमा दुईवटा राज्यमा राज्य कमिटी गठन गर्न आवश्यक थियो। यसैलाई ध्यानमा राखेर पश्चिम बङ्गालभित्र ७ वटा आञ्चलिक कमिटीलाई लिएर दिनाङ्क १२ फरवरी, २०२२ को दिन सिलगढी-सालबारी स्थित सयपत्री भवनमा राज्य अधिवेशनमा पश्चिम बङ्गाल

राज्य कमिटी गठन भयो। यसरी नै आसाम राज्यमा दिनाङ्क १८ सेप्टेम्बर, २०२८, तिनसुकिया जिल्लाअन्तर्गत बरबोलेमा १३ जिल्ला कमिटीलाई लिएर २ दिनको अधिवेशनमा आसाम राज्य कमिटीको पुनः गठन भयो। दिनाङ्क १७ जुन २०२३ मा गुवाहाटी, बक्समा १६ वटा जिल्ला कमिटीलाई लिएर अधिवेशनमार्फत् नयाँ कमिटी गठन भएको छ। उहाँले ढुङ्गा खोज्दा देवता पाए झैं त्यस समय सिलगढीस्थित सालबारी-मेथिबारी नेवार गुठी पाए जुन एक सक्रिय संस्थाको रूपमा उभिसकेको थियो। गुठीले पनि भाजु सूर्यनारायण प्रधान, संगठनले ढुङ्गा खोज्दा देउता पाएको अनुभव गरेर उनलाई संगठनको केन्द्रीय अधिवेशनसम्म पुऱ्याउन भरमग्दुर सहयोग गरे। फलस्वरूप ३ अप्रेल २०२२ को दिन सिलगढीस्थित सिलगढी देवकोटा संघ भवनमा छैटौँ केन्द्रीय महाअधिवेशन सम्पन्न गर्न सफल भयो। यस अधिवेशनमा पश्चिम बङ्गाल राज्य कमिटीबाट १३४, आसाम राज्य कमिटीबाट २६, सिक्किमबाट १ र केन्द्रीय रूपमा ८ जना लगाएर जम्मा १६८ प्रतिनिधिहरूको सहभागिता र उपस्थिति थियो। यस अधिवेशनमा उपस्थित प्रतिनिधिहरूले सांगठनिक रिपोर्ट साथै अनुकुल सुझाव प्रस्तुत गरे। अन्तमा केन्द्रीय तदर्थ कमिटीको विघटन गरी ३१ सदस्यको केन्द्रीय कमिटीको गठन भयो। यस कमिटीमा आसाम राज्य कमिटीबाट ११ सदस्य, पश्चिम बङ्गालबाट १८ सदस्य र सिक्किमबाट १ सदस्य सर्वसम्मतिले निर्वाचित भए। उक्त निर्वाचित कमिटिबाट अध्यक्षको पदमा भाजु सूर्यनारायण प्रधान, महासचिवको जिम्मेदारी भाजु श्याम प्रधान र कोषाध्यक्षको भार मयजु कल्पना प्रधानलाई सुम्पियो। यस कमिटीमा सल्लाहकारको रूपमा भाजु शंकरनाथ प्रधान, भाजु डि. के. प्रधान, भाजु डा. प्रतापचन्द्र प्रधान र भाजु श्यामलाल प्रधानलाई सर्वसम्मतिले अनुमोदन गरे।

यसै अधिवेशनमा संगठनको संविधान-२००८ लाई संशोधन गर्नु थियो। संविधानमा समयानुकूल र गणतान्त्रिक केन्द्रीयकरणको विस्तार गरी, संशोधित संविधान तीन महिनाभित्र तयार पार्ने निर्णय भयो। सात सदस्यको संविधान संशोधन कमिटी गठन गरियो। संविधान संशोधन कमिटीको अध्यक्ष भाजु शंकरनाथ प्रधान, उपाध्यक्ष भाजु पुष्पराज श्रेष्ठ र सदस्यहरू भाजु सूर्यनारायण प्रधान, भाजु डि. के. प्रधान, भाजु सुनिल जोशी, भाजु गणेशकुमार प्रधान, भाजु श्याम प्रधानले संविधान संशोधनलाई अन्तिम रूप दिने जिम्मेवारी लिएका थिए। भाजु शंकरनाथ प्रधान र भाजु पुष्पलाल श्रेष्ठ दुवैले खुबै अध्ययन गरेर संशोधित संविधानको मस्यौदा तयार पारी संविधान संशोधन कमिटीमा पेश गरे। उक्त कमिटी दार्जिलिङस्थित कस्तुरी होटेलमा दिनाङ्क २८ देखि ३० जुलाई, २०२२ मा दुई दिन लगातार संविधानको मस्यौदा केलाउने काम गरे र छाप्ने काम गरिहाल्ने निर्णयमा पुगे। अन्तमा दिनाङ्क २७ नोभेम्बर २०२२, आईतबार सिलगढीस्थित मंगल माईती भवनमा संशोधित संविधानको औपचारिक

अनुमोदनको निम्ति केन्द्रीय कमिटीको सभा सभापति सूर्यनारायण प्रधानको अध्यक्षतामा बसे। उक्त सभामा संशोधित संविधानका सम्पूर्ण धारा र प्रावधान पढेर सुनाएपछि यसलाई सर्वसम्मतिले अनुमोदन गरे। यसरी आज हामीसँग जुन संगठनको संविधान छ यसको प्रकाशन गरियो। यो संशोधित संविधान - २०२२, २७ नोभेम्बर,२०२२ देखि प्रभावमा आएको हो।

तर आजसम्म संविधानमा उल्लेखित धारा र प्रावधानको उपयोग र सदुपयोग विषयमा संगठन अत्यन्त दुर्बल अवस्थामा रहेको अनुभव केन्द्रीय कमिटीले गरेको छ। तीन वर्ष बितिसक्दा पनि संविधानको परिच्छेद १४ को धारा ४० को उपधारा 'छ'मा उल्लिखित केन्द्रीय कमिटीमा सदस्यता शुल्क र धारा ४० को उपधारा 'क' 'ख' र 'ग' अन्तर्गत उल्लेखित सदस्यता शुल्कको अंशविभाजको फुटेको कौडी पनि राज्य कमिटीबाट नआएकोमा हात्ती छिर्‍यो पुच्छर अड्कियो जस्तो भएको छ। आजसम्म कुनै राज्य कमिटीबाट वार्षिक हरहिसाबको लेखापरीक्षण केन्द्रीय कमिटीमा बुझाउन सकेको छैन। सायद संविधानको विश्लेषण निम्न तहसम्म गर्न संगठन असफल भएको छ। यसको जिम्मेवार केन्द्रीय सदस्यदेखि शाखा स्तरका सदस्यहरूले छातीमा हात राखेर लिनुपर्छ।

एकापट्टि संगठनको परिचालन र अर्कापट्टि संवैधानिक माग र दाबीको आन्दोलनलाई सफल पार्न दिनाङ्क २७ नोभेम्बर,२०२२ मा बसेको केन्द्रीय बैठकले संगठनको जेष्ठ उप-सभापति भाजु दिपक प्रधान र केन्द्रीय सदस्य भाजु डा. प्रभात प्रधानलाई एघार जातिको जनजाति महासंघ संगठनको प्रतिनिधित्व गर्ने जिम्मेवारी दियो। उहाँहरूको प्रयास निरन्तर रहे पनि देशमा हामीले जनजातिको मान्यता पाउन पर्ने कारक तत्वहरूमा केही कमजोर रहेको र देशको राजनैतिक व्यवस्था पनि हाम्रो निम्ति आश्वासनसम्म मात्र रहेको अनुभव केन्द्रीय कमिटीले गरेको छ। तर सिक्किम राज्यबाट जनजाति मान्यताको निम्ति सरकार नै अग्रसर भएकोले जनजाति मान्यताको संघर्ष सहज भएको छ। आसाम राज्य कमिटीले आसाम राज्यका नेवारहरूको निम्ति अन्य पछौटे वर्गमा सामेल गराउन निरन्तर कुटनैतिक पहल गरिरहेको छ। दिनाङ्क ३ डिसेम्बर, २०२३ को दिन सालबारी गुठी भवनमा बसेको केन्द्रीय कमिटिको बैठकमा प्रस्ताव संख्या १ मा "अखिल भारतीय नेवार संगठन केन्द्रीय कमिटीले सर्वसम्मतिद्वारा जनजाति मान्यताको मागलाई निरन्तरता दिँदै ओ. बी. सी. सेन्ट्रल लिस्टमा पनि नेवार जातिलाई अन्तर्भुक्त गर्ने कार्यको पहल तत्काल रूपमा आरम्भ गर्ने प्रस्ताव ग्रहण गरियो"। प्रस्ताव संख्या २ - "प्रत्येक राज्य कमिटीले आफ्नो राज्यभित्र ओ. बी. सी. सेन्ट्रल लिस्टमा अन्तर्भुक्त गर्न उचित कदम उठाउने एवं यसका निम्ति पश्चिम बङ्गाल राज्यबाट भाजु गणेशकुमार प्रधान, राज्य सभापति र आसाम राज्यबाट भाजु एल. बी. प्रधान, राज्य सभापति, संयोजकको रूपमा कार्य गर्ने सभाले प्रस्ताव पारित गरे।" तर उक्त विषयमा अनुसूचित जनजातिको मागलाई

ध्यानमा राखेर लोकसभा चुनावपछि नै यस कार्यलाई निरन्तरता दिने विचार पनि प्रकट गरियो।

यहाँ यसको विश्लेषणात्मक चर्चा आवश्यक देखिन्छ। कुनै पनि जातिको चिन्हारी भनेको त्यस जातिले अपनाउने वा व्यवहारमा प्रयोग हुने भाषा, भेषभुषा, रीतिरिवाज, खानपान, संस्कार, संस्कृति र सङ्गीत पूर्णरूपमा अत्यन्त मौलिक हुनुपर्छ। उदाहरणको रूपमा लाप्चेको बाजा टुङ्गना, लिम्बुको च्याब्रुङ, तामाङको डम्फु आदि अत्यन्त आफ्नो र मौलिक बाजा हुन्। यो बाजाको उत्पत्ति माटोसँगै भएको पाउछौँ। यी बाजाहरू गिटार, भाइलोन, प्यानो जस्तो इन्डस्ट्रीमा उत्पादन भएका होइनन्। यही सत्यलाई अनुभव गरेर अध्यक्ष भाजु सूर्यनारायण प्रधानले नेपाल ज्यापु समाज, नेवाः देय् दबूसँग निरन्तर सम्पर्क र खोजीको फलस्वरूप विगत ३ अगष्ट, २०२४ को दिन पूर्व नेपाल बिर्तामोडमा नेवाः देय् दबू नेपाल र अखिल भारतीय नेवार संगठनको संयुक्त सभा सम्पन गर्न सकियो। यसै सभामा दुई संगठनमाझ आपसी सहयोग र नेपालबाट नेवार भाषा, संस्कृति, खानपान र सङ्गीतको तालिम र प्रशिक्षण गराउन सहयोग गर्ने प्रतिबद्धताको साथ एक ऐतिहासिक सम्झौता गर्न सफल भयौँ। यसैको फलाफल दार्जिलिङ आञ्चलिक कमिटीको संयोजनमा कस्तुरी होटल, दार्जिलिङमा १५ दिने, बाग्राकोट आञ्चलिक कमिटीको संयोजनमा भिमसेन भवन, बाग्राकोटमा १५ दिने र सिलगढी तराई आञ्चलिक कमिटीको संयोजनमा, बिरसा मुण्डा कम्युनिटी हल, खोप्रेलमा ५ दिने भाषा, नेवारी पाक शिक्षण, साङ्गीतिक तालिम र प्रशिक्षण शिविरको आयोजना गरेर हाम्रो सदस्य र नानीहरू नेवारी नृत्य, धिमि वादन र भाषा र खानपानको पाक जस्ता अत्यन्त महत्त्वपूर्ण शिक्षा हासिल गर्नमा सफल भएका छन्। यसको निरन्तरता आवश्यक छ। अहिले आएर भारतका नेवार समुदायले आफ्नो मौलिक बाजागाजा चिन्न र बजाउन थालेको छ।

हामीले जन्मदेखि मृत्युसम्मको कर्मकाण्ड टार्न सनातनी पुरोहितको सहयोग लिइरहेको छौँ। यहाँ उल्लेख नगरी हुँदैन कि मिरिक, नौ माइलमा स्थित ४ मार्च २०२२ मा स्थापित भएको तजिलजिले ऐतिहासिक भूमिका निर्वाह गरेको छ। उक्त तजिलजिबाट हालसम्म १५ जना शिष्यहरूले पूर्ण रूपमा गुवाजुको दीक्षान्त लिइसकेका छन् जसको फलस्वरुप आज आफ्नो मौलिक पुरोहित वा गुवाजुद्वारा आफ्नो कर्मकाण्ड टार्न सक्ने भएका छौँ। यहाँ एउटा विश्लेषण नगरी हुँदैन कि हाम्रो संस्कार र धर्मलाई बुद्धमार्गी र शिवमार्गीमा बाँडेर हेर्ने गरेको पाउछौँ। उक्त तथ्य तर्कसम्मत देखिँदैन। किनभने बुद्धको जन्म ५६४ बि. सि. मा भएको थियो। महात्मा बुद्धले ३५ वर्षको उमेरमा ज्ञान प्राप्त गरेपछि जीवनमा सन्तुलन बनाइराख्न अष्ठम मार्गको शिक्षा दिएका छन्। यहाँ जिज्ञासा जाग्न सक्छ, बुद्धको नौरान कुन धर्म र संस्कारमा गरियो, उनको विवाह कुन धर्म र संस्कारमा गरे। पक्कै पनि कपिलवस्तुको राजघरानामा निश्चित धर्म र संस्कार थियो नै। उसो हो भने नेवार धर्म र

संस्कार बौध धर्मभन्दा जेठो हो। अर्कोपट्टि शिवमार्गी भन्दा पनि जिज्ञासा जाग्न सक्छ। शिव पूजा गर्ने हिन्दूकोमा हाम्रो सुकुण्डा छैन त, हामीजस्तो मर्नेलाई सात दिने भात चडाउँदैन त, साईनो केलाउँदा डल्लो सुपारी खेलाउँदैन त, छोरीको इही गर्दैन त आदि थुप्रै संस्कार हामी अपनाउछौँ जुन शिव मान्ने हिन्दूमा पाइँदैन।

यसर्थ, नेवार सम्पूर्ण रूपमा एक भिन्न धर्म र संस्कार भएको जाति वा समुदाय हो जसको संस्कार तान्त्रिक हो। यसैको फलस्वरूप महात्मा बुद्धको अष्ठम मार्गको शिक्षामा बज्रयाना वा तन्त्र मन्त्रको बिस्तार हुन गयो। आज मानिस भयमा धर्म अपनाइरहेको देखिन्छ, जसलाई अन्धविश्वास भनिन्छ जो अज्ञानतामा हुन्छ। तर धर्मलाई तर्क र तथ्यसँग विश्लेषण गर्न सके भावले जोडिन सकिन्छ जो ज्ञानको प्रकाश भनिन्छ। वास्तवमा संस्कार भन्नाले अन्तरमनले विश्वास गरेको कर्मलाई जब अनुष्ठानिक रूपमा पालन गरिन्छ त्यही संस्कार हुन्छ। यही कुराको विश्लेषणात्मक विचार नहुँदा हाम्रो पिँढी भौतारिन वा बाटो बिराउन सक्छ। यही तथ्यलाई तर्कसम्मत विश्लेषण र विवेचना गर्ने मूलभूत जिम्मेवारी केन्द्रीय स्तरको सम्पूर्ण सदस्यले लिनैपर्छ।

संगठनको केन्द्रीय कमिटी वर्तमान ५४ सदस्य छन्। तर धेरै सदस्यहरूले संगठनका निम्ति समय दिन सकेका छैनन्। आजसम्म आइपुग्दा केन्द्रीय कमिटीको ६ वटा सभा बसिसकेका छन्। सभामा सदस्यहरूको नगन्य उपस्थिति अनि केन्द्रीय सदस्यहरूको स्फूर्त सहयोगको अभाव अनुभव गरिरहेका छौँ। यो अनुभवले अब उसो संगठनको सदस्य सम्मानको निम्ति नभएर कार्य गर्ने दक्ष व्यक्तिलाई नै दिनपर्ने अनुभव केन्द्रीय कमिटीले गरेको छ।

अखिल भारतीय नेवार संगठन भारतभरि छरिएर बसेका नेवारहरूको एक राष्ट्रिय संगठन हो। यस महत्त्वलाई ध्यानमा राख्दै केन्द्रीय कमिटीको पहलमा भारतको विशेष केही राज्यहरूमा राज्य कमिटी गठन गर्ने प्रयास निरन्तर भइरहेको छ। वर्तमान पश्चिम बङ्गाल राज्य कमिटी अनि आसाम राज्य कमिटी संगठनको मूल स्तम्भको रूपमा कार्यरत छन्। सिक्किम राज्यमा सिक्किम नेवार गुठीद्वारा नेवार समुदायको निम्ति थुप्रै उल्लेखनीय कार्य गर्दै आइरहेको छ। तर राष्ट्रिय स्तरमा राष्ट्रिय कार्यक्रम गर्न जाँदा अखिल भारतीय नेवार संगठनको सिक्किम राज्य कमिटी भएर कार्य गर्ने एक सुझबुझ तयार गर्ने प्रयास गरिरहेका छौँ। यस कार्यको निम्ति आत्मआलोचनाको अभाव अनुभव गरिरहेका छौँ। उत्तराखण्ड राज्यमा पनि भाजु सूर्यनारायण प्रधानको प्रयासमा उत्तराखण्ड राज्य कमिटी गठन गर्ने प्रयास भइरहेको छ। उत्तराखण्ड राज्य कमिटी गठन गर्न भाजु नवराज श्रेष्ठलाई राज्य सचिवको पदभार दिएर केन्द्रीय कमिटी मार्फत् संगठनको संविधान र फर्म अनि रसीद पनि पठाइसकेका छौँ।

❑

# असम राज्य समिति मुख्य सचिवको प्रतिवेदन

**नीलकमल नेवार**
मुख्य सचिव
अ. भा. ने. सङ्गठन असम राज्य समिति।

अखिल भारतीय नेवार संगठन केन्द्रीय समिति ७ औं त्रिवार्षिक महाधिवेशन।

असम राज्य समिति मुख्य सचिवको प्रतिवेदन।

(अं. दिनांक १६ जुन २०२३ देखि वर्तमानसम्म)।

आदरणीय अ. भा. ने. सङ्गठन केन्द्रीय समितिका अध्यक्षज्यु, केन्द्रीय पदाधिकारीगण केन्द्रीय सल्लाहकार समितिका मान्यजनहरू केन्द्रीय तथा राज्य समितिका सदस्यवृन्द र सम्पूर्ण महानुभावहरूमा सकसित ज्वजलपा/तारेमाम।

मान्यवर,

नेवाः जातिको भाषा-लिपि, कला-संस्कृति, वेश-भुषा र संस्कारको पुनःरोत्थान साथै जातिको आर्थिक-सामाजिक, तथा शैक्षिक स्थितिको विकास गर्दै आफ्नो अस्तित्व साथै स्वकीय पहिचानलाई कायम राख्ने उद्देश्यले गठित नेवाः जातिको एकमात्र राष्ट्रिय संस्था अखिल भारतीय नेवार संगठन, असम राज्य समितिको विगतको अं. दिनांक १६ जुन २०२३ को दिन असमको राजधानी गुवाहाटी पल्टन बजारस्थित गोर्खा भवन प्रांगणमा भएको चौथो त्रिवार्षिक अधिवेशनको प्रतिनिधि सभाले निर्वाचित गरेको यो असम राज्य समितिले वर्तमानसम्म गर्दै आएको र गर्न बाँकी रहेको कार्यविवरण यस प्रतिवेदनमार्फत संक्षिप्त रूपमा प्रस्तुत गर्दैछु।

**सांगठनिक विस्तार क्रम :-** यस समितिले संघको विस्तार क्रम जारी राख्दै धेमाजी जिल्ला, बगाईगाँउ जिल्ला र धुबुरी जिल्लामा नयाँ जिल्ला समिति गठन गरेको छ। पुरानो जिल्ला समितिहरू र राज्य समितिको सहभागितामा शोणितपुर जिल्लामा ७ वटा आञ्चलिक समिति, गोलाघाट जिल्लामा ३ वटा आञ्चलिक समिति र विश्वनाथ जिल्लामा ४ वटा आञ्चलिक समिति गठन भएको छ।

**सांस्कृतिक पदक्षेपहरू :-** यस समितिले गठन हुनासाथ राज्य समितिको तत्वावधानमा र विश्वनाथ जिल्ला समितिको सहयोगमा विश्वनाथ जिल्लाको बेगिजान बजारमा सामुहिक क्वाँति पुन्हि र सापारु जात्रा महोत्सव धुमधामको साथ सम्पन्न गरियो। सांस्कृतिक प्रशिक्षण कर्मशाला गोलाघाट जिल्लाको सकलीपथार गाउँमा गोलाघाट जिल्ला समितिको तत्वावधानमा र राज्य समितिको सहयोगमा १० दिने कर्मशाला सञ्चालन गरियो। जसमा धिमे नृत्य, ठाकठुके नृत्य र मञ्जुश्री नृत्यको तालीम ५० जना युवतीहरूलाई दिइयो। शोणितपुर जिल्ला

समितिको तत्वावधानना र राज्य समितिको सहयोगमा शोणितपुर जिल्लाको रंगाचकुवामा धिमे नृत्य, लाखे नृत्य, मञ्जुश्री नृत्य र खाद्य सम्भारको प्रशिक्षण हालै समापन गरियो।

**नेवारी संस्कारगत कार्यहरू :-** विगतमा विश्वनाथ जिल्लाको घाइगाँउमा भाजु कालिदास प्रधानज्युले संस्थालाई अस्थायी रुपमा प्रदान गरेको भवनमा 'नेवारी संस्कृति अन्वेषण तथा प्रशिक्षण केन्द्र'को सफल उद्घाटन गरेको थियो। हालै शोणितपुर जिल्लाको मंगलबारे बजारमा असममै पहिलोपटक १७ जना नेवार कुमारीहरूको इहि र २५ जना कुमारहरूको कयता पूजा सुसम्पन्न गरियो।

**गर्नु रहेका कार्य र चुनौतीहरू :-**

सङ्गठनको आर्थिक स्थिति सबलीकरण गर्नु अतिआवश्यक छ, तर नेवाः जातीय असचेतनाको फलस्वरूप त्यसमा सफलता हासिल गर्न सकिएको छैन।

भाषा जातिको मौलिक चिनारी हो, तर त्यसको कर्मशालाहरू सञ्चालन गर्ने स्रोत व्यक्तिविशेषको अभाव छ।

**आगामी दिनहरूको कार्ययोजनाहरू :-**

१. असमभरि बाँकी रहेका जिल्लाहरूमा जिल्ला समिति गठन गर्दै सांगठनिक सवलता सुदृढ पार्ने।

२. प्रत्येक जिल्लाहरूमा नेवारी संस्कार आयत गर्नको निम्ति गुभाजु प्रशिक्षण केन्द्र स्थापित गर्दै सञ्चालन गर्ने।

३ संघका हरेक कार्यकर्ताले आफ्नो घरमा आफ्नै संस्कार वाध्यतामूलक प्रतिपालन गर्नुपर्ने।

४ नेवाः युवा युवतीहरूलाई जातीय सचेतना वृद्धि गराउनको निम्ति युवा मञ्च मयजु प्रकोष्ठ गठन गर्ने।

अन्तमा अ. भा. ने. सङ्गठन असम राज्य समिति राष्ट्रिय नेवाः एकता कायम राख्दै जातिको पुनरूत्थान कार्यमा सधैँ साथ, सहयोग रहनेछ र यहाँहरूबाट पनि निःस्वार्थ सहयोग पाउने दृढ विश्वासको साथ यो संक्षिप्त प्रतिवेदन यहीं टुङ्ग्याउँदैछु।

जय नेवाः राष्ट्रिय एकता।

सुभाय।

❑

'म्हसिका'को प्रकाशनका निम्ति
अखिल भारतीय नेवार सङ्गठनप्रति
हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौँ।

**धनलक्ष्मी भाँड़ा भण्डार**

पारसमणि प्रधान मार्केट, कालिम्पोङ

काँसा, तामा, पित्तल, स्टील, सिल्भर, क्रोकरी, प्लास्टिक अनि अरू नेवारी सामग्री उपलब्ध छन्

सम्पर्क : 98323 12347



# पश्चिम बंगाल राज्य समितिको प्रतिवेदन

**कर्नल सञ्जयमणि प्रधान (अ. प्रा)**
मुख्य सचिव
अ. भा. ने. सङ्गठन प. ब. राज्य समिति।

पश्चिम बंगाल राज्य समितिको यस प्रतिवेदनले विगतका प्रमुख गतिविधि, उपलब्धि, चुनौती र भविष्यका योजनाहरूलाई प्रकाश पार्छ।

अखिल भारतीय नेवार संगठन, पश्चिम बंगाल राज्य समिति १२-०२-२०२० मा सयपत्री समाज भवन, सालबारीमा गठन भएको थियो। अखिल भारतीय नेवार संगठन पश्चिम बंगाल राज्य समिति गठनपछि निम्न पदाधिकारी र कार्यकारिणी सदस्यहरू निर्वाचित भए :-

१. अध्यक्ष - भाजु गणेशकुमार प्रधान
२. राज्य सचिव - भाजु कर्नल संजयमणि प्रधान (अ. प्रा.)
३. कोषाध्यक्ष - भाजु केशरकुमार प्रधान

राज्य समिति गठन भएको तुरुन्तै पश्चात्, अखिल भारतीय नेवार संगठन डुवर्स आञ्चलिक समितिलाई विभाजित गर्ने आवश्यकता अनुभव गरियो, किनकि यो अञ्चल पश्चिममा टिस्टा नदीदेखि पूर्वमा सुनकोश नदीसम्म लगभग १३० किलोमिटर × ४० किलोमिटर फैलिएको थियो। केन्द्रीय समिति र डुवर्स आञ्चलिक समितिका कार्यकारिणी सदस्यहरूको सहकार्यमा भौगोलिक र प्रशासनिक क्षेत्रका आधारमा चारवटा आञ्चलिक समिति गठन गरिएको थियो।

१. बागराकोट-मटेली आञ्चलिक समिति
२. नगरकट्टा-बानरहाट आञ्चलिक समिति
३. वीरपारा-मदारीहाट आञ्चलिक समिति र
४. जयगाउँ-कालचिनी आञ्चलिक समिति।

अन्य आञ्चलिक समितिहरू पनि व्यापक रूपमा फैलिएका हुनाले भौगोलिक र प्रशासनिक क्षेत्रका आधारमा नयाँ आञ्चलिक समितिहरू गठन गर्न आवश्यक छ। यसो गर्नाले आञ्चलिक समितिहरूलाई सुचारू रुपमा चलाउन र नियन्त्रण गर्न सजिलो पर्नेछ। यसोसले दार्जिलिङ जिल्लाका सम्पूर्ण आञ्चलिक समिति, कालिम्पोङ आञ्चलिक समिति र सिलगढी तराई आञ्चलिक समितिलाई यसको सम्भाव्यता अध्ययन गरेर थप कार्यान्वयनको लागि सिफारिस गर्न पहिले नै अनुरोध गरिएको छ।

पश्चिम बंगाल राज्य समिति सक्रिय रहेर विभिन्न गतिविधिहरूको बारेमा छलफल गर्न र योजना बनाउन कार्यकारी बैठकहरू सञ्चालन गऱ्यो। संविधानअनुसार, कार्यकारी सदस्यहरूको बैठक तीन महिनामा एक पटक बस्नु पर्ने हुन्छ तर सदस्यहरूलाई भौतिक रूपमा बोलाउन सम्भव

थिएन। त्यसैले धेरैजसो बैठकहरू अनलाइन सञ्चालन भएकाले सदस्यहरूको उपस्थिति र सहभागिता चुनौतीपूर्ण रह्यो। यद्यपि, पश्चिम बंगाल राज्य समितिले सबै काम कार्यवाहीको सहज सञ्चार र दस्तावेजीकरण सुनिश्चित गर्ने सफल प्रयास भयो।

पश्चिम बंगाल राज्य समितिको दोस्रो वार्षिक साधारण सभा र चुनाव ०६-०६-२०२४ मा सिलगढीको दुर्गागढी सामुदायिक भवनमा आयोजित गरिएको थियो, जहाँ पूर्व पदाधिकारी अर्को कार्यकालको लागि निरन्तर रहने सर्वसम्मतिले सिफारिस गरी सहमति जनाए। पश्चिम बंगाल राज्य समितिको कार्यकारी सदस्यहरू सम्बन्धित आञ्चलिक समितिहरूद्वारा चयन गरिएको थियो। यसै सभामा भौगोलिक कारणवश, कालेबुङ आञ्चलिक समितिको गोरुबथान शाखालाई पूर्ण आञ्चलिक समितिमा परिणत गरिएको थियो साथै १० औँ र १२ औँ बोर्ड परीक्षामा ६०% भन्दा बढी अंक प्राप्त गर्ने नेवार विद्यार्थीहरूलाई सम्मान गरिएको थियो र प्रशंसापत्र प्रदान गरिएको थियो।

**अन्य कार्यक्रम र गतिविधिहरू :-**

१. हरेक वर्ष स्थापना दिवस समारोह सिलगढी आञ्चलिक समिति र सालबारी मेथीबारी नेवार गुठीसँग मिलेर संयुक्त रुपमा मनाइन्छ।

२. पश्चिम बंगाल राज्य समितिको बैंक खाता खोलियो, जसले गर्दा वित्तीय लेनदेन गर्न सजिलो भयो।

३. दार्जिलिङ, बाग्राकोट र सिलगढीमा नेवार परम्परागत रीतिरिवाज, भाषा, नृत्य र धिमे संगीत नेपालको नेवाः देय् देबूका प्रशिक्षक भाजु सुदनमान मणिकरद्वारा सञ्चालित प्रशिक्षण आयोजना गरियो।

४. कालिम्पोङ आञ्चलिक समिति पुनर्गठन गरियो।

६. राङभाङ आञ्चलिक समिति पुनर्गठन गरियो।

७. दार्जिलिङ आञ्चलिक समिति पुनर्गठन गरियो।

८. पश्चिम बंगाल राज्य समिति गठन भएदेखि नै केही सदस्यहरूले अनिवार्य रूपमा योगदान जम्मा गरेका छैनन्। नामहरू खुलासा गरिए तापनि अहिलेसम्म कुनै योगदान जम्मा छैन।

९. सिलगढी तराई आञ्चलिक समितिबाट केवल सिलगढी मेथीबारी गुठी र कदमतला नेवार शाखा छोडेर अन्य शाखाहरूबाट योगदान प्राप्त हुन बाँकी छ।

१०. सबैका लागि सदस्यता फारम र पैसा प्राप्ति रसिद छापिएको छ।

११. नेवार विकास बोर्ड विषयमा छलफल गर्न केन्द्रीय समितिको प्रतिनिधिहरूसँगै राज्य समितिको प्रतिनिधिहरूले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यकारी अधिकारीलाई भेटेर नेवार विकास बोर्डको गतिविधिहरूको निगरानी गर्न अखिल भारतीय नेवार संगठनको पर्यवेक्षक मनोनयन गर्ने साथै बोर्डका सबै सदस्यहरू

अखिल भारतीय नेवार संगठनको प्राथमिक सदस्य हुनै पर्ने आग्रह गरे।

१२. मयजु जयश्री प्रधानले वर्ष २०२३-२४ मा सम्पन्न भएको संघ लोकसेवा आयोगमा ५२ औं स्थान प्राप्त गरी उत्तीर्ण भएकोमा पश्चिम बंगाल राज्य समितिद्वारा सम्मान जनाइयो।

**पश्चिम बंगाल राज्य समितिले गरेका प्रमुख निर्णयहरू समावेश छन् :**

१. नयाँ आञ्चलिक समितिहरूको गठन

२. पश्चिम बंगालमा नेवारहरूको सदस्यता अभियान र जनगणना।

३. पहिले नै तालिमप्राप्त व्यक्तिहरूद्वारा आञ्चलिक स्तरमा नेवार परम्परागत रीतिरिवाज, भाषा र नृत्य प्रशिक्षण।

४. थप रूपमा, सञ्चालनमा पारदर्शिता र दक्षता सुनिश्चित गर्न सबै अभिलेख, पत्रचार र कागजातहरू व्यवस्थित रूपमा राखिएका छन्।

अन्तमा हामी अखिल भारतीय नेवार संगठन पश्चिम बंगाल राज्य समितिका सम्पूर्ण पदाधिकारीगण तथा सदस्यहरूप्रतिको समर्पण र प्रतिबद्धताको लागि हार्दिक आभार व्यक्त गर्दछौं। हामी सबैको प्रयासले अखिल भारतीय नेवार संगठन, पश्चिम बंगाल राज्य समितिलाई सफल योगदान पुऱ्याएको छ र आगामी वर्षमा निरन्तर सहकार्यको लागि तत्पर रहनेछौं।

❑

With Best Complements from

SUBASH PRADHAN

*Manufacturer & Supplier : Fing & Noodles*

10 Mile, R. C. Mintri Road, KALIMPONG- 734301



उचित मूल्यमा
फिंग, नूडल्स, खदा एवम्
अन्य टिबेटन सामग्रीका
निम्ति सम्झनुहोस्।

Subash Pradhan 98320 27407
Yogesh Pradhan 91263 51344

*With Best Complements from*

AnnapurnA RestauranT

SERVING SINCE 1998

D.S. Gurung Road, Kalimpong

*Visit us for*

Indian, Chinese & Local Dishes

*Contact No.*

98320 25977 & 93820 80300

# नेवाःभाय् व तजिलजि ब्वनेकुथि : एक टिपोट

**दीप प्रधान**
मिरिक।

भारतीय सभ्यता, आर्य सभ्यता, सिन्धु र हरप्पा सभ्यता, इजिप्टको नील सभ्यता जस्तै हो नेवार सभ्यता। नेवार कुनै जात वा जाति होइन। वास्तवमा बागमती सभ्यता नै नेवार सभ्यता हो भनेर विद्वानहरूले उल्लेख गरेका छन्। विभिन्न क्षेत्रबाट मानिसहरू बागमती उपत्यका वरिपरि आएर बसे। नेवाः भाय् बोले। नेवाः संस्कृति र संस्कार अपनाए अनि एकमुष्ठमा बसे। यसरी बागमती क्षेत्रमा बस्नेहरू सबैले आफूलाई नेवार भन्न रुचाए। यसैले नेवारहरूको संस्कार र संस्कृतिमा एकरुपता छैन। विभिन्न थुम्कोमा बस्ने नेवारहरूको आ आफ्नै प्रकारको रीतिरिवाज पाइन्छ। इतिहासकारहरू अझ के भन्छन् भने - भारत, भोट, चीन, काश्मिरबाट पनि उक्त क्षेत्रमा आएर बसोवास गर्नेहरू सबैलाई नेवार समुदाय भन्न थालिएको हो। यसोसले नेवारहरू शिवमार्गी, बौद्धमार्गी छन् भने काठमाडौँ उपत्यकाको वरिपरि मुसलमान नेवारहरू पनि बस्ने गर्छन्। तिनीहरू जन्मैले मुसलमान हुन्। वर्तमान समयमा विश्वका अनेकौँ देशहरूमा नेवारहरू बसोबासो गरिरहेका छन्। भारतमा पनि विभिन्न प्रान्तमा नेवारहरू छरिएर जीवन यापन गरिरहेका छन्। दार्जिलिङमा पनि धेरै संख्यामा नेवारहरू बसेका छन्। यसरी नेपालबाहिर बसेका नेवार समुदायको भाषा, साहित्य,संस्कार र संस्कृतिको संरक्षण गर्न अति आवश्यक अनुभूति गरेर 'अखिल भारतीय नेवार संगठन'-को स्थापना गरियो। मिरिकका भाजु पी. एल. जोशी, भाजु सुनिल नेवार जोशी, भाजु अरुणभक्त प्रधान, भाजु अनिलमणि प्रधान, भाजु बाबुराम प्रधान, भाजु मणि जोशी आदिको धारावाहिक पहलमा २० जुन १९९३-मा 'अखिल भारतीय नेवार संगठन'-को स्थापना भएको थियो। बडो कष्टले स्थापना भएको सङ्गठनले नेवाः समुदायको उत्थान एवम् संवृद्धिको निम्ति आफ्नो समयमा विभिन्न कार्यहरू गरेको इतिहास पाइन्छ। यीमध्ये अन्य पछौटे वर्गमा नेवार जातलाई अन्तर्भुक्त ठूलो उपलब्धि हो। यो बाहेक अल्पसंख्यकवर्गको सरकारी सहुलियत दिलाउन पनि सङ्गठन सफल भएको छ। नेवार विद्यार्थीहरूले सरकारी अनुदानबाट फाइदा उठाइरहेका छन्। हालमा जनजातिको निम्ति पनि नेवार सङ्गठन सङ्घर्षरत रहेको छ।

यस्तै कार्यहरूमा 'नेवा भाय् व तजिलजि ब्वनेकुथि' पनि एक हो। नेवाः भाषा, संस्कार र संस्कृतिको जगेर्ना गर्न अनि प्रचार प्रसारको

उद्देश्यले उक्त नेवार भाषा संस्कृति विद्यालयको स्थापना मिरिकमा १४ दिसम्बर २०२१ -मा गरिएको थियो।

अखिल भारतीय नेवार संगठनकै, छत्रछायाँमा मुख्य निर्देशक भाजु पी. एल. जोशी, निर्देशक भाजु सुनिल नेवार जोशी, सहायक निर्देशक भाजु अनिलमणि प्रधान, सचिव भाजु मणि जोशी अनि प्रबन्धक भाजु के. डी. जोशीको नेतृत्वमा यस विद्यालयको स्थापना भएको थियो। यसलाई राम्ररी सञ्चालन गर्नको निम्ति भाजु गङ्गा प्रधान (मिरिक), भाजु प्रेम प्रधान (सौरेनी), भाजु शिवकुमार प्रधान (निरपानी), भाजु देवराज प्रधान (सौरेनी), भाजु प्रेम प्रधान (सियोक), भाजु जीवन मास्के (सौरेनी), भाजु गङ्गा प्रधान (फुवागुढी)-लाई बोर्ड मेम्बरको रूपमा चयन गरियो।

'नेवाः भाय् व तजिलजि ब्वनेकुथी' -को पहिलो चरणको प्रशिक्षण भाजु अनिलमणि प्रधानको निवास थानालाइन मिरिकमा ४ मार्च २०२२ -को दिनदेखि शुरू गरियो।

प्राचार्य गुर्जु अलङ्कार शाक्य र सहायक गुर्जु सुमन शाक्यको निरीक्षणमा प्रशिक्षण शुरु गरिएको थियो। प्रशिक्षणार्थीहरू थिए -

(१) भाजु शिवकुमार प्रधान (निरपानी)

(२) भाजु दीप प्रधान (मिरिक)

(३) भाजु अमरदीप प्रधान (नौ माइल)

(४) भाजु जितेन प्रधान (नौ माइल)

(५) भाजु टीकाराम प्रधान (निरपानी)

(६) भाजु यमबहादुर प्रधान (सोरेङ, सिक्किम)

(७) भाजु सन्देश प्रधान (सोरेङ, सिक्किम)।

पहिलो चरणको प्रशिक्षणको दोस्रो दिनदेखि भाजु पी. एल. जोशीको निवासमा सम्पन्न गरियो। पछि अझ निम्न प्रशिक्षणार्थीहरू जोडिए -

(१) भाजु श्याम प्रधान (तीनाधरे)

(२) भाजु अमिर प्रधान (नोल)

(३) सागर जोशी (सालबारी)

(४) सुमित नेवार (सालबारी)

तेस्रो चरणसम्मको प्रशिक्षण भाजु पी. एल. जोशीको निवासमा सम्पन्न गरियो। त्यसपछि भाजु के. डी. जोशीको निवासमा चौथो चरणको प्रशिक्षण २८ अगष्ट २०२२ देखि सम्पन्न गरियो।

चौथो चरणसम्म आइपुग्दा नेवा भाय् व तजिलजि ब्वनेकुथि आर्थिक अवस्था पनि कमजोर भइसकेको हुनाले ६/८/२०२२ -को दिन अनिलमणि प्रधानको निवासमा जरुरी सभा गरेर आर्थिक अनुदान सङ्कलन गरियो। यसमा निम्न महानुभावहरूले सहयोग गरेर ब्वनेकुथिलाई प्राण हाल्न मदत गरेका थिए -

| | | |
|---|---|---|
| (१) | भाजु अनिलमणि प्रधान | १०,००० |
| (२) | भाजु मणि जोशी | ५,००० |
| (३) | गुर्जु अलङ्कार शाक्य | ५,००० |
| (४) | भाजु गङ्गा प्रधान | ५,००० |
| (५) | भाजु गङ्गाप्रसाद प्रधान | ५,००० |
| (६) | भाजु देवराज प्रधान | ५,००० |
| (७) | भाजु प्रेम प्रधान | ३,००० |
| (८) | भाजु जीवन मास्के | ३,००० |
| (९) | भाजु डी. बी. प्रधान | ३,००० |

| | | |
|---|---|---|
| (१०) | भाजु अशोक प्रधान | ५०० |
| (११) | पुरण प्रधान | ५०० |
| (१२) | प्रेमचन प्रधान | १,५०० |

सौरेनी लसकुस समुहबाट २५ किलो फाइन चामल र ५ किलो रिफाइन तेल पनि प्राप्त भयो।

प्राप्त आर्थिक सहयोगबाट चौथो चरणको प्रशिक्षण सफलतापूर्वक सम्पन्न गरियो।

पाँचौँ चरणको प्रशिक्षण के डी. जोशीको निवासमा ६/११/२०२२ देखि १८/११/२०२२ सम्म सम्पन्न गरियो। उक्त प्रशिक्षणमा भाजु टेकबहादुर प्रधान (सिक्किम ), भाजु सोमनाथ प्रधान (सिक्किम), भाजु शिवकुमार प्रधान (सिक्किम) को पनि उपस्थिति रह्यो। यस अवधि प्रशिक्षणार्थीहरूलाई खानाको व्यवस्था मयजु आरती प्रधानले गरेकी थिइन्।

पाँचौं चरणको प्रशिक्षणको निम्ति २८/८/२०२२ मा के. डी. जोशीको निवासमा एउटा सभा सम्पन्न गरियो। उक्त सभामा लाखे नृत्यबारे पनि चर्चा-परिचर्चा भयो। तर यो कार्यमा भने परिणत हुन सकेन।

नेवाः भाय् संस्कृति प्रशिक्षणकै क्रममा भाजु सुनिल नेवार जोशीको निवासमा नेवार पाकविधाको पनि प्रशिक्षण शिविर आयोजना गरियो। दार्जिलिङबाट भाजु प्रेमराज प्रधानको नेतृत्वमा यः मरि, लाखामरी, चटामरी आदि व्यञ्जन बनाउने प्रशिक्षण दिइयो अनि प्रदर्शन गरियो। यसमा भाजु पी. एल. जोशीले सम्यबजी, सगुण, अनि क्वाँतिबारे पनि विस्तृत जानकारी गराए।

पाँचौँ चरणको प्रशिक्षणपछि दीक्षान्त समारोहको निम्ति पटक पटक सभा आयोजन गरियो, तर सभा फलदायक भएन। आर्थिक अवस्था कमजोर भएको हुनाले दीक्षान्त समारोह सम्पन्न गर्न सकिएन। पछि ६ फरवरीदेखि ११ फरवरीसम्म नेपालको ओदलाबारीमा गुर्जु अलङ्कार शाक्यको नेतृत्वमा दीक्षान्त समारोह सम्पन्न भयो। यो दीक्षान्त समारोहमा मिरिकबाट भाजु जितेन प्रधान र निरपानीबाट भाजु शिवकुमार प्रधानसहित खर्सान, सिक्किम, आसाम, नेपाल गरेर जम्मा १५ जना गुर्जुहरूले दीक्षान्त लिए। यी सबै गुर्जुहरूलाई गुर्जु अशोक शाक्यले दीक्षा दिए।

यसरी अनेकौँ कष्ट सहेर मिरिकले नेवार भाषा, संस्कार अनि संस्कृति संरक्षण हेतु 'नेवाः भाय् व तजिलजि ब्वनेकुथि' स्थापना गरेर एउटा अनुपम उदाहरण पेश गरेको छ। आज हामीसँग हाम्रै संस्कार र संस्कृतिअनुसार संस्कार गर्ने गुर्जुहरू पाउँछौँ। यस विद्यालयले कतैबाट पनि सहयोग नपाउँदा केन्द्रीय समितिको अध्यक्ष भाजु सूर्यनारायण प्रधानको बारम्बार आग्रहमा केन्द्र समितिले नै सञ्चालन गर्ने प्रस्ताव लिएपछि केन्द्रीय समितिलाई नै हस्तान्तरण गरिएको छ।

आगमी दिनहरूमा अखिल भारतीय नेवार संगठन केन्द्रीय समितिले 'नेवाः भाय् व तजिलजि ब्वनेकुथि'-लाई अझ व्यापक बनाएर लैजाने छ भन्ने कुरामा मिरिक विश्वस्त रहेको छ।

❑

# अखिल भारतीय नेवार संगठनको संक्षिप्त विवरण

नेवारहरू एक विशिष्ट भाषिक र सांस्कृतिक समूह हुन्, जो मुख्यतया इन्डो-आर्यन र तिब्बती-बर्मन भाषिक परिवारका हुन्, जसले समान नेवार भाषा साझा गर्छन्, जसलाई नेपाल भाषा पनि भनिन्छ, र मुख्यतया नेवारहरू हिन्दू धर्म र बौद्ध धर्मको अभ्यास गर्छन्। नेवारहरूले आफ्नो पुरानो परम्परा र अभ्यासहरूलाई निरन्तरता दिएका छन् र धर्म र संस्कृतिको वास्तविक संरक्षकको रूपमा आफूलाई गर्व गर्छन्। नेवारहरू संस्कृति, कला र साहित्य, व्यापार, कृषि र पाक कौशलमा आफ्नो योगदानका लागि परिचित छन्।

अखिल भारतीय नेवार संगठन २० जुन १९९३मा दार्जिलिङ जिल्लाको रमणीय पहाडहरूको बिचमा अवस्थित सबैभन्दा सुन्दर शहरमध्ये एक मिरिकमा स्थापना भएको थियो, जुन यसको शान्त सुन्दरता र शान्त वातावरणको लागि परिचित छ।

यद्यपि, केही अपरिहार्य परिस्थितिका कारण, एक समय सक्रिय रहेको सङ्गठन निष्क्रिय रह्यो र स्थगनमा रह्यो। त्यस पश्चात् भाजु सूर्यनारायण प्रधान (वर्तमान अध्यक्ष, केन्द्रीय समिति) को अथक प्रयास र साहसिक पहलले ०३ अप्रिल २०२२ मा पश्चिम बंगाल, आसाम र सिक्किम राज्यका सदस्यहरूको विशाल उपस्थितिमा अखिल भारतीय नेवार संगठनको छैटौं महाधिवेशनमा सिलगढीको देवकोटा संघमा अखिल भारतीय नेवार संगठन पुनर्स्थापित गरियो। त्यसपछि, अखिल भारतीय नेवार संगठन १९६१ को पश्चिम बंगाल समाज ऐन XXVI अन्तर्गत दर्ता नम्बर एसओओ१९३५०/२०२१-२०२२ मार्फत दर्ता गरियो, जसले यसलाई कानुनी मान्यता, सम्पत्ति स्वामित्व गर्ने क्षमता, सम्भावित कर लाभहरूसहित सम्झौताहरू प्रविष्ट गर्ने क्षमता र कोषमा पहुँच प्रदान गर्‍यो।

अखिल भारतीय नेवार संगठनको संविधान संशोधन गर्नु आवश्यक थियो। त्यसैले, संविधान संशोधन गर्न भाजु शंकरनाथ प्रधानको नेतृत्वमा नौ सदस्यीय समिति गठन गरियो र पाँचौं संशोधित संविधान२०२२, २७ नोभेम्बर २०२३ मा जारी गरेर पारित गरिएको थियो।

अखिल भारतीय नेवार संगठन एक सामाजिक संस्था हो, जसले भारतभरि फैलिएका नेवार समुदायमा जागरूकता जगाउने र यसका सदस्यहरूलाई नेवार भाषा, यसको लिपि, संस्कृति, रीतिरिवाज, खानपान र परम्पराहरू सिक्न, सिकाउन र संरक्षण गर्ने लक्ष्य राखेको छ। अखिल भारतीय नेवार संगठनले भारतीय नेवार समुदायको माझमा एकता प्रदान गर्ने र भारतको नेवार समुदायले सामना गरिरहेका आर्थिक, सांस्कृतिक र अन्य विविध समस्याहरू समाधान गर्न उपयुक्त उपायहरू अपनाउने लक्ष्य राखेको छ।

Newars are a distinct linguistic and cultural group, primarily Indo-Aryan and Tibeto-Burman ethnicities, who share a common language, Newar language also known as Nepal Bhasa, and predominantly practice Newar Hinduism and Newar Buddhism. Newars have continued their age-old traditions and practices and pride themselves as the true custodians of the religion and culture Newars are known for their contributions to culture, art and literature, trade, agriculture and cuisine.

Akhil Bharatiya Newar Sangathan was established in Mirik,one of the most beautiful town nestled amidst the picturesque hills of Darjeeling district which is known for its serene beauty and tranquil ambiance, on 20 Jun 1993.

However, due to certain unavoidable circumstances, the once active organisation remained inactive and held in abeyance till the untiring efforts and herculean initiatives of Bhaju Surya Narayan Pradhan(the present President, Central Committee) Akhil Bharatiya Newar Sangathan was reestablished at Deukota Sangha, Siliguri on sixth General Convention in the colossal presence of members from West Bengal, Assam and Sikkim states on 3rd April 2022. Thereafter, Akhil Bharatiya Newar Sangathan was registered under the West Bengal Societies Act XXVI of 1961 bearing registration No. SOO19350 of 2021-2022 granting it legal recognition, the ability to own property, enter contracts along with potential tax benefits and access to funding.

There was a need to amend the constitution of Akhil Bharatiya Newar Sangathan. Hence, a nine-member committee was formed to amend the constitution under Bhaju Shankar Nath Pradhan and the fifth amended constitution -2022 was released and adopted on 27 November 2023.

Akhil Bharatiya Newar Sangathan is a social organization aims to raise awareness among the Newar community spread across India and patronise its members to learn and preserve Newari language (also known as Nepal Bhasha and Newa Bhasha), its script, culture, customs and traditions. The organisation also aims to provide unity of the Indian Newar community and take appropriate measures to solve the economic, cultural and other miscellaneous problems being faced by the Newar community of India.

❑

# कालिम्पोङमा अखिल भारतीय नेवार संगठनको थालनी

**कृष्णमणि प्रधान**
कालिम्पोङ।

भर्खरै गोर्खाल्याण्ड आन्दोलनको सक्रिय गतिमा केही साम्य आइरहेको समयमा आफ्नो आफ्नो चिह्नारीको चेतना पलाइरहेको थियो भारतमा गोर्खा जाति भन्नाले धेरै जातहरूको मेल बुझिन्छ, ती जातहरूको आफ्नै भाषा, संस्कृति र संस्कार छन्। यही विविधताले नै गोर्खा जाति धनी मानिएको छ भन्ने सोच प्रत्येक जातमा आइसकेको थियो। नेवार समुदाय त्यसताक यस्ता विचारदेखि वञ्चित थियो। तर एक नेवार युवा समूहमा आफ्नो जातिप्रति केही काम गर्ने इच्छा जाहेर गर्न मेरोमा आएर भन्नथाले - "धब्वा! हेर्नुहोस् सबै जातहरूको आफ्नो सङ्गठन छ, तर हाम्रो नेवारको सङ्गठन छैन। हामीले सङ्गठन खोल्दा के नोक्सान छ? हुन त कालिम्पोङमा उहिले नेवार गुठी थियो र दार्जिलिङमा त गुठीको घर पनि छ भन्ने सुन्नमा आएको छ। यसरी ती युवाले जानकारी सँगसँगै धम्काउने काम पनि गरेको थियो।

ती युवा समूहको कुरालाई गम्भीरतापूर्वक सोच्न थालेँ। तर ममा पनि नेवारका रीतिरिवाज, रहनसहन, भाषा, संस्कृतिको ज्ञान थिएन। यसबारे ठूलाबडासित सोधपूछ गरी यो काम अघि बढाउनु असल हुनेछ भनी ठूलाबडाको घरघरमा गएर यसको जानकारी लिँदा सबैबाट स्याबासी पाएँ। त्यसपछि चिनेका जानेका नेवारहरूलाई बैठक बस्ने सूचना पत्र पठाउने काम भयो।

दिनाङ्क २.४.१९९३ को दिउँसो २ बजे एसयूएमआईको हलमा भाजु पीआर प्रधानको अध्यक्षतामा नेवार सङ्गठनको स्थापना भयो जहाँ भाजु भाइचन्द प्रधान र भाजु भानुभक्त प्रधान प्रमुख अतिथि थिए अनि म स्वयम् यसको संयोजक थिएँ। त्यस बैठकमा नै भाजु भानुभक्त प्रधान - सभापति; भाजु भाइचन्द प्रधान - उप सभापति; म स्वयम् सचिव; भाजु नयन प्रधान सह सचिव; मयजु मनमाया प्रधान कोषाध्यक्ष मनोनित गरियो अनि सदस्यता शुल्क एघार रुपियाँ र पाँच रुपियाँ मासिक शुल्क रहने प्रस्ताव पारित गरियो।

सभामा उपस्थित महानुभावहरूले आ-आफ्नो मन्तव्य पोखाए। विशेष गरी भाजु भानुभक्त प्रधानको विचार यहाँ उल्लेख गर्न चाहेँ जुन कुराले नेवार सङ्गठन खोलेर यहाँका

नेवार समूदायको हित गर्ने उद्देश्य थियो। उनको भनाइ के थियो भने नेवारका भाषा, संस्कृति, संस्कारबारे पुस्तक प्रकाशित गरेर निःशुल्क वितरण गर्ने, नेवारका सबै नानीहरू स्कूलमा पठाएर शिक्षा दिलाउने यदि पढाउन असमर्थ छ भने एक वर्षमा पाँचजना नानीलाई उनको रकभेल एकादमी स्कूलमा पढाइदिने, नेवारको सर्वेक्षण गरी नेवारको संख्या धेरै भएको ठाउँमा सङ्गठनको शाखा खोल्ने, युवाहरूको सहभागितामा नाटक वा सांस्कृतिक कार्यक्रम गरी धन सङ्ग्रह गर्ने, यसबाहेक उनको परिकल्पना सङ्गठनको आफ्नै घर बनाउने अनि त्यस घरमा बस्ने, खानपिनको व्यवस्था गर्ने जहाँ बाहिरबाट आउने नेवारहरूलाई सुबिस्ता दिलाउने थियो। यस्ता कार्यमा उनले आधा खर्च बेहोर्ने वचन पनि दिएका थिए।

उनले सङ्गठनको भवन नहुँदा उनकै स्कूल रकभेलमा धेरै वर्षसम्म सङ्गठनको कार्यालयका निम्ति ठाउँ दिएका थिए। उनले भाइचन्द प्रधानद्वारा लिखित **नेवार जाति** नामक पुस्तक प्रकाशित गरिदिए। यति मात्र होइन नेवार सङ्गठन दार्जिलिङ जिल्लाको अधिवेशन मिरिकमा हुने कार्यक्रम कालिम्पोङमा ल्याउने विचार मैले पोखाउँदा उनले सम्पूर्ण भार लिने आँट देखाएका थिए। फलस्वरूप पाँच दिने अधिवेशन रकभेल स्कूलको प्राङ्गणमा आयोजित गर्न सफल भयो। उक्त कार्यक्रममा नेपालबाट भाजु पद्मरत्न तुलाधरको नेतृत्वमा २५ जना कलाकार र प्रतिनिधि अनि दार्जिलिङ, खरसाङ, मिरिक, रिम्बिक, बिजनबारी आदि ठाउँबाट आएका थिए। उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नमा कालिम्पोङका भाजु-मयजुहरूको पनि ठूलो योगदान थियो। यस कार्यले नेवार सङ्गठनलाई दह्रिलो बनाउन ठूलो सहयोग पुऱ्यायो। सबै नेवार बुज्रुक व्यक्तिहरूले सङ्गठन खोल्नुको औचित्य बुझेर सङ्गठनका पदाधिकरीवर्ग र सदस्य-सदस्याहरूलाई स्याबासी साथै बधाई दिएका पलहरू आजसम्म आलो बसेको छ।

नयाँ जोगीको खरानी बाक्लो भनेजस्तो त्यस ताक नेवार युवाको जोस पनि देखा पऱ्यो। यो १९९५ सालको कुरा हो, युवा समूहले त्यसबेलाका लोकप्रिय तथा चर्चित नेपाली कलाकार निमा रूम्बा, सुकमित, सुरेशकुमार ल्याएर कञ्चन सिनेमा हलमा साङ्गितिक कार्यक्रम भव्यरूपले आयोजित गरेर अर्थ सञ्चय गरे अनि त्यही पैसाले सङ्गठनमा चाहिने टेबल चौकीलगायत सरसामानहरू सङ्ग्रह गरे। जुन वस्तुहरू अहिले पनि सङ्गठनको कार्यालयमा छन्। सङ्गठनमा उठेका रकमलाई कसरी जोगाइराख्ने विषय लिएर मेरो सल्लाहमा भाजु भाइचन्द प्रधान, सी एल प्रधान, पद्ममणि प्रधान र सी के प्रधानलाई बोलाएर सभा राख्थे अनि निर्णय लिन्थे। यसै बेला टिस्टा, रम्बी, मल्ली, साम्सिङजस्तो अभेग ठाउँमा गएर सङ्गठनको शाखा खोल्न सक्षम भएको थियो। तर ठोस काम गर्न नसकेकोमा मन अमिलो बनेको थियो। तन, मन, धन दिएर नेवार सङ्गठनको कार्य सन्तोषजनक भएको थिएन। दार्जिलिङ, मिरिक, खरसाङमा हुने सभामा पनि भाजु भानुभक्त, भाजु भाइचन्द, भाजु सी के र म मात्र पुग्ने गर्थ्यौं। यसरी पाँच वर्ष बित्यो। तर यस्ता

सक्रियता धेरै दिनसम्म दिगो भएर बस्न सकेन। त्यसमाथि पनि भाजु भानुभक्त प्रधानको अस्वस्थ अवस्थाले सङ्गठनको पदाधिकारी भएर नबस्ने उनको विचार भयो।

पछि केही समय साङ्गठनिक गतिविधिमा शिथिलता आयो, युवाको जोश हरायो, सङ्गठनलाई बचाउन बूढाहरू अघि बढे। भाजु सी एल प्रधान सभापति बने अनि भाजु बी आर प्रधानले सचिवको भार लिए। यसताक नै सङ्गठनको कार्यालयका लागि दस माइलस्थित नेपाली बिल्डिङ भाजु ज्ञानज्योति कंसाकारले सञ्चालन गर्न अनुमति दिए। त्यहाँ प्रत्येक बुधबार र शनिबार केही समयका लागि बस्ने अनि ओबिसी प्रमाणपत्र बनाउने क्रममा सङ्गठनको 'कास्ट सर्टिफिकेट' वितरण गर्ने गतिविधिले केही हद चहलपहल भएको थियो। त्यस भवनमा शौचालय थिएन जसले गर्दा टाढाबाट आउने सदस्य सदस्याहरूका लागि असुविधा भएको थियो। सङ्गठनको पर्याप्त पैसा नभएकोले शौचालय बनाउन समस्या परिरहेको स्थितिमा भाजु सी एल प्रधानले आफ्नै गोजीबाट पैसा निकालेर आफै बहिदारजस्तै मजदूरहरूसित बसी शौचालय निर्माण गरे। सदस्यता शुल्कको केही रकम जिल्लामा दिनुपर्ने हुँदा सङ्गठनको आर्थिक अवस्था शिथिल भएको सत्यलाई बुझाउँदै सदस्यता बढाउन भरमग्दूर कोशिश गरेका थिए। तर त्यति सन्तोषजक काम बन्न सकेन। यसबेला सङ्गठनको मुखपत्रको रूपमा **सुकुण्डा** नामक पत्रिका निकाल्न सफल भएको थियो। यस पत्रिकाका सम्पादक भाजु भाइचन्द प्रधान थिए पछि भाजु योगबीर शाक्यले सम्पादन गरी केही समयसम्म निकालेर **सुकुण्डा** बन्द भयो।

भाजु सी एल प्रधानपछि भाजु बी आर प्रधानले सङ्गठन सभापतिको हैसियतले सम्हाले। उनको समय भाजु नयन प्रधान, भाजु प्रदीप प्रधान, भाजु अजय प्रधान, भाजु कर्णेल डि के प्रधानले सचिवको भार लिएका थिए। यस समय धेरै शाखाहरू बने। नेवाः भाषा सिकाउने, नेवार मयजुहरूलाई सिलाइबुनाइ गरी रोजगार दिनेजस्ता योजना बनाई कार्यान्वयन पनि भएको थियो धार्मिक तथा आध्यात्मिक विचार भएका भाजु बी आर प्रधानले नेवारहरूले मानिल्याएका चाडपर्वहरूबारे चासो लिएर प्रचार प्रसार गरे। संस्कार संस्कृतिमाथि जोड दिँदै सामुहिक इही आयोजना, न्हूछँमा गरिने म्हःपूजा, नेवाः देवदेवताजस्तै भिंद्य, लक्ष्मीको नक्सा छापेर घरमा राख्ने र घरको मूल दैलोमा सुकुण्डा, पूर्ण कलशको चित्रसित रञ्जना लिपिबाट न्हूदँया भिंतुना प्रिन्ट गरिएको पहेंलो लुगा झुण्डाउने चलन पनि शुरु गरिएको थियो। आफू ठीक हुनुपर्छ आफ्ना सन्तानहरू स्वतः ठीक भएर जानेछ भन्ने उनको सोचले सङ्गठनलाई बचाइराख्न सफल भयो। यसै ताक नेवार पनि जनजातिमा अन्तर्भुक्त गर्ने अभियानमा केन्द्रीय समितिलाई सहयोग गर्न पछि हटेन। वास्तवमा भाजु प्रधान र भाजु योगबीर शाक्यको तालमेल मिलेको हुनाले सङ्गठनको गतिविधि सुचारु रूपले चल्नसकेको थियो, तर कालिम्पोङका नेवारहरूले पनि उनीहरूलाई त्यतिकै समर्थन र सहयोग गरेका थिए भन्नुमा कुनै दुई मत छैन।

सिन्कोना कमानमा मेनेजरबाट अवकाश प्राप्त भएका भाजु एन एन प्रधानको नेवार

जातिप्रतिको प्रेम देखेर सङ्गठनले के खोज्छस् कानो, आँखा भनेजस्तो सर्वसम्मतिनुसार उनलाई सङ्गठनका सभापति बनाइयो। उनको कार्यकालमा सबैभन्दा पहिला हिसाबको खाता पत्र हेरेर आय-व्ययको व्यवस्था गर्न थालियो। शाखामा गएर निरीक्षण गर्ने योजना बनाइयो सबै शाखालाई कसरी चनाखो भएर सङ्गठन संचालन गर्नुपर्छ भन्ने जानकारी दिलाइयो। उनको काम गर्ने तरिकाले सबै शाखाहरू पनि सजिलो साथै सुव्यवस्थित बन्न सफल भए। यस किसिमको कामले शाखा नभएको वा शाखा बनाउन रुचि नभएको ठाउँमा पनि शाखा बन्न पुग्यो। नेवाः भाषा सिकाउने कक्षा पनि शुरु भयो। यस कार्यलाई टेवा दिन रकभेल स्कूलका निदेशक तथा प्रिन्सिपल भाजु कप्तान प्रकाशमणि प्रधानले प्रत्येक आइतबार एउटा कक्षा चलाउन अनुमति दिए। बुवाले नेवार सङ्गठनलाई दिएका योगदानको तुलनामा यति गर्नु केही होइन भन्दै कप्तान प्रकाशमणिले सङ्गठनलाई हौसला दिएका थिए। भाषा शिक्षणको कार्य केही समय चलेर पढ्न आउनेको कमीले बन्द गर्न कर लाग्यो।

भाजु एन एन प्रधानको पालामा मयजुहरूलाई नेवारी पकवानको कार्यशाला पनि राखियो भने नेवारी समय् बजिको उत्सव धर्मोदयमा आयोजना गरिएको थियो। सरकारी तथा गैरसरकारी संस्थाद्वारा आयोजित मेलामा नेवारी खानपिनको स्टल राख्ने काम भएको थियो। नेवारको आफ्नै पुरोहित चाहिन्छ भनेर गुभाजुको तालिममा इच्छुक व्यक्तिलाई पठाउने चाँजो मिलाइएको थियो। नेपालमा समेत नाचगान र संस्कारको तालिममा कालिम्पोङको प्रतिनिधि साक्योङ बासिन्दा सरूप प्रधानलाई पठाउने व्यवस्था गरिएको थियो। जनजाति विषय चलिरहेको कार्यक्रममा भाजु बी आर प्रधानले जसरी दिलोज्यान दिई केन्द्रीय समितिलाई भाजु योगबीर शाक्यलाई प्रतिनिधि बनाई पठाएका थिए, त्यसरी नै भाजु एन एन प्रधानले पनि त्यही बाटो अप्नाए। उनले पनि सामूहिक इही आयोजना गरी आफ्नो संस्कृतिप्रति सचेत भए पनि आर्थिक अवस्था दह्रो नभएका नेवार परिवारका कन्यालाई इही गराउन जोड दिएका थिए।

राजनैतिक उथुलपुथल भएको कारण सङ्गठनमा पनि बोर्डको परिकल्पना लिएर केही हद फुट आयो, तरै पनि आफ्नो उद्देश्यलाई नछाडी सङ्गठनलाई संरक्षण गरिराखेको थियो। तर कोरोना कालमा आउजाउ ठप्प रहेदेखि सङ्गठनको गतिविधि पनि ठप्प भयो। केही कालमा केन्द्रीय समितिमा पनि परिवर्तन आयो अनि एन एन प्रधान अस्वस्थको कारणले पनि नयाँ कार्यकारिणी बनाइयो, भाजु धननारायण प्रधान सभापति भए, आजपर्यन्त उनी नै छन्।

म आफू सङ्गठनको थालनीदेखि आजसम्म पनि सङ्गठनमा संलग्न भएकोले मेरो स्मृतिले भ्याएजति विवरण लेख्ने जमर्को गरेको मात्र हुँ। यसले भावी सन्तानलाई नेवार सङ्गठनबारे केही मात्रामा ज्ञान दिने छ भन्ने आशा तथा विश्वास छ।

❑

# Akhil Bharatiya Newar Sangthan, Assam State Committee hosts Reception in Honour of Nepalese Delegation in Guwahati

**L. B. Pradhan**

**Guwahati 13th Feb 2025**

In a heartfelt gratitude of cultural solidarity and bilateral camaraderie Shri L. B. Pradhan, president of the Assam state committee of Akhil Bharatiya Newar Sangthan {ABNS} hosted a grand reception in Guwahati on the 13rd February 2025 on behalf of Assam State Committee to honour the distinguished Nepalese delegation led by Shri Chiri Babu Maharjan, the mayor of Lalitpur Munipalty Corporation comprising 16 members including Smti Rekha Das Shrestha, Chief Executive Officer and Shri Sant Kumar Maharjan, president Jyapu Samaj, Lalitpur, is a testament to his leadership and vision. The delegation was in the city to participate in the international seminar in Guwahati University held on 10-11 February 2025 under the theme " Revisiting the roots India Nepal relations in the context of Guru Matsyendranath"

The seminar brought together eminent scholars, researchers and dignitaries from India and Nepal, fostering deep discussions on the historical, cultural and spiritual ties between the two nations, particularly in the context of Guru Mahsyendranath = a revered figure in both tradition. The reception hosted by ABNS further strengthened this spirit of fraternity, serving as a platform for meaningful dialogue on enhancing cross -border cultural collaborations. Such events demonstrate the

commitment of both nations to nourish greater understanding, cooperation and friendship building on their shared history and cultural roots.

Among the distinguished speakers at the reception were Shri Chiri Babu Maharjan, the Mayor of Lalitpur Metropolitan City, researcher Dr.Vidhu Prakash Kayastha, Bhaju Laxman Pradhan and Dr.Lalit Shrestha, In their addresses, they lauded the historical and civilization links between Nepal and India emphasizing the shared heritage that continues to bind the two nation.

In his welcome speech, Shri L. B.Pradhan highlighted the enduring culturally and historical connections between Nepal and Assam, particularly through the Newar Community which has played a vital role in preserving and promoting this legacy, He reiterated ABNS" commitment to facilitating more such exchanges in the future, ensuring that the bond between the people of Nepal and India grows stronger with time.

Mayor Chiri Babu Maharjan in his address, echoed similar sentiments, emphasizing the need for increased cultural exchanges, academic collaborations and people to people interactional under scored the significance of frequent cultural visits and scholarly discussion, which serve as vital tools in nurturing the India-Nepal relationship beyond political and economic dimensions. On this occasion, Bhaju Suraj Pradhan, a senior SBI Officer was felicitated by ABNS, Assam State Committee for his remarkable achievement as the first member of the Gorkha (Newar) community to be elected to the central committee of SBIOA (North Eastern Circle). He has also been assigned the significant role of Secretary (finance) demonstrating his leadership.

Entire episodes were skillfully anchored by Bhaju Nil Kamal Newar, the General Secretary of ABNS, Assam State Committee who ensured a seamless and engaging experience.

❑

# असमेली नेवाः समाज अतीतदेखि वर्तमानसम्म : एक अवलोकन

**पुष्पराज श्रेष्ठ**
सल्लाहकार
अ.भा.ने. संघ, केन्द्रीय समिति।

**ऐतिहासिक पृष्ठभूमि :-**

असमेली नेवाःहरूको यो असम भूमिमा प्रथम आगमनको इतिहास केलाउनु पर्दा १४ औं शताब्दीको प्रथम दशकतिर फर्किनु पर्ने हुन्छ। त्यसताकाको प्राग्ज्योतिषपुर राज्यका राजा नरकासुरको पतनपछि काठमाडौं उपत्यकाको राजा अंशुबर्माका भतिज राजकुमार पुष्य बर्माको आगमन हुन्छ। असमिया इतिहासविद्हरूको मतअनुसार राजा पुष्य बर्माले आफुसँग १ हजार सैन्य र केही सामन्तहरू साथ लिएर प्राग्ज्योतिषपुर राज्य आक्रमण गरी विजय गरेका थिए। ती सैन्य सामन्तहरू उपत्यकाभित्रकै मात्र भएकाले ती सबै नेवाः सन्तान नै थिए भन्ने तथ्य स्पष्ट हुन्छ। पछि उहाँकै वंशका असमकै इतिहासमा प्रबल प्रतापी राजा कुमार भास्कर बर्माको पालामा यसलाई कामरुप राज्य नामकरण गर्दै यसको समृद्धिका निम्ति काठमाडौंबाट केही हस्त शिल्पकार र काष्ठ कलाकारहरू झिकाइएको इतिहास पाइन्छ। ती सबै नेवार समुदाय नै थिए भन्ने कुरामा दुई मत नहोला। वर्तमानको कर्मगत वैशिष्ठ निहाल्ने हो भने त्यसताका नै आगमन भई वर्तमानको असमिया जातिमा विलीन भइसकेका नेवाःहरूमा बलामी नेवार, शाक्य नेवार, छिपा नेवार र तिंप नेवार नै रहेको अनुमान गर्न सकिन्छ। वर्तमान असमिया महाजातिभित्रको बर्मन, बरुवा, बराही, मरान, मटक आदि यी जातिहरूले आफ्नो पुर्खा नेवाः सन्तान रहेको स्वीकार नगरे तापनि काठमाडौंसँगको पुर्ख्यौली सम्बन्ध रहेको तथ्य स्वीकार गरिसकेका छन्। त्यसपछिको दोस्रोपटकको आगमन भने ने. सं. ८८९ मा गोर्खा राजा पृथ्वीनारायण शाहको कीर्तिपुर राज्य विजयपछि पलायन भएका नेवारहरू विशेषगरी श्यश्य नेवार, छिपा नेवार, कुम्हाले नेवार, खुश नेवार, कपाली नेवारहरू वर्तमानको पूर्वी नेपाल खम्बुवान लिम्बुवान हुँदै केही वर्तमानको सिक्किम दार्जिलिङतिर छरिँदै र ठुलो संख्यामा भुटान देशको बाटो हुँदै उत्तर असममा प्रवेश गरेको तथ्य पाइन्छ। वर्तमानसम्म पनि उत्तर असमको ती भुटान सीमान्तकृत इलाकाहरूमा असमेली नेवाः समाजको बाहुल्य रहनुले पनि यस तथ्यको पुष्टि गर्दछ। त्यस क्षेत्रका धेरै नेवारहरूको काठमाडौं उपत्यकासँगको सम्बन्धमा अज्ञात रहनुको कारण पूर्वी नेपाल,

भुटान र असम भूमिमा मिलाएर कतिपयको त १० पुस्ता बितिसकेको र कतिपयको ६/७ पुस्ता अतिवाहित भइसकेको सिद्ध हुन्छ। माथिल्लो असाममा तिनसुकिया जिल्ला र डिब्रुगढ जिल्लामा नेवाः समाजको बाहुल्य छ। तल्लो असममा नेवाःहरूको उपस्थिति पाइँदैन भने मध्य असममा अल्पसंख्यक नेवाः हरूको बसोबास रहेको छ। मध्य असमको नेवाःहरूको कतिपयको सोझै काठमाडौं उपत्यकासँग सम्पर्क छ भने कतिपयको पुर्ख्यौली स्थलगत जानकारी रहेको छ।

### आर्थिक, सामाजिक र शैक्षिक स्थिति :-

असमेली नेवाःहरू धेरैजसो नै कृषिकार्यमा र पशुपालनमा निर्भर भएकाले गर्दा पहिलेदेखि नै आर्थिक रूपमा सम्पन्न छन भन्न सकिन्न। निवर्तमान केही सरकारी शिक्षकको जागीरे केही उच्च सरकारी पदमा र सीमित संख्याको डाक्टरी पेशामा र केही वकालत पेशामा पनि आबद्ध रहेकाले र वर्तमानको असममा निजी चिया उद्योगले गर्दा केही आर्थिक सबलता हासिल भएको छ। सामाजिक रूपमा असमेली नेवारहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। शैक्षिक दिशामा पनि स्वाधीनताअघि पाठशालाहरूको अभाव र स्वाधीनता पछाडिको असममा असमिया उग्र जातीयतावादको असमिया भाषा आन्दोलन, त्यसपछिको विदेशी बहिष्कारको आन्दोलनको चपेटामा परेर धेरै हाम्रो मेधावी नेवाः छात्र छात्राहरूले शिक्षा अधुरै छोड्नुपरेको दुःखद स्थितिहरू रहेको थिए।

### असमेली गोर्खा जनजीवनमा नेवाः सन्तानको अवदान :-

आर्थिक, शैक्षिक स्थिति सबल नरहे तापनि असमेली नेपाली/गोर्खाली जनजीवनमा नेवाः सन्तानहरूको महत्त्वपूर्ण अवदान रहेको छ। स्वाधीनता संग्रामी भक्तबहादुर प्रधान - अंग्रेज शासनकालमै अर्थात् १९३४ तिरै सर्वभारतीय जातीय कांग्रेसको सक्रिय सदस्य भई १९३८ मा डिगबोई तेल कम्पनीमा आफै कार्यरत रहेर आफै आहवायक भई असम मजदुर युनियन गठन गर्ने भक्तबहादुर प्रधान असमकै इतिहासमा प्रथम मजदुर नेता हुने गौरव प्राप्त छ। उहाँलाई पछि अंग्रेज प्रशासनले असम त्याग गर्नुपर्ने नोटिस जारी गर्छ। स्वाधीनतापछि उहाँलाई भारत सरकारले स्वाधीनता संग्रामीको मान्यता दिंदै एक ताम्रपत्र र स्वाधीनता संग्रामी पेन्सन प्रदान गर्छ।

मयजु चन्द्रकला नेवार - भाजु भक्तबहादुर प्रधानकै छोरी आकाशवाणी गुवाहाटीको नेपाली कार्यक्रममा असमकै प्रथम नेपाली रेडियो लोकगीत गायिका हुने गौरव प्राप्त छ। भाजु अविनाश श्रेष्ठ - गुवाहाटी मालिगाँउ असमकै प्रथम वरिष्ठ साहित्यकार तथा समाज संगठक हुने गौरव प्राप्त छ। उहाँकै मुख्य संयोजकत्वमा असमको इतिहासमा सर्वप्रथम एक साहित्यिक संस्थाको जन्म हुन्छ 'असम नेपाली साहित्य परिषद्' । उहाँ त्यस संस्थाको प्रतिष्ठापक साहित्य सचिव र पछि महासचिव पनि हुनुहुन्थ्यो। वर्तमान उक्त संस्था 'असम नेपाली साहित्य सभा'को नामकरणले भारतभित्रकै सर्वबृहत साहित्यिक संस्था ३० जिल्ला समिति र १५० शाखा समितिहरू

लिएर समृद्ध छ। भाजु डम्बरमणि प्रधान - उदालगुडी 'असम नेपाली छात्रसंघ' केन्द्रीय समितिको प्रथम पूर्णाङ्क समितिको महासचिव हुने गौरव प्राप्त छ। भाजु भिमबहादुर प्रधान गहपुर डिपुरा उहाँ असमकै प्रथम दानवीर हुने गौरव प्राप्त छ। उहाँले १९३३ सालमै 'भिमबहादुर प्रधान हाईस्कूल' भूमि र पाठशाला भवन बनाई समाजलाई दान गर्नु भएको थियो। भाजु जमानसिंह प्रधान दोस्रो दानवीर हुने गौरव प्राप्त छ। उहाँले अङ्ग्रेजी १९४८ सालमै 'जमानसिंह माध्यमिक स्कूल' भूमिदान गर्नुभएको हो।

भाजु - लालबहादुर प्रधान हवाईपुर कार्वी आङ्लङ स्वायत्त शासन परिषद्को प्रथम मनोनित सदस्य हुने गौरव प्राप्त छ। भाजु नारायण प्रधान 'मरिगाँउ साहित्य सभा पुरस्कार' ले सम्मानित साहित्यकार हुनुहुन्छ। निवर्तमान असमको विभिन्न महाजातीय संघहरूमा नेतृत्व स्थानमा कार्यरत नेवाः सन्तानहरू - भाजु पुष्पराज श्रेष्ठ बड्पथार गोलाघाट उपाध्यक्ष, भाजु लोकनाथ नेवार डुम्सा तिनसुकिया उपाध्यक्ष, भाजु गोपाल श्रेष्ठ सकलीपथार गोलाघाट सांगठनिक सचिव 'असम नेपाली साहित्य सभा' केन्द्रीय समिति। भाजु कृष्ण नेवार नामतोला सराईदेउ, भाजु राजु श्रेष्ठ गेलाबिल गोलाघाट मुलसचिव 'असम गोर्खा सम्मेलन केन्द्रीय समिति। भाजु लिलबहादुर प्रधान गुवाहाटी अध्यक्ष 'असम नेपाली संस्कृति सुरक्षा परिषद्' केन्द्रीय समिति। भाजु उत्तम प्रधान कोक्राझार अध्यक्ष 'बडोलैण्ड गोर्खा समाज' केन्द्रीय समिति। भाजु बिमल प्रधान होजाई सांगठनिक सचिव 'अखिल भारतीय गोर्खा परिसंघ' केन्द्रीय समिति। भाजु प्रेम नेवार कासोमारी गोलाघाट उपाध्यक्ष, भाजु राम प्रधान बेगिजान बिश्वनाथ उपाध्यक्ष 'गोर्खा स्वायत्त जिल्ला परिषद माग समिति' केन्द्रीय समिति। भाजु तिलक नेवार गुवाहाटी अध्यक्ष, भाजु बब्लु नेवार सराईदेउ महासचिव 'असम गोर्खा कलाकार संघ' केन्द्रीय समिति। भाजु दिपक नेवार बाजिपहुमारा डिब्रुगड सांगठनिक सचिव 'अखिल असम गोर्खा छात्रसंघ' केन्द्रीय समिति आदि जिल्ला पर्यायका नेतृत्वहरूमा पनि धेरै नेवार सन्तानहरूको उपस्थिति रहेको छ।

## नेवाः मौलिक चिन्हारीको पुनरूत्थानमा नेवाः संघको भूमिका :-

गोर्खा महाजातीय एकतामा असमेली नेवाःहरूको सुरुवात कालदेखि नै महत्त्वपूर्ण अवदान रहे तापनि आफ्नो जातीय मौलिक चिन्हारीको संरक्षण र सम्वर्द्धनमा आजको दिनसम्म सम्पूर्ण रुपमा सचेत रहेको देखिन्न। अङ्ग्रेजी २००७ मा अखिल भारतीय नेवार संगठनको असम राज्य समिति गठन हुन्छ। भाजु बंशिधर प्रधानको अध्यक्षतामा र भाजु देव नेवार, मुख्यसचिवको नेतृत्वमा उक्त समितिले लामो कार्यकाल अतिवाहित गरे तापनि ११ जिल्ला समिति गठन गर्दै २०१८ सालमा तिनसुकिया जिल्लाको बडगोलाईमा दुई दिने कार्यसूची लिएर भव्य अधिवेशन हुन्छ। उक्त अधिवेशनको प्रतिनिधि सभाले भाजु देव नेवारलाई अध्यक्ष र भाजु खेम प्रधानलाई मुख्यसचिवको दायित्व अर्पण गर्छ। सो समितिले १६ जिल्ला समिति पुऱ्याउँदै विगतको १७ जुन २०२३ मा गुवाहाटी पल्टन

बजार गोर्खा भवनमा भएको अधिवेशनको प्रतिनिधि सभाले भाजु लिलबहादुर प्रधानलाई अध्यक्ष र भाजु निलकमल नेवारलाई मुख्यसचिवको दायित्व अर्पण गर्छ। यो संघ जन्म हुनुअघि असमको धेरै जिल्लाहरूमा अल्पसंख्यक रूपमा बसोबास गरिरहेका असमेली नेवाः सन्तानहरूलाई आफ्नो अलग्गै संस्कार संस्कृति पनि हुनेगर्छ भन्ने सामान्यतम ज्ञानसम्म नरहेको स्थिति थियो। नेवाः भाषा बोली तिनसुकिया जिल्लाको जागुन र गोलाघाट जिल्लाको बड्पथार भेक छोडेर कतै बोलेको अझैसम्म देखिएको छैन। संस्कार कतै कतै जीवित देखिए तापनि आधा अधुरो जस्तै ब्राह्मण पुजारीले गरेको वेलविवाह मन्त्र बिनाको नेवारी विवाह आदि निवर्तमान अ. भा. ने. संघ असम राज्य समितिको तत्वावधानमा धेरै पुनरूत्थान भइसकेको छ। संस्कार कर्मकाण्ड गर्नका लागि गुरुजु प्रशिक्षणमा पठाइएको छ। दवुली नेपालको सहयोगमा १ महिने नेवाः संस्कार संस्कृतिको तालिम लिएर असमका १५ युवा युवाहरू फर्किसकेका छन्। उपलब्धिहरू भने नभएको होइन तर जुन प्रकारले यसको कार्यगति तीव्र हुनुपर्ने हो त्यो हुन सकिरहेको छैन। त्यसको मुख्य कारण नेवाः समुदायको असहभागिता। जातीय उन्मुक्तिको लागि जब त्यही जाति जागेर अघि बढ्दैन भने सचेतनाको बाटो डोहोऱ्याउनेहरू पनि घिसार्दा घिसार्दै एकदिन थाकेर पन्सिनु पर्ने बाध्यता आउनु सक्छ। मुठ्ठीभर जातीय सचेतकहरूले जतिसुकै व्यक्तिगत प्रयास किन नहोस् सामुहिक सचेतनाबिना यो कार्य सजिलो हुन्न। भारतीय नेवाःहरू अन्धविश्वासको आधारमा मृत पितृको स्वर्गलोकको कामना गर्दै पितृनाममा एक एक परिवारले ५ लाख खर्च गरेर भागवत पुराण लाउनसक्छ तर जातीय मौलिक चिह्नारीको पुनरूत्थान हेतु १००० सम्म दिन तैयार हुन्नन्। यस्तो परिस्थितिमा बाध्यतावश केही व्यक्तिविशेषको खल्ती रित्याउँदै भए पनि प्रयास जारी छ।

इति सुभाय।

❑

**सन्दर्भ साभार -**


१. **असमिया नेपालीहरू इतिवृत**। होमेन बरगोहाई।



*With Best Complements from*

**MAYUR DENTAL CLINIC**

**Dr.Mayur Pradhan**



Beside St. Mary School
Near North Bengal Neuro Hospital
Meghnath Saha Sarani
Pradhan Nagar, Siliguri

Contact No: 99335 60106
Email: drmayurpradhan03@gmail.com

# (प्रस्ताव)

# वार्षिक पात्रो (Calender) अनुसार भारतको नेवाः समुदायले मनाउन सम्भव हुने धार्मिक-सांस्कृतिक चाडपर्व : एक प्रस्ताव

**प्रतापचन्द्र प्रधान**
सिलगढी।

नेवार समाजमा प्राचीन वैदिककालदेखि नै मौसमअनुकूलका हावापानी, कृषि, स्वास्थ्य, धार्मिक-सांस्कृतिक मूल्य र मान्यता, प्रकृति, दिवङ्गत आफन्तजनको मोक्ष आदिसँग सम्बन्धित विविध मौलिक चाडपर्वहरू सुसंस्कृत विधि र परम्पराअनुसार मनाउँदै आइरहेका छन्। गहिरो अध्ययन गरेर हेर्दा नेवाः समुदायले मनाउने धार्मिक-सांस्कृतिक चाडपर्वहरू वैज्ञानिक र माटो सुहाउँदा छन्। तर पश्चिमी सांस्कृतिक प्रभावको कारण वर्तमान परिस्थितिमा चाडपर्व मनाउनु भनेको मिठा मिठा परिकार बनाएर खाने, नाचगान गरी मनोरञ्जन गर्ने, नयाँ पहिरनमा रमाउने आदि नै हुन् भन्ने भ्रमित मान्यता रहिआएको छ। पुर्खाको धरोहरका रूपमा रहेका यस्ता चाडपर्वहरूका वैज्ञानिकता, अर्थ, मूल्य र मान्यता नबुझेर अथवा बुझ्न नचाहेरै माटोको मौलिक संस्कृति ओझेलमा परेको छ। संस्कृति सामूहिक रूपमा पालन गर्ने, सिक्ने र साझा गर्ने सामाजिक जीवनको महत्त्वपूर्ण अङ्ग हो। सकरात्मक विचारले सोच्ने, व्यवहार गर्ने, रीतिरिवाज पालन गर्ने जस्ता कार्यले मानिसलाई सुसंस्कृत र संस्कारी बनाउँछ। संस्कृतिअन्तर्गत भाषा, साहित्य, कला, सङ्गीत, नृत्य, धर्म, विश्वास, रीतिरिवाज, परम्परा आदि पर्न आउँछन्। संस्कृति नमान्नु-नबुझ्नु विकृति हो अर्थात् विकृत मानसिकताको परिणाम हो। सांस्कृतिक अध्ययनका दृष्टिले विश्वकै समृद्ध संस्कृति मानिएको नेवाः संस्कृति एउटा जिउँदो जातिको उदाहरण हो।

वार्षिक पात्रोअनुसार धार्मिक-सांस्कृतिक चाडपर्वको तिथिमिति मिलाएर यथासम्भव निम्नलिखित धार्मिक-सांस्कृतिक चाडपर्वहरू (*नेवाः तजिलजि नखःचखः*) मनाउनाले अनेक जातजातिको समिश्रणमा नेवाः जातिको एउटा छुट्टै जनजातीय चिन्हारी प्रतिबिम्बित हुनेछ। भारतका नेवारहरूले नेपालका (विशेष गरी काठमाडौं उपत्यकाका) नेवारहरूले झैं वर्षेभरि मनाउने ३६५ चाडपर्वहरू मनाउनु सम्भव छैन। तीमध्ये सम्भव हुने केही त्यस्ता चाडपर्वहरू पारिवारिक वा सामूहिक रूपमा मनाउन सके भारतीय नेवारहरूको आफ्नो छुट्टै मौलिक जातीय चिन्हारी र लोपोन्मुख सांस्कृतिक पक्षको पुनः संरक्षण हुने निश्चित छ। ती सम्भावित एवम् प्रस्तावित चाडपर्वहरू यस प्रकार छन् :

### १. **म्हःनि नखः** (दशैंपर्व)

नेवाःहरूले अष्टमी, नवमी र दशमीलाई विशेष महत्त्व दिएर दशैं मनाउँछन् । यस पर्वमा नेवाःहरूले दुर्गा भवानीका नौ रूपहरूमध्ये विशेष गरी उग्र चण्डी (चण्डिका)को आराधना गरी तान्त्रिक विधिअनुसार मान्ने गर्छन् । नेपाली बनाम गोर्खा मूलका सम्पूर्ण हिन्दूहरूले असोज शुक्ल प्रतिपदादेखि असोज शुक्लपूर्णिमाको दिनसम्म दुर्गा भवानीदेवीको पूजा-आराधना गरी दशैं अर्थात् विजय दशमीको तिथिमा परिवारका सबै सदस्यहरू मूल घरमा भेला भई हर्षोल्लासका साथ दशैं मनाउने परम्परा छ । तर नेवाः समुदायले मनाउने दशैं भने केही भिन्न प्रकारको हुन्छ । नेवाःहरूले दशैं भनेर मान्दैनन्, *म्हःनि नखः* भनेर मान्ने गर्छन् । *म्हःनि नखः* भनेको के हो त? अन्य हिन्दूहरूले झैं नेवाःहरूले पनि घटस्थापनाकै दिन *नलस्वाः* (जमरा) राख्ने गर्छन् । *नलस्वाः* (जमरा) राखिसकेपछि सात दिनसम्म दैनिक नित्य पूजाका साथसाथै *नलस्वाः*को पनि पूजा गर्ने गर्छन् । सप्तमीको दिन नेवाःहरूले फूलपाती भित्र्याउँदैनन्, किनभने गोर्खाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका जितेपछि गोर्खाबाट फूलपाती ल्याएर काठमाडौंमा विजय उत्सव मनाउने परम्परा बसाएको हुँदा नेवाः जातिले त्यसलाई आफूप्रतिको अपमान बोध गर्छन् ।

नेवाःहरूले मनाउने ठुल्ठुला चाडहरूमध्ये दशैं (*म्हःनि नखः*) पनि एक हो । यस चाडमा सत्यको सधैँ विजय हुन्छ भन्ने दर्शन निहित छ । नवरात्रिको अष्टमी तिथिदेखि नेवाःहरूका लागि विशेष महत्त्वका उत्सवहरू हुन्छन् । अष्टमीका दिन बिहानदेखि नै नेवाःहरू इष्टदेवी तलेजु भवानीको पूजा-आराधना र दर्शन गर्नमा व्यस्त रहन्छन् । यसै दिन नेवाः जातिले आफ्ना ज्यासल (हातहतियार), सवारी साधन,पुस्तक आदिको पनि पूजा गर्ने गर्छन् । त्यसो हुँदा नेवाः जातिमा विश्वकर्म पूजा गर्ने चलन छैन । पूजा सकेपछि घरको *पिखालखूमा* (मूल ढोका बाहिर) *समय् बजी* चढाएपछि घरका सबै पारिवारिक सदस्यहरूले प्रसादस्वरूप *समय् बजी* खान्छन् ।

अष्टमी तिथिको साँझ प्रत्येक नेवाः परिवारका सदस्यहरू *सुकुल* (परालले बुनेको चटाई) मा एक साथ बसेर *कुलछि भ्वय्ः* अपभ्रंशमा *कुछि भ्वय्ः* (कुलको भोज) खाने गर्छन् । नेवाः परम्परामा अष्टमीको साँझ खाने *कुलछि भ्वय्ः*को ठुलो महत्त्व छ । यस भोजमा कुलको कुनै सदस्य उपस्थित हुन सकेन भने उसको नाममा *ब्व* (भाग) छुट्टाएर राखिने गरिन्छ । भोजमा कम्तीमा बाह्र थरीका परिकार (बजी, मासुका विविध परिकार, सुकाएको माछा, हाँसको अण्डा, पकाएको फर्सी, पकाएको बोडी, सानो केराउ, हरियो सागसब्जी, थ्वँ (जाँड), अयलाः (रक्सी), मूला, गाजर, फलफूल आदिको सलादजस्ता परिकारहरू) हुनु अनिवार्य मानिन्छ । ती परिकारलाई केराको पातमा वा थाय्भूमा क्रमैले सजाएर राखेपछि *कुलछि भ्वय्ः* तयार हुन्छ । कुलका *थाकुलि* (परिवारका मुख्य व्यक्ति) र अन्य सदस्यहरूले भोज खानु अघि *कुल द्य ब्व* (कुल देवताको भाग) छुट्टाइन्छ, त्यसपछि *आगँ ब्व* (आँगनको भाग) भनी *पिखालखु*मा (मूल ढोका अगाडि) भोजको भाग राखिन्छ । त्यसपछि मात्र कुलका सबै सदस्यहरूले परिवारका सदस्य सङ्ख्याअनुसार बराबर भाग लगाएर

राखेपछि भोज खान्छन्। अनि नेवाः परिवारमा *कुलछि भ्वय्ः* अर्थात् अष्टमीको भोज खाने चलन आज पनि जीवित छ।

*कुलछि भ्वय्ः*को भोलिपल्ट नवमी तिथिमा घरमा पालिएका हाँस, कुखुरा, खसी, बोका, राँगो काट्ने चलन छ। यस चलनलाई नेवाः भाषामा *सयेकुक्व त्यात* भनिन्छ। नवमीमा घरमा काटेका पशुपक्षीका अङ्गहरूलाई परिवारका सबभन्दा जेठो *थाकुलि*देखि सबभन्दा सानो सदस्यसम्मलाई *ब्व* (भाग) छुट्टाएर बाँडिन्छ। जेठो सदस्यको भागमा शिर त्यसपछि क्रमैले नाक, कान, आँखा, बङ्गरा आदि छुट्टाएर भागमा राखिन्छ।

नवमी तिथिको रात *म्हःनि सिन्ह* (म्हःनिको कालो टीका) तयार पार्ने काम हुन्छ। नेवाः भाषामा *म्हःनि* भन्नाले एउटा बलिरहेको दियोमाथि माटोको अर्को खाली पाला घोप्टाएर राखेपछि त्यसमा बलेको दियोको धुँवाको मोसो जम्मा हुँदै जान्छ अनि भोलिपल्ट दशमीको दिन पूजा सकेपछि पालामा जम्मा भएको मोसो विधिपूर्वक निकालिन्छ। त्यसैलाई *म्हःनि* भनिन्छ। नेपाली समाजमा अन्य जातिले चामलमा दही र रातो अबीर मुछेर दशैंमा रातो टीका लगाउँछन् भने नेवाः जातिले *म्हःनि सिन्ह* (म्हःनिको कालो टीका) लगाउँछ। त्यसैले नेवाःहरूले दशैंलाई *म्हःनि नखः*(म्हःनिको टीका लगाउने चाड) भन्ने गर्छन्। उपत्यकाको नेवाः समुदायमा परिवारका *थाकुलि* (जेठो सदस्य) ले *म्हःनि*को कालो टीकाका साथ रातो वा सेती तुलको *जजङ्को (क्वखा)* लगाइदिएर *नलस्वा* (जमरा) र भेटी दिने चलन छ। भारततिर एकाध नेवाः परिवारबाहेक अधिकांश नेवारहरूले भने चामलको रातो टीका नै लगाउँन्। यस्तो टीका लगाउनाले रिद्धिसिद्धि प्राप्त हुन्छ भन्ने जनविश्वास छ। आफ्ना जेठो *फुकी*हरू (दाजुभाइ आफन्तहरू) कहाँ गई पूर्णिमासम्म टीका थाप्ने चलन छ।

अष्टमीका दिन पूजा गरिएका सबै औजारहरू दशमीको भोलिपल्ट विधिपूर्वक पूजा गरेर निकाल्छन् र घरका जेठो सदस्य (थाकुली)लाई सुम्पिदिन्छन्। *म्हःनि नखः* नेवाः समुदायको मौलिक चाड हो। यस लेखको मुख्य उद्देश्य नेवाः जातिको मौलिक संस्कृतिको संक्षिप्त चिन्हारी प्रस्तुत गर्नु हो।

२. **स्वन्ति नखः**(यमपञ्चक तिहार पर्व)

प्रत्येक वर्षको कार्तिक कृष्ण पक्ष त्रयोदशी तिथिदेखि यमपञ्चक अर्थात् पाँच दिने तिहारको चाड सुरू हुन्छ। यो पाँच दिवसीय चाडलाई नै यमपञ्चक भन्दछन्। नेवारहरूले मनाउने चाडहरूमा *स्वन्ति नखः* (तिहार चाड) पनि एउटा ठुलो चाड हो। संस्कृतिविद्हरूका अनुसार पहिले पहिले नेवारहरूले लक्ष्मी पूजा, म्हःपूजा र किजा (भाइ) पूजालाई मात्र महत्त्व दिई तीनवटा तिहार मनाउने गर्थे। त्यसैकारण तिहार पर्वलाई नेवाः भाषामा *स्वन्हु* तिथि भनिन्छ। कालान्तरमा *स्वन्हु* तिथिकै संक्षिप्त रूप *स्वन्ति नखः*(तीन दिवसीय पर्व) हुन आएको हो भन्ने भनाइ छ। यस पाँच दिवसीय तिहारमा काग तिहार, कुकुर तिहार, *सा* पूजा (गाई तिहार)/लक्ष्मी पूजा, *म्हः*(आत्मा र शरीरको) पूजा र *किजा* (भाइ) पूजा गरी पाँच थरीका पूजा पर्न आउँछन्। यस चाडभरि विशेषतः नेपाली समाजमा पशुपक्षी, देवी, स्वयम् आफू र दाजुभाइको पूजा गर्ने गरिन्छ। आजभोलि नेवारहरूले पनि तिहारमा पाँच किसिमका पूजाहरू गर्ने गर्छन्ः

### क. **क्वाः या पूजा** (काग पूजा)

नेवाः समुदायमा *क्वाः* पूजा भनी कागको पूजा गर्ने चलन छ। स्कन्दपुराणअनुसार सूर्यपुत्र मृत्युका देवता यमराज आफ्नी बहिनी यमुनाको निमन्त्रणामा कार्तिक कृष्ण पक्ष त्रयोदशी तिथिका दिन यमलोकबाट मर्त्यलोक (धरती) मा आएर पाँच दिनसम्म (यमपञ्चकभरि) बहिनीको घरमा बस्छन्। उनी यस धरतीमा आउनु अघि नै उनले आफ्नो दूत (सन्देशवाहक) कागलाई पहिल्यै उनको आगमनको सन्देश बहिनीलाई दिनु भनी धरतीमा पठाउँछन्। त्यसैले यमपञ्चकको पहिलो दिन "शुभ बोल शुभ बोल" भन्दै कागलाई मिठा-मिठा भोजन (कागबलि) चढाएर स्वागत गर्ने र प्रसन्न तुल्याउने चलन छ। यमराजका दाजु शनिदेवको वाहन काग यमराजका यमदूत पनि हो। कागलाई कागबलि दिंदा "हे यमदूत! हामीले दिएको भोजन ग्रहण गर अनि हामीलाई यमराजको दण्डबाट बचाऊ" भनी प्रार्थना गर्दै भक्तहरूले स्वागत गर्ने गर्छन्। त्यसैले यस त्रयोदशी तिथिलाई काग तिहार (*क्वाः* पूजा) भनिएको हो।

वैज्ञानिक दृष्टिले काग पूजाको अध्ययन गर्दा कागलाई पर्यावरण पक्षी (Eco-friendly bird) को रूपमा हेरिन्छ। सडे-गलेका, मैलामा फ्याँकिएका खानेकुरा आफू एक्लै नखाई समूहमा खाने गर्छन्। यसरी कागले हाम्रो वरिपरिको वातावरण सफा गर्दै हामीलाई समूहगत एकताको सन्देश पनि दिने हुँदा काग तिहारको महत्त्व प्रकट हुन्छ।

### ख. **खिचा पूजा** (कुकुर पूजा)

कार्तिक कृष्ण पक्ष चतुर्दशी तिथिमा अर्थात् यमपञ्चक तिहारको दोस्रो दिन अन्य समुदायका मानिसहरूले झैं नेवाहरूले पनि *खिचा* (कुकुर) पूजा गर्छन्। घरपालित तथा सडकका भुस्याहा कुकुरहरूलाई विधिपूर्वक पूजा गरेर गलामा फूलमाला लगाउँदै मिठा-मिठा खानेकुरा दिएर पुज्ने गरिन्छ। यमपञ्चकको दोस्रो दिन कुकुरको पूजा गर्नुको अर्थ यस्तो छ -

पौराणिक कथनअनुसार यमलोकमा राजा यमराजको ढोकामा द्वारपालको रूपमा रहने कुकुरलाई यमराजको दूत भनिन्थ्यो। यसलाई स्वर्गको बाटो देखाउने पथप्रदर्शक पनि भन्ने मान्यता रहिआएको छ। त्यसो हुँदा नरक चतुर्दशी तिथिमा कुकुरलाई सम्मानपूर्वक पूजा गर्नाले मृत्युपछि यसले हामीलाई महाराज युधिष्ठरलाई झैं स्वर्ग जाने बाटो देखाइदिन्छ भन्ने विश्वास छ।

मानव समाजमा कुकुरको विशेष स्थान रहेको छ। वर्षमा एकपल्ट कुकुरलाई पुज्नुको अर्थ हो कुकुर र मानिसका बिचको प्रगाढ सम्बन्धलाई आलो बनाइ राख्नु। यसका साथै स्वामीभक्त कुकुरको निष्ठा (Loyalty), सेवा (Service) र मित्रता (Companionship) को कारणले पनि कुकुर पुजनीय देखिन्छ।

### ग. **सा पूजा** (गाई पूजा) र लक्ष्मी पूजा

नेवाः समुदायमा कार्तिक कृष्ण पक्षको औंशी तिथिमा बिहान गाई पूजा र साँझमा चन्द्रमा उदाएपछि लक्ष्मी पूजा गर्ने परम्परा छ। लक्ष्मी पूजामा विशेष गरी चारजना लक्ष्मीस्वरूपका देवीहरूको पूजा गरिन्छ। पहिलो लक्ष्मी (समुद्रमा पाइने मोती आदिकी देवी), दोस्रो महालक्ष्मी (पशुपक्षी धनकी देवी), तेस्रो बसुन्धरा(पृथ्वीमा उत्पादन हुने अन्नबालीकी देवी) र चौथो अन्नपूर्णा देवी (खानीबाट उत्पन्न हुने सुन, चाँदी, हीरा

आदिकी देवी) हुन्। त्यसैले ती चारैजना देवीको प्रतिनिधित्व हुने गरी लक्ष्मी पूजाको दिन कौडी, मोती, गाई, धान, जौ, लावा, हीरा, सुन, चाँदी, रुपियाँ आदिको पूजा गर्ने चलन छ। यस दिन गाईलाई पुज्नुको मुख्य कारण यसका दूध, दही, घ्यू, मूत, गोबर आदि वैज्ञानिक दृष्टिले उपयोगी मानिन्छ र धार्मिक दृष्टिले पनि पवित्र मानिएका हुनाले तिनको पञ्चगव्य बनाएर आफ्नो शरीरमा र घरभित्र-बाहिर शुद्धताका लागि छर्किने गरिन्छ।

लक्ष्मी पूजाकै दिन नेपाल (नेवाः) संवत्को अन्तिम महिनाको अन्तिम दिन पनि हो। त्यसैले पुरानो वर्षको अन्त हुने र नयाँ वर्ष आरम्भ हुने भएकोले नयाँ वर्षको स्वागतार्थ घर-आँगन सफा-शुद्ध पारी भित्र-बाहिर चारैतिर झलमल्ल बत्ती बालेर लक्ष्मीलाई स्वागत गर्छन्। जहाँ उज्यालो बत्ती त्यहाँ लक्ष्मीको बास हुन्छ भन्ने लोक विश्वास छ। घरका छोरीचेलीले मूल ढोका अघिल्तिरदेखि लक्ष्मी पूजा गर्ने ठाउँसम्म हरियो गोबरले लिप्दै लक्ष्मी भित्र्याउने बाटो बनाउँछन्। लक्ष्मी पूजा स्थलमा मण्डप बनाई त्यसमाथि *खेलुइता* (लामी बत्ती), *क्वखा* (लामो जनै), बिमिरो, ओखर, कटुस, सुपारी, मौसमअनुसारका फलफूलहरू राखी धनकी देवी लक्ष्मीको पूजा-आराधना गर्छन्।

यसै दिन नेवारहरूले वर्षभरिको हिसाब खाता बन्द गरी *म्हःपूजाको* दिन अथवा नेपाल संवत्को नयाँ वर्षदेखि नयाँ खाता खोल्ने गर्छन्।

घ. **म्हः पूजा** (आत्मा वा चेतन र शरीरको पूजा) र **न्हू दं** (नयाँ वर्ष)

*स्वन्ति नखः* (यम पञ्चक तिहार पर्व) को चौथो दिन नेवारहरूको नेपाल संवत्को न्हू दं (नयाँ वर्ष) सुरु हुन्छ। *किजा* पूजा (भाइ टीका) को अघिल्लो दिन अर्थात् तिहार पर्वको चौथो दिन अन्य जातिमा नभएको नेवारहरूको मौलिक चाड *म्हः* पूजा पनि पर्ने हुनाले *म्हः पूजा* र न्हू *दं* (नयाँ वर्ष) विधिअनुसार एकै दिनमा मनाउँछन्।

नेवाः समुदायले *म्हः पूजा* गर्दा साँझमा अष्टमङ्गलको प्रतीकस्वरूप पूजा स्थलमा *पोतया* (चामलको पिठोको रेखी) बनाई पूजा *मण्डला* (ब्रह्माण्डको प्रतीक) बनाउँछ। उमेरअनुसार परिवारका सबै सदस्यहरूले लस्करै बसेर आ-आफ्नो अघिल्तर *मण्डला* बनाउँछन् अनि त्यसमा *खेलुइता* (२४ औंला बराबरको लामो बत्ती), *क्वखा* (लामो जनै) राखेर अनि *थाय्-भू* (ठुलो थाल) मा *तःसिब्ब* (बिमिरो, भोगटे, र अन्य मौसमअनुसारका फलहरू, सयपत्री, मखमलीका फूलहरू आदि) सजाएर राख्छन्। सबभन्दा पहिले परिवारका *नकी* (सबभन्दा जेठी महिला सदस्य) ले *सुकुण्ड*मा बत्ती बालेर विधिअनुसार गणेशको पूजा गरिसके पछि *म्हःपूजा* आरम्भ हुन्छ।

*म्हःपूजा* आत्मा (चेतन) र शरीरको पूजा हो। वर्षभरि नेवारहरू आफूले गरेका कुकर्म र पापबाट मुक्ति पाउनाका लागि र आगामी वर्षमा मन, वचन र कर्मले शुभकर्म गर्न सकूँ, शरीर र आत्मा शुद्ध राख्न सकूँ भनी आफूभित्र भएको ब्रह्माण्ड शक्तिलाई बाहिर प्रकाश पार्ने सङ्कल्प गरी पहिले शरीरको अनि आत्माको पूजा गर्छन्। नेवारहरूले आफैलाई पूजा गर्ने परम्पराबाट आफू नै सबथोक हो, आफू भए सबथोक छन्, आफू नभए शून्य छ भन्ने भावनात्मक दर्शन बोध हुन्छ।

वैदिक दर्शनअनुसार मानवको प्राण वायुको गति २४ औंला बराबरको हुन्छ। त्यसैले आफ्नो आयुको प्राण गतिअनुसार मलमलको कपडाको २४ औंला बराबरको लामो बत्ती (*खेलुइता*) बनाएर मण्डलामा राखिन्छ। *क्वखा* (लामो जनै) लगाएर शरीर र आत्माको पूजा गरिन्छ। नेवाः समुदायमा प्रचलित लोक विश्वासअनुसार लामो जनै (*जजङ्का*) ले दीर्घायुको र *थाय्-भू*मा राखिएको *तःसिब्ब*ले सुख समृद्धि र उज्ज्वल भविष्यको सङ्केत दिन्छन्। यसरी नेवारहरूले पहिले शरीर र आत्माको पूजा गरिसके पछि मात्र हर्षोल्लसका साथ न्हू *दं भिं तुना* (नयाँ वर्षको शुभकामना) भन्दै नयाँ वर्ष मनाउँछन्।

ङ. **किजा** (भाइ) पूजा

*म्हः पूजा* र न्हू *दं* (नयाँ वर्ष)को भोलिपल्ट अर्थात् यमपञ्चक तिहारको अन्तिम दिनमा *किजा* पूजा (भाइ टीका) पर्न आउँछ। यस दिन दिदी-बहिनीहरूले आफ्ना दाजु-भाइहरूको सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै माइती पुज्ने गर्छन्। *म्हः* पूजामा झैं *किजा* पूजामा पनि माइतीहरूको अघिल्तिर *मण्डला* बनाई सबभन्दा पहिले दाजु यमराज र बहिनी यमुना, त्यसपछि चित्रगुप्त र चिरञ्जीवीको विधिपूर्वक पूजा गर्छन्। संस्कृतिविद्हरूका अनुसार *म्हः* पूजा गरिसकेर नयाँ वर्षका साथ आउने नयाँ कर्मक्षेत्रमा माइतीका पाइलाहरूले सफलता चुमुन् भनी सगुन दिंदै शुभकामना व्यक्त गर्छन्।

*किजा* पूजा (माइती पूजा) किन गरिन्छ भन्ने बारे एउटा किंवदन्ती छ। एक दिन बहिनीको घरमा पाहुना आएका दाजु यमराजलाई कार्तिक शुक्ल पक्ष द्वितीया तिथिको दिन बहिनी यमुनाले पूजा गरी सम्मान गरेकी थिइन्। यमुनाले झैं मानवले पनि दाजु-भाइको पूजा गरी मिठो भोजन खाएर मनोरञ्जन गरून् भनी दाजु यमराजलाई अनुरोध गरिन्। बहिनीको अनुरोध स्विकार गरी 'तथास्तु' भनेपछि त्यस बेलादेखि भाइ पूजाको परम्परा बसेको हो भन्ने लोकोक्ति छ। लोकमा प्रचलित अर्को भनाईअनुसार एक दिन एउटी दिदीले अन्तिम सास लिइरहेको भाइको पूजा गर्न लागेको समयमा यमराज र उनका दूतहरू भाइलाई लिन आउँछन्। त्यस बेला दिदीले यमराज र उनको साथ आएका दूतहरूसँग पूजा मण्डपको तेल नसुकेसम्म, पानीमा भिजाएको ओखरबाट टुसा नआएसम्म, एकाउन्न सुते काँचो धागोको जनै र मखमली फूलको माला नसुकेसम्म भाइलाई लिएर नजाने बिन्ती-भाव पोखाइन्। त्यसपछि आफ्नो भाइसँगै यमराज र उनका दूतहरूलाई एक साथ राखेर दिदीले पूजा गरिदिइन्। यमराज खुसि भएर दिदीलाई वरदान दिन्छन्। त्यसै बेलादेखि दिदी-बहिनीहरूले आफूभन्दा जेठो दाजुलाई यमराज र कान्छो भाइहरूलाई चित्रगुप्तका रूपमा विधिपूर्वक पूजा गरी *किजा* पूजा मनाउँछन्।

३. **यःमरि पून्हि** (पूर्णिमा)

मङ्गसीर महिनामा नयाँ धान भित्र्याएर भकारी भर्ने समय हुनाले नेवारहरूले मङ्गसीर पूर्णिमाको दिन अन्न भरिएको भकारीमा पूजा गर्ने गर्छन्। यस दिनलाई धान्यपून्हि पनि भनिन्छ। चामलको पिठो मुछेर धनका देवी-देवता लक्ष्मी, कुबेर, गणेशको मूर्ति बनाएर पूजा गर्ने चलन छ। चामलकै पीठो मुछेर डल्लो बनाई त्यसमा

औंलाले खाल्डो बनाइन्छ अनि त्यस खाल्डोमा तील, चाकु (गुँड) वा खुवा भरेर अण्डा आकारको *यःमरि* बनाइन्छ। त्यसलाई मोमो जस्तै गरी वाफमा वफाएर *यःमरि* पकाइन्छ। त्यसो हुनाले यस पर्वलाई *यःमरि पून्हि* भनिएको हो। घरमा नयाँ अन्न वा धान भित्र्याएको खुशियालीमा केटा-केटी, युवा-युवतीहरू घर-घरमा *यःमरि* बाँड्न-माग्न जान्छन्। नेवाः समुदायमा *यःमरि* कुनै पनि धार्मिक र सांस्कृतिक उत्सव, जन्मोत्सव घर तथा मन्दिर निर्माण कार्यमा *यःमरि* पकाएर पहिले देवतालाई चढाएपछि आफूले खाने चलन छ। यसर्थ कुनै पनि उत्सवमा नभई नहुने एउटा विशेष प्रकारको प्रसादस्वरूपको परिकार हो - *यःमरि*। अनेक थरीका नेवारी मरि (रोटी)हरू मध्येको एक *यःमरि* पनि हो। छोरा वा छोरीको जन्मोत्सव मनाउँदा बाह्र वर्षसम्म प्रत्येक जोडी वर्ष (२,४,६,८,१० र १२ वर्ष) मा सोही सङ्ख्या अनुरूप *यःमरि*को माला बनाएर छोरा वा छोरीलाई लगाइदिन्छ। चन्द्रमासका अनुसार यस दिन सबभन्दा लामो दिन र रात छोटो हुने समय पनि हो।

### ४. मितना पारू

*यःमरि पून्हि* (मङ्गसीर पूर्णिमा)को भोलिपल्ट प्रतिपदाका दिन नेवाः समुदायको लोकप्रिय चाड *मतिना पारु* (प्रेम दिवस) पर्दछ। *मतिना*को अर्थ माया वा प्रेम र *पारु*को अर्थ प्रतिपदा हो भन्ने बुझिन्छ। यो पर्व *यःमरि*सित जोडिएको छ। पहिलेको समाज अहिलेको जस्तो विविध सामाजिक सञ्जालमा बाँधिएको थिएन। परम्परागत समाजमा माया-पिरथी लुकीछिपी गर्ने गरिन्थ्यो। त्यसो हुँदा माया-पिरथी लाउनाका लागि *यःमरि पून्हि* एउटा मीठो बहना थियो। घर-घरमा *यःमरि* बाँड्न-माग्न जाने क्रममा युवाहरूले आफ्नी प्रेमिकालाई भोलि कुनै निश्चित ठाउँमा भेट्न सुटुक्कै भन्ने गर्थे। भोलिपल्ट एकान्तमा सुटुक्कै भेटी प्रेमी-प्रेमिका माया साटासाट गर्थे।

*मतिना पारु*को अवसरमा माया पिरथी गाँस्नाले अनि प्रेम विवाहमा बाँधिनाले सम्बन्ध दिगो र सफल हुन्छ भन्ने जनविश्वास छ। यस दिन युगल प्रेमी-प्रेमिकाले माया पिरथी साटासाट गर्ने मात्र नभई आफन्तजन र साथीभाइसित पनि प्रेम र सद्भावना बाट्ने गरिन्छ। यो पवित्र दिन हो। तर आजकल हाम्रो समाजमा Valentine's Day जस्तो आयातित संस्कृति (Imported culture) ले हाम्रो माटोको संस्कृति *मतिना पारु* ओझेलमा परेको छ। त्यसो हुनाले यस्तो मौलिक संस्कृतिको संरक्षण गर्नु भारतीय नेवारहरूको दायित्व हो। हामी यस पर्वलाई एकार्कामा आपसी प्रेम र सद्भावना साटासाट गर्ने पर्वको रूपमा मनाउन सक्छौं।

### ५. ***घ्यः चाकु संल्हु*** (*मकर संक्रान्ति*)

माघ महिनाको पहिलो दिनको संक्रान्तिमा नेवारहरूले *चाकु* (गुड) पगालेर घिउसँग भात वा चिउरा खान्छन्। यसैकारण नेवारी भाषामा यसलाई *घ्यःचाकु संल्हु* (घिउ र चाकु खाने संक्रान्ति) भनिन्छ। यस दिन *हामो तौला* (तिलको लड्डु) पनि खाने गर्छन्, जसलाई नेवारीमा हामो *संल्हु* (तिल संक्रान्ति) भनिन्छ। माघ महिनाको चिसो मौसममा घिउ, चाकु र तिलको लड्डु खानाले शरीरमा गर्मी पैदा गर्छ र शरीर तन्दरुस्त हुन्छ। यस दिन विभिन्न थरिका तरुल आदि कन्दमूल खान्छन्। माघे संक्रान्तिमा नेवाः समुदायका आमाहरूले छोराछोरीका तालु र कानमा तेल

हाली मालिस गरिदिन्छन्। नेवाः समाजमा प्राचीन समयदेखि नै माघे संक्रान्तिमा दान-धर्म गर्ने परम्परा छ र साथै नदीका दोभान वा त्रिवेणीमा गई स्नान गरी मेला भर्ने चलन पनि छ।

६. **सिथि नखः**(वातावरण दिवस)

कृषि र पर्यावरणसित जडित *सिथि नखः*(वातावरण दिवस) जेष्ठ शुक्ल पक्षको षष्टी तिथि (जून महिना) मा पर्दछ। नेवारहरू प्रकृतिपूजक जनजाति भएकाले नेवाः समुदायमा परम्परागत रूपमा मनाउने अधिकांश चाडपर्वहरू प्रकृतिसित सम्बन्धित छन्। शताब्दीऔंदेखि नेवाः समुदायले वातावरण संरक्षणका लागि *सिथि नखः* मनाउँदै आइरहेको तथ्यलाई ध्यानमा राख्दै संयुक्त राष्ट्र सङ्घले पनि वातावरणीय चेतना जगाउन हेतु विश्वभर राजनीतिक र सामाजिक जनचेतना ल्याएर अन्तर्राष्ट्रिय ऐक्यबद्धता जनाउँदै सन् १९७३ देखि प्रत्येक वर्ष ५ जूनका दिन अन्तर्राष्ट्रिय रूपमा नै विश्व वातावरण दिवस मनाउन थालेको छ। यस किसिमको जनचेतना नेवारहरूमा पहिल्यैदेखि जागेको थियो भन्ने तथ्यलाई *सिथि नखः*ले प्रमाणित गर्दछ।

*सिथि नखः* जेष्ठ शुक्ल पक्षको षष्टी तिथिमा पर्ने हुनाले मूलमा यस पर्वलाई *षष्ठीः नखः* भनिन्थ्यो। कालान्तरमा खाँटी नेवारहरूको जिब्रोमा *षष्ठी* शब्द अपभ्रंश भई *सिथि* हुन गएकोले *षष्ठी नखः* नै पछिबाट सिथि नखःको रूपमा प्रचलनमा आएको हो भन्नेबारे विद्वानूहरूको भनाई छ।

अधिकांश नेवारहरू (विशेष गरी ज्यापु नेवारहरू) कृषिकार्यमा संलग्न हुने हुनाले पनि मुख्यतः कृषक नेवारहरूले कृषिकार्यका लागि स्वच्छ वातावरण र जलस्रोतलाई अनिवार्य ठान्छन्। त्यसो हुनाले वर्षा लाग्नु अघि नै पानीको मुहान वा जलस्रोत संरक्षण गर्न र वनजङ्गल जोगाउन अथवा आ-आफ्नो शरीर र घरको सरसफाई गर्नाका साथै टोल, छिमेकमा नजिक रहेका ढल, हिटी, धारा, कुवा, पोखरी, तलाऊ आदिको सरसफाई गरी वातावरण स्वच्छ र सफा राख्ने जनचेतना जगाउन हेतु मनाउने यो एउटा विशेष चाड हो। स्वच्छ वातावरणमा सफा पानी पिएर स्वस्थ बन्नुमा यस पर्वको तर्कसङ्गत अर्थ प्रकट हुन्छ। काठ होइन रुखलाई माया गरौं। रुख रोपौं। पानीको मूल स्रोतको संरक्षण गरौं। किताबमा होइन वास्तविकतामै जनावर र जङ्गल देखौं भन्ने आदर्श नाराका साथ भविष्यको पुस्तालाई प्रकृतिलाई माया गर्न सिकाउने सामाजिक चेतनाको प्रतीक हो - *सिथि नखः*।

नेवाः समुदायको धार्मिक-सांस्कृतिक परम्परामा महादेवपुत्र कुमारको छुट्टै स्थान र महत्त्व छ। यसै पर्वको दिन धार्मिक दृष्टिले शैव-बौद्धमार्गी नेवारहरूले आ-आफ्नै धार्मिक परम्परा र विधिअनुसार *कुमार षष्ठी नखः* पनि मनाउँछन्। किंवदन्तीअनुसार जेष्ठ षष्ठी तिथिमै स्वर्गका ६ जना परीहरूको कोखबाट महादेव पुत्र कुमारको जन्म भएको थियो। नेवारहरूको परम्परागत घरको संरचनाअनुसार घरको मूल ढोका अघि पानी बग्ने ठाँउ बनाएको हुन्छ। त्यस ठाँउलाई नेवार भाषामा *पिखालखु* (*पि* = बाहिर, *खा* = ठाँउ, *लखु* = पानी बग्ने ठाँउ) भन्ने गरिन्छ। *पिखालखु*मा गोबरले लिपी कुमारलाई स्थापना गर्ने गर्छन्। नेवारहरूले आफ्नो घरलाई मन्दिरको रूपमा सम्झने गर्छन्। त्यसो

हुँदा बाहिरबाट आउँदा पुराना पुस्ताका नेवारहरूले *पिखालखु*मा हातखुट्टा, मुख धोएर मात्र घरभित्र प्रवेश गर्ने गर्छन्। कुनै पनि कर्मकाण्ड र पूजा-अनुष्ठान आदि गर्नुभन्दा पहिले गणेशको भन्दा पनि कुमारको पूजा गर्ने चलन छ। शैवमार्गी नेवारहरूको विश्वासअनुसार *पिखालखु*मा बसेका कुमारले घरको रक्षा गर्छन्। यसै गरी बौद्धमार्गी नेवारहरूले *पिखालखु*मा स्थापित कुमारलाई क्षेत्रपालको रूपमा मान्ने गर्छन्।

भारतमा पनि नेवारहरूले *सिथि नखः* मनाएर वातावरणीय चेतना जगाउन सकिन्छ। *सिथि नखः* मनाउने अभियानको सुरुवात् गर्न सके भारतका अन्य समुदायमा पनि यो चेतना आउनेछ र नेवार जातिको एक अलग विशेष जनजातीय मौलिक चिन्हारी पनि प्रस्तुत गर्न सकिने बलियो सम्भावना छ।

### ७. **क्वाँःति पून्हि** (जनैपूर्णिमा)

समृद्ध संस्कृतिको धनी नेवाः जातिका *नखःचखः* (चाडपर्वहरू)मध्ये *क्वाँःति पून्हि*(पूर्ने) पनि एक हो। यस चाडलाई *गुँपून्हि* पनि भनिन्छ। नेपाल भाषामा '*गुँ*'को अर्थ *नौ* (९) र '*पुन्हि*'को अर्थ *पूर्णिमा* हो, तर नौवटा पूर्णिमा भनी भ्रमित व्याख्या गर्नु भने हुँदैन। नौ दिनसम्म मनाउने चाड हुनाले यसलाई *गुँपून्हि नखः* भनिएको हो र लामो अवधिसम्म मनाउने चाडहरूमध्येको एउटा *गुँपून्हि/क्वाँःति* पूर्णिमा पनि हो। श्रावण शुक्ल पक्षको पूर्णिमा तिथिदेखि सुरु हुने यस चाडलाई दुवै बौद्ध-शैव नेवारहरूले आ-आफ्नै चलनअनुसार नौ दिनसम्म *गुँपून्हि नखः* अर्थात् *क्वाँःति* पूर्णिमा मनाउँछन्। त्यसो हुँदा यस चाडलाई नौ दिनसम्म मनाउने हुनाले नै यसलाई *गुँपुन्हि/गुँला नखः* (नौ दिवसीय चाड) भनिएको हो। नेवाः समुदायमा यो *गुँपून्हि नखः* अर्थात् *क्वाँःति* पूर्णिमा विशेष महत्त्व राख्ने दिन पनि हो।

नेवाः समुदायमा नौ (९) अङ्कको विशेष महत्त्व छ। संयोगवश श्रावण महिनामा नै नेपाल संवत्को नवौं महिना पनि चलिरहेको हुन्छ। त्यसैले यस चाडलाई नौ मासे चाड पनि भनिएको हो। यस पर्वमा नौ दिनसम्म नौ किसिमका गेडागुडीको तातो झोल (*क्वाँ* को अर्थ *तातो* र *ति* को *झोल*) खाने-पिउने, नौ किसिमका वस्त्रधारण गर्ने, नौ पल्ट घरभित्र-बाहिर गर्ने, नौ स्थानमा रहेका *बहिद्यः* (देवीदेवताका मन्दिर)को दर्शन गर्ने जस्ता चलनहरू छन्। टुसाएका नौ किसिमका गेडागुडीको तातो झोल (*क्वाँःति*) मा A, B, C, E र खनिज (Mineral) जस्ता भिटामिनहरू पाइने हुनाले *क्वाँःति* नेवाः जातिका विभिन्न खाद्य परिकारहरू (चौरासी व्यञ्जन) -मध्येको एक विशेष पौष्टिक खाद्य परिकार हो।

*क्वाँःति पून्हि*को दिन पहिले कुल देवी-देवता र पितृहरूलाई *क्वाँःति*को भाग छुट्टाइन्छ। त्यसपछि विशेष गरी काठमाडौं उपत्यकाका किसान नेवारहरू (ज्यापुहरू)ले *क्वा* (काग) र *ब्याँजा* (भ्यागुतो)लाई पनि भाग छुट्टाएर भात र *क्वाँःति* खुवाउने गर्छन्। त्यसपछि मात्र परिवारका सदस्यहरूले *क्वाँःति* खाने गर्छन्। काग र भ्यागुतोलाई भात र *क्वाँःति* खुवाउने चलनलाई '*क्वा नकेगु*' (कागलाई खुवाउने) र '*ब्याँजा नकेगु*' (भ्यागुतोलाई खुवाउने) भनिन्छ।

नेवारहरूको प्रचलित जनविश्वासअनुसार श्रावण शुक्ल पूर्णिमाकै अवसरमा कागले सुरक्षित र उपयुक्त समय ठानी पहिलोपल्ट आफ्ना

बचेराहरूलाई गुँडबाट बाहिर निकाल्छ र तिनीहरूका लागि आहार खोज्न बाहिरिन्छ। त्यसो हुनाले पनि कागहरू आउने ठाउँमा भात र *क्वाँःति* राखिदिन्छन्। अझ कागलाई यमदूत पनि मानिआएको हुनाले पितृसमान श्रद्धा गर्छन्। कागलाई खुवाउनु भनेकै पितृलाई खुवाउनु बराबर हो भन्ने नेवारहरूको लोक विश्वास छ। ब्रह्ममुहूर्तमा एकाबिहानै घरका वरिपरि बसेर काग कराउँदा किसानहरू चाडै बिँउझन्छन् र बेलैमा उनीहरू खेतबारीतिर जाने तर्खर गर्छन्। कागलाई खुवाउनुको अर्को गुण पनि छ। हामीले दिएको खानेकुरा कागले एक्लै बसेर कहिले पनि खाँदैन। साथी-सङ्गी बोलाएर समूहमा खान्छ। यसबाट पनि मानव जातिले सामूहिक एकताको पाठ सिक्नु पर्ने हुन्छ। कागका यिनै गुणको कारणले पनि *क्वाँःति पून्हि*को दिन कागलाई एक छाक भए पनि भात र *क्वाँःति* खुवाउने चलन बसेको हुनसक्छ।

*क्वाँःति पून्हि*को अर्को मुख्य विशेषता भ्यागुतोलाई पनि भात र *क्वाँःति* खुवाउने पारम्परिक चलन छ। भ्यागुतोलाई *क्वाँःति* खुवाउनेबारे एउटा किंवदन्ती छ। एक दिन वर्षाका देवता मानिने इन्द्र भगवान् किसानहरूसँग रिसाएका थिएँ। त्यसो हुँदा उनले धरतीमा मौसमी वर्षा नदिने निधो गरे। खेतमा रोपाइका लागि वर्षा हुनलाई भ्यागुता कराउनु पर्ने एक किसिमको प्राकृतिक नियम नै छ। झ्याउकीरी र जुनकीरीहरू देखेपछि भ्यागुता कराउने गर्छ। त्यसो हुन नदिनाका लागि इन्द्र भगवानले सारा झ्याउकीरी र जुनकीरीहरू लुकाइदिन्छन्। भ्यागुताले ती झ्याउकीरी र जुनकीरीहरू कतै नदेख्दा अझै वर्षा हुने सङ्केत नपाएको सम्झी कराउन छोडे अनि वर्षा पनि हुन सकेन। वर्षा नहुँदा धान रोपाई ढिलो भएकोमा किसानहरू आत्तिए, चिन्तित भए। यो देखेर एउटा बूढो भ्यागुतोले चिन्तित किसानहरूलाई पानी पर्ने उपाय बतायो। "तपाईँहरू रातको समयमा स-सानो बत्ती बालेर खेततिर आउनोस्। बत्तीको त्यो झिलिमिलीलाई झ्याउकीरी र जुनकीरीहरू सम्झेर भ्यागुताहरू कराउन थाल्छन् अनि वर्षा हुनेछ।" बूढो भ्यागुतोको अर्ती सुनेर किसानहरूले पनि त्यसै गरे। बत्तीको झिलिमिली देखेर झ्याउकीरी र जुनकीरीहरू सम्झी खेतका भ्यागुताहरू ट्वारट्वार कराउन थाले। भ्यागुताहरू कराएको सुनेर इन्द्र भगवान अचम्भित भए। वाध्य भएर इन्द्र भगवानले धरतीमा पानी बर्साउन सुरू गरे। खुसी भएर किसानहरूले रोपाई सुरु गरे। फसल राम्ररी सप्रियो। त्यही गुण सम्झेर *क्वाँःति पून्हि*को दिन विशेष गरी ज्यापु नेवारहरूले भ्यागुतालाई *क्वाँःति* र अन्य परिकार खेतबारीमा लगेर खुवाउने गर्छन्। काग र भ्यागुतोले खेतबारीमा अन्नबाली नष्ट गर्ने हानिकारक कीरा फट्याङ्ग्राहरू खाइदिने हुनाले पनि यिनीहरूलाई अन्नबालीको रक्षा गर्ने उपयोगी प्राणी मानिन्छ। यस किसिमका '*क्वा नकेगु*' (कागलाई खुवाउने) र '*ब्याँजा नकेगु*' (भ्यागुतोलाई खुवाउने) परम्परा आज पनि प्रचलनमा रहिआएको छ।

८. **मांया ख्वाः स्वये** (आमाको मुख हेर्ने)

नेपाली समाजका अन्य समुदायमा झैं नेवाः समुदायमा पनि आमाको मुख हेर्ने चलन छ। वैशाख कृष्ण पक्षको औंसी तिथि अर्थात् मातृतिर्थ औंसीमा आमाको मुख हेर्ने (*मांया*

*ख्वाः स्वये*) दिन पर्छ। शताब्दीऔंदेखि चलिआएको आमाबाबुको मुख हेर्ने परम्पराबाट प्रभावित भई पश्चिमी देशहरूमा पनि Mother's Day र Father's Day मनाउने चलन विकसित भएको पाइन्छ, तर तिथि भने अलग अलग पर्छ। आमाको मुख हेर्नुको मुख्य तात्पर्य के हो भने वर्षभरि कतिपय कामकुरोले र देश परदेशमा बस्न वाध्य हुने छोराछोरीले यस दिनलाई विशेष महत्त्वको दिन सम्झेर जन्म दिने आमाबाबुजस्ता कल्याणकारीको महिमा बुझी आमाबाबुप्रति श्रद्धाभाव दर्शाउने गर्छन्।

नेवाः समुदायमा आमाको मुख हेर्नु (*मांया ख्वाः स्वये*) भनेको आमाको अनुहार हेर्नु भन्ने अर्थमा आफूलाई भ्रमित पार्नु हुँदैन। नौ महिनासम्म गर्भमा राखेर जन्माउने, संसार देखाउने, काखमा राखेर हुर्काउने, ताते गर्दै हिड्न सिकाउने, तोते बोलीमा भाषा सिकाउँदै आँखा खुलाएर संसार देखाउने धरती झैं सहनशील सधैँ शीतलता दिने कल्पवृक्षरूपी आमाले गरेका ती कष्टपूर्ण महान् कार्यहरूको पुनः सम्झना गर्नाका लागि यो पर्वले विशेष महत्त्व राख्छ। छोरो वा छोरीलाई जन्माएर पालन-पोषण गरी दक्ष, शिक्षित र संस्कारी बनाउने ममतामयी आमाको महिमालाई महत्त्व दिनु र त्यस्ती आमाप्रति श्रद्धा र सम्मान प्रकट गर्नु नै आमाको मुख हेर्नुको खास तात्पर्य हो।

अझ नेवाः समाजका परम्परागत संस्कारहरूको अध्ययन गरेर हेर्दा नारीलाई विशेष स्थान दिइएको पाइन्छ। यस दिन नेवाः समुदायमा छोराछोरीले जीवित आमालाई आवश्यक्ता अनुसारको उपहार र सगुन दिई सुस्वास्थ्य र दीर्घायुको कामना गर्छन्। आमाको गुण फर्काउन श्रद्धाभावले सेवा र सम्मान गर्ने गर्छन्। त्यसैले यस दिनलाई आमा सम्मान दिवस पनि भनिन्छ। आर्य समाजमा दिवंगत आमाको नाममा श्राद्ध गरी पिण्ड दिने परम्परा पनि छ। नेवाः समुदायमा पनि मृत आमाको नाममा *निसलाः* (सिदा दान) र *गोम्पचा* (घैंटो)मा पञ्चामृतस्वरूप जल राखी जलदान दिने चलन विद्यमान छ। आजभोलि नेपालमा आमाको मुख हेर्ने र बाबुको मुख हेर्ने चलन राष्ट्रिय पर्व नै भएको छ।

### ६. **बौया ख्वाः स्वये** (बाबुको मुख हेर्ने)

समाजमा सबैका निम्ति आमाबाबु अति पूजनीय हुन्छन्। मरेपछि पिण्डदान दिने चलन आर्य समाजमा छ। श्रावण कृष्ण पक्षको औंसी (कुशे औंसी) तिथिमा बाबुको मुख हेर्ने दिवस पर्वकै रूपमा मनाइन्छ। नेपाल (नेवार) भाषामा *बौया ख्वाः स्वये* (बाबुको मुख हेर्ने) भनिन्छ। नेवारहरूले आमाबाबु जीवित हुँदै आफ्ना आमाबाबूलाई श्रद्धापूर्वक पूज्ने, सेवा सम्मान गर्ने र दिवंगत पितृको स्मरण गरी पुरोहितलाई *निसलाः* (सिदा दान) र *गोम्पचा* (घैंटो)मा जल राखी जलदान दिने चलन छ। त्यसबाहेक पनि बाबुको नाममा असहायहरूलाई भोजन तथा लुगाफाटा दिने चलन पनि छ। बाबुको मुख हेर्नु भनेकै गुणकारी बाबुले आफ्ना छोराछोरीका लागि गरेका गुणहरूको स्मरण गरी बाबुको सम्मान गर्नु हो। त्यस दिन छोराछोरीले बाबुको आवश्यक्ता अनुसार उपहार दिई सगुन दिएर सम्मान गर्ने गर्छन्। त्यसैले यस दिनलाई बाबु सम्मान दिवस पनि भनिन्छ।

बाबुको मुख हेर्नुको अर्थ पितृसत्तात्मक

समाजको परिचय पनि हो। घरका *थाकुलि* मूली बाबु हुनाले बाबुकै संरक्षण वा अभिभावकत्वमा घर परिवार सुचारु रूपमा सञ्चालन हुने हुँदा पनि जन्म दिने बाबुको सम्मानमा यो दिनलाई विशेष अर्थ र महत्त्वका साथ हेरिन्छ।

१०. **यँयाः** (इन्द्रजात्रा)

नेपाल मण्डला र पछिबाट नेपाल उपत्यकाको नाममा परिवर्तित काठमाडौं उपत्यकामा नेवारहरूले प्राचीन लिच्छवीकालदेखि नै विभिन्न जात्रापर्वहरू पारम्पारिक रूपमा मनाउँदै आइहेका छन्। नेवाः समाजमा प्रायः सबै जात्रा पर्वहरू चन्द्रमासको पात्रोअनुसार तिथिमिति मिलाएर मनाउने गरिन्छ। नेवाः समुदायमा मनाइने विविध जात्र पर्वहरू (सापारु/गाई जात्रा, बिस्क/बिस्केट जात्रा, भोटो जात्रा, मत्स्येन्द्रनाथको जात्रा, घोडे जात्रा, हाडी गाउँको जात्रा इत्यादि) मध्ये इन्द्र जात्रा पनि एक महत्त्वपूर्ण जात्रा हो। कुनै कुनै जात्राहरू एक दिनदेखि महिनौं दिनसम्म पनि मनाइन्छ। त्यस्ता जात्रा पर्वहरूमध्ये धार्मिक, सांस्कृतिक र मनोरञ्जनका दृष्टिले हर्षोल्लासका साथ मनाइने पर्वहरूमध्ये इन्द्रजात्रा पर्व पनि आठ दिनसम्म मनाइने जात्रा पर्व हो। प्रत्येक वर्ष भाद्र शुक्ल पक्षको द्वादशी तिथिदेखि आश्विन कृष्णपक्षको चतुर्थी तिथिसम्म दुवै शैव-बौद्धमार्गी नेवारहरूले वर्षाका देवता इन्द्रको नाममा आ-आफ्नो धार्मिक-सांस्कृतिक विधिविधानका साथ इन्द्रजात्रा पर्व मनाउने गर्छन्। तर इन्द्र जात्रा ८ दिनसम्मै मनाइरहने जात्रा भने होइन। यी ८ दिनको अवधिमा काठमाडौं दरवार परिसरका टोलटोलको सडकमा जीवित देवी कुमारी, श्री गणेश र श्री भैरवको रथयात्रा निकालेर विभिन्न नाचगान (लाखे नाच, *लाय्कूभैलः प्याख* (भैरव नाच), *सवभकु* नाच, *पुलुकिसि* नाच, देवी नाच, दशावतर नाच, आदि) को सार्वजनिक प्रदर्शन गर्दै जात्रा पर्व मनाउने हुनाले यस जात्रालाई सडक जात्रा पनि भन्ने गरेको पाइन्छ। यस जात्राले नेवाः समुदायमा विविधतामा धार्मिक-सांस्कृतिक एकताको झलक पनि दिन्छ। यस पर्वलाई नेपाल भाषामा *यँयाः* (काठमाडौंको पर्व) भनिन्छ।

ऐतिहासिक तथ्यअनुसार लिच्छवी राजा गुन कामदेवको पालादेखि विभिन्न रथ जात्राहरू र इन्द्र जात्र पर्व पनि मनाउन थालिएको हो र पछि मल्ल राजा जयप्रकाश मल्लको पालादेखि भने यस्ता रथ जात्रापर्वहरू झनै प्रचलनमा आएका हुन्। प्राचीन पूर्वीय आदि नाट्यशास्त्री भरतमुनिको नाट्यशास्त्रमा पनि इन्द्रध्वज महोत्सव भनी उल्लेख गरिएको पाइन्छ। यसबाट पनि इन्द्रजात्र प्राचीन जात्रा पर्व हो भन्ने बुझिन्छ।

नेवाः जातिले मनाउने एकाधिक चाडपर्वहरू किंवदन्तीसँग जोडिएका छन्। इन्द्र जात्रा पनि किंवदन्तीमूलक जात्रा हो। किंवदन्तीअनुसार एक दिन स्वर्गका राजा इन्द्रले आफ्नी आमा बसुन्धरा देवीले भाकल गरेअनुसार तिलाव्रतका लागि नभई नहुने *पालिजा स्वाँ* (पारिजात फूल) र कर्कलो स्वर्गमा कहीँ कतै नपाउँदा त्यसको खोजीमा आफ्नो ऐरावत हात्तीमा चढेर आकाश मार्ग हुँदै पृथ्वी लोकमा आएका थिए। इन्द्रले काठमाडौंको भीमसेनथान नजिक मरूटोलमा एउटा सुन्दर फूल बगैँचा देखे। त्यहाँ रङ्गिबिरङ्गी फूलहरूको माझ पारिजात फूल फुलेको र कर्कलो पनि देखे। इन्द्रले आफ्नो

ऐरावत हात्तीलाई एकातिर लुकाई राखेर मानवरूप धारण गरी छद्‍मभेषमा कसैलाई नसोधी इन्द्रले त्यही फूल र कर्कलो टिप्न थाले। बर्घैंचा मालिकले इन्द्रलाई चोर सम्झी समातिहाले अनि तान्त्रिक शक्ति भएका ती मालिकले त्यस अपरिचित चोरलाई दण्ड नदिई नछोड्ने निर्णय लिए। फूल मालिकले तान्त्रिक मन्त्रद्वारा इन्द्रलाई काष्ठमण्डप अघिल्तिरको रूखको फेदमा बाँधेर राखे। मानिसहरूले बन्दी इन्द्रलाई उपहास गर्दै खिल्ली उडाउन थाले।

स्वर्गमा इन्द्रको कहीँ कतै खोजखबर नहुँदा आमा चिन्तित हुन्छिन्। राजगुरुबाट इन्द्र पारिजात फूलको खोजीमा पृथ्वीलोकतिर गएको थाहा पाएपछि आमा पृथ्वीलोकमा झरिन्। इन्द्रको वाहन ऐरावत हात्तीलाई बोलाएर छोरोको खोजीमा पठाइन्। खोज्दै जाँदा हात्ती काठमाडौंको मरूटोलमा पुग्छ। त्यहाँ रूखको फेदमा इन्द्रलाई चोरको रूपमा बाँधिराखेको देख्छ। आमाले थाहा पाएपछि उनी दागिंको छद्‍मभेषमा त्यहाँ पुग्छिन्। छोरोलाई त्यस दण्डित अवस्थामा देखेपछि आमाले त्यहाँ भीड लागेका मानिसहरूबाट इन्द्रले बघैंचाबाट पारिजात फूल चोरेको जानकारी पाइन्। यथार्थ थाहा पाएपछि अन्नबाली र वर्षाकी देवी इन्द्रकी आमाले काठमाडौंवासीलाई भनिन् - “अपराध गर्ने जो कोही दण्डित हुनु पर्छ, चाहे त्यो अपराधी स्वर्गका राजा इन्द्र नै किन नहोस्।” यस भनाईबाट इन्द्र जात्राको महत्त्व अझ स्पष्ट हुन्छ। आमाले काठमाडौंवासीसँग क्षमा माग्दै छोरोको उद्धारका लागि अनुरोध गर्छिन्। काठमाडौंवासीले पनि अन्नबाली र वर्षाकी देवी बसुन्धरालाई उपत्यकामा धानबालीको फसल राम्रो होस् भनी समयमा नै वर्षा दिने अनि वर्षभरिमा मरेकाहरूलाई स्वर्ग लिएर जाने शर्त राखे। दागिंको रूपमा छद्‍मभेषी आमाले तिनीहरूको शर्त मानिन् र आफ्नो छोरोलाई स्वर्गमा फर्काएर लगिन्। त्यस दिनदेखि काठमाडौं उपत्यकामा खेतीबालीका लागि समयमै वर्षा होस्, अन्नबाली सप्रोस्, वर्षैभरि सुखसमृद्धि बढिरहोस् अनि सारा पाप पखालिओस् भन्ने हेतु प्रत्येक वर्ष भाद्र शुक्ल पक्षको द्वादशी तिथिदेखि आश्विन कृष्ण पक्षको चतुर्थी तिथिसम्म इन्द्रदेव र दागिं (बसुन्धरा)को नाममा आठ दिनसम्म  मनोरञ्जनका साथ उत्सवपूर्ण जात्रा मनाउने परम्परा बसेको हो भन्ने जनश्रुति छ।

भारतमा पनि विशेष गरी सिक्किममा इन्द्र जात्रा पर्व हर्षोल्लासका साथ मनाइन्छ। सिक्किममा मनाइने इन्द्र जात्रा काठमाडौंबाटै ल्याइएको हो। सन् २००० देखि सिक्किमको राजधानी गान्तोक, नाम्ची, सिङताम आदि ठाउँहरूमा इन्द्रजात्रा मनाउन थालेको हो। यस जात्रा पर्वको धार्मिक-सांस्कृतिक महत्त्वलाई ध्यानमा राखेर सिक्किम राज्य सरकारले २०१२ सालदेखि यस पर्वको अवसरमा सरकारी विदासमेत घोषणा गरेको छ। यस किसिमको महत्त्वपूर्ण धार्मिक-सांस्कृतिक पर्वलाई सिक्किमजस्ता अन्य नेवारबहुल ठाउँहरू दार्जिलिङ, कालिम्पोङ, आसाम, मेघालय, मणिपुर आदि ठाउँहरूमा पनि नेवाःजातिको चिन्हारीको रूपमा यस जात्राको प्रचार-प्रसार गरेर नेवाः सभ्यता र संस्कृतिलाई लोप हुनबाट बचाउनु प्रत्येक नेवारको कर्त्तव्य हुनेछ।

❑

# नेवार जातिको परिचय

**प्रो. प्रेमशान्ति तुलाधर**
काठमाडौं।

**पृष्ठभूमि :** विविध भाषा-भाषी, धर्म र संस्कृतिको देश नेपाललाई बुद्धकालीन ग्रन्थ, पुस्तक, अभिलेख आदिमा *हिमवत् प्रदेश* भनेर उल्लेख गरेको पाइन्छ। भारतका सम्राट् अशोकको समयमा अर्थात् नेपालमा किरातवंशीय शासन सुरु भएपछि यो देशलाई *किरात प्रदेश* भन्ने गरियो (श्रेष्ठ, ने. सं. ११२८ : ३२)। नेपाल शब्दको खोजी गर्ने क्रममा हालसम्म प्राप्त सबैभन्दा पुरानो आजभन्दा पच्चीस सय वर्षपूर्वको *अथर्व परिशिष्ट*मा पहिलोपल्ट नेपालको नाम उल्लेख गरेको पाइएको छ। त्यसै गरी सम्राट् चन्द्रगुप्त मौर्य (इ. पू. ३२१- ३९७) का मन्त्री विष्णुगुप्त अर्थात् चाणक्यले रचना गरेको *कौटिल्यको* अर्थशास्त्रमा पनि नेपाल शब्दको चर्चा गरिएको छ (आचार्य वि. सं. २०६० : ६६)। उक्त ग्रन्थमा नेपाललाई ऊनी सामग्री बनाउने कार्यका लागि प्रसिद्ध रहेको उल्लेख गरिएको छ। यसरी प्रसिद्धिको शिखरमा रहन सकेको यस मुलुकको राजनीतिक इतिहाससँग प्रत्यक्षपरोक्ष सम्बन्ध गाँसिएको जातिमध्ये एक हो - नेवार। काठमाडौं उपत्यका प्राचीन कालदेखि नेपालको संस्कृति र सभ्यताको केन्द्रविन्दु रहिआएको थियो। नेवारहरू यसै उपत्यकाका मूल बासिन्दा हुन्।

**नेवार शब्दको व्युत्पत्ति :** नेवार शब्दको व्युत्पत्तिको सन्दर्भमा नेवार र नेपाललाई एकअर्काको पर्यायका रूपमा लिइन्छ। इतिहासशिरोमणि बाबुराम आचार्यका अनुसार नेवार शब्दको व्युत्पत्ति- नेवाङ /नेवाहाङ/ नेवाः/ बाट भएको र यसैबाट नेपालको नाम रहन गएको हो (आचार्य, ने..सं १०८९:३-१६)। त्यस्तै अर्का विद्वान् बालचन्द्र शर्माले नेपाल र नेवार शब्दको आपसमा सम्बन्ध रहेको तथ्यलाई स्विकारेका छन्। इङ्ल्यान्डनिवासी इङ्लिस, अफगानिस्ताननिवासी अफगान भएजस्तै नेपालमा बस्ने नेवार अथवा नेवाः भएकोमा कुनै शङ्का छैन (शर्मा, वि.सं २०३२ : ३९)। अर्का विद्वान् एवम् फ्रान्सका प्रख्यात इतिहासविद् सिल्भां नेगीले पनि *Either Newar derives its origins from the word Nepala or that Nepal owes on the country her name to the Sanskrit adaptation of local ethnic name* ( Levi, 1905 : pg 222-224) भनी नेवार र नेपाल शब्दबीच गहिरो सम्बन्ध रहेको उल्लेख गरेका छन्। यसलाई अझ स्पष्टसँग अर्का विद्वान् सुनीतिकुमार चटर्जीले व्याख्या गरेका छन् - *It would appear, however, that the name came from that of a Tibeto-Burman speaking tribe, the ancestors of the present day Newar people.* भाषाविज्ञानका आधारमा विश्लेषण गर्दा पनि नेपाल र नेवार

शब्द एकअर्काका पर्याय भएको पाइन्छ। त्यस्तै यहाँ प्राप्त ऐतिहासिक अन्य प्रमाणले नेवार समुदायलाई जनाउने *नेवाल* शब्दको अर्को रूप *नेपाल* रहेको र यो कुनै देशवाचक शब्द नभई यहाँका वासिन्दालाई सम्बोधन गरिएको जातिवाचक शब्द भएको पुष्टि गरेको छ। यसका उदाहरण टिस्टुङको भटुवाल भन्ने ठाउँमा प्राप्त इ. सं. ५१२ को लिच्छवि शासक वसन्तदेवको अभिलेख तथा इ.सं. ६०७ को अंशुवर्माको अभिलेखमा उल्लिखित *स्वस्ति नेपालभ्य* (नेपालीहरूको शुभ होस्) भन्ने शब्द तथा संस्कृतसाहित्यका विद्वान् भरतको नाट्यशास्त्रमा उल्लेख भएको *अङ्गबङ्गकलिङ्गाश्च वत्सश्चैवोद्र मागधा। पौण्डानैपालिकाश्चैव अन्तर्गिरि वहिगिरा* भन्ने वाक्य आदि हुन्।

नेपाल शब्दलाई व्याख्या गर्ने क्रममा भाषाविद्हरूले यो शब्द तिब्बती-बर्मी भाषाको मानेका छन्। यसैअनुरूप *ङेह* (ने) को अर्थ *गाई/भैंसी* (दूध दिने वस्तु), *पा*को अर्थ *पाल्ने मानिस* हुन आउँछ। यही *ङेवा* अर्थात् आजका *नेवाः/नेवार* भनिने आदिवासी जातिका मानिसहरूलाई संस्कृतबाट *नेपाल* भनेर सम्बोधन गरियो। त्यसैले गाई/भैंसी पालन गर्ने मानिसका लागि प्रयोग गरिने *नेवाः* शब्दबाट नै *नेपाल* शब्दको विकास भएको देखिन्छ (मल्ल, इ.सं. १९८९)। यस हिसाबले *नेवार* शब्दको इतिहास नेपालको इतिहास जति नै पुरानो मान्न सकिन्छ तर अर्का विद्वान्को भनाइअनुसार यहाँ प्राचीन कालमा किरात जातिका विभिन्न वंशका राजाहरूले राज गर्ने क्रममा *नेपार* वंशले पनि राज गरेका थिए। उक्त किरात राजाबाटै यस देशको नाम *नेपार/नेपाल* रहन गएको हो (किरण, वि.सं २०२८ : ६)। यस कुरालाई इतिहासकार बाबुराम आचार्यको भनाइले पनि पुष्टि गरेको छ। उक्त धारणाअनुसार *नेवार / नेवाल / नेवाः* शब्द किरात शासनकालमा राखेको देखिन्छ। त्यस्तै अर्का विद्वान् प्रा. माणिकलाल श्रेष्ठका अनुसार आजको वेलायतको ऐतिहासिक नाम ब्रिटेन थियो। जहाँ हाल विभिन्न मूलका मानिसहरू बसोबास गर्दै आए पनि प्राचीन काल अर्थात् सन्को पाँचौं शताब्दीतिर ब्रिटन जातिका मात्र मानिस बस्दै आएका थिए। यिनै ब्रिटनहरूको नामबाट देशको नाम ब्रिटेन हुन गयो वा ब्रिटेन देशमा बस्ने जनता भएकाले यिनीहरूको नाम ब्रिटन हुन पुग्यो। त्यसै गरी नेपाल नामबाट यहाँका मानिसलाई नेवार भनिएको हो वा यहाँका आदिवासी नेवार जातिको नामबाटै नेपाल देशको नाम रहन गएको हो। तसर्थ नेवार समुदाय र नेपाल देशवीच अभिन्न सम्बन्ध भएको स्पष्ट छ (श्रेष्ठ, ने.सं. ११२८ : ३२)।

नेवार शब्द नेवारहरूका लागि आफैले प्रयोग गरेको शब्द भने होइन। यो शब्द कुनै समयमा काठमाडौं उपत्यकाबाहिरका मानिसले उपत्यकाभित्रका बासिन्दालाई प्रयोग गर्ने विशेष शब्द हो। ऐतिहासिकतालाई ध्यानमा राखेर भन्नुपर्दा प्रारम्भमा उपत्यकाबाहिरकाले यस उपत्यकामा बसोबास गर्दै आएकालाई नेवार भन्ने गरेका थिए तर यिनीहरूले आफूलाई नेवार भनेर चिनाएको देखिन्न। शासकहरूले आफूलाई किरात, लिच्छवि, बर्मन, मल्ल, ठकुरी आदि भनी चिनाएको पाइन्छ (उदाहरण : मल्ल शासकहरूले आफूलाई नेवारहरूका राजा, ठकुरी राजा भन्न रुचाए। यस अर्थमा नेवार शब्द काठमाडौं उपत्यकाका शासितहरूलाई भन्ने गरेको देखिन्छ (श्रेष्ठ, ने.सं. ११३१ : १५४)। नेवार शब्द सबभन्दा पहिले सन् १६१८ मा कस्तेदातको

*नरपतिजयचर्या स्वरोदय ग्रन्थ*मा उल्लेख गरिएको देखिन्छ (माली, ने.सं. १०९८) भने इतिहासविद् डा. डिल्लीरमण रेग्मीका अनुसार यो शब्दको विकास गोरखाका राजा रामशाहको पालामा भएको थियो। नेवारहरू व्यापारको सिलसिलामा गोरखा पुगेपछि अर्थात् सन् १६५४ पछि मात्र काठमाडौँ उपत्यकाका आदिवासीलाई नेवार भन्ने प्रचलनमा आएको हो। त्यसपछि नेवार शब्दको उल्लेख काठमाडौंका राजा प्रतापमल्लले हनुमानढोका दरबारका भित्तामा १५ वटा लिपिले लेखिएको सन् १६५६ शिलापत्रमा गरिएको छ। गोरखाका शासकहरूले उपत्यकाका मल्लराजाहरूलाई युद्धमा पराजित गरेपछि स्थायी रूपमा यहाँ वसोबास गर्दै आएका उपत्यकावासीलाई नेवार भन्ने प्रचलनमा अझ व्यापकता आएको देखिन्छ। यस अघिसम्म उपत्यकाबाहिरबाट आएका जातिगत समुदायलाई नेवार भन्ने गरे तापनि मल्ल शासनको अन्त्यसँगै सो प्रचलनको अन्त्य भयो (मल्ल ने.सं. ११११ : २)। यसरी खस राजाहरूले उपत्यकामा शासन गरेपछि यहाँको प्रशासनिक भाषासमेत खस भाषा हुन गयो, जसले गर्दा नेवार भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने, यहाँको संस्कृतिलाई आत्मसात् गर्ने र विभिन्न (आआफ्नो) धर्म र जातिको समुदाय (Community) का मानिसलाई मात्र नेवार भन्ने थाले (मल्ल, ने.सं. १०९८:९०)।

**नेवार समुदायको संरचना :** नेवारहरू कहाँबाट आएका हुन्, यिनीहरूका पुर्खा को थिए भन्ने विषयमा विद्वान्हरूका आआफ्नै राय भए पनि आजका नेवारहरू कुनै जाति, नस्ल वा स्थानविशेषका होइनन् भन्नेमा भने विद्वान्हरू सहमत छन्। नेवारहरू नेपाल उपत्यकामा कहिलेदेखि देखा परेका हुन् भन्नेमा कुनै विद्वान्ले मूल नेवारहरू चीनको कांसु प्रान्तको उत्तर-पूर्वबाट तिब्बत देशको दक्षिण र पूर्व अर्धवृत्त क्षेत्रबाट कमसेकम दुईपल्ट दक्षिण हेरी घुम्दैफिर्दै नेपाल उपत्यकामा आएका हुन् भनेका छन् (ड्रोहर्टी, १९७८ : ४३६-४४२)। यिनीहरू अझ पूर्वको दोलखा भएर आएका हुन् (माली, ने.सं. १०९८ : १५)। त्यस्तै इतिहासशिरोमणि बाबुराम आचार्यका अनुसार मङ्गोल नस्लका नेवाङ / नेवाहाङ / नेवाः भनिने मानिसहरू नै आजका नेवारहरूका आदिम पुर्खा हुन्, उनीहरूले बोल्ने भाषा नै आजको नेपालभाषाको प्राचीनतम अस्तित्व हो। बागमती नदीवरपर रहेका १६×२० माइल लामो उपत्यका परापूर्वकालदेखि नेपालको केन्द्रस्थल रहिआएको छ। उक्त उपत्यका नै नेवारहरूको आदिमस्थल हो (आचार्य, ने.सं. १०८९: ३ - १६)। नेवारहरूकै सन्दर्भमा आदिम वा मूल नेवारहरू क्राइस्टभन्दा ६०० वर्षअगाडि नै यहाँ देखा परिसकेको धारणा पनि रहेको छ। संस्कृतभाषी लिच्छविहरू नेपाल उपत्यकामा भित्रिनुअघि यहाँ गैरसंस्कृत भाषा प्रचलनमा रहनु यसको उदाहरण मान्न सकिन्छ। अर्कोतर्फ धेरैजसो उपत्यकाका बस्तीका नाउँ पहाडका टाकुरा, ठाउँ, नदी आदिका नाम गैरसंस्कृत भाषामा रहेकाले लिच्छविहरूको आगमनपूर्व अर्थात् लिच्छविहरूले शासन गर्नुभन्दा २०० / ४०० वर्षअगाडिदेखि यही भाषा बोल्ने (किरात, नेवाङ्ग, नेवाहाङ आदि) मानिसहरू यहाँ रहेको देखिन्छ (मल्ल, ने.सं. १०९८ : १६६)।

उपत्यकाको भौगोलिक अनुकूलता, प्राकृतिक सुन्दरता मात्र नभई यहाँको उर्वर भूमि, तिब्बत र भारतबीच हुने वाणिज्य व्यापारका

लागि मूल केन्द्रका रूपमा विकास भइसकेकाले उपत्यकाबाहिरबाट आएका शासकहरूले यहाँको राज्यसत्ता आफ्नो हातमा पारे। यसरी विभिन्न समयमा आएका शासक र उनीहरूसँगै उपत्यका प्रवेश गरेका नयाँ नस्लका मानिसहरूसमेत सदाका लागि यहीँ बसे। यसरी विविध तरिकाले विविध समयमा उत्तर-दक्षिणतिरबाट आएका विविध जातिका मानिसहरू (आभीर, किरात, लिच्छवि, शाक्य, ठकुरी, वृज्जि, गुप्ता, मल्ल आदि) यहाँका आदिवासीसँग एकत्रित हुन पुगे। यहाँका आदिवासीहरू नेवाङ/नेवाहाङ/नेवाः भन्ने मङ्गोल नस्लका मानिसहरू भए पनि, पछि अरू ठाउँबाट आएर नेपाल उपत्यकामा बसोबास गर्ने सबैलाई तत्कालीन प्रचलनअनुसार नेपालको नामबाट नेपाल/नेवार /नेवा भनिने हुनाले यिनीहरू पनि नेवार हुन पुगे (जोशी, वि.सं. २०३० : ८६)।

नेवार जातिको निर्माणका सन्दर्भमा नेपालको इतिहासमा विभिन्न समयमा शासन गरेका गोपाल, महिषपाल, किराती, लिच्छवि र मल्ल शासकहरूका प्रजा वा रैतीहरू परस्पर विलीन भई नेवार जाति बन्न पुगे। कतिपय एउटा वंशका शासकले अर्को वंशका शासकलाई परास्त गरेपछि पराजितहरू (राजा, राजपरिवार र भारदारहरू) नेवार जातिमा विलीन हुन पुगे। यस प्रकार नेवार समुदाय नेपालका शासित समुदाय र पराजितहरूले आश्रय लिने समुदाय बन्न पुगेको छ (श्रेष्ठ, ने.सं ११३१ : १५४)।

नेपालको सबभन्दा पुरानो तथा भरपर्दो लिखित ऐतिहासिक स्रोत मानिएको गोपाल राजवंशावलीमा उल्लिखित काठमाडौँ उपत्यकाका सभ्यता विकासक्रमको विवरणअनुरूप नेपालको प्रथम राजवंशका रूपमा गोपालवंशलाई लिइएको छ। गाई पालेर जीविका चलाउने गोपालवंशका पहिलो राजा भूमिगुप्त हुन् भने यस वंशमा आठ जना राजाले राज्य गरे। त्यस्तै गोपाल राजवंशावलीमा गोपालवंशलाई महिषपाल वंशले विस्थापित गरी राज्य सञ्चालन गरेको प्रसङ्ग उल्लेख छ। शब्दका आधारमा हेर्दा महिषपाल भन्नाले भैंसी पालेर जीविका चलाउने वर्गका मानिसहरू हुन् भन्ने देखिन्छ तर धेरै इतिहासकारले यिनीहरू भिन्नाभिन्नै वंशका नभई आभीर/अहिर वंशका हुन्, भैंसी पालन पेसा अपनाएपछि यिनीहरूलाई महिषपाल भनिएको मात्र हो भन्ने धारणा पनि रहेको छ (मानन्धर, ने.सं. ११३० : ३०)। यसरी गाईपालक र भैंसीपालकहरूलाई संस्कृतकरण गरी गोपाल (आभीर/अहिर) भनिने गरिएको हो (मल्ल, ने. सं. ११३० : ४)। गोपाल राजवंशावली अनुसार नेपालमा करिब ६६६ वर्ष गोपाल र महिषपाल वंशका शासकहरूले शासन गरे। काठमाडौं उपत्यका र आसपास अद्यापि गोपालसँग सम्बन्धित जाति-समुदाय पाइन्छ। काठमाडौँमा सापू, फर्पिङ, कीर्तिपुर, थानकोटमा ग्वाः, पालुङ, चित्लाङ, टिस्टुङका गोपालीलाई आदिम गोपालवंशका रूपमा मानिन्छ। यिनीहरू आफूलाई श्रीकृष्णका सन्तान भन्ने गर्दछन् र पशुपालन गरी जीविका निर्वाह गर्दै आएका छन्। त्यसै गरी इतिहासकारहरूले काठमाडौँ उपत्यकाभित्रको गोल (पशुपतिक्षेत्र) लाई गोपालीहरू बस्ने ठाउँका रूपमा लिने गरेका छन्। काठमाडौंवासीहरू कसैलाई अनपढ, स्वाँठ, पाखण्डी आदिको संज्ञा दिनुपर्‍यो भने गोलय् भन्ने गर्छन्। गौशाला, गौचरण आदि नाम गरिएका ठाउँहरू यस क्षेत्रकै आसपासमा पर्ने भएकाले यस कुराको पुष्टि अझ भएको छ। यसैले आजका नेवारहरूमध्येमा

एक समूह ज्यापू जाति यसै गोपाल जातिका सन्तान हुन् भन्ने धेरै नृतत्त्वशास्त्रीहरूको भनाइ छ।

नेपालको इतिहासअनुसार गोपाल/महिषपाल (आभीर) पछि किरातवंशका विभिन्न शासकहरूले १६०३ वर्ष शासन गरेको पाइन्छ। महिषपालवंशी अन्तिम शासक भुवनसिंहको समयमा पूर्वबाट आएका किरातीहरूले महिषपालहरूमाथि आक्रमण गरी उनीहरूलाई हराएका थिए, यिनीहरू मङ्गोल नस्लका मानिन्छन्। यसरी गोपाल, महिषपाल जातिका मानिसहरूले बसोबास गरिरहेको ठाउँमा ठूलो समूहका मङ्गोल नस्लका किरातहरू पनि समाहित हुन पुगे। किरात युगलाई ऐतिहासिक युग नमानेर कपोलकल्पित पौराणिक युग मात्रै मान्ने गरेको एक थरी विद्वान्हरूको धारणा रहे पनि लिच्छविकालीन अभिलेखहरूमा देखा परेका वर्णनहरूबाट किरातहरूको एउटा सङ्गठित राज्यव्यवस्था नेपालमा रहेको स्पष्ट हुन आउँछ। नेपालको इतिहासमा किरातकालपछि लिच्छविहरूले शासन गरेको उल्लेख छ। यसरी विभिन्न समयमा विभिन्न वंशका शासकले शासन गर्दै आएकामा किरातीहरूलाई धपाउने कार्य भने लिच्छविहरूले गरेका थिए। तत्कालीन राजधानी पाटनमा लिच्छविहरूको आक्रमणपश्चात् पराजित किरातीहरू पूर्वतिर भाग्ने क्रममा बनेपा हुँदै तत्कालीन नेपालको पूर्वी सिमाना टिस्टासम्म पुगेका थिए र ती स्थानमा शासनसमेत गरेका थिए। लिच्छविहरूको सन्दर्भमा इतिहासशिरोमणि बाबुराम आचार्यले हालका ज्यापूहरू नै लिच्छविहरूका सन्तान हुनुपर्छ भन्ने सङ्केत गरेका छन्। ज्यापूहरूको घना बस्ती तथा उनीहरूको इष्टदेवता रहेको स्थानमा नै धेरैजसो लिच्छविकालीन अभिलेख भेटिनुलाई इतिहासशिरोमणि आचार्यले यसको आधार मानेका छन्। यसरी स्वदेशी तथा विदेशी विद्वान्हरूले लिच्छवि तथा किरातीहरूलाई नेवार जाति नै मानेका छन्। लिच्छविहरू इसापूर्व ४८४ तिर काठमाडौं उपत्यकामा भित्रिसकेको भए पनि सन् ४६० देखि मात्र यिनीहरूले शासनसत्ता हात पारेका थिए। ऐतिहासिक प्रमाण भन्न मिल्ने अभिलेखहरू लिच्छविकालीन राजा मानदेवको शासनकालदेखिका मात्र भेटिएका छन्। यसरी सही अर्थमा नेपालमा ऐतिहासिक युग यही लिच्छवि शासनकाल आरम्भ भएपछि सुरु भएको मान्न सकिन्छ। यी लिच्छविहरू मागधी, प्राकृत भाषा बोल्ने भए पनि गुप्तकालीन सभ्यताको प्रभावस्वरूप यिनीहरूले आफ्ना लिखित दस्तावेजहरूमा संस्कृत, प्राकृत भाषा प्रयोग गरे। फलस्वरूप अधिकांश लिच्छविकालीन अभिलेखहरू संस्कृत भाषामा लेखिएका छन् तर ती अभिलेखमा स्थान, वस्तु, नदीनाला, पहाड, जङ्गल आदिका नाम मात्र नभई प्राविधिक शब्दहरू (नेवार भाषाका शब्दहरू) समेत समावेश गरेका छन्। कुठेर, शोल्ली, माप्चोक र लिङ्गल भन्ने अड्डा अदालतको नाम, गाउँभन्दा धेरै ठूलो प्रशासनिक एकाइलाई भनिने द्रङ शब्द, अधिकृत पदका नामहरू- शुल्हपुङ, ब्रम्हपुङ आदि शब्द यसका उदाहरण हुन्। यसरी वस्तु, स्थान, नदीनालाको नाम मात्र नभई प्रशासनिक, न्यायिक जस्ता प्राविधिक शब्दका स्रोत भएको भाषा केवल बोलचालको भाषा मात्र नभई विकसित भाषा भएको पुष्टि हुन आउँछ। यसैले यस्तो विकसित भाषा भएका नेवार जातिको उद्भव लिच्छविकालभन्दा धेरै

अगाडि भइसकेको स्पष्ट हुन आउँछ। तेह्रौं शताब्दीको आरम्भसँगै नेपालमा लिच्छवि शासनको अन्त्य र मल्लहरूको शासनव्यवस्था प्रारम्भ भयो। नेपालमा मल्ल शासनका संस्थापक अरि मल्ल भए पनि व्यवस्थित रूपमा शासन अगाडि बढाउने कार्य भने राजा जयस्थिति मल्लले गरेको मानिन्छ। यसको समयमा आएर यहाँको कला- संस्कृति मात्र नभई नेवार जातिको भाषा, साहित्य, संस्कृति आदिको विकास एवम् विस्तार हुन पुगेको थियो। मल्ल शासकहरूले आफूलाई नेवार भनेर सम्बोधन नगरे पनि आफूहरूलाई नेवारहरूको शासक भनेर सम्बोधन गरिएको, हालका नेवार मल्लहरू यिनीहरूका नै सन्तान भएको तथा उपत्यकामा बस्ने सबैलाई नेवार भन्ने तत्कालीन परम्पराअनुसार यिनीहरूलाई नेवार शासकहरूका रूपमा लिइएको छ। यसरी लिच्छविकालअघि नै अस्तित्वमा आएका नेवार समुदाय मल्लकालमा नेपालकै एक सभ्यता र संस्कृतिको परिचायक बन्न सफल भयो।

काठमाडौँ उपत्यकामा गोपाल, महिषपाल, किरात, लिच्छवि, वर्मन, ठकुरी, मल्लहरू जस्ते विभिन्न समयमा उपत्यकाबाहिरबाट विभिन्न जाति- समुदायहरू विविध कारणले यहाँ आई बसोबास गर्दै आएकाले काठमाडौँ उपत्यका परापूर्वकालदेखि सबैको आश्रयस्थल जस्तै बन्न पुगेको देखिन्छ। सोहीअनुरूप इसापूर्व ४६२ मा कपिलवस्तु राज्य नष्ट भएपछि शाक्यहरू उपत्यका छिरेका थिए भने इसापूर्व ५३० मा कोलीयहरू काठमाडौं आएका थिए। त्यसै गरी दसौं शताब्दीको आसपास उत्तर-पश्चिमबाट यस क्षेत्रमा मुर्मी भनिने तामाङहरू पनि पसेका थिए। मल्लकालमा कर्णाटकवंशसँग मल्लराजाहरूको वैवाहिक सम्बन्ध गाँसिएपछि मैथिली ब्राह्मणहरू उपत्यका भित्रिएका थिए। राजा रत्न मल्लको शासनकाल (इ.सं. १५०१) मा मुसलमान र प्रताप मल्लको राज्यकालमा (इ.सं. १६३८) इसाईहरू काठमाडौं आएका थिए। यसरी विविध सामाजिक सांस्कृतिक क्रियाअन्तरक्रियास्वरूप काठमाडौँ उपत्यकाका वासिन्दालाई एक जातीय समूहका रूपमा लिने संस्कृतिको विकास भयो। यही संस्कृतिअनुरूप यहाँ बस्ने सबै नेवार हुन गए। फलस्वरूप गोपाली, किरात, शाक्य, कोलीय, लिच्छवि, वर्मन, ठकुरी, मल्ल, मुर्मी, नायर, तिरहुत, इसाई, मुसलमान, द्रविड, धोबी आदि विविध संस्कृति, परम्परा र सामाजिक पृष्ठभूमिका मानिसहरू नेवारमा भित्रिए भने नस्लका आधारमा मङ्गोल, आर्य मात्र नभई ड्राभिडियन तथा आस्ट्रेयन मूलका मानिससमेत यस समूहमा समाहित भए। त्यसै गरी धार्मिक आस्थाका आधारमा शैव, बौद्ध, सनातनीका साथ इसाई तथा मुसलमानसमेत नेवारमा गाभिए। यसरी विविध समयमा विभिन्न स्थानबाट आएका विभिन्न नस्ल, संस्कार, आस्था, परम्पराका मानिसहरू यहाँको हावापानीसँग घुलमिल हुनुका साथै आपसी संसर्गका कारण यिनीहरूका पुराना स्वरूप लोप भई एक नयाँ सामूहिक संस्कृतिको विकास हुन पुग्यो, जुन नेपालमण्डलको साझा संस्कृतिका रूपमा परिचित हुन थाल्यो। यो संस्कृति नेवारहरूको मौलिक संस्कृति बन्न पुग्यो। त्यस्तै यस समुदायभित्रका मानिसहरू विभिन्न भाषा, संस्कृति र धर्मको अनुयायी भए पनि यहाँ जीवनयापन तथा आपसी सम्पर्कका लागि उपत्यकामा प्रचलित जनभाषा नेपाल भाषालाई आत्मसात् गर्न पुगेका थिए, जुन पछि गएर

यहाँका आदिवासीहरूसँग एउटा समुदायका रूपमा एकत्रित भएको जातिको एक ठोस परिचायक भाषा अर्थात् नेपाल भाषा बन्न पुग्यो। डा. कमलप्रकाश मल्लका अनुसार आदिवासी नेवारहरूको तर्फबाट आजभोलिका नेवारमा हस्तान्तरण भएका केही अवशेष वा मानवशास्त्रीय, सांस्कृतिक, सामाजिक र अन्य प्रामाणिक आधारहरू केही छैनन्, तापनि आजभोलिका नेवारहरूले बोल्दै आएको जुन भाषा हो त्यो एउटा बलियो प्रामाणिक आधार बन्न पुगेको छ। यसमा आदिवासी नेवारहरू र आजभोलिका नेवारबीच करिब दुई हजार वर्षदेखिको अटुट सम्बन्ध देखिन्छ। यो सम्बन्ध इतिहासको विभिन्न समयमा उपत्यका प्रवेश गरेकाहरू र स्थानीय आदिवासीसंग एकत्रित भएको सहअस्तित्वको पहिचानका रूपमा पनि लिन सकिन्छ तर साझा भाषाको यो सम्बन्धले भने आदिवासी नेवारहरू अवश्य पनि सौहार्दपूर्ण समाजको पृष्ठपोषक हुन् भन्ने छर्लङ्ग देखाउँछ। उनीहरूसँग गैरनेवार/ अनेवारहरूलाई नेवार बनाउँदै लैजाने सामाजिक सङ्गठन भएको र आफ्ना संस्कृतिभित्र स्थान दिने, नेवार भाषा बोल्ने अनि सिक्न दिने उदारता रहेको स्पष्ट देखिन आउँछ (मल्ल, ने.सं. १०६८ घ)। आदिवासी नेवारसँग गैरनेवारलाई पनि नेवार बनाएर लाने सामाजिक सङ्गठन, यहाँको संस्कृति अपनाउनु पर्ने सांस्कृतिक बहुलता र नेवार भाषा सिक्न दिने उदारता रहेको हुन सक्छ तर बाहिरबाट आउनेहरूले नेवार भाषा, नेवार संस्कृति ग्रहण गरेकाले यिनीहरू मात्र नभई मूल रूपले यहाँ बाँच्नका लागि यहाँको जीवनसँग घुलमिल हुनुपर्ने तत्कालीन बाध्यतालाई पनि मान्नु पर्दछ।

यसरी नेवारहरू नेपालका आदिमकालदेखि अस्तित्वमा रहेका भए पनि आजका सबै नेवारहरू एउटै मात्र वंशज नभई विविध जातजातिको सम्मिश्रण हुन् अर्थात् यिनीहरू नेपालका अरू जातिहरू- तामाङ, मगर, राई आदि जस्तै एकै नस्ल वा रगतमूलका जाति होइनन्। नेवारमा आज मङ्गोलमूलका, आर्यमूलका र अस्ट्रो- द्रविड मूलका (अर्थात् विविध मूलका) मानिसहरू सम्मिलित छन्। त्यस्तै यिनीहरू धार्मिक रूपमा पनि एकै धर्मावलम्बी होइनन्। त्यसैले नेवार जाति एउटा साझा भाषा (तिब्बती-बर्मी परिवारको नेपालभाषा) र साझा संस्कृति (नेवार संस्कृति) भित्र आबद्ध जाति हो। अर्थात् कुनै *Ethinic Community* वा *Religious Community* नभई *Linguistic-Cultural Community* हो (श्रेष्ठ, ने.सं. ११३०)।

साभार : **नेपाल भाषा साहित्यको इतिहास** (वि. सं. २०७०)

❑

**सन्दर्भ सूची :**


१. आचार्य, बाबुराम (ने. सं. १०८६), नेपाः नेवाः भायू, सितु, दँ ६ : २३।
२. जोशी, हरिराम, 0वि. सं. २०३०) नेपालको प्राचीन अभिलेख, काठमाडौं, ने. रा. प्र. प्र।
३. मल्ल, कमलप्रकाश, (ने. सं. १०६८), भूमिका, झीगु भायू, झीगु खँग्वः, पोखरा, भाभायू, मुलुखा।
४. शर्मा, बालचन्द्र (वि. सं. २०३२), नेपालको ऐतिहासिक रूपरेखा, प्रथम खण्ड, तृः सं., वाराणसी, कृष्णकुमारी देवी।
५. श्रेष्ठ, ओमकारेश्वर (सम्पा.), (ने. सं. १११७), सँझ्या, येः, पब्लिक यूथ क्याम्पस।
६. श्रेष्ठ, पवनभान (सम्पा.), (ने. सं. ११२८), ह्याउँनिभाः, यैँः नेवाः राष्ट्रिय मुक्ति मोर्चा।

# नेवाः जातिको सामाजिक संस्कार

**डा. तुलसीनारायण श्रेष्ठ**
काठमाडौं।

**पृष्ठभूमि :** साधारणतया सामाजिक संस्कार भन्नाले कुनै पनि मानव समुदायमा मनुष्यको जन्मदेखि मृत्युको अवस्थासम्म गरिने परम्परागत सामाजिक विधि व्यवहारहरूलाई जनाउँछ। त्यस्ता सामाजिक संस्कारहरूलाई समष्टीगत रूपमा मानव जीवन चक्र (Life Cycle) को जीवन संस्कार पनि भनिन्छ। त्यस्तो जीवन चक्र मानवको जन्मबाट सुरू भई मृत्युबाट अन्त्य हुन्छ। यस किसिमको मानव जीवनको दुईवटा साश्वत सत्य जन्म र मृत्युको बिचमा प्रत्येक व्यक्तिले तीन वटा अवस्थाहरू आफ्नो जीवनमा पार गर्नु पर्ने हुन्छ। ती अवस्थाहरू हुन् :

- वाल्यकाल
- युवा अवस्था र
- प्रौढ ⁄ वृद्ध अवस्था

उक्त तिनवटै अवस्थाहरूमा विभिन्न किसिमका परम्परागत सामाजिक विधि व्यवहारहरूसम्बन्धी विभिन्न कार्यहरू गर्नुपर्ने परम्परा नेवार समुदायमा परापूर्वकालदेखि नै चल्दै आएको पाइन्छ। नेवार समुदायको विभिन्न समूहहरूका सामाजिक संस्कारहरू धेरै वा थोरै मात्रामा केही भिन्नताहरू पाइन्छ। त्यस्तो सबै भिन्नताहरूको विवेचना यस सानो लेखमा गर्नु सहज हुने नदेखिएकोले यस लेखमा नेवार समुदायको स्यस्य⁄श्रेष्ठ समूहमा प्रचलनमा रहेका केही प्रमुख सामाजिक संस्कारहरूको मात्र संक्षिप्त रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ। त्यसरी विश्लेषण गर्ने प्रयास गरिएका सामाजिक संस्कारहरू हुन् :

- बच्चाको जन्मको सन्दर्भमा गरिने संस्कारहरू
- जन्को ⁄ पास्नी
- शिक्षाको प्रारम्भ
- इही (वेल विवाह) र वाह्र तयगु (गुफा राख्ने)
- शुभ उपनयन
- विवाह पद्धति
- बुढो जन्को
- मृत्यु संस्कार

**संस्कारहरू (बच्चाको जन्मको सन्दर्भमा गरिने संस्कारहरू) :**

**धौवजि नकेगु :** धौः (दही) लाई नेवार समुदायले उत्तम सगुनको रूपमा मान्दै आएको पाइन्छ।

कुनै पनि शुभ कार्यमा दही चिउरा खुवाउने चलन नेवारहरूमा रही आएको छ। यसै परम्पराअनुरूप नै विवाहित महिला गर्भवती भएको नौ महिना पश्चात् बच्चा जन्मने समय नजिक आएपछि माइतिघरको तर्फबाट "धौःवजिनक वनेगु" (दहि चिउरा खुवाउन जाने) कार्य गरिन्छ। यसरी दही चिउरा खुवाउन जानको लागि दही, चिउरा, मिठाइ, फलफूल इत्यादिको साथै पुजाको थाली समेत लगिन्छ। यसरी "दही चिउरा" खुवाउन जानुको प्रमुख उद्देश्य हो बिना बिघ्नबाधा शिशुलाई जन्म दिन सकियोस् भनी गर्भवती महिलालाई माइतिघरको तर्फबाट शुभकामनासहित "सगुन" (विशेषतः दही र चिउरा) अर्पण गर्नु।

उक्त दही चिउरा खुवाउन जाँदा गर्भवती महिलाकी आमाले क्रमैसँग निम्न कार्यहरू गर्ने चलन रहेको छ :-

- सुकुन्डामा बत्ती बाल्ने
- सुकुन्डामा रहेको गणेशको मूर्तिमा पूजा गर्ने
- धर्तिमा पदार्पण गर्नको लागि तयारीको अवस्थामा रहेको शिशु र गर्भवती महिलाको कुशल मङ्गल होस् भन्ने कामना गर्दै सगुन (दही र चिउरा) गणेशलाई चढाउने,
- विजय र सफलताको शुभ संकेतको प्रतीक स्वरूप गर्भवती महिलालाई रातो टीका लगाइदिने,
- गर्भवती महिलालाई सगुन (दही चिउरा र अन्य सम्पूर्ण सामग्रीहरू) अर्पण गर्ने र
- अन्त्यमा बिघ्नबाधाको सामना गरी सफलता प्राप्त गर्न सकोस् भन्ने कामना गर्दै अबिर, माला, फूल र अक्षताले गर्भवती महिलाको पूजा गर्ने।

यसरी माइतिघरको तर्फबाट दही चिउरा खुवाउने कार्य गरिए पश्चात् माइतिघरतर्फको आफन्तहरूले पनि दही चिउरा खुवाउन जाने चलन छ। उनीहरूले आ-आफ्नो गच्छेअनुसार दही चिउरा र अन्य सामग्रीहरू लिएर जान्छन् र गर्भवती महिलालाई शुभकामनासहित सगुन दिने गर्दछन्। यसरी दही चिउरा खुवाउन आउने सबैलाई भोजन गराइन्छ।

दही चिउरा खुवाउने कार्य जीवन संस्कारको प्रारम्भिक रूप हो। यसको दार्शनिक र तान्त्रिक पक्षहरू रहेका छन्। यसको दार्शनिक पक्षका विशेषताहरू हुन् :-

- मातृत्व र आफन्तहरूको आत्मियताको प्रदर्शन,
- पारिवारिक मानमर्यादा र सामाजिक व्यवहारको स्पष्ट झलक,
- धार्मिक, सांस्कृतिक, आध्यात्मिक एवं आत्मीय चिन्तन थाहा पाउने, र
- जीवन संस्कारित र सुसंस्कृत भएको कुराको अनूभूति हुने

दही चिउरा खुवाउने कार्यको तान्त्रिक पक्षको विशेषता हुन् :-

गर्भवती महिलालाई दिइने पंचमाकारयुक्त सगुन जसमा "मद्य" (रक्सी), मासु, मत्स्य (माछा), मुद्रा (बारा), मैथुन (फुल/अण्डा) पर्दछन्।

**मचावु व्यंकेगु (शिशु जन्म चोख्याउने):** पहिले पहिले प्रसुतिको लागि अस्पतालमा खासै सुविधा उपलब्ध थिएन। त्यसैले घरमा नै शिशु जन्माउने कार्य दिदी अजी (अनुभवी र पाको सुडिनी) को सहयोगले गरिन्थ्यो। शिशु जन्मेपछि "पि छिके" कार्य भइसकेपछि मामा घरमा शिशुको जन्म भएको खबर पठाउनु पर्दछ। त्यसरी खबर पठाउँदा केही सामानहरू (सिङ्गो सुपारी, चाकु, अदुवा, तामाको पैसा इत्यादि) पनि पठाउनु पर्दछ। शिशुको जन्म भएको छैटौं दिन छोरी जन्मेको भए चौथो दिन) मा मचावु व्यंकेगु कार्य (शिशु जन्म चोख्याउने) कार्य गरिन्छ। यस ६ दिनको अवधिमा देवी देवताको नित्यपूजा र अन्य पूजा केही गर्नु हुँदैन। सुत्केरी महिलालाई यस अवधिमा घ्यू, चाकु, भात र ज्यानोको झोल खान दिइन्छ। त्यस्तै खाजाको रूपमा पनि दिउसो घ्यू, चाकु र चिउरा खान दिइन्छ। माइतिघरको तर्फबाट घिउ, चिउरा खुवाउन जाने पनि चलन रहेको छ र शिशु जन्म चोख्याउने कार्यको सन्दर्भमा निम्न कार्यहरू गरिन्छ :-

- तातोपानीले सुत्केरी महिलाको पुरै शरीर नुहाइ दिने,
- "नौनी" (नापित घरको नङ काट्ने महिला) बाट हात खुट्टाको नङ्ग काट्न लगाइ "अलः" (परम्परागत रातो रंग) खुट्टाको औंलाहरूमा लगाउने।
- दिदी अजीले शिशुलाई राम्ररी नुहाइ दिने,
- आमा र शिशुलाई दिदी अजीले राम्ररी शुद्ध तोरीको तेल मालिस गरिदिने।
- आमा र शिशु दुवैलाई दिदी अजीले "गाजल" (बत्तीको ध्वाँसोमा तोरीको तेल मिसाइ बनाएको) लगाइदिने,
- दिदी अजीबाट अजिमा देवीको पूजा गराइने,
- माइतीघरको तर्फबाट पठाइएको सगुनहरू (दही माछा, मासु, अण्डा, लुगा इत्यादि) क्रमबद्ध तरिकाले मिलाउने र शिशुको आमा र बाबुलाई सँगै राखी उक्त सगुनहरू अर्पण गर्ने
- नजिकको नातेदारहरू र माइतिघरका तर्फबाट आएका पाहुनाहरूलाई भोजन गराउने

**न्हायपं प्वा खनेगु (कान छेड्ने कार्य) :** "न्हायपं प्वा खनेगु" (कान छेड्ने) कार्य दिदी अजीबाट नै गरिन्छ। यसको लागि दिदी अजीलाई पातको टपरीमा चामल राखेर अर्पण गर्नुको साथै दक्षिणा पनि दिइन्छ। तत्पश्चात् निम्न कार्य विधि अपनाइ दिदी अजीबाट कान छेड्ने कार्य गरिन्छ।

- सबभन्दा पहिले अजीमा देवीको पूजा गरिन्छ,
- कालो रंग लगाएको कपासको धागो भएको सियो आगोमा पोलिन्छ,
- सियोलाई सेलाउन लगाइन्छ र सियो सेलाए पछि कानमा प्वाल पर्ने गरी छेड्ने कार्य गरिन्छ।
- शुद्ध तोरीको तेलमा बेसार मिसाएर कान छेडेको प्वालमा राख्ने गरिन्छ।

**मचाबु लहिके यंकेगु (सुत्केरी पालिन जाने) :** सुत्केरी भएको एक महिना पश्चात् माइतिघरबाट सुत्केरी महिलालाई मचावु लहिके यंकेगु (सुत्केरी पाल्न लाने) को लागि लगिन्छ। सुत्केरी पाल्नको लागि लगेको १५ दिन पश्चात् सासु, ससुरा, देउरानी जेठानी र इष्टमित्र सुत्केरी हेर्न जान्छन्। त्यसरी सुत्केरी हेर्न जानेहरूले सुत्केरीको लागि विभिन्न सामग्रीहरू (मासुको परिकार, चिउरा, चाकु, फलफूल, मिठाई इत्यादि) लिएर जाने गर्दछन्। सुत्केरीलाई तीन महिनासम्म विशेषतः क्वाँति, गुडपाख, घिउ, चाकु, चाकुवास, फाकुवास, इत्यादि खुवाउन दिइन्छ। र प्रत्येक दिन शरीरमा तोरीको तेल मालिस गराइ जति सक्दो त्यति शरीरलाई गर्मी हुने गरी राख्ने गरिन्छ। सुत्केरी पाल्ने अवधि सकिए पश्चात् सुत्केरीलाई आफ्नै घरमा लगिन्छ।

**मचा जन्को (अन्नप्राशन/पास्नी) :** छोरी भए चार महिना पुरा भई ५ महिना लागेपछि र छोरा भए पाँच महिना पुरा भई ६ महिना लागेपछि मचा जन्को (अन्न प्राशन/पास्नी) गरिन्छ। यसरी अन्नप्राशन गर्नलाई ज्योतिषबाट उत्तम साइत जुराई दिनुको साथै कुन चाहिँ दिशातिर फर्काएर शिशुको अन्नप्राशन गर्नु पर्दछ भन्ने कुराको समेत निक्यौल गरी लिखितमा नै साइत जुराइदिने चलन रहेको छ। साथै जोतिषबाट नै जन्मकुण्डली (चिना) समेत तयार गरिन्छ। त्यस्तो कुण्डलीमा शिशुको राशी, लग्न, नाम (जन्म कुण्डलीको विशेष नाम) समेत उल्लेख गर्नुको साथै ग्रहसम्बन्धी अन्य विस्तृत कुराहरू उल्लेख गरिएको हुन्छ। अन्नप्राशनको दिनमा नै कुण्डलीको नाम शिशुलाई सुनाइ नामाकरण गरिने भएकोले त्यस्तो संस्कारलाई “न्वारान” पनि भनिन्छ। अन्नप्राशनको लागि शिशुको मामाघरबाट “कु” (सगुनको लागि आफ्नो गच्छेअनुसार मामाघरको तर्फबाट लगिने सामग्रीहरूको सामुहिक नाम) लानु पर्ने भनिन्छ। त्यस्तो “कु” मा विशेषतः अन्य सामग्रीहरूबाहेक, खीर बनाउन आवश्यक सामग्रीहरू, सगुन (अण्डा, माछा, दही, रक्सी इत्यादि), शिशुको लागि लुगा, सुनको औँठी, चाँदीको कलि इत्यादि समावेश गरिएका हुन्छन्।

अन्नप्राशनका सम्पूर्ण कार्यहरू दुई दिनमा गरिन्छ। पहिलो दिनमा घरको सरसफाइ गरिन्छ र दोस्रो दिनमा ज्योतिषबाट प्राप्त साइत अनुसारको उत्तम समयमा पुरोहित (राजोपाध्याय ब्राह्मण) बाट अन्नप्राशन सम्बन्धी निम्नानुसारको सम्पूर्ण कार्यहरू क्रमैसँग गराइन्छ,

- सबभन्दा पहिले शिशुलाई नुहाइ दिने कार्य गरिन्छ।
- तासको वा अन्य किम्मती किसिमको वस्त्र लगाइ दिने।
- खीरलगायत विभिन्न किसिमका परिकारहरू (चौरासी व्यञ्जन) तयार गर्न लगाउने।
- गणेश, इष्टदेवता र कुलदेवताको पूजा गर्ने।
- असर्फी (सुनको सिक्का) वा चाँदीको सिक्का वा चम्चाले परिवारको सबभन्दा “थकाली” (सबभन्दा जेष्ठ पुरुष) बाट शिशुलाई उसको जीवनमा नै पहिलो पटक अन्नको

रसास्वादन गराउन खीर खुवाउन लगाउने।

- पालैपालोसँग परिवार र कुल परिवारको सबै दाजुभाइ बहिनीहरूबाट शिशुलाई खीर खुवाउन लगाउने।
- तत्पश्चात् मामाघरबाट आएकाहरू सबैबाट (हजुरबा, हजुरआमा, मामा, माइजु र अन्य) क्रमैसँग (जेष्ठताको आधारमा) खीर खुवाउन लगाइन्छ।
- खीर खुवाउने कार्य समाप्त भए पश्चात् शिशुको हजुरबा, हजुर आमा, बाबु, आमा, फुपुलगायत परिवारका सबैलाई मामाघरबाट ल्याइएको सगुन दिन लगाउने।
- नयाँ लुगा, गरगहना, खेलौना, माटो (घरखेतको प्रतीक स्वरूप), ईटा, कलम, पुस्तक आदि सामानहरू राखिएको ठूलो किस्ती शिशुलाई देखाउने र शिशुले जुन चिजप्रति आकर्षित भएर छुन्छ वा छुने प्रयास गर्दछ, भविष्यमा शिशुले त्यही चिज सम्बन्धी कार्यमा दक्षता हासिल गर्दछ भने जनविश्वास रहेको पाइन्छ।
- शिशुलाई गणेश (स्थानीय टोलको गणेश) मन्दिरमा लगि गणेशको दर्शन गराउन लगिन्छ र शिशुको साथमा घर परिवारका सदस्यहरू र मामाघरबाट आएका सबै पनि मन्दिरमा जाने गर्दछन् र विधिपूर्वक गणेशको पूजा गरि शिशुलाई गणेश ढोग गराइन्छ।

यस किसिमले शिशुलाई पहिलो पटक अन्न खुवाउने कार्य गर्न गरिने अन्नप्राशनको सम्पूर्ण विधि व्यवहार सकिएपछि सबै पाहुनाहरूलाई भोजन गराइन्छ। आजकाल इष्टमित्र, नाता-कुटुम्बहरू सबैलाई 'डिनर' खुवाउने र त्यसको लागि लाखौँ रूपैयाँ खर्च गर्ने प्रवृत्ति समेत देखा पर्न थालिसकेको छ। जे होस् शुभ अन्नप्राशन्नको दिनदेखि नै शिशुलाई दिन दिनै अन्न खुवाउने कार्य सुरू हुनुको साथै यसै समयदेखि शिशुको जन्ममिति अनुसार जन्मदिन पनि मनाइन्छ। शिशु दुई वर्ष भएपछि 'यःमरि' (तिल मिसाइएको चाकु वा खुवाभित्र राखी चामलको पिठोको बाफबाट बनाइने एक किसिमको लाम्चो रोटी)को माला लगाउन दिई शिशुको दोस्रो जन्म दिन भव्य रूपमा मनाउने चलन रहेको छ।

**आःख स्यनेगु (शिक्षा प्रारम्भ गर्ने) :** वर्षको एक दिन आउने श्री पंचमीको दिनलाई नेवार समुदायले शुभ दिनको रूपमा मान्दै आएका छन्। यस दिनमा विवाह गर्न समेत साइत हेर्नु नपर्ने मान्यता रहँदै आएको छ। यसैले यस्तो शुभ दिनमा नै बालक बालिकालाई सरस्वतीको मन्दिरमा लगी शिक्षाकी देवी सरस्वतीको पूजा गर्न लगाई केही अक्षर लेख्न लगाइ उनीहरूको शिक्षाको आरम्भ गरिन्छ।

**कयता पूजा (शुभ उपनयन कर्म) :** कयतापुजा (शाब्दिक अर्थमा लँगुटीको पूजा) लाई नेपालीमा शुभ उपनयन कर्म भनिन्छ। व्रतबन्ध पनि भनिने यस शुभ उपनयन संस्कार छोराहरूको सन्दर्भमा मात्र गरिन्छ। २, ३ जना दाजुभाइहरू भएमा उनीहरू सबैको एकै पटक यो संस्कारको कार्य

गर्ने प्रचलन पनि रहेको छ। साधारणतया केटा ५ वर्ष देखि ८ वा ९ वर्षको उमेर सम्ममा यो शुभ उपनयन संस्कारको कार्य गरिन्छ।

शुभ उपनयन संस्कारको लागि पनि अन्य संस्कारहरूको सन्दर्भमा जस्तै ज्योतिषबाट उत्तम समयको साइतको निर्क्यौल गराइन्छ। तत्पश्चात् यस संस्कारका सम्पूर्ण कार्यहरू पुरोहित ब्राह्मण (राजोपाध्याय ब्राह्मण) र कर्माचार्य (आचाजु) बाट गराइन्छ।

वैदिक पद्धतिअनुसार गरिनु पर्ने सम्पूर्ण कार्यहरू राजोपाध्याय ब्राह्मणबाट गराइन्छ तान्त्रिक विधिअनुसार गरिनु पर्ने सम्पूर्ण कार्यहरू कर्माचार्यबाट गराइन्छ। शुभ उपनयन संस्कार सम्बन्धी गरिने प्रमुख कार्यहरू क्रमैसँग निम्नानुसार छन् :-

- शुभ उपनयन संस्कार गर्ने दिनको अघिल्लो दिनमा चोख्याउने कार्य गरिन्छ। साथै सोही दिनमा पिण्डको सट्टामा वयर प्रयोग गरी स्वर्गवासी सबै पुर्खाहरूको सम्झनामा राजोपाध्याय ब्राह्मणबाट श्राद्ध गराइन्छ। यस्तो श्राद्धको माध्यमबाट स्वर्गवासी सबै पुर्खाहरूलाई शुभ उपनयनको उपलक्ष्यमा आमन्त्रण गरिएको मानिन्छ। यस्तो श्राद्ध सम्बन्धी कार्य घरको मुली व्यक्तिले गर्दछ।
- उक्त श्राद्धकै दिनमा बेलुका शुभउपनयन कार्य गर्ने वटुकको कपालको मध्यभागमा नवरत्न जडित एउटा औँठीलाई मामाले धागोले बाँधी दिने गर्दछ। यस कार्यलाई 'आङसा चियगु' (टुपी बाँध्ने) कार्य भनिन्छ।
- भोलिपल्ट शुभ उपनयनको दिनमा "नौ" (नापित परिवारको कपाल खौरने गर्ने पुरुष व्यक्ति) बाट ज्योतिषले दिएको उत्तम साइतको समयमा बटुकको कपालको बीच भागमा केही रौ बाँकी राखी अन्य सम्पूर्ण कपाल खौरन लगाइन्छ। र उक्त बाँकी रहेको कपालको बीचको भागको रौं लाई नै टुपी भनिन्छ। कपाल खौरदा आउने सम्पूर्ण रौं बटुकको फुफुले एउटा थालमा थाप्ने गर्दछ। कपाल खौरने "नौ"लाई एउटा ठूलो लड्डु (करिब ५०० ग्रामको) र अन्य दस्तुरहरू दिनु पर्दछ।
- बटुकलाई पिताम्बरको वस्त्र पहिर्‍याइन्छ र लंगुटी लगाइन्छ। साथै बाघको छाला, धनुष, एउटा लौरो, भिक्षा माग्ने दानपात्र झोला, खराउ आदि बटुकलाई दिइन्छ। तत्पश्चात् वैदिक विधिअनुसार पुजा गर्ने कार्य राजोपाध्याय ब्राह्मणबाट गरिन्छ। र आमा-बुबालाई तीन पटक घुमी बटुकले ढोग्छ र त्यसपछि भिक्षास्वरूप अक्षता (चामल), फलफूल, वस्त्र इत्यादि बटुकलाई दिइन्छ। साथै ब्राह्मणबाट मन्त्र सुनाई जनै लगाउन दिइन्छ (यो प्रचलन विशेषतः ६ थरी श्रेष्ठहरूमा रहेको पाइन्छ)।
- बटुकलाई "स्थान गणेश" परिक्रमा गराउन स्थानीय टोलको गणेश मन्दिरमा लगिन्छ र उनको साथमा सबै आफन्तहरू पनि जाने गर्दछन्। गणेशको पूजा गर्नुको साथै गणेशको दर्शन एवं ढोग बटुकबाट गराइन्छ। तत्पश्चात् बटुकलाई सात पाइला बिस्तारै टेक्न लगाइ भाग्ने जस्तो

गर्न लगाउँछ। र मामाले समातेर केही रूपैयाँ दिने चलन रहेको छ।

- तान्त्रिक विधिअनुसार इष्टदेवता (पीठ) को पूजा कर्माचार्यबाट गराइन्छ। यसरी पूजा गर्दा पञ्चबली दिने वा एउटा बोका बलि दिने चलन पनि रहेको छ। यस्तो पूजा गर्दा परिवारजनको अतिरिक्त मामा खलक र दाजुभाइहरूको पनि उपस्थिति रहेको हुन्छ। इष्टदेवताको पूजा समाप्त भएपछि बोकाको गर्दनको मासुको छ्वयला बनाइ सम्यवजी खुवाउने गरिन्छ।
- नाताकुटुम्बहरू विशेषतः मामाघरबाट आएकाहरू, फुपू, विवाहिता दिदी बहिनीहरूले बटुकलाई सगुन (दही, अण्डा, माछा, वारा, लसुन, अदुवा, मासु, मिठाई, वस्त्र आदि) सबै अर्पण गर्दछन्। आमन्त्रित पाहुनाहरूलाई भोज खुवाइन्छ। आजकाल धेरै पैसा खर्च गरेर बेलुका भव्य डिनर दिने प्रचलन बढ्दै आएको पाइन्छ।
- अन्तिममा बेलुका नै कुल परिवारको नजिकको नाता पर्ने दाजुभाइहरू (कर्माचार्य र बटुकलाई समेत सामेल गराइ) "सिकाय भ्वय" भनिने विशेष किसिमको भोज खुवाइन्छ। यस भोजको लागि इष्ट देवतामा बलि चढाइएको बोकाको टाउकोको विभिन्न भागहरू (आँखा, कान, जिब्रो, नाक आदि आठ भाग र पुच्छर समेत ९ भाग) राम्ररी पकाइन्छ र सिकाय भ्वयको अन्त्यमा दायों आँखा वटुकलाई दिइन्छ, जिब्रो नकी (कुल परिवारको दाजुभाइहरूमध्ये सबभन्दा जेष्ठ पुरुषकी पत्नी) मा समर्पण गरिन्छ र अन्य भागहरू क्रमैसँग अन्य दाजुभाइहरूलाई दिइन्छ।

सिकाय भ्वयको अन्तिम चरणमा बटुक र थकाली नायोको केही जुठो नकीं माइजुले एउटा वाटामा राखी घर बाहिर छ्वासय (फोहर सेलाउने चौबाटो/दोबाटो) मा लगेर फ्याकी वाटा पखालेर त्यसमा चोखो पानी राखेर ल्याउनु पर्दछ। र सो पानी सबैलाई पिउन दिइन्छ। वाटालाई घोप्ट्याएर पूजा गरिन्छ। तत्पश्चात् शुभउपनयन संस्कारका सम्पूर्ण कार्यहरू विधिवत रूपमा नै समाप्त भएको मानिन्छ।

शुभ उपनयनको संस्कार भइसके पश्चात् बटुक/केटाले सम्पूर्ण सुतक, आशौच बार्ने कार्य अनिवार्य रूपले गर्नुपर्ने हुन्छ। कारण शुभ उपनयनको संस्कार भइसकेको बटुकलाई वयस्क व्यक्ति मानिन्छ र सबै सामाजिक नियमहरू उसले पालना गर्नुपर्ने हुन्छ।

### इही (वेल विवाह) र वाह तयगु (गुफा राख्ने):

**इही (वेल विवाह) :** नेवार समुदायको बालिकाहरूको "इही" (बेल विवाह) गर्ने संस्कार आर्य संस्कृतिअनुरूप प्रचलनमा ल्याइएको बुझिन्छ। कारण, आठ वर्ष नपुग्दै पार्वतीको विवाह शिवजीसित भएको थियो भन्ने कथनलाई दृष्टिगत गरी आठ वर्षको उमेर भित्र नै वेललाई शिवजीको प्रतीक मानी बालिकाको बेलसित विवाह गर्ने प्रचलन रहेको छ। कहिले पनि केही नहुने शिवजीको प्रतीक बेलसित विवाह

भइसकेपछि बालिका कहिले पनि विधवा हुँदैन भन्ने जनधारणा नेवार समुदायमा रहेको छ। पूर्णरूपले वैवाहिक संस्कारको विधिअनुरूप नै गरिने यस बेलविवाहमा पनि राजोपाध्याय ब्राह्मण, आचाजु (कर्माचार्य) र ज्योतिषको आ-आफ्नो भूमिका रहेको हुन्छ। "इही" गर्दा क्रमैसँग निम्न कार्यहरू गरिन्छ :-

- इहीको दिनको अघिल्लो दिनमा चोख्याउने कार्य गरिन्छ। यसको लागि खुट्टाको नङ काट्न लगाइ नुवाइधुवाइ गराइ सफा सुग्घर गर्ने कार्य गर्दछ। इहीको दिनमा बालिकालाई विवाह गर्दा बेहुलीलाई जस्तै श्रृङ्गार गराइ "इही" पटासी (विशेष किसिमले विशेष जातका व्यक्तिले बिहान केही नखाइ बुनेको सारी) लगाउन दिनुको साथै अन्य गरगहनाहरू समेत लगाउन दिइन्छ।
- वैदिक पद्धतिअनुरूप होम/यज्ञ गराइन्छ।
- बालिकाको बाबुबाट कन्यादान दिइन्छ।

यस किसिमले होम/यज्ञ गरी बेलसित विवाह गरिने कारणबाट नै वास्तविक विवाह गर्दा नेवार समुदायमा होम/यज्ञ गर्नु नपर्ने संस्कारको विकास हुन गएको हो भन्ने भनाइ रहेको पाइन्छ।

"इही" पछि "इही" गर्दाको समयको पटासी र अन्य गरगहनाहरू समेत लगाउन दिई कन्यालाई कुलदेवताको दर्शन एवं पूजा गर्न लगाइन्छ। एउटा बोका वा हाँसको कुलदेवतामा बलिदिइ सो को मासु राखी कुलदेवताको पूजामा सहभागी हुने सबैलाई बेल विवाह गरेको कन्याको तर्फबाट "सम्‍य बजी" खुवाइन्छ। यसरी विधिवत रूपमा कुलदेवताकहाँ पुजा गराइए पछि मात्र कन्यालाई कुलपुत्रीको रूपमा मान्यता दिइन्छ। यसरी बेलविवाह भइसकेको कन्याले जुठो बार्ने, सुतक बार्ने, जुठो नछुने जस्तो सामाजिक प्रचलनहरूको पालना गर्नुपर्ने हुन्छ।

**वाह तयगु (गुफा राख्ने) :** "इहि" गरि सकेपछि र रजस्वला हुनु पूर्व (रजस्वला भएको खण्डमा रजस्वला भएकै दिन देखि) नेवार समुदायको प्रत्येक बालिकालाई "वाह तयगु" (गुफा राख्ने) संस्कार गर्नुपर्छ। यसको लागि सूर्यको प्रकाश र लोग्ने मानिसको अनुहार नदेखिने गरी सबै झ्याल ढोका बन्द गरी एउटा कोठामा १२ दिनसम्म बालिकालाई राख्ने गरिन्छ। यसरी कोठाभित्र भित्र्याइसकेपछि क्रमशः निम्न कार्यहरू गरिन्छ :-

- कोठाभित्र राख्दा एउटा "किशली" (एउटा सलिचामा चामल, एउटा गेडा सुपारी र पैसा राखिएकोलाई किशली भनिन्छ) बालिकालाई ढोगाउनु पर्दछ।
- बालिकाका साथीहरू आई बाह्र दिनसम्म कोठाभित्रै विभिन्न परम्परागत खेलहरू खेल्ने गर्दछन्। यसको लागि विभिन्न सामानहरू (गट्टा, पुतली, इत्यादि) राखिएको हुन्छ।
- बाह्र राखिएको अवधिको छैटौं दिनमा आमा, अजी, फुपू लगायतका आफन्तहरूले "छुस्यामुस्या नकेगु" (भुटेको गहुँ र भटमास खुवाउने) कार्य गर्नु पर्दछ।

यसको लागि भुटेको गहुँ, भटमास, बदाम, बकुला, केराउ, चना, दही, चिउरा, इत्यादि लिएर गई बालिकालाई खुवाउनु पर्दछ।

- “वाहा” राखिएको सातौं दिनमा “कोचिंक सायकेगु” कार्य गरिन्छ। यसको लागि चामलको पिठो, पिना, जौको पिठो, तिलको तेल मुख र शरीरको अन्य भागमा दल्न लगाई श्रृंगार गराइन्छ।
- बाह्रौं दिनमा “वाह पिकायगु” कार्य गरिन्छ। यसको लागि सबभन्दा पहिला नौनीबाट बालिकाको हातखुट्टाको नङ काट्न लगाइ “अलः” (एक किसिमको रातो रंगको परम्परागत पालिस) राख्न लगाइन्छ र नुवाइधुवाइ गराई शुद्ध पारिन्छ। तत्पश्चात् “ज्वाला न्हायक” (परम्परागत लीः तामाको ऐना) देखाइन्छ। राजोपाध्याय ब्राह्मणबाट बालिकालाई सूर्यको पूजा गराइ दर्शन गर्न लगाइन्छ। तत्पश्चात् बालिकालाई बाबु, आमा, फुपूहरूबाट सगुन (दही, माछा, मासु, रक्सी, फलफूल इत्यादि) दिन लगाइन्छ। त्यस्तै आफन्तहरूबाट पनि दुई हात भरी चामल दिइ तीन चोटी ढोग्न लगाइ वस्त्र, चोलो, आदि पनि बालिकालाई दिइन्छ। यस कार्यलाई “बाह्र छुकेगु” भनिन्छ।
- सूर्य दर्शन गराइ “बाह पिकायगु कार्य” समाप्त भएपछि बालिकालाई नजिकका केही नातेदारहरू र “वाह” राखेको समयमा खेल्न आउने साथीहरूलाई भोज खुवाइन्छ।
- अन्यमा बालिकालाई “थायभू” (विशेष किसिमको परिकारहरू तयार गरी विशेष किसिमको थालमा राखी खुवाउने) खुवाउने कार्य गरिन्छ। बालिकाले जुठो गरी केही खाइसकेपछि बाँकी रहेको खानेकुराहरू बालिकाको बुवा वा दाजु जस्ता घरमुलीले कुकुरले नछुने गरी खाली खुट्टामा छ्वासय (फोहोर / कसिङ्गर फ्याक्ने दोबाटो वा चौबाटो) मा फ्याक्न लानु पर्दछ। यसपछि विधिवत रूपमा नै “वाह तयगु” कार्यको सम्पूर्ण कार्यहरू समाप्त भएको मानिन्छ।

कथंकदाचित गुफा बसेकी बालिकाको गुफा बसेकै अवस्थामा मृत्यु भएमा मृत्यु भएकै कोठाबाट घरको तल्लाहरू भत्काएर भएपनि तल छिडीमा लास ल्याइ गाड्नु पर्छ भन्ने मान्यता रहि आएको छ। जे भए तापनि वयस्क हुँदै आएपछि यौन क्रियाकलापप्रति होसियार भइ आफ्नो अस्मिता प्रत्येक केटीले जोगाउनु पर्ने कुराको सन्देश यस गुफा राख्ने परम्परामा लुकेको पाइन्छ।

**इहिपा (विवाह) :** नेवार समाजमा केटा र केटीको इहिपा (विवाह) गर्ने सम्बन्धी सम्पूर्ण कार्यहरूलाई मोटामोटी रूपमा निम्न तीन भागमा विभाजन गर्न सकिन्छ :

- खं कोछिइगु (कुरा छिन्ने)
- ग्वय यंकेगु (सुपारी लाने)
- विवाहया संस्कार यायेगु (विवाहको संस्कार सम्पन्न गर्ने)

**खं कोछियगु (कुरा छिन्ने) :** विवाहको लागि

केटी खोज्ने र प्रस्ताव लाने कार्य दुई किसिमबाट हुन सक्दछ। पहिले केटा पक्षका आफन्तहरूले विवाहको लागि उपयुक्त केटी चयन गरी विवाहको लागि प्रारम्भिक कुराकानी गर्दछ। दोस्रो, कुनै 'लमी' (मध्यस्थकर्ता) मार्फत पनि केटाको लागि उपयुक्त केटी चयन गरी प्रारम्भिक कुराकानीको सुरुवात गरिन्छ।

यी माध्यमहरूमध्ये जुनसुकै माध्यम अपनाएर प्रारम्भिक कुराकानी सुरुवात गरिएको भए तापनि विवाहको लागि औपचारिक प्रस्ताव भने केटा पक्षबाट नै राख्नु पर्ने हुन्छ। त्यस्तो प्रस्ताव केटी पक्षबाट स्विकार गरिएमा गम्भीरतापूर्वक कुरा छिन्ने कार्यको सुरुवात गरिन्छ। जन्मकुण्डली भिडाउने भएमा केटा पक्षले केटीको जन्म कुण्डली लिएर जाने र ज्योतिषबाट जन्मकुण्डली भिडाइ हेरेर मिल्ने भएमा विवाहको कुरा अघि बढाउँछ र यदि जन्मकुण्डली नमिल्ने भएमा विवाहको प्रस्ताव त्यसै टुँगिन्छ। आजकाल जन्मकुण्डली भिडाइ विवाह गर्ने परम्परामा कमि आइरहेको छ। यसको सट्टामा केटा र केटीको भेट गराइ आपसी कुराकानी गराइ दुवैलाई मन परेमा विवाहको कुरा अघि बढाइने प्रवृत्ति धेरै वृद्धि भइरहेको पाइन्छ। यसरी केटा र केटीको भेट गराउने समयमा दुवै पक्षका आफन्तहरू पनि गएका हुन्छन्। यस्तो कार्यलाई "म्हः स्वयगु" (केटी हेर्ने कार्य) पनि भनिन्छ। केटा र केटी दुवैले एक अर्कालाई मन पराएमा र आफन्तहरू (विशेषतः बाबु आमाहरू) लाई पनि विवाहको प्रस्ताव मन परेमा वैवाहिक कार्य गर्नको लागि विशेषतः निम्न विषयवस्तुहरूमा केन्द्रित रही गम्भीरतापूर्वक दुवै पक्षहरूको बिचमा कुराकानी (प्रत्यक्ष रूपमा वा लमी मार्फत) गरिन्छ :-

- विवाह कहिले गर्ने?
- स्वयंवर कहिले गर्ने?
- सुपारी कहिले लाने?
- गहना, लुगा, बाजा कस्तो राख्ने?

उक्त बुँदाहरूमा विस्तृत रूपमा कुराकानी भइ सबै कुराको निक्र्यौल भएपछि नै "खं कोछियगु" (कुरा छिन्ने कार्य) समाप्त हुन्छ।

**ग्वय यंकेगु (सुपारी लाने) :** "खं क्वछियगु" कार्य समाप्त भएपछि औपचारिक रूपमा नै विवाह कार्यको सिलसिला सुरू हुन्छ र यसै सन्दर्भमा सबभन्दा पहिले "ग्वयं यंकेगु" (सुपारी लाने) कार्य गरिन्छ।

सुपारी लानको लागि लाखा, गहना, लुगा (दोपट्टा सारी, ओढ्ने दोसल्ला), फलफूल, दही, माछा, उखु, मिठाइ, रातो सिन्दुर, सुकुन्डा, सिङ्गो सुपारी, अण्टी (नेवार समाजमा अति नै महत्व राख्ने एक किसिमको रक्सी राख्ने चाँदी वा धातुको कलात्मक तरिकाले बनाइएको लामो भाँडो) मा राखिएको रक्सी, सोमा (जाँड राख्ने एक किसिमको माटोको भाँडो) मा राखिएको जाँड, उसिनेर राखेको अण्डा, सिसीमा राखिएको सानो जिउँदो माछा, फलफूल, केक, पुजाको थाली इत्यादि विभिन्न किस्तीहरूमा राम्ररी सजाएर राखी पठाइन्छ। यसरी सुपारी लैजाँदा केटाको तर्फबाट केही आफन्त (दाजु-भाइ, मामा-माइजु, दिदी-बहिनी इत्यादि) र साथीहरू समेत पनि जाने चलन रहेको पाइन्छ। सुपारी भित्र्याइ सकेपछि

केटीकी आमाले निम्न कार्यहरू गर्नुपर्ने हुन्छ :-

- सुकुण्डामा बत्ती बाल्ने र सुकुन्डामा रहेको गणेशको पूजा गर्ने,
- केटीलाई टीका लगाइ दिने,
- सिन्दुर लगाइ दिने
- सगुन दिने (दही, माछा, मासु, अण्डा आदि)
- वस्त्रलगायत अन्य सामानहरू अर्पण गर्ने,
- केक काटी केटीलाई खुवाउने र केटीबाट पनि केक लिइ आफू पनि खाने
- भेला भएका सबै आफन्तहरूलाई पनि केक खुवाउने।

उपरोक्त सबै कार्यहरू समाप्त भएपछि सुपारी लिएर आउने केटा पक्षका सबैलाई भोज खुवाइन्छ। आजकाल "लन्च वा डिनर" नै खुवाउने प्रवृत्तिमा वृद्धि भइरहेको पाइन्छ। यसरी सुपारी ग्रहण गरिसकेपछि केटी पूर्ण रूपमा केटाको नै हुन्छ र कथंकदाचित विवाह संस्कार पुरा हुन अगावै केटी वा केटाको मृत्यु भएमा विवाह भइसकेको जस्तै गरी मृत्युसम्बन्धी सम्पूर्ण कर्मकाण्डहरूको पालना गर्नु पर्ने हुन्छ।

## विवाहसम्बन्धी मुख्य मुख्य कार्यहरू :

**स्वयंवर** : ज्योतिषबाट प्राप्त उत्तम साइतमा स्वयंवर गर्न केटीको घरमा केटा जानु पर्दछ। राजोपाध्याय ब्राह्मणले यस्तो स्वयम्वर गराई दिन वैदिक विधि अनुसार गर्नुपर्ने सबै धार्मिक कार्यहरू गर्दछन्। अन्तिममा केटीले केटालाई तीन पटक परिक्रमा गरी माला लगाइ दिन्छे र केटाको पाऊ ढोग्ने गर्दछे। केटाले सुनको औंठी, सिक्री केटीलाई लगाइ दिन्छ। यसरी स्वयंवरको कार्य समाप्त भएपछि केटासँग गएका केही आफन्त वा साथीहरूलाई भोजन गराइन्छ। यस किसिमले स्वयंवरको कार्य समाप्त भएपछि केही दिन भित्र नै विवाहको सम्पूर्ण कार्य समाप्त गरिन्छ।

**वरियात (जन्त) जाने :** वरियात (जन्त- दुलही लिन जाने कार्य सम्पूर्ण विवाह पद्धतिको एक अति महत्त्वपूर्ण पक्ष हो। यसको लागि दुलाहा पक्षका नजिकका आफन्तहरू र मित्रहरू बिहान दुलाहाको घरमा जम्मा हुन्छन्। वरियात जाने सबैलाई रातो टीका लगाइ दिई रातो फूलसमेत दिने चलनको विकास भएको छ। साथै जम्मा भएका सबैलाई बिहानको नास्तासमेत गराइ पान मसलासमेत दिइन्छ। त्यसपछि राम्ररी सिँगारिएको गाडी वा बग्गीमा बसेका दुलाहासहित बैण्ड बाजाको टोली लिएर वरियात बेहुलीको घरमा जान्छ। त्यसरी वरियात जाँदा पुजाका सामानहरू राखिएको कोत (ठूलो थाली जस्तो परम्परागत भाँडो), ठूलो पानसमा राखिएको ठूलो ठूलो रातो रंगको मैनबत्ती, दुफांगा (दुलही लिएर आउँदा गाडी वा बग्गीमा छोप्ने विशेष किसिमको कपडा), सिङ्गो सुपारीसहितको लिवाटा इत्यादि पनि साथै लिएर जानु पर्दछ।

केटीको घरमा पुगेपछि वरियात आउनेहरूको भव्य रूपमा केटी पक्षका आफन्तहरूबाट स्वागत गरिन्छ। वरियात आउनेहरूमध्ये दुलाहाका नजिकका मुख्य मुख्य

व्यक्तिहरूलाई कोठाभित्र राखी सम्मान गरिन्छ र अन्यलाई बाहिर कुर्सीमा बस्न लगाइन्छ। पहिले पहिले वरियात आउनेहरूलाई पान, मसला, चुरोट आदि दिइ स्वागत गरिन्थ्यो भने आजकाल उक्त पान, मसलाको अतिरिक्त विभिन्न किसिमको मिठाइहरू खुवाएर स्वागत गर्ने चलन पनि विकास भएको छ। तत्पश्चात् बिहानको खानाको रूपमा वरियात आएका सबैलाई "लन्च" खुवाउने चलन पनि प्रचलनमा आइसकेको छ। यसरी वरियात आउनु अगावै नै बेहुलीको घरमा आफन्तहरू र साथी भाइ र छिमेकीहरू सबैलाई आमन्त्रण गरी भोज खुवाइन्छ। आमन्त्रित सबैले दाइजो वा नगद नै उपहारस्वरूप बेहुलीलाई दिने चलन रहेको छ।

**भम्चा पितवियगु (बेहुलीलाई विदा गरी पठाउने)** : वरियातलाई स्वागत गरिए पश्चात् बेहुलीलाई विदाइ गरी दुलाहाको घरमा पठाउने प्रक्रियाको सुरूबाट हुन्छ। सर्वप्रथम विशेष किसिमले सिँगारिएकी बेहुली र दुलाहालाई सँगै राखी दुवै पक्ष (दुलाहा र दुलही) को पुरोहितहरू (राजोपाध्याय ब्राह्मण) बसी दुवैका बाबुहरूलाई सामुन्ने राखी केही धार्मिक अनुष्ठानका कार्यहरू ज्योतिषबाट प्राप्त साइत अनुसारको समय र दिशातर्फ बसी) गरिन्छ। त्यसपछि विदाइको प्रतीकस्वरूप बेहुलीले आफ्नो बाबुआमा र आफन्तहरूलाई सुपारी दिने कार्य गर्दछ। तत्पश्चात् दुलाहा र दुलही सँगै राखी 'थाय भू' (सिन्का सहितको विभिन्न परिकारहरू राखिएको विशेष किसिमको थाली) खुवाइन्छ।

"थाय भू" खुवाउने कार्य समाप्त भएपछि मामाले दुलहीलाई बोकेर गाडीमा राख्न लाँदा दुलहीको बहिनीहरूले बाटो छेक्ने जस्तो गर्दछन् र दुलहाले तिनीहरूलाई केही रूपैयाँ दक्षिणाको रूपमा दिई विदाइ गर्ने चलन रहेको छ। गाडीलाई तीन पटक परिक्रमा गराइ मामाले बेहुलीलाई गाडीभित्र राखिदिन्छ र दुलाहा पनि गाडीभित्र बस्छ। तत्पश्चात् दुलाहाका बाबुले दुफांगा (गाडीलाई छोप्ने विशेष किसिमको वाक्लो कपडा) ले गाडीलाई छोप्ने गरि ओढाइदिन्छन्।

त्यसपछि वरियात आएकाहरू बेहुला बेहुली बसेको गाडीको पछि पछि लागी दुलाहाको घरतर्फ बिस्तारै अघि बढ्दै जान्छन् र स्थान गणेश (स्थानीय स्तरको गणेश) को मन्दिर पुगेपछि एक छिन गाडी रोकिन्छ र बेहुला र बेहुलीपक्षका केही प्रमुख व्यक्तिहरू (विशेषतः दुवै पक्षका पुरोहित ब्राह्मण र बाबुहरू) को बिचमा आपसी कुराकानी हुन्छ। यसरी कुरा गर्दा बेहुलीलाई छोरी जस्तै सम्झी माया गरि राख्ने वचन दिई पीर नमान्न बेहुला पक्षले बेहुली पक्षलाई अनुरोध गर्दछ। त्यस्तै बेहुली पक्षले पनि आफ्नो छोरी अझसम्म पनि परिपक्व भइ नसकेकोले उनबाट केही भूल हुन गएमा माफ गरिदिन बेहुला पक्षलाई अनुरोध गर्दछ। यस्तो कुराकानी गणेशलाई साक्षी राखि गरिएको मानिन्छ। यसपछि चाँदीका केही सामानहरू बेहुलीको बाबुले बेहुलाको बाबुलाई उपहार स्वरूप दिई विदा गरी पठाउँछ। यस पछि वरियात बेहुलाको घरतर्फ अघि बढ्दै जान्छ। वरियात दुलाहाको घर पुगेपछि सबभन्दा पहिले भौमचा दुकायगु कार्य (दुलही भित्र्याउने कार्य) गरिन्छ।

- भौमचा दुकायगु कार्य (दुलही भित्र्याउने कार्य)
- बेहुलीलाई घरभित्र भित्र्याउनको लागि निम्न कार्यहरू गर्नु पर्दछ।
- मूल ढोकाको दायाँ बायाँ पानी भरिएको तामा, पित्तल वा चाँदीको गाग्री राख्नु पर्ने,
- गाग्रीमाथि रातो अबिर छरिएको दहीको कटारो सगुन स्वरूप राख्नु पर्ने,
- बेहुला र बेहुली दुवैलाई उभ्याइ पुरोहित (राजोपाध्याय ब्राह्मण) बाट केही धार्मिक अनुष्ठानका कार्यहरू गराउनु पर्ने,
- चामल वा चिउरा भिजाई बेहुला बेहुलीको टाउकोमा छुवाइ फ्याक्ने कार्य गरी भूतप्रेत पन्छाउन लगाउने।
- सासु हुनेले भोटे तालाको लामो ताल्चा समाउन लगाई घरभित्र "लसकुश" (स्वागत/अभिवादन) गरी भित्र्याउने, यसरी घरभित्र बेहुली र बेहुलालाई भित्र्याइ सकेपछि निम्न कार्यहरू गरिन्छः-
- "होकेंगु"
- दुलाहा दुलहीलाई सँगै राखी स्वयंवर गर्दाकै जस्तो विधि अपनाई विधि व्यवहार गरिन्छ। यसैलाई "होंकेगु" भनिन्छ।
- सुपारी लिने
- परिवारका सदस्यहरू र अन्य आफन्तहरूबाट क्रमैसँग दुलहीका हातबाट सुपारी लिई आ-आफ्नो गच्छेअनुसार दाम राख्ने,
- त्यसरी दाम राखी सुपारी लिने प्रत्येक व्यक्तिलाई दुलहीसित नाता सम्बन्धि परिचय दिने,
- सगुन दिने
- आफन्तहरू (विशेषतः विवाहिता दिदी बहिनीहरू, मामा, फुपू इत्यादि) बाट बेहुला बेहुलीलाई सगुन (दही, अण्डा, माछा, बारा, रक्सी, वस्त्र, फलफूल इत्यादि) दिनुको साथै उपहारस्वरूप केही वस्त्रहरू पनि दिइन्छ।
- थायभू खुवाउने
- विभिन्न किसिमको परिकारहरू एउटा ठूलो "थायभू" भनिने परम्परागत थालमा राखी दुलाहा-दुलहीलाई खुवाइन्छ। यस कार्यलाई नै "थायभू खुवाउने" भनिन्छ।
- इष्टदेवताको पूजा
- यसरी सगुन लिने कार्य सकिएपछि इष्टदेवता (पीठ) कहाँ बोका बलि दिई पूजा गरिन्छ। त्यसपछि आमन्त्रित सबैलाई बेलुका भोज (आजकाल डिनर) खुवाइन्छ।
- सिकाय भ्वयः

यसको अतिरिक्त बेलुका "सिकाभ्वय" (पीठ पूजा गरी बलि दिइएको बोकोको टाउकोको अंगहरू अर्पण गरि खाने भोज) गरिन्छ। यस भोजमा बेहुला बेहुली र नजिकको दाजुभाइहरू सामेल हुन्छन्। बेहुला र बेहुलीको जुठो नकिमाजुले "छ्वासय" (दोबाटो वा चौबाटो) मा फ्याँक्न लगिन्छ। वाटा पखालेर ल्याइन्छ र वाटा घोप्ट्याएर बाटामा पूजा गरिन्छ। यस

पश्चात् विधिवत विवाहको भोजको कार्य सम्पन्न भएको मानिन्छ।

- सपप्याकेगु

दुलही भित्र्याई सकेपछिको चौथो दिन "सपप्याकेगु" कार्य गर्नु पर्दछ। सो कार्यको लागि माइती घरबाट तेल, कों, ठकुपिचा जस्ता श्रृंगारका परम्परागत सामानहरूको अतिरिक्त फलफूल, सिँगो सुपारी, पूजाको थाली र सगुनका सामानहरू (अण्डा, दहि इत्यादि) जस्ता विभिन्न सामग्रीसहितको "क" पठाउनु पर्ने हुन्छ। आजकाल यो चलन प्रायः लोप भइसकेको छ। केही जोशी परिवारहरूले मात्र यस परम्परालाई निरन्तरता दिइ आएको पाइन्छ।

- ख्वास्ववनेगु र जिलाजं दुचायगु (मुख हेर्न जाने र ज्वाइँ भित्र्याउने)

विवाह भएको दुई चार दिनपश्चात् अनुकुल परेको दिनमा दुवै पक्षको सहमतीमा माइतीतर्फबाट "ख्वास्ववनेगु" (मुख हेर्न जाने) कार्य गरिन्छ। यसरी मुख हेर्न जाँदा दुलहाको तर्फबाट पठाइएको सुपारी लाँदाको सामानहरूमा केही थपघट गरी फिर्ता लिएर आउँछन्। यी सबै सामानहरू दुलहीको मुख हेर्ने ठाउँमा सजाएर राखिन्छ। दुलहीको बाबुले पूजा गरी छोरीलाई सगुन दिने, गरगहनाहरू लगाई दिने र वस्त्र आदि दिने कार्य गर्नुको साथै छोरीलाई बाबुले आफ्नो गच्छेअनुसार नगद रूपैयाँ पैसा पनि दिनु पर्दछ (आमा भने मुख हेर्न आउँदा अनुपस्थित रहन्छ)। तत्पश्चात् मुख हेर्न आउने माइतीघरतर्फका सबैले क्रमैसँग दाम/रूपैयाँ राखी दुलही बनेकी आफ्नी छोरीको मुख हेर्ने गर्दछ। त्यसपछि मुख हेर्न आउने सबैलाई भोज (आजकाल डिनर) खुवाइन्छ। अन्तिममा मुख हेर्न आउनेहरूले छोरी र ज्वाइँलाई आफ्नो घरमा लिएर जान्छन् र त्यहाँ "जिलाज दुचाकेगु" (ज्वाइँलाई भित्र्याउने कार्य गरी दुलाहा दुलहीलाई भोज खुवाइन्छ। साथै माइतीतर्फका सबैसित ज्वाइँको परिचय गराइन्छ। त्यसरी परिचय गराउन पनि ज्वाइँको तर्फबाट सुपारी दिने चलन छ।

- कुलदेवताको दर्शन गराउने

विवाह भएको आठ दिनपछि (आजकाल अनुकूल पर्ने गरी। दुलहीलाई कुलदेवताको दर्शन गराउन दुलाहा पक्षका नजिकको केही आफन्तहरूको साथमा दुलहीलाई कुलदेवता स्थानमा लगिन्छ। कुलदेवताको पूजा गरी दुलहीलाई कुलदेवताको दर्शन गराइन्छ र सबै आफन्तहरूलाई प्रसादको रूपमा केही खाने कुरा खुवाइन्छ। यसरी कुलदेवताको दर्शन गराई दुलहीलाई कुलभित्र मिलाएपछि विवाहको सम्पूर्ण कार्य समाप्त भएको मानिन्छ।

- बूढो जन्को (भीमरथारोहण)

नेवार समुदायमा वृद्धहरूलाई सम्मान गर्ने परम्परा रही आएको पाइन्छ। यस परम्पराअनुरूप बढीमा ३ पटकसम्म वृद्धहरूको जन्को (वृद्ध पास्नी) गर्ने चलन रहेको छ। भीमरथारोहण भनिने वृद्ध जन्को (पास्नी) पहिलो पटक ७७ वर्ष ७ महिना ७ दिन र ७ घडीको समयमा गरिन्छ। देवरथारोहन/चन्द्ररथारोहन भनिने दोस्रो पटकको जन्को ८८ वर्ष ८ महिना ८ दिनमा गरिन्छ भने महारथारोहन/दिव्यरथारोहन भनिने तेस्रो पटकको जन्को ९९ वर्ष ९ महिना ९

दिनमा गरिन्छ। जन्को भइसकेको पुरुष वा महिलालाई देवता वा देवी सरह मानिन्छ। तसर्थ तिनीहरूको चित्त दुख्ने गरी केही भन्न नहुने र तिनीहरूले दिएको आशिप वा सराप दुवै लाग्छ भन्ने जनविश्वास रहेको छ।

पहिलो पटक जन्को गर्दा खटमा राखी टोलमा परिक्रमा गराइन्छ। दोस्रो पटक रथमा राखी टोल परिक्रमा गराइन्छ भने अन्तिम पटक जन्को गरिने व्यक्तिलाई झ्यालबाट निकाली खटमा राखी टोल/शहर घुमाइन्छ। तर आजकाल धेरैजसोले घरमा नै खट वा रथमा राखी घुमाइन्छ।

ज्योतिषले दिएको साइतको समयमा वैदिक विधिअनुरूप राजोपाध्याय ब्राह्मणले धार्मिक अनुष्ठानका कार्यहरू गर्दछन्। र आफन्तहरूले जन्को गरेको व्यक्तिलाई सगुन दिने कार्य गर्दछ। तत्पश्चात् आमन्त्रित सबैलाई भोज (आजकाल डिनर) खुवाइन्छ। लोग्ने र स्वास्नी दुवै जीवित भएमा स्वास्नी चाहिँको उमेर नपुगे पनि लोग्नेको उमेर गणना गरी दुवैको जन्को गर्ने चलन रहेको छ।

- सिज्या (मृत्यु संस्कार)

सिज्या (मृत्यु संस्कार) लाई मुख्यतया निम्न तिन भागमा विभाजन गर्न सकिन्छ :-

- जीवनको अन्तिम क्षणमा गरिने संस्कार
- दाहा संस्कार
- दाहा संस्कार पश्चात् गरिने संस्कारहरू

**जीवनको अन्तिम क्षणमा गरिने संस्कारहरू :** - गोबर लिपिएको भुइँमा राख्ने (अर्धजलय तयगु)

जीवनको अन्तिम क्षणमा पुगिसकेको व्यक्तिको शरीरलाई घरको मूल ढोका अगाडि गोबरले लिपिएको भूइँमा तिलकुश छरी राखिन्छ। प्राण त्याग हुनु अघि नदी/कुण्ड/इनारको पवित्र जललाई एउटा वाटा वा थालमा राखी खुट्टा चोपल्ने गरिन्छ। यसरी खुट्टा पानीमा चोपल्ने कार्यलाई “अर्धजलय तयगु” भनिन्छ। यसै स्थानमा “सा-दान” (गाई दान/गौदान) गर्ने पनि चलन छ। यदि मृत्युवरण कुनै १८ प्राण त्याग भइसकेपछि मृत घाटमा हुने भए खुट्टालाई नदीमा डुबाइ राखिन्छ। आत्मा फर्किएर नतर्कियोस् भन्ने हेतुले मृत शरीरको छातीमा एउटा फलामको चक्कु राख्ने चलन रहेको छ।

**दाह संस्कार :** गुठियारहरूलाई भेला गराई शवयात्राको तयारी गराउने

दाह संस्कारमा गुठियारहरू (सी गुठी/सनागुठी/मलामी गुठीका सदस्यहरू) को प्रमुख भूमिका रहेको हुन्छ। मृत्युवरण हुनेबित्तिकै गुठीको पालो परेको व्यक्तिलाई मृत्यु भएको कुराको जानकारी दिइन्छ। त्यसरी गुठीको पालो परेको गुठियारले मृत्युवरणको बारेमा सबै गुठियारहरूलाई खबर गर्ने कार्य गर्नु पर्दछ। तत्पश्चात् सबै गुठियारहरू भेला भइ सामान्य भलाकुसारी र मृत्यु सम्बन्धी कुराकानी गरिन्छ। तत्पश्चात् गुठियारहरूले शवयात्राको लागि निम्न तयारीका कार्यहरू गर्दछन् :-

- बाँसको खट बनाउने,
- नदीको जलले लासको मुख धुने,

- लुगा सबै फुकाली पहेंलो वस्त्र पहराइ दिने,
- महिला भएमा विवाहमा प्रयोग हुने सिन्दुर, टीका, गाजल, लोग्ने भए लोग्नेले र लोग्ने नभए गुठियारहरू मध्ये एक जनाले लगाइ दिने र हातखुट्टा धोइदिने। पुरुष भए हातखुट्टा धोइदिने, टीका लगाइदिनु पर्दछ। यसलाई "म्हगेकेगु" भनिन्छ।
- सी. फांगा (लासलाई ओढाउने ठूलो विशेष किसिमको बाक्लो कपडा। यो कपडा गुठीको नियन्त्रणमा रहन्छ) ओढाउने।
- खटमा लास राख्ने र छोरीबेटीलाई पहेंलो कात्रो लाशमाथि राख्न लगाउने र त्यसरी कात्रे राख्नुभन्दा पहिले उनीहरूलाई रोएर घर आँगनमा भित्र बाहिर गर्न लगाउने र यसलाई "दुख्यये सिख्वयगु" भनिन्छ।
- मृतकको एउटा लुगा र तीनवटा काँचो ईटा काँचो धागोले बेह्री घर बाहिरको छ्वासयमा फाल्न लगाउने र यसलाई "छ्वासय वायगु" भनिन्छ।
- मसानमा दागबत्ती दिन आगो घरबाटै लिएर जाने र त्यस्तो आगो "चाल" भन्ने जातको मानिसलाई बोक्न लगाउने गरिन्छ।

**शवयात्रा :** गुठियारहरूमध्ये शव बोक्ने पालो परेकाहरूले शव उठाउने र बोक्ने कार्य गर्दछन्। उनीहरूले धोती मात्र लगाएर शव बोक्नु पर्दछ। तत्पश्चात् शवयात्रा सुरू हुन्छ। शवमा चामल अबिर, फूल आदिले पूजा गरी शवयात्रालाई विदा गरिन्छ। छोराहरू र अन्य इष्टमित्रहरू लाम लागी मलामी जान्छन्। त्यसरी मलामी जानेहरू खाली खुट्टामा जानु पर्दछ। छोराहरूले सेतो खास्टो ओढेर रोएर जाने चलन छ। शवयात्राको सन्दर्भमा निम्न कार्यहरू गरिन्छ :-

- बाटोको दोबाटो र चौबाटोमा घण्टी बजाउँदै जाने।
- गरूडपुराणअनुसार शवयात्रा गर्दा बाटोमा बसिराखेको भूतप्रेत, पिशाच आदिलाई पिण्डदानस्वरूप अबिर, फूल, पैसा छर्दै जाने,
- माटोको भाँडामा गोबरको सुकेको गुइठा बालेर लाने,
- बाँसको दुईवटा भाँडाहरूमध्ये एउटामा गंगाजल र अर्कोमा गाइको दुध राख्ने र लिएर जाने,
- टपरीमा घिउ, श्रीखण्ड, फुश्रो चामल, सिन्का, धुपदिप लिएर जाने,
- मृतकको मृत्यु पंचक तिथिमा पुरेको भएमा रातो, कलेजी, पहेंलो, सेतो र निलो पंचरंगी पुतली बनाएर दिपमा लिएर जानु पर्छ। यदि पुतली पाउन नसकिएमा पाँचवटा कुखुराको अण्डा राखी लाससित दाहसंस्कार गर्नुपर्छ। अन्यथा मृत्यु हुनेको परिवारका सदस्यहरूमध्ये पाँच जना नै क्रमैसँग मृत्यु हुने जनविश्वास रहेको छ।
- विवाह भइसकेका छोरी/चेलीहरू "छ्वास फ्याक्ने" ठाउँसम्म मात्र शवयात्रामा सामेल भई घर फर्कनु पर्छ र छोराहरू, गुठियारहरू र अन्य पुरुष मलामीहरू घाटसम्म नै शवयात्रामा सहभागी हुनु पर्छ।

- बुहारी र छोरीले मृतकको लुगा र निजले प्रयोग गरेको परालका चकटी छ्वासमा फ्याक्नु पर्दछ। यसकार्यलाई "छ्वासय वायगु" भनिन्छ।
- शवयात्रामा मृतकको लास अगाडि अगाडि नायखिं बाजा बजाउनेहरू, गुइठाको आगो समात्नेहरू, चिराग समाउने र मन्त्रोच्चारण गर्ने व्यक्तिहरू हुन्छन् भने पछाडि अरूहरू हुन्छन्।
- शवयात्रा सुरु भइसकेपछि घर भित्रदेखि बुहारीले कुचो लगाइ "पिखालखु" सम्म धुलोलाई बटुलेर छ्वासयमा फ्याक्ने गरिन्छ। यस कार्यलाई 'पिखावायगु' भनिन्छ।
- कृयापुत्रले काँचो इटामाथि बत्ति बालेर "छ्वासय" देवता कहाँ रुवाबासी गरेर फाल्न जानु पर्छ।
- शवयात्रामा अबिर, फूल, धान, पैसा छर्दै चिराग वाली शवयात्रा गरिन्छ।

**मीः तयगु (दाहसंस्कार) :** मृतकको शवलाई घाटमा पुऱ्याइसकेपछि शवयात्रा टुङ्गिन्छ। गुठियारहरूले दाउराको तिनतल्ले चिता बनाउँछन्। तत्पश्चात् लाशलाई चितामा राखिन्छ र निम्न कार्यहरू गरिन्छ :-

- अन्तिम विदाइस्वरूप सबै नातेदार, गुठियार र मलामी आउनेहरूले क्रमैसँग गंगाजल खुवाउने,
- दागबत्ती दिने व्यक्तिले असारे छाताको पात (कुसा लप्ते) मा चिउराको भुसको पिण्ड दिने। यो प्रथा आजकाल प्रायः लोप भइसकेको छ।
- मृतक बाबु भए जेठो छोराले र आमा भए कान्छो छोराले मुखमा अग्नी राखी अग्नि संस्कारको (दागबत्ती दिने) कार्य गरिन्छ। लासको मुख अथवा शिरमाथि कपुर, घ्यू, श्रीखण्ड राखी दागबत्ती दिई, कृयापुत्रले आगो हालिसकेपछि कृयापुत्रले मृतकको खुट्टामा ढोग्ने कार्य गर्दछ।
- तत्पश्चात् गुठियारहरूले लास जलाउने कार्य गर्दछन्।
- दागबत्ती दिने व्यक्तिले कसैलाई छुनु हुँदैन।
- लास पूर्णरूपले जलिसकेपछि भष्म भएको खरानीको मान्छेको आकृति बनाइन्छ र रिट्ठाको दुईवटा आँखा र कौडाको मुख बनाइन्छ र सो मूर्तिलाई नदीमा बगाइन्छ।
- अस्तु "पाला" भित्र राखी नदीमा दबाइन्छ।
- चिताको आगोमा गाईको दूध चढाइन्छ र चिताको सबै खरानी, काठ इत्यादि नदीमा फ्याक्ने कार्य गरिन्छ।
- खाली चितामा अबिर अक्षताले पूजा गरिन्छ।
- घर फर्कनु अघि घाटमा सबैले नुहाइधुवाई गर्नुपर्छ।
- च्यो (लास जलाउने जातका मानिस) ले आगो र पानी हातले समाती घरभित्र लाने चलन छ।

- घरमा आउनेहरू सबैलाई चिउरा, नून, अदुवा, मिठाइ राखी खुवाउन छोरीहरू आउछन्। यसलाई “चिपथिकेगु” भनिन्छ।

**दाहसंस्कारपश्चात् गरिने कार्यहरू :**

- विचा हनेगु (सान्त्वना/समवेदना दिन आउनेको कुरा सुन्ने)

सबै गुठियारहरू भोलिपल्ट बिहान नै मृतकको घरमा गई मृत्यु हुनाका कारणको बारेमा सोधपुछ गर्नुको साथै मृतकको सम्पूर्ण परिवारलाई सान्त्वना एवं समवेदना प्रकट गर्दछन्। त्यस्तै अन्य नातेदारहरू र मित्र एवं साथीहरू पनि सान्त्वना एवं समवेदना दिन आउने गर्दछन्। गुठियारहरूबाहेक अन्यले १० दिनभित्र जहिले गएर सान्त्वना र समवेदना दिन गए पनि हुन्छ।

- दुःखय च्वनेगु वा क्रिया च्वनेगु (दुःखमा बस्ने वा दशक्रियामा बस्ने)

मृतकका छोराहरूले दुइवटा संस्कारहरू (दुःखमा बस्ने वा क्रिया बस्ने) मध्ये एउटा संस्कारको कार्य गर्नुपर्दछ। साधारतया सबै राजोपाध्याय ब्राह्मणहरू र स्यस्य/श्रेष्ठहरू (विशेषतः ६ थरी श्रेष्ठहरू) को हकमा क्रियामा अनिवार्य रूपले मृतकका छोराहरू बस्नु पर्ने परिपाटी रहिआएको छ। अन्य श्रेष्ठहरूले क्रिया बस्नु गाह्रो हुने भएकोले दुःखमा बस्ने कार्य गर्दछन्। परम्पराअनुसार भन्ने हो भने तिनीहरूले पनि क्रियामा बस्नु अनिवार्य छ। दुःखमा बस्ने कार्य गदां निम्न कार्यहरू गर्नु पर्दछ :-

- १० दिनसम्म कसैले नछुने गरी धोती लगाइ अलग्गै बस्ने,
- कसैले पनि छोएको नखाने र आफैले पकाइ खाने वा फलफूलहरू मात्र खाने,
- १० दिनसम्म कपाल नखौरी सेता कपडाले कपाललाई बेरेर राख्ने। नङ पनि नकाट्ने, (यसबाट दुःख प्रकट गरेको संकेत जनाउँछ)

क्रिया बस्दा निम्न कार्यहरू गर्नुपर्दछ :-

- प्रत्येक दिन क्रियापुत्रले खालि खुट्टामा नदीमा गएर नुहाउने र भात पकाई भातको सिताको पिण्ड बनाई श्राद्ध गर्ने,
- श्राद्ध गर्नको लागि राजोपाध्याय ब्राह्मणलाई नदीमा नै बोलाउने,
- नुहाइधुवाइ गरिसकेपछि ‘टाँफ’ (पानी राख्ने घडा) मा पानी भरेर बाटोमा छर्कंदै घर फर्कने
- कृयापुत्रले कसैले नछुने गरी अलग्ग बस्ने,
- आफैले पकाएर खानुपर्ने र भाँडाकुँडा सबै आफैले सफा गर्नुपर्ने अरू कसैले छुन नहुने,
- नुन बार्नु पर्ने
- कपाल सेतो कपडाले बेरेर राख्ने,
- १६ अध्यायमा विभक्त गरिएको गरूडपुराण ब्राह्मणबाट वाचन गराउने।

**“लोकचा” भ्वय खुवाउने :** मृत्यु भएको चौथो दिनमा साँझ नजिकका नातेदार, दाजुभाइहरूलाई बोलाई सामान्य खालको भोज खुवाउने चलन

छ। यस भोजमा चिउरा, दही, एकथोक तरकारी, साग, केराउको वारा, केराउ भिजाई पिसेर बनाइएको अचार (कसु अचार) र केही मिठाइहरू मात्र खुवाइन्छ। यस लोकचा (जनजिब्रोमा लोचा पनि भनिने) भ्वय भनिन्छ।

उक्त दिन देखि ९ दिनसम्म छोरीबेटीहरू र अन्य आफन्तहरूले विचा जाने भन्ने व्यवहार गर्दछन्। यसको लागि चिउरा (२ देखि ४ पाठी), सागसब्जी, केराउ वा योरी (१ देखि २ माना) चिनी, सख्खर (१ पाउ जति), केराउको बारा (१५ वटा जति), केराउकै अचार, दही लिएर विशेषतः छोरीबेटीहरू जान्छन्। आजकाल विचा वनेगुको लागि आवश्यक पर्ने सामानको सट्टामा नगद नै दिने चलन पनि चलिसकेको छ।

**न्हैन्हुम्हा :** आ-आफ्नो कुलको चलनअनुसार सातौं (कसैकसैले पाँचौ दिन गर्ने गरिएको) दिनमा न्हैन्हुम्हाको कार्य गर्नुपर्दछ। यस दिनमा विवाहिता छोरी वा छोरीहरूले नुहाइधुवाइ गरी चोख्याएर भात, थरिथरिका दाल, तरकारी, माछा, (जिउँदो नारेको), मासु, सातवटा अण्डा, मिठाइ, मासु, फलफूल, दही आदि तयार गर्दछन्। त्यसरी तयार गरिएको सामानहरूलाई टपरीमा राखी सात भाग बनाइन्छ। एक भाग खोलामा कागको लागि समर्पण गरिन्छ। यसलाई "कोःजा" र बाबुको मृत्यु भएकोमा दही खान नहुने चलन रहेको छ। बरखी बारेको वर्ष र त्यसपछिको एक वर्षसम्म मृतकको घरमा निम्न कार्यहरू गरिन्छ।

- प्रत्येक महिना मासिक श्राद्ध गर्नु पर्दछ र प्रत्येक पटक श्राद्ध गर्दा ब्राह्मणलाई केही वस्तु दान र दक्षिणा दिनु पर्छ।
- मृत्यु भएको ४५ दिनमा लत्याको श्राद्ध गरिन्छ।
- ६ महिनामा पनि श्राद्ध गरिन्छ। त्यसरी श्राद्ध गर्दा नातेदारहरूलाई भोज खुवाउनु पर्दछ।
- एक वर्षपछि गरिने श्राद्धलाई दकिला भनिन्छ। सोही दकिलाको दिनमा सेतो लुगाको सट्टा अन्य साधारण लुगाहरू छोराहरूलाई लगाउन दिइन्छ। आफन्तहरूलाई भोज खुवाइन्छ।
- दुई वर्षको श्राद्ध समाप्त भएपछि पितृहरू आ-आफ्नो लोकतर्फ देवता भएर जान्छन् भन्ने जनविश्वास रहेको छ। अतः दोस्रो वर्षको श्राद्धलाई पनि अति महत्त्वपूर्ण कार्यको रूपमा लिइन्छ।

माथि उल्लेखित सबै कार्यहरू गर्नुको प्रमुख उद्देश्य हो मृत्यु भएर देह छोडेको आत्मा ईश्वरमा लीन हुन पाओस् भन्ने कामना गर्नु हो। आजकाल नेवार समुदायमा मृत्युसम्बन्धी संस्कारहरू गर्न

निकै कठिन हुँदै गइरहेको छ। च्यो, चाल, कुश्ले, नाउ, भा जस्ता जातका मानिसहरूले आ-आफ्नो परम्परागत कार्य प्रायः छोडिसकेका छन्। त्यस्तै पितृ सम्बन्धी कार्यमा ब्राह्मण, जोशी र आचार्यहरूले पनि त्यतिको चासो लिँदैन। साथै धेरै पटक भोज खुवाउनु पर्ने भएकोले आर्थिक दृष्टिकोणबाट समेत निकै कठिनाइ हुँदै आइरहेको छ।

नेवारहरूमा एक आपसमा सहयोग गर्नुपर्ने संस्कारमा मृत्यु संस्कार पनि पर्दछ। माथि उल्लेख गरिए झैं मृत्यु संस्कारमा विभिन्न जातका मानिसहरूको सहभागिता रहने परम्परा छ। यस्तो परम्पराको जग मध्यकालीन नेपालका एक जना प्रख्यात राजा जयस्थिति मल्लले राखेका थिए। उनले जातीय व्यवस्था गरी प्रत्येक व्यक्तिले आफ्नो जातअनुसारका पेशा अपनाउनु पर्ने र जातअनुसारकै कर्म गर्नुपर्ने र नेवार समाजमा मृत्यु हुने बेलामा विभिन्न जातका मानिसहरूले सहयोग गर्नुपर्ने व्यवस्था समेत गरेका थिए र त्यसरी सहयोग नगर्नेलाई दण्ड सजाय गर्ने व्यवस्था समेत गरिएको थियो। हाल यस व्यवस्थाको व्यावहारिकरणमा धेरै शिथिलता आइसकेको छ। यो एउटा यथार्थता हो। तथापि मृत्यु संस्कारहरू सम्बन्धी परम्परा धेरै हदसम्म वर्तमान अवस्थामा पनि पालना गरिदै आइएको पाइएको छ।

**उपसंहार :** नेवार समुदायमा एउटा व्यक्तिको जन्मदेखि मृत्युको समयसम्म विभिन्न किसिमका संस्कारहरू गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ। यस्ता संस्कारहरूमध्ये कुनै खुसियालीसित सम्बन्धित संस्कारहरू (जन्म, विवाह इत्यादि) छन् भने कुनै दुःखको समयमा गरिने (विशेषतः मृत्यु हुँदाको समय) गरिने संस्कारहरू छन्। समग्रमा ती सबै संस्कारहरूको सूक्ष्म विश्लेषण गरिएमा ती सबैमा प्रशस्त मात्रामा औचित्यता पाउन सकिन्छ। तथापि वर्तमान समयको परिवेशमा ती संस्कारहरू अति खर्चालु किसिमको हुनुको साथ् साथै निकै समय लाग्ने किसिमको रहेको पाइन्छ। अतः यस पक्षलाई दृष्टिगत गरी आवश्यक परिमार्जन एवं सुधार गर्दै लानु पर्ने आवश्यकता पनि तड्कारो रूपमा रहेको छ भन्न सकिन्छ। समग्रमा नेवार एउटा आदिवासी र जनजाति मात्र नभई एउटा "राष्ट्र" कै रूपमा विद्यमान रहेको र यसको आफ्नै जातीय व्यवस्थाको परम्परा कायम रहनुको साथै आफ्नै लामो इतिहास र सत्ता एवं शासन सञ्चालनको अनुभव रहेको छ। यसको अतिरिक्त यसको आफ्नै भाषा, लिपि, साहित्य, कला, संस्कृति, सभ्यता र आफ्नै जीवन संस्कारहरू समेत हालसम्म पनि प्रचलनमा रहेका छन्।

❑

(साभार : नेपालका नेवारहरू : पहिचान र पृष्ठभूमि, वि. सं. २०७४)

# मत्स्येन्द्रनाथ : कामरूपको बिरासतदेखि नेपालको संकट मोचनसम्म

**डा. विधुप्रकाश कायस्थ**
काठमाडौं।

काठमाडौं उपत्यका परापूर्वकालदेखि चामल, गहुँ, दालजस्ता अन्नका साथै बिभिन्न थरीका सागसब्जी र फलफूल उत्पादन हुने हराभरा उपत्यकाको रूपमा प्रख्यात छ। तर १२ वर्ष लामो भीषण सुख्खाले उपत्यकाको अनुकूलन क्षमतालाई चुनौती दिंदा कृषि, व्यापार र खाद्य सुरक्षा गम्भीर असर पुऱ्यायो। यस कठिनाइको बीच वर्षा ल्याउने गुरु मत्स्येन्द्रनाथ आशाको प्रतीक बनेर उभियो। उनको उपस्थिति विश्वास, सामुदायिक अनुकूलन र पर्यावरणीय स्थिरता बीचको गहिरो सम्बन्धलाई देखाउँछ। आजको जलवायु संकटको लागि सान्दर्भिक पाठ प्रस्तुत गर्दछ।

**मत्स्येन्द्रनाथ : संकटका बीच आशाको प्रतीक**

एक हजार वर्ष पहिले काठमाडौं उपत्यकामा मनसूनको आगमन नहुँदा असामान्य रूपमा सुख्खा र नदीको स्तरको क्रमशः ह्रासले गम्भीर संकट उत्पन्न भयो। सुरुमा मानिसहरूले पहिलेकै जस्तो अनुकूलन गरे। सुख्खा बर्षौंसम्म लंबिदा अवस्था गम्भीर बन्यो। खेत बंजर भए। खोलाहरू सुक्न थाले। जल स्रोतहरू पनि सुक्न थाले। निराशा बढ्न थालेपछि मानिसहरूले दैविक मद्दतको खोजी गरे। उनीहरूको प्रार्थना एक पूजनीय तांत्रिक साधु र वर्षा र सहकालका देवता मत्स्येन्द्रनाथले सुने। किंवदन्तीअनुसार नेपालमा मत्स्येन्द्रनाथको आगमन आध्यात्मिक अगुवाहरू र राजाले मिलेर गराएका थिए। उनको धार्मिक पहिचानमा हिन्दू र बौद्ध दुवै धर्मका अंश थिए। तिनीलाई सबैलाई एक ठाउँमा ल्याउने शक्ति बनायो र मानिसहरूलाई उद्धारको मार्गमा जोड्न मद्दत गऱ्यो। उनका आगमनले केवल दिव्य हस्तक्षेपको प्रतीकका साथै सामूहिक काम र अनुकूलनको महत्त्व पनि देखायो।

मत्स्येन्द्रनाथलाई नेपालमा मच्छेन्द्रनाथ करुणामय र बुंगद्यो पनि भनिन्छ। मत्स्येन्द्रनाथका लागि गरिएका अनुष्ठानले वर्षा ल्यायो। उपत्यकाको कृषि प्रणाली फेरि सुरु भयो र जीवन सामान्य बन्न थाल्यो। सूखाले गहिरो असर छोड्यो र यसले समुदायलाई प्रकृतिसँगको आफ्नो सम्बन्धमा पुनः सोच्न बाध्य बनायो। यो ऐतिहासिक घटनाले जलवायु परिवर्तनसँग जुझ्नको महत्त्वपूर्ण पाठ दिन्छ। समाजहरूले केवल प्राकृतिक प्रकोपको सामना गर्नु मात्र होइन,

त्यसका लागि तयारी र अनुकूलन पनि गर्नुपर्छ। प्राचीन नेपालमा आध्यात्मिक उपायमा निर्भरता, जलवायु चुनौतीहरूलाई समाधान गर्न सामूहिक एकता, नेतृत्व र दीर्घकालीन स्थिरताको महत्त्वलाई उजागर गर्दछ।

## मत्स्येन्द्रनाथ र परागण संकट :

मत्स्येन्द्रनाथको जलवायु अनुकूलनता र वर्षासँगको सम्बन्ध केवल वर्षासम्म सीमित छैन। अर्को किंवदन्तीअनुसार, राजा गुणकामदेवको शासनकालमा कृषिमा संकट आएको थियो। त्यो समयमा धानका दाना परागण गर्न असफल भएका थिए। यो आधुनिक परागण संकटको समस्यासँग मेल खान्छ जहाँ भँवरा र कीटहरूद्वारा गरिने परागसेचनको अभावमा विश्वव्यापी खाद्य उत्पादनलाई खतरा पुऱ्याउँछ। यस समस्याको समाधान गर्न तान्त्रिकहरूले मत्स्येन्द्रनाथको आगमनसँगै आसामबाट कृषि विशेषज्ञ ल्याएर उपत्यकामा उन्नत धान खेतीका तरिका प्रस्तुत गरेको अनुमान गर्न सकिन्छ। आसामबाट नेपालमा मत्स्येन्द्रनाथको आगमन भंवराको रूपमा भएको किंवदन्तीले पनि यो अनुमानलाई पुष्टी गर्दछ। यस ज्ञान आदानप्रदानले सांस्कृतिक र कृषि प्रगतिको वृद्धि गऱ्यो। आज जलवायु परिवर्तनको चुनौतीलाई समाधान गर्नका लागि विश्वव्यापी सहयोग आवश्यक छ। मत्स्येन्द्रनाथको आगमन विज्ञान, विश्वास र पर्यावरणीय ज्ञानको मिलनको प्रतीक थियो। यसले जलवायु संकटको समाधानका लागि विविध दृष्टिकोणहरूको आवश्यकता दर्शायो। आज पनि रातो मत्स्येन्द्रनाथ जात्रामा भंवराको उपस्थितिलाई एक शुभ संकेतको रूपमा लिइन्छ।

## मत्स्येन्द्रनाथको धरोहर :

मत्स्येन्द्रनाथको कथा केवल एक ऐतिहासिक वृत्तान्त नभएर एक निरन्तर परम्परा हो जसले अनुकूलन, एकता र अनुकूलनको पाठ दिन्छ। नेपालका सबैभन्दा महत्त्वपूर्ण चाडहरूमध्ये एक रातो मच्छिन्द्रनाथ जात्राले प्रचीनकालमा भएको उपत्यकामा बाँच्नका लागि गरिएको संघर्षको सम्झना गराउँछ। यो चाड धार्मिक पर्व मात्र नभएर जलवायु अनुकूलनताको प्रतीक हो। यसले सामूहिक क्रियावली र विश्वासको महत्त्वलाई उजागर गर्छ। जस्तै प्राचीन नेपालले वर्षाका लागि मत्स्येन्द्रनाथसँग मद्दत मागेको थियो, आजको संसारलाई जलवायु परिवर्तनकालाई झेल्न वैज्ञानिक अनुसन्धान, स्थिर अभ्यास र विश्वव्यापी सहयोग आवश्यक छ।

## जलवायु परिवर्तनको सामु अनुकूलनता :

प्राचीन काठमाडौं उपत्यकामा १२ वर्षको सुख्खा र मत्स्येन्द्रनाथको हस्तक्षेपका घटनाले आज पनि महत्त्वपूर्ण शिक्षा दिन्छ, विशेष गरी अहिलेको समयमा जब हामी जलवायु परिवर्तनका कारण गम्भीर वातावरणीय समस्याहरूको सामना गर्दैछौं। काठमाडौं उपत्यका एक समय समृद्ध कृषि क्षेत्र थियो। त्यहाँको इतिहासले आजका चुनौतीहरूसँग धेरै समानता राख्दछ।

जलवायु परिवर्तनले कृषि उत्पादनमा परिवर्तन ल्याएको छ र यसले खाद्य सुरक्षा संकट उत्पन्न गरेको छ। सुख्खा, असामान्य मौसम र बदलिँदो वर्षा ढाँचाले कृषिको भविष्यलाई चुनौती

पुऱ्याएको छ। यसबाट बच्नको लागि सतत कृषि प्रणालीको आवश्यकताको महत्त्व बढेको छ।

अनुकूलन फसलहरूको प्रयोग र विविधतामा जोड दिनु आवश्यक छ, जसले विभिन्न मौसमीय अवस्थाहरूमा पनि उत्पादन गर्न सकियोस्। पारम्परिक कृषि ज्ञानको संरक्षण र सुधार पनि महत्त्वपूर्ण छ, जसले स्थानीय समुदायलाई उनीहरूको परम्परागत कृषि विधिहरूमा आधारित समाधान दिन्छ। सिंचाइ प्रणालीको सुधार गरेर पानीको सदुपयोग र व्यवस्थापनलाई अझ प्रभावकारी बनाउनु, कृषि उत्पादनमा सुधार ल्याउनको लागि आवश्यक छ।

**आपतकालका लागि पूर्व तयारी ः**

जलवायु परिवर्तनले निम्त्याउने प्रकोपहरूको तयारीमा धेरै ध्यान दिनुपर्ने आवश्यकता छ। विशेषगरी पानी व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु अत्यन्त महत्त्वपूर्ण छ। यसका लागि जलाशयहरू, तलाउ र नहरहरूको मर्मत र पुनर्निर्माण गर्नु, साथै प्रभावकारी सिंचाइ प्रणालीहरू निर्माण गर्नु आवश्यक छ। यसले पानीको स्रोतको अनुकूलनतापनलाई बढाउँछ र सुख्खा र बाढी जस्ता घटनाहरूको सामना गर्न सहारा दिन्छ। जलवायु-अनुकूलन संरचनाहरू बनाउनु पनि अत्यन्त आवश्यक छ। घर, भवन, सडक, पुल जस्ता संरचनालाई प्राकृतिक प्रकोपको सामना गर्न सक्ने गरी निर्माण गर्न आवश्यक छ। यी संरचनाहरू दीर्घकालीन स्थिरतामा योगदान पुऱ्याउँछन्। खाद्य सुरक्षा सुनिश्चित गर्नको लागि स्थानीय आपूर्ति च्यानल र कृषि प्रणालीलाई मजबुत पार्नु पनि महत्त्वपूर्ण छ।

**सामुदायिक एकता ः**

जलवायु परिवर्तनका कारण उत्पन्न भएका संकटहरूको सामना गर्दा, सामूहिक क्रियावली र समुदायको एकता अत्यन्त महत्त्वपूर्ण छ। प्राचीन काठमाडौं उपत्यकामा जब मत्स्येन्द्रनाथको हस्तक्षेपले संकटको समाधान गऱ्यो, त्यतिखेर समुदायको आपसी विश्वास र सहयोगको ठूलो भूमिका थियो। आजका समयमा पनि, स्थानीय नेतृत्वको भूमिका महत्त्वपूर्ण छ। समुदायका सदस्यहरूले एकजुट भएर संकटको समाधानका लागि साझा प्रयास गर्नुपर्छ। सांस्कृतिक संरक्षण र पर्यावरणीय विश्वासको आधारमा काम गर्नाले जलवायु संकटका समाधानहरूलाई दीर्घकालीन बनाउन मद्दत पुऱ्याउँछ।

अन्ततः प्राचीन काठमाडौं उपत्यकाको अनुभव र मत्स्येन्द्रनाथको हस्तक्षेपले यो देखाउँछ कि जलवायु परिवर्तनका चुनौतीहरूलाई सामना गर्न एकल प्रयासको सट्टा बहु-आयामिक र सामूहिक समाधान आवश्यक छ। यी समाधानहरू केवल वातावरणीय सुधारमा होइन, समाजको सामाजिक, सांस्कृतिक र आर्थिक सुदृढीकरणमा पनि योगदान पुऱ्याउँछन्।

समृद्धि पाउनका लागि अनुकूलनताको निरन्तर अनुसन्धान र उपयोग गर्न आवश्यक भएको मत्स्येन्द्रनाथको कथाले बलियो सन्देश दिन्छ। उनका उपदेशहरूले सन्तुलन, करुणा र प्रकृतिको साथमा जीवन जिउनको महत्त्वलाई प्रकट गर्छन्, र भविष्यका पिढीलाई मार्गनिर्देशन गर्छन्-

- प्राकृतिक चक्रको सम्मान गर्नु र दिगो जीवन यापन गर्नु।
- पर्यावरणीय समस्यामा आध्यात्मिक र

वैज्ञानिक दृष्टिकोणको अपनाउनु।

- समुदायको अनुकूलन क्षमतामा एकता र साझेदारी जिम्मेवारीमार्फत बल पुऱ्याउनु।

मत्स्येन्द्रनाथको किंवदन्ती केवल वर्षा र संकट मुक्तिको कथा होइन। यो जलवायु परिवर्तनको सामना गर्न अनुकूलनताको ब्लूप्रिन्ट पनि हो। पर्यावरणीय संकटको सामना गर्नका लागि उनको कथा नेपाल र विश्वका लागि आशाको किरण हो।

**नेपालमा आस्था, परम्परा र रातो मच्छिन्द्रनाथ जात्रको कथा :**

लिच्छवी कालको इतिहासमा, भाषा वंशावलीमा उल्लेख गरिएअनुसार राजा नरेन्द्रदेवले ७०० देखि ७३३ ईस्वी सम्म शासन गरे। उपलब्ध शिलालेखहरूको आधारमा, राजा नरेन्द्रदेव ७६० विक्रम संवत् अघिका एक मात्र चिह्नित राजा हुन्।

राजा नरेन्द्रदेवको समयमा, चिनियाँ यात्री सुआनजाङले ७०० देखि ७१४ विक्रम संवतको बिचमा नेपाल हुँदै भारतको यात्रा गरेका थिए। सुआनजाङले समकालीन राजा नरेन्द्रदेवको वर्णन गर्दै लेखेका छन्, "राजा नरेन्द्रदेवले आफ्नो कानमा सुनको मुकुट लगाएका थिए र उनको कम्मरमा बुद्धको मूर्ति थियो।" राजा नरेन्द्रदेव एक बहादुर योद्धाको रूपमा चिनिन्थे जसले भाला र वाणले सुसज्जित हात्ती र घोडाहरू सँगको युद्धमा धेरै विजय हासिल गरेका थिए। यिनी राजा अंशुबर्रमाका नाती थिए। उनी आफ्ना जनतालाई खुशी ल्याउने र कानून र दर्शनमा शिक्षा पाएकोमा प्रसिद्ध हुनुभयो। राजा नरेन्द्रदेव बौद्ध धर्मप्रति झुकाव राख्थे।

अन्ततः उनको बौद्ध झुकाव र मत्स्येन्द्रनाथको यात्राको प्रमाणको आधारमा यो निष्कर्ष निकाल्न सकिन्छ कि राजा नरेन्द्रदेवले निश्चित रूपमा मत्स्येन्द्रनाथको जात्रा गराएका थिए। यद्यपि ठोस समकालीन प्रमाणबिना यस विषयमा निष्कर्ष निकाल्न गाह्रो छ। नेपालमा चल्दै आएका मत्स्येन्द्रनाथ सम्बन्धी किवंदन्तीहरूमा राजा गुणकामदेव पनि उल्लेख गरिएको। यदि यो राजा गुणकामदेव मध्यकालका दशौं शताब्दीका हुन् भने मत्स्येन्द्रनाथको सन्दर्भमा उल्लेख भएका राजा नरेन्द्रदेव पनि राजा गुणकामदेव पछिका एघारौं शताब्दीका राजा हुन सक्ने कुरामा पनि अध्ययन गर्नु पर्ने देखिन्छ।

*गोपालवंशावली*लगायत विभिन्न ऐतिहासिक स्रोतहरूले पनि यस विषयमा फरक-फरक जानकारी प्रदान गर्छन्, जसमा राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तले मत्स्येन्द्रनाथको यात्रा गरेको उल्लेख छ।

बाह्र वर्षसम्म काठमाडौं उपत्यकालाई सताएको खडेरी अथाह पीडाको अवधि थियो, तर यसले गहिरो रूपान्तरणको लागि आधार पनि तय गऱ्यो। मत्स्येन्द्रनाथको अन्तिम आगमनले वर्षा ल्याउनु मात्र होइन; यसले आशा, नवीकरण र विश्वासको शक्तिको प्रतीक पनि बनायो। एक समय निराशाको कारागारमा रहेका उपत्यकाका मानिसहरूले आफ्नो आध्यात्मिक विश्वास र परम्परामा सान्त्वना पाए, र मत्स्येन्द्रनाथ संकटको समयमा दैविक हस्तक्षेपको प्रतीक बने।

मत्स्येन्द्रनाथ नेपाली संस्कृति र धार्मिक जीवनको केन्द्रीय भागको रूपमा स्थित छ।

खडेरीको समयमा वर्षा ल्याउने उनको क्षमता केवल दैवी शक्तिको कथा मात्र होइन, तर नेपालको इतिहासमा प्रकृति, विश्वास र समुदाय बीचको गहिरो सम्बन्धको प्रतिबिम्ब पनि हो।

**मत्स्येन्द्रनाथको समयकाल :**

मत्स्येन्द्रनाथसम्बन्धी नेपालमा लेखिएका अधिकांश पुस्तकहरूमा मत्स्येन्द्रनाथ कामरूपका यक्षराजा शशीका १०८ औं पुत्रका रूपमा जन्म भएको लेखिए तापनि आसामका प्राचीन र मध्यकालीन इतिहासमा यो कुरा पुष्टी हुन सकेको छैन। मत्स्येन्द्र संहितामा उल्लेख भएअनुसार मत्स्येन्द्रनाथको मिति विद्वानहरूमाझ बहसको विषय बनेको छ। उहाँसँग सम्बन्धित विभिन्न परम्परा र किंवदन्तीहरूमा आधारित धेरै सिद्धान्तहरू छन् :

**१३ औं शताब्दी (ई.सं.) :** महाराष्ट्र रहस्यमय परम्परामा आधारित डा. एस. के. चटर्जीले मत्स्येन्द्रनाथ १३ औं शताब्दी ई. को वरिपरि फस्टाएको तर्क गर्छन्। यो १३ औं शताब्दीका रहस्यवादी ज्ञानदेवको कृतिमा उल्लेख गरिएका सन्दर्भहरूबाट लिइएको हो, जसले मत्स्येन्द्रनाथलाई आफ्ना शिक्षकहरूमा सूचीबद्ध गर्छन्। यस विचारअनुसार, मत्स्येन्द्रनाथ लगभग १२१० ई.को बाँचेका थिए।

**१० औं शताब्दी (ई.सं.) :** प्राध्यापक प्रबोधचन्द्र बागचीले मत्स्येन्द्रनाथलाई तिलोपा जस्ता व्यक्तित्वहरूको समकालीनको रूपमा पहिचान गर्ने तिब्बती स्रोतहरूको आधारमा १० औं शताब्दी ई.मा राख्छन्। बागचीले मत्स्येन्द्रनाथलाई १० औं शताब्दीमा शासन गर्ने राजा साहिलाका समकालीन ऐतिहासिक व्यक्तित्व सिद्ध कार्पतिसँग जोड्छन्। यो सिद्धान्तले मत्स्येन्द्रनाथ १० औं शताब्दीको सुरुवाततिर बाँचेको बताउँछ।

**७ औं शताब्दी (ईस्वी) :** डा. सिल्भेन लेवीले नेपाली बौद्ध परम्पराहरूमा भर पर्दै मत्स्येन्द्रनाथ ७ औं शताब्दीका व्यक्तित्व भएको प्रस्ताव गर्छन्, जसले उनलाई अवलोकितेश्वर देवतासँग जोड्छन्। किंवदन्तीले उनलाई राजा नरेन्द्रदेवको शासनकालमा भएको विनाशकारी अनिकालसँग जोड्छ, जुन ७ औं शताब्दीको हो।

**५ औं वा ६ औं शताब्दी (ईस्वी) :** कश्मीरी परम्पराले मत्स्येन्द्रनाथलाई ५ औं वा छैटौं शताब्दीमा राख्छ, अभिनवगुप्तले मत्स्येन्द्रनाथलाई कौल योग परम्पराको प्रमुख व्यक्तित्वको रूपमा उल्लेख गर्छन्।

तान्त्रिक र शाक्त परम्पराहरूमा सबैभन्दा सम्मानित कामाख्या देवी विराजमान रहेको कामरूपको प्राचीन राज्यले उत्तरपूर्वी भारतको इतिहासमा महत्त्वपूर्ण स्थान ओगटेको छ। यसको समृद्ध सांस्कृतिक सम्पदा, राजनीतिक प्रभाव र धार्मिक महत्त्वको लागि प्रख्यात कामरूपको (हालको भारतको आसाम राज्य) सबैभन्दा प्रारम्भिक र सबैभन्दा शक्तिशाली राज्यहरूमध्ये एकको रूपमा खडा छ, जुन लगभग ३५० CE देखि १२ औं शताब्दी CE सम्म फस्टाइरहेको छ। भारतीय संस्कृतिमा यसको धेरै योगदानहरूमध्ये, कामरूपलाई परम्परागत रूपमा नाथ परम्पराको स्थापनाको अभिन्न अभिन्न व्यक्तित्व, आदरणीय ऋषि मत्स्येन्द्रनाथको जन्मस्थल मानिन्छ।

कामरूप प्राचीन भारतको सबैभन्दा प्रभावशाली राज्यहरूमध्ये एक थियो, जुन अहिले असम, बंगाल, भुटान र बंगलादेशको भाग भएका क्षेत्रहरूमा फैलिएको थियो। यसको सिमाना हिमालयको उत्तरी फेदबाट दक्षिणी बंगालको खाडी र पश्चिममा करातोया नदीसम्म फैलिएको थियो। यो राज्यको उल्लेख समुद्रगुप्तको इलाहाबाद स्तम्भ शिलालेख र कालिका पुराण जस्ता धेरै प्रमुख ग्रन्थहरूमा गरिएको छ र यसलाई प्रागज्योतिषसहित विभिन्न नामले चिनिन्थ्यो।

कामरूपका शासकहरू हिन्दू पौराणिक कथाका एक प्रमुख व्यक्तित्व पौराणिक राजा नरकासुरबाट आएका मानिन्छन्। कामरूपमा शासन गर्ने राजवंशले सम्पूर्ण क्षेत्रमा राजनीतिक प्रभुत्व र सांस्कृतिक प्रभाव कायम राख्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। आफ्नो राजनीतिक शक्तिभन्दा बाहिर, कामरूप शिक्षा र आध्यात्मिक अभ्यासको एक महत्त्वपूर्ण केन्द्रको रूपमा देखा पर्‍यो, जसले तान्त्रिक परम्पराको प्रारम्भिक विकासमा महत्त्वपूर्ण योगदान पुर्‍यायो।

**वर्मन राजवंश (३५०-६५० ईस्वी) :** चौथो शताब्दीको मध्यदेखि सातौं शताब्दीको मध्यसम्म शासन गर्ने वर्मन राजवंशलाई कामरूपको पहिलो ऐतिहासिक राजवंश मानिन्छ। यसको संस्थापक, पुष्यवर्मनले कामरूपलाई एक शक्तिशाली क्षेत्रीय शक्तिको रूपमा स्थापित गरे। समयसँगै, वर्मन शासकहरूले कूटनीति र सैन्य विजयको संयोजन मार्फत आफ्नो प्रभाव विस्तार गरे। गुप्त साम्राज्यसँगको उनीहरूको घनिष्ठ सम्बन्ध चिनियाँ यात्री जुआनजाङले रेकर्ड गरेको राजा भास्करवर्मनको विवरण र सम्राट हर्षको जीवनी हर्षचरितमा स्पष्ट छ।

वर्मन वंशका सबैभन्दा प्रसिद्ध शासक भास्करवर्मन (६००-६५० इस्वी संवत्) संस्कृति र धर्मको संरक्षणका लागि परिचित थिए। उनको नेतृत्वमा, कामरूप हिन्दू धर्म र प्रारम्भिक तान्त्रिक अभ्यासहरूको प्रसारको लागि एक प्रमुख केन्द्र बन्यो। कनौजका सम्राट हर्षसँगको उनको मित्रताले उत्तरी भारतमा कामरूपको राजनीतिक प्रभावलाई अझ बलियो बनायो।

**म्लेच्छ राजवंश (६५०-९०० इस्वी संवत्)** : वर्मन राजवंशको पतनपछि, कामरूपमा म्लेच्छ राजवंश सत्तामा आयो। यस युगमा राज्यको शक्ति र क्षेत्रीय प्रभावको निरन्तरता देखियो। म्लेच्छ शासकहरू आफ्ना वर्मन पूर्ववर्तीहरूभन्दा कम दस्तावेजीकरण गरिएका भए तापनि तिनीहरूले राज्यको स्वतन्त्रता कायम राख्न र तान्त्रिक अभ्यासहरूको विकासलाई बढावा दिए, जसले पछि नाथ परम्पराको गठनमा प्रमुख भूमिका खेल्नेछ।

वर्मनहरू जस्तै म्लेच्छ राजाहरू पनि हिन्दू धर्मका, विशेष गरी शैव र शाक्त सम्प्रदायका संरक्षक थिए। शिव र देवी शक्तिका विभिन्न रूपहरूलाई समर्पित मन्दिरहरू यस अवधिमा निर्माण गरिएका थिए, जसले तान्त्रिक र शाक्त पूजाको केन्द्रको रूपमा कामरूपको प्रतिष्ठालाई सुदृढ बनायो। बंगालसँग राज्यको निकटता, यसको समृद्ध प्राकृतिक स्रोतहरूसँग मिलेर, गूढ धार्मिक अभ्यासहरूको विकासको लागि उर्वर वातावरण प्रदान गर्‍यो।

**पाल राजवंश (९००-११०० ईस्वी) :** पाल राजवंशले कामरूपको राजनीतिक

प्रमुखताको अन्तिम चरणलाई चिन्ह लगायो, १२ औं शताब्दीसम्म यस क्षेत्रमा शासन गर्न जारी राख्यो। बंगालका पाल शासकहरूबाट अलग कामरूपका पालहरूले नाथ परम्पराको उदयमा प्रमुख भूमिका खेलेजसले मत्स्येन्द्रनाथलाई यसको केन्द्रीय व्यक्तित्वहरूमध्ये एकको रूपमा सम्मान गर्दछ।

पाल शासकहरू तान्त्रिक बौद्ध धर्म र हिन्दू धर्म दुवैका बलियो समर्थक थिए, जसले कामरूपलाई विभिन्न आध्यात्मिक परम्पराहरूको लागि भेटघाट स्थल बनायो। योग र तान्त्रिक अभ्यासहरूमा केन्द्रित नाथ परम्पराको उदय धार्मिक संश्लेषणको यही अवधिमा पत्ता लगाउन सकिन्छ। यस समयमा गोरक्षनाथका आध्यात्मिक गुरु मानिने मत्स्येन्द्रनाथको जन्म कामरूपमा भएको मानिन्छ।

**मत्स्येन्द्रनाथ : कामरूपका दिव्यता** : एक पौराणिक व्यक्तित्व मत्स्येन्द्रनाथलाई शैव धर्म, बौद्ध धर्म र योगका तत्त्वहरूलाई मिसाउने नाथ परम्पराको स्थापना गर्ने श्रेय दिइन्छ। प्रायः हठयोगका प्रारम्भिक समर्थकहरूमध्ये एक मानिन्छ, उहाँलाई मध्ययुगीन भारतको आध्यात्मिक परिदृश्यलाई महत्त्वपूर्ण रूपमा आकार दिने तान्त्रिक गुरुको रूपमा सम्मान गरिन्छ। यद्यपि उहाँको जीवनको ऐतिहासिक अभिलेखहरू सीमित छन्, परम्पराअनुसार उहाँको जन्म कामरूपमा भएको थियो, जुन उनको समयमा तान्त्रिक शिक्षाको लागि एक समृद्ध केन्द्र थियो।

परम्पराअनुसार, मत्स्येन्द्रनाथले भगवान् शिवबाट दिव्य ज्ञान प्राप्त गरेका थिए, जसले माछाको रूपमा उनलाई तन्त्रको रहस्य प्रकट गरे - त्यसैले मत्स्येन्द्र नाम राखिएको थियो, जसको अर्थ “माछाहरूको स्वामी” हो। उहाँका शिक्षाहरूले नाथ परम्पराको जग बसाले, जसले मुक्ति र ज्ञान प्राप्त गर्ने उद्देश्यले भौतिक र आध्यात्मिक अभ्यासहरूमा जोड दिन्छ।

मत्स्येन्द्रनाथको प्रभाव कामरूपभन्दा बाहिर फैलियो। उहाँलाई नाथ परम्परामा मात्र नभई नेपालमा पनि पूजा गरिन्छ, जहाँ उहाँलाई अवलोकितेश्वर मत्स्येन्द्रनाथको नामले काठमाडौँ उपत्यकाको संरक्षक देवताको रूपमा सम्मान गरिन्छ। उहाँका शिक्षाहरूले भारत र नेपाल दुवैमा तान्त्रिक अभ्यास, हठयोग र लोक धर्ममा स्थायी प्रभाव छोडेका छन्।

## कामरूपको पतन र यसको सांस्कृतिक विरासत :

१२ औं शताब्दीमा पाल राजवंशको पतनले कामरूपलाई एकीकृत राज्यको रूपमा अन्त्य गऱ्यो। यद्यपि, यस अवधिमा पालनपोषण गरिएका सांस्कृतिक र धार्मिक परम्पराहरूले विरासत छोडे। कामरूपले उत्तरपूर्वी भारत र बाहिर हिन्दू धर्म र तान्त्रिक अभ्यासहरू दुवैको प्रसारमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। आज पनि फस्टाउँदै गएको नाथ परम्पराले यसको प्रारम्भिक विकासको धेरैजसो कामरूपले बढाएको आध्यात्मिक वातावरणलाई दिन्छ।

कामरूपसँग मत्स्येन्द्रनाथको सम्बन्धले धार्मिक नवप्रवर्तन र आध्यात्मिक अन्वेषणको केन्द्रको रूपमा राज्यको महत्त्वलाई प्रकाश पार्छ। शैव र तान्त्रिक तत्त्वहरूलाई योगिक

अभ्यासहरूसँग मिसाउने नाथ परम्परा, प्राचीन कामरूपमा फस्टाएको विविध सांस्कृतिक र धार्मिक प्रभावहरूको उत्पादनको रूपमा खडा छ।

**निष्कर्ष :** कामरूपका शासक राजवंशहरू, विशेष गरी वर्मन, म्लेच्छ र पाल राजवंशहरूले प्राचीन आसामको राजनीतिक, सांस्कृतिक र धार्मिक पहिचानलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेलेका थिए। कामरूप केवल एक शक्तिशाली राजनीतिक अस्तित्वको रूपमा देखा परेन, तर मत्स्येन्द्रनाथलाई केन्द्रमा राखेर नाथ परम्परासहित महत्त्वपूर्ण धार्मिक आन्दोलनहरूको विकासको लागि उर्वर भूमिको रूपमा पनि काम गर्‍यो। मत्स्येन्द्रनाथको जन्मस्थलको रूपमा, तान्त्रिक अभ्यासहरू, हिन्दू धर्म र नाथ परम्पराको विकासमा कामरूपको प्रभाव निर्विवाद छ। मत्स्येन्द्रनाथको शिक्षासँग गहिरो रूपमा गाँसिएको कामरूपको आध्यात्मिक विरासतले आधुनिक आसाम र नेपालमा धार्मिक अभ्यासहरूलाई आकार दिइरहेको छ।

❑


**सन्दर्भ सामग्री**

1. Vajracharya, A. (1988). बुंगद्यो नेपाले हःगु खँ (Bungadyo Nepal Hagu Khan). 5th ed. https://archive.org/details/BungadoNepaleHaguKhanAshakajiVajracharya
2. Sensharma, D. (Ed.). (1994). MATSYENDRA SAMHITA Ascribed to Matsyendranätha. THE ASIATIC SOCIETY. Sensharma, D. (Ed.). (1994). *MATSYENDRA SAMHITA Ascribed to Matsyendranätha*. THE ASIATIC SOCIETY. https://archive.org/details/2015.32122.MatsyendraSamhitaPart1
3. Vajrâcârya, D., & Malla, K. P. (1985). *The Gopâlarâjavamsâvali: A facsimile edition* (Albrecht Wezler, Ed.). Nepal Research Centre Publications, No. 9. Franz Steiner Verlag Wiesbaden GmbH.
4. Barua, K. (1933). *Early history of Kamarupa*. Lawyer's Book Stall.
5. Gait, E. A. (1906). *A history of Assam*. Thacker, Spink & Co.
6. Neog, M. (1977). *Ancient and medieval Assam*. Gauhati University.
7. Sarma, D. (2015). *Political history of ancient Assam*. EBH Publishers.
8. Sarma, S. N. (1966). *A history of Kamarupa*. Department of Historical and Antiquarian Studies in Assam.
9. Sharma, M. M. (1978). *Inscriptions of ancient Assam*. Gauhati University.
10. Choudhury, P. C. (1966). *The history of civilisation of the people of Assam to the twelfth century A.D*. Department of Historical and Antiquarian Studies, Assam.

**Articles**

1. Bhattacharya, S. N. (1970). Tantra in Kamarupa: Religious traditions and influence. *The Indian Antiquary, 44*, 1-10.
2. Goswami, K. (1943). The Varman dynasty of Kamarupa: A historical review. *Indian Historical Quarterly, 19*, 35-50.
3. "Kingship in Kamarupa: A study of ancient Assam." (2005). *Journal of Assam History and Culture, 12*, 15-30.

# लाखे नृत्य

**कर्णेल सञ्जयमणि प्रधान** (अ प्रा)
सिलगढी।

लाखे नृत्य नेवार समुदायको लोकप्रिय लोकनृत्य हो जसमा नर्तक ठूलो राक्षस झैं मुखुन्डा लगाएर नृत्य गर्छन्। चाडपर्वमा सहरको चोकमा र सडकमा यो नृत्य गरिन्छ। लाखेलाई उग्र र भयानक अनुहार, फैलिएको लामो दह्राहरू र रातो वा कालो कपालको अयालको साथ चित्रण गरिन्छ जसले नाच्दै आफ्नो अंगहरू पिट्छ। लाखेको आत्मा राक्षसी मुखुन्डा वा ख्वापामा बास गर्ने जनविश्वास छ। जनविश्वासअनुसार जब नर्तकले ख्वापा लगाउँछ, आत्माले नर्तकको शरीर लिन्छ र चालहरू निर्देशन गर्दछ। परम्परागत नेवार संस्कृतिमा लाखेलाई प्रमुख रूपमा राखिएको छ। लाखे परम्परा काठमाडौं उपत्यका र नेपालभरका अन्य नेवार बहुल क्षेत्रहरूमा पाइन्छ। अखिल भारतीय नेवार संगठनको तत्वधानमा दार्जिलिङ अनि डुवर्स क्षेत्रमा पनि लाखे नृत्य प्रचलित भैसकेको छ।

लाखेहरूलाई राक्षस भनिन्छ जो जंगलमा बस्ने गर्थे र पछि नगरवासीहरूको रक्षक बने। महिला लाखेलाई लासिन भनेर चिनिन्छ। नेपाली लोककथामा अर्को सामान्य पौराणिक प्राणी ख्याह हो, जसलाई मोटो, रौं भएको बाँदर जस्तो प्राणीको रूपमा चित्रण गरिएको छ।

लोक कथाहरू र उपाख्यानहरू नेवारी समुदायको अभिन्न अंग हो। लाखेको (वा माजिपा लाखे) बारेमा भिन्न भिन्नै लोक कथाहरू सुन्न पाइन्छ। तर सबै निम्न कथानकको आधारमा छ :

माजिपा नामक सहर नरभक्षी दानवहरू द्वारा प्रताडित थिए। (नेवारीमा 'लाखे' शब्दले मांसाहारी राक्षसहरूलाई जनाउँछ)। एउटा लाखे माजिपा सहरमा एक युवतीसँग प्रेममा पर्छन् र मानव भेषमा केटीलाई भेट्न थाल्छ। तर जब उनी पक्राउ पर्छ, तब सजाय दिनुको सट्टा, माजिपाका राजाले एउटा सर्त राखेर उसलाई दण्डहीनता र आफ्नो प्रेमीसँग जीवन प्रदान गर्दछ। सर्तअनुसार उसले आफ्नो मांसाहारी खाना त्यागेर साकाहारी खाना खाने र माजिपाका बच्चाहरूको रक्षा गर्ने वाचा लिएका थिए।

लाखे नृत्यको क्रममा, झ्यालिन्चा नामक चिढाउने मनोवृत्ति भएको राक्षसले लाखेलाई गिज्याउँछ र उत्तेजित गर्दछ, जसले गर्दा लाखे रिसले झ्यालिन्चालाई खेद्न बाध्य हुन्छ। तर झ्यालिन्चा सधैं भीडको आड लिएर भाग्न सफल हुन्छ। लोक कथाहरूको एक फरक संस्करणले

लाखेको नृत्य युवतीसँगको अवैध सम्बन्धको लागि देवताहरूले दिएको सजाय हो भन्ने दाबी गर्दछ।

कथाहरू र अनुमानहरू बिना, यो नृत्यको महत्त्व निर्विवाद छ। हिन्दू, बौद्ध र नेवारी परम्पराको मिश्रण रहेको यो नेवारी सम्पदा नेवारी समुदायको प्रतिनिधित्व मात्र नभएर विभिन्न धर्म र आस्थाका बृहत् नेपाली चाडपर्वहरूको सूक्ष्म जगत् (microcosm) पनि हो।

लाखे नृत्य इन्द्रजात्रामा वर्षमा एक पटक हुने भए पनि अन्य साना, कम आकर्षक लाखे नृत्यहरू वर्षभरि विभिन्न नेवारी समुदायमा हुने गर्दछन्। आदिवासी नेवारहरू जातीय विभेदका कारण छुट्टाछुट्टै समुदायमा विभाजित छन् र नेवारहरू पनि आफ्नो पेशाको आधारमा आ-आफ्नो जातमा विभाजित छन्। लुगा रंगाउने मुख्य पेशा भएका रञ्जितकार नेवारलाई लाखे नृत्य आयोजना गर्ने र नाच्ने जिम्मेवारी दिइएको जनविश्वास छ।

प्रत्येक नेवारी समुदायले आ-आफ्नै अद्वितीय लाखे परम्पराको गर्व गर्दछ। काठमाडौं र आसपासका विभिन्न स्थानमा नेवार जातिको बाहुल्य छ र यी प्रत्येक समुदायको गुठी, वा सामाजिक परिषद् छ। गुठीको कार्यमा एक नर्तकलाई नियुक्त गर्ने र स्थानीय लाखे नृत्यहरू आयोजना गर्ने समावेश छ। गुठीहरूले राष्ट्रिय उपयोगको लागि सरकारलाई दिएको जग्गा र अन्य परम्परागत गुठी स्रोतको बदलामा चाडपर्व आयोजना गर्न सरकारबाट वार्षिक चन्दा पाउँछन्। कम मनाइने लाखे नृत्यमा प्रायः घर-घर घुमेर गुठीको लागि चन्दा सङ्कलन गर्ने नर्तकहरू समावेश हुन्छन्। यी नृत्यहरू उस्तै अनौठो र परम्परागत भए पनि वार्षिक इन्द्रजात्रामा हुने लाखे नृत्यको भव्यताको कमी रहँदछ।

लाखे नृत्य साँच्चै नै हेर्न लायकका हुन्छन्। कागजलाई गिलो गरेर कुटेर बनाएको पदार्थ जसलाई पेपर-म्यासे पनि भनिन्छ र कपालको लागि याकको पुच्छर प्रयोग गरेर बनाएको रातो मुखुन्डा, परम्परागत सूक्ष्म नेवारी-तिब्बती कलाको उत्कृष्ट कारिगरीले बनिएको सुहाउँदिलो रातो र सुनौलो भोटो (ब्लाउज) र पूर्ण-लम्बाइ स्कर्ट साथ लगाएर नाच्दा लाखे नर्तक साँच्चै अलौलिक देखिन्छ। नृत्यमा रंग र उत्साह थप्नका लागि नर्तकहरूले पनि आफ्नो औँलामा रातो रेशमी रुमाल बाँध्छन्। द्रुत हात चालको साथ, यी रेशम रुमालहरूले नृत्यलाई अझ आकर्षक बनाउँछ।

लाखे नृत्य सधैँ परम्परागत नेवारी सङ्गीतको साथमा हुन्छ। धिमे र भूष्यले सृजित सङ्गीतबाट लाखेको भव्य र हिंस्रक आवर्तनहरू प्रेरित छन्। धिमे सबैभन्दा सामान्य र महत्त्वपूर्ण नेवारी सङ्गीत वाद्ययन्त्र हो। यो एक दोहोरो छेउ भएको ढोलक झैं बाजा हो जसको एउटा छेउ अर्कोभन्दा चौडा हुन्छ जसमा टुप्पोमा घुमेको लट्टीले प्रहार गरी बजाइन्छ। भूष्य ताँबा वा पित्तलको झ्याम्टा हो, जो पूरक यन्त्र हो। इन्द्रजात्रामा हुने सबै नृत्यमध्ये लाखे नृत्य मात्र सिकाइने वा अभ्यास नगरिएको नृत्य हो भन्ने मान्यता छ। यो नृत्य मुखुन्डामा भएको आत्माबाट नर्तकद्वारा वंशानुगत रूपमा प्राप्त हुन्छ।

## नेपालमा मजिपा लाखे परम्परा :

इन्द्रजात्रा पर्वको समयमा मजिपा लाखेलाई काठमाडौँका नेवार समुदायले अनादिकालदेखि नै यो शताब्दी पुरानो पर्व मनाउँदै आएका छन्। इन्द्रजात्रा विभिन्न परम्परागत नृत्य र कार्निभलका साथ मनाइन्छ। काठमाडौँका सडकहरूमा कुमारी देवी, भगवान गणेश र भगवान भैरवका रथहरू ऱ्याली निकालिन्छ।

सबै मजिपा लाखे कलाकारहरूले लाखे मुखुन्डा र पोशाक लगाउन नृत्य देवीको दर्शन गर्न आवश्यक छ। उनीहरूले आठ दिनको प्रदर्शन तालिका सावधानीपूर्वक योजना र तयारी गर्छन्। एक दिनको प्रदर्शनको जिम्मेवारी तीनदेखि चार कलाकारहरू पालैपालो लिन्छन्।

शाही लाखे भनेर पनि चिनिने, मजिपा लाखे सेप्टेम्बर महिनामा मात्र इन्द्रजात्रा पर्वको लागि निकालिन्छ। बत्ती बालेर बालिएको लाखे मुखुन्डाको पूजा गरिन्छ र लाखेलाई खुसी पार्न विभिन्न खाद्य पदार्थहरू चढाइन्छ, जसले गर्दा लाखेले आशीर्वाद प्रदान गर्नेछ र गाउँलेहरूलाई महामारी रोगहरूको प्रकोपबाट बचाउनेछ।

काठमाडौंका सडकहरूमा सार्वजनिक रूपमा प्रदर्शन गर्न कलाकारले मजिपा लाखे पोशाक लगाउनु अघि, यसको सिंहासनमा पहिले पूजा गरिन्छ। आगामी इन्द्रजात्रा महोत्सवको लागि मर्मत, हेरचाह र पुनः रंगाउन लाखे र झ्यालिन्चा मुखुन्डाहरू जुलुसमा ल्याइन्छ। नेवार समुदायका शिल्पकार चित्रकारलाई नपठाइएसम्म यसलाई यसको सिंहासनमा राखिन्छ। त्यस्तै गरी, याकको कपाल रंगाइन्छ, ब्रश गरिन्छ र मुखुन्डामा जडान गरिन्छ। यो कार्य पूर्ण गोप्यतामा गरिन्छ जसलाई लाखेका संरक्षकहरूबाहेक सार्वजनिक रूपमा हेर्न प्रतिबन्धित छ।

लाखे नृत्यको लागि सीप, ज्ञान र ठूलो दृढ संकल्प चाहिन्छ। लाखे नृत्यको लागि अत्यधिक शारीरिक बल चाहिने भएकोले धेरै लाखे कलाकारहरू चाँडै अवकाश लिन्छन्। लाखे नृत्य कलाकारले प्रस्तुति दिन बाहिर निस्कनुअघि मुखुन्डा लगाउँछन्। मुखुन्डामा प्रस्तुतिको समयमा शक्ति प्रदान गर्ने शक्ति हुन्छ भन्ने विश्वास गरिन्छ। मुखुन्डा धारण गर्ने व्यक्तिले यस नृत्य मार्फत उत्साह, डर, लोभ र चिन्ताको अभिव्यक्ति चित्रण गर्छन्।

यस नृत्य क्रममा, झ्यालिन्चाको रूपमा सानो केटाले लाखेलाई अझ जोशका साथ प्रस्तुति दिन उत्प्रेरित गर्छ। यो महामारी रोगहरूको चञ्चल प्रतिनिधित्व हो, जसलाई लाखे गाउँलेहरूलाई बचाउन धपाउन निरन्तर लागिपर्छन्।

सार्वजनिक रूपमा प्रस्तुति दिन जानुअघि, मजिपा लाखे लगनखेलको रेङ्गल भन्ने ठाउँमा पूजा गर्न र आगामी दिनको सफलताको लागि आशीर्वाद लिन जान्छिन्। पहिले, ज्यापु (नेवारमा किसान कुल)ले लाखेको हेरचाह गर्ने जिम्मेवारी पाएका थिए। समयको क्रममा, ज्यापुलाई यो जिम्मेवारी लिन गाह्रो भयो र रञ्जितकरहरू(अर्को नेवार कुल) लाई हस्तान्तरण गरियो। आजसम्म पनि लाखे जुलुस सुरु गर्न ज्यापुको घरमा चिलाग (तेलको मशाल) बाल्न जान्छन्।

लाखे प्रस्तुति दिन तयार हुँदा, एक अभिभावकले लाखेलाई लाखे नुनी भनिने घरबाट

बाहिर निस्कन मद्दत गर्छन्। लाखेको पहिलो प्रार्थना केबुचेमा हुन्छ, जुन नेवारमा राजभण्डारी भनेर चिनिने एक कुलको घर हो जसले लाखेलाई भेटी चढाउँछ। लाखे वाद्ययन्त्र, धिमे (ढोल) र भूष्य (झ्याली), झ्यालिन्चा, झोला र चिलाग भनिने तेलको मशाल लिएर बाहिर निस्कन्छन्।


लाखे नृत्यलाई चार फरक चित्रणमा विभाजन गरिएको छ :

१. सर्प, २. भ्यागुता, ३. चील, र ४. बाघ।

आठ दिनसम्म चल्ने सार्वजनिक कार्यक्रमको क्रममा, भक्तहरूले मजिपा लाखेलाई प्रार्थना र आशीर्वादको लागि आफ्नो घरमा आमन्त्रित गर्छन्। उनीहरूले समय् बजी (सिमी, दाल, भटमास, बदाम, मटर, अण्डा आदि समावेश गर्ने प्रोटिनयुक्त भेटी) चढाउँछन्।

यस महोत्सवमा लाखेको उत्साहजनक र जीवन्त प्रस्तुतिलाई धेरैले प्रशंसा गर्छन्। सङ्गीतको उत्साहजनक लयले यो महोत्सवलाई निश्चित रूपमा धेरै मनोरञ्जनात्मक बनाउँछ।

❑



# नेवार संस्कृति र संस्कारका सकारात्मक पक्षहरू

**प्रद्युम्न श्रेष्ठ**
गान्तोक।

विश्वमा सबै जातिको आ-आफ्नो संस्कृति र संस्कार छन्। यस्तै नेपाली संस्कृति र संस्कारको आफ्नै पक्षहरू छन्। त्यसै जातिमध्ये नेवार जातिको पनि आफ्नै संस्कृति र संस्कार भएको हामी पाउँछौं। 'संस्कृति' शब्दको अर्थ कुनै वस्तुलाई परिमार्जित गरेर चम्किलो, उज्यालो बनाउने काम भन्ने बुझिन्छ। जुन गुणको अनुकरण गर्नाले मानिस सु-संस्कृत वा सभ्य कहलाउन सक्छ, त्यसै गुणलाई संस्कृति भनिन्छ।

मानवले आर्जन गरेका समस्त कुराहरू उसले आफ्नो वंश-परम्परा वा सामाजिक परम्पराबाट प्राप्त गर्दछ। मानव सामुहिक जीवन व्यतीत गर्ने सामजिक प्राणी हो। यस्तो जीवनशैलीको निर्माणमा सामुहिक विश्वास, परम्परा, मान्यता र मूल्यहरूले नै संस्कारको रूप लिन्छ। हाम्रो धर्म, दर्शन, चिन्तन, आस्था, शिल्प, कला, सङ्गीत, नृत्य, आध्यात्मिक साधना, उपासना, चाडपर्व (नखःचख) आदि मानिसका दैनिक जीवनसँग सम्बद्ध सबै कुराहरू संस्कृतिभित्र पर्दछन्। खराब चरित्रलाई परिष्कृत गरेर मानिसका परम्परागत सम्पूर्ण मूल्य र मान्यतालाई चम्किलो, उज्यालो र निखुट बनाई मानव मष्तिस्कमा बीजारोपण गर्नु नै संस्कृतिको वास्तविक तात्पर्य हो। समयअनुरूप संस्कृतिमा भिन्नता हुनसक्छ। प्राचीन मानवको संस्कृति आफ्नै किसिमको थियो भने आजका मानिसको संस्कृति आफ्नै किसिमको छ। जाति, राष्ट्र विशेष, स्थान विशेष र भौगोलिक परिस्थितिअनुसार मानवको संस्कृति आफ्नै किसिमको छ। नेवार संस्कृति, संस्कारमा प्राचीन हिन्दू र बौद्ध दुवैको मिश्रण छ जसको जीवनपद्धति मानवीय सम्पूर्ण क्रियाकलापहरू, चाडपर्व, धार्मिक र अन्य उत्सव, मनोरञ्जन, परम्परागत रीतिस्थितिको झलक साथै युगपुरुषहरूको संघर्ष, तपस्या, बलिदान, आदर्श, सत्कार्यको खोज, विचार, चिन्तन, विश्वास, आदिको समेत जानकारी श्रद्धा दिन सक्तछ।

चाडपर्व (नखःचख) र आदि परम्पराले धार्मिक, सामाजिक जीवनका विविध पक्ष र सांस्कृतिक संस्कारहरूको गरिमाको बोध गरउँछ। मनुस्मृतिमा आधारित हिन्दुहरूमा सोह्र संस्कारहरू छन् तर नेवार सबल रूपमा प्रायः बाह्र संस्कारहरू रहेको पाइन्छ। यी यस प्रकार रहेका छन् :-

१. धौवजि नक : बनेगु (दही चिउरा खुवाउन जाने)
२. मचाबू ब्यंकेगु (शिशु जन्म चोख्याउन न्वारान गर्ने)
३. ना छुये (नामकरण गर्ने)
४. मचाबू लहिकः बने थछें (सुत्केरी स्यार्न माइत लाने)

५. मचा जंको (पास्नी)

६. न्हायपप्वा खन्केगु (कान भेद या कान छेडने)

७. आखः स्यनेगु (श्रीपञ्चमीको दिन अक्षारम्भ गर्ने)

८. बुसँ खाकेगु (छोराको ब्रतबन्ध गर्ने)

९. क्याता पूजा (वैदिक छोरा र वरे बुई बौद्ध छोरा बाह्रा तयगु (बैदिक र बौद्ध दुवै छोरी)

१०. इहिपा (विवाह)

११. बुढा जंको (बुढा पास्नी)

१२. सीज्या (मृत्यु कर्म)

यी बाहेक नखःचख या चाडपर्व यस्तै धेरै छन् जुन वैशाख संक्रान्तिदेखि शुरू भएर समयक्रमअनुसार चैतको अन्त्यसम्म मनाइने पर्वहरू छन् जुन प्रायः नेपाली जातिभित्र नै पर्ने पर्वहरूमा नेवारी प्रकारले मनाउने गर्दछन्, जुन सबै संस्कृति, संस्कार आदि आ-आफ्नै प्रकारको सु-सन्देश र सकारात्मक पक्षहरू रहेका छन्। नेवार संस्कृति र संस्कारमा मलाई मन परेका केही परम्पराहरूबारे जानकारी दिन चाहन्छु :-

१) **आखःस्यनेगु** - श्रीपञ्चमी (वसन्त पञ्चमी) या सरस्वती पूजाको दिन नेवार जातिले आ-आफ्नो ठाउँ वरिपरिका सरस्वती मन्दिरहरू विशेष नेपालको लाजिम्पाटको नील सरस्वती, स्वयम्भूको मञ्जुश्रीजस्ता पवित्र मन्दिरहरूमा आफ्ना बाल-बालिकाहरूलाई लगी पूजा पश्चात् अक्षर सिकाने परम्परा छ। सबै प्राणीको ज्ञान, सङ्गीत, बुद्धि र शिक्षा दाता माता सरस्वती हुनुहुन्छ। उनै माताको चरणकमलमा नेवारका बाल-बालिकाहरूलाई अर्पण गरेर खाता-कलम या प्रथम अक्षरको शुभारम्भ गर्ने परम्परा अति उच्च संस्कृतिको नमूना हो। यो परम्परा सबै अन्य जातिले पनि गरे भने माता सरस्वतीको कृपा र आशिर्वाद अवश्य प्राप्त हुनेछ भन्ने मलाई लाग्छ।

२) **आमाको मुख हेर्ने (मातृ सम्मान दिवस) -** नेवार जातिको आफ्नै मदर डे मनाउने परम्परा छ। आमा जिउँदो भगवान् हो। आमा प्रथम गुरु हो। आमाले दसधारा दुध खुवाएर नानीहरूको पालन-पोषण गर्छिन्। आफ्नो सन्तानको पनि कुभलो नचिताएको कोही छन् भने त्यो हो आमा। यसैले वर्षको एक दिन यस्ती पूजनीय आमाको सम्मान गर्ने परम्परा छ। यो चाड वैशाख कृष्णपक्ष औंसीका दिन मनाइन्छ जसलई मातृ औंसी पनि भनिन्छ।

**आमा भएकाहरूले गर्ने सुकर्म -** जिउँदो आमाको भलो होस् र सधैँ मायालु चरणकमलमा रहन पाउँ भनी आमालाई मन पर्ने उपहार, रोटी, फलफूल, दही चढाएर दण्डवत् गरी मुख हेर्ने गरिन्छ। कसैकसैले अण्डा, बारा, मासु, माछा र रक्सी राखेर सगुन दिने चलन पनि छ। विवाह भइसकेका चेलीहरूले आमालाई मनपर्ने मीठा-मीठा परिकारहरू लिएर आमाको मुख हेर्न आउँछन्। अझ नव विवाहित चेलीहरूले मीठा परिकारहरूको भारी नै बोकाइ आफूहरू चिटिक्क सिँगारिएर आमाको मुख हेर्न आउँछन्।

**आमा नभएकाहरूले गर्ने कार्य -** मातृ औंशीको बिहान नुहाएर शुद्ध भई आफूलाई जन्म दिएको, पालन-पोषण गरेको आमालाई

सम्झी चिउरा, रोटी, फलफूल, दही, नून, पालक साग राखी कूल पूजारीलाई दान दिने चलन रहेको छ। त्यस्तै भोजनको रूपमा चामल, दाल, तरकारी, नून, बेसार, घ्यू र दाउरा किन्ने दक्षिणा राखी सिधा दिने चलन रहेको छ। कसै-कसैले कूल पूजारीलाई आवश्यक सामग्री जुटाएर जलदान गर्ने चलन पनि छ।

काठमाडौंको माता तीर्थको पोखरीमा डुबुल्की लगाई पानीमा आमाको मुख हेर्ने, चढाउने निसल वा सिधा दान दिने, जलदान वा श्राद्ध गर्ने चलन पनि छ।

३) **बाबुको मुख हेर्ने (पिता सम्मान दिवस) -** नेवार जातिमा आफ्नै प्रकारको फादर्स डे मनाउने परम्परा छ। यो संसारमा छोरा-छोरीहरू आमा-बाबुको माध्यमबाटै आउने हो। बोली उचित होस्, राम्रो सुन्न पाउँ भनेर शरीरको पूजा गरि म्हपूजा गर्ने चलन छ। यसको वर्णन गर्ने तरिका अति परम्परागत र संस्कृतिपूर्ण छ। विशेष यो पूजा गर्ने परम्परा अति महत्त्वपूर्ण कार्य भएकोले नेवारको दुरदर्शिता झल्किने गर्दछ। घरको ठूलोले प्रथमपल्ट पूजा गरेर घरको सानी र कुनै पनि परदेश गएका घरका सदस्यहरूलाई सम्झेर अति सुन्दर प्रकारले पूजा गर्ने चलन छ। विशेष म्हपूजाले मान्छे भित्रको कुविचारलाई नाश गरेर सुविचार र सकरात्मक सुकर्म गर्ने प्रेरणा दिने यो अति ठूलो चाड हो। यसको विशेष महत्व रहेको छ।

५. **बूढो जंको (वृद्ध पास्नी) -** नेवार समाजमा वृद्ध बुबालाई या आमालाई जब ७७ वर्ष ७ महिना ७ दिन र ७ घडीमा पहिलो, ८८ वर्ष ८ महिना ८ दिन र घडीमा दोस्रो र ९९ वर्ष ९ महिना ९ दिन र ९ घडीमा तेस्रो विशेष साइत हेरेर जंको गरेर आफ्ना आमा-बाबालाई भगवान्‌को दर्जा दिने परम्परा छ। पहिले खाटमा राखेर, दोस्रो रथमा राखेर र तेस्रो झ्यालबाट निकाली खाटमा राखी गाउँमा र टोलमा घुमाउने, इष्टमित्रहरू छिमेकी बोलाई परिक्रमा गर्ने परम्परा छ। जंको गरिसकेका वृद्ध-वृद्धा देवता समान हुने हुँदा उनीहरूले भनेको कुरा काटेर र मन दुख्ने कुरा गरे पनि चित्त दुखाउने गर्नुहुँदैन भन्ने नेवार समाजमा मान्यता छ। यसरी आफ्नो बाबा-आमालाई जिँउदो छँदा नै भगवान् झै पूजेर रथयात्रा गर्ने चलन अति उच्च विचार रहेको हामी पाउँछौं।

६. **ठूलो मान्छेलाई भेट्दा ढोग्ने चलन -** प्रायः नेवारहरू आफ्ना ठूला मान्छेलाई भेट्दा शिर निहुँराएर 'भाग्यफा' भनेर ढोग्ने परम्परा छ र ठूलाले भने भित्री हृदयबाट भाग्यमानी, चिरञ्जीवि भनेर आशिर्वाद दिने परम्परा छ। यो अति सुसंस्कृत चलन हो जो आजकल अन्य जाति र धर्महरूले सिको गरेर आफ्ना ठूलाहरू भेट्दा ढोग्ने चलन छ। यो कार्य हाम्रा छोरा-छोरीहरूलाई सिकाएर निरन्तरता दिने परम्परा कायम गर्नु पर्छ।

७. **कुनै दुर्घटना, अपमान, र शुभकार्यमा सगुन गर्ने परम्परा -** नेवार जातिमा कुनै बेला दूर्घटना भयो भने त्यस घरमा गएर सगुन दिएर उसको मनोबल बडाउने परम्परा छ। सगुनमा फलफूल, दहि, चिउरा, अण्डा दिएर टीका लगाइदिने चलन छ। यदि कसैको अपमान

भएको छ या शिर ढलेको छ भने पनि सगुन दिएर उसलाई टीका लगाई मनोबल बढाइदिएर आशीर्वाद दिने चलन छ। साथै कुनै मान्छे परदेश या राम्रो काममा बाहिर पढ्नु जाँदा पनि सगुन दिएर आशिर्वाद दिई दहि-चिउरा दिएर टीका लगाइदिने परम्परा छ। सगुन दिंदै सुकुण्डामा गणेशको मूर्ती भएकोमा धुप, दीयो बालेर पूजा गरि कन्पट र निधारमा दही राखेर आशिर्वाद दिने गर्दछन्। जस्तो विषम परिस्थितिमा पनि भगवान्सँग आशीर्वाद मागेर अघि बढने प्रेरणा दिंदछ।

८. **क्षमा पूजा/भाकल सार्ने पूजा -** कुनै कारणवस् देवाली पूजा या इन्द्र जात्रामा या कुनै पूजामा भूल भएको छ र छुटेको छ भने क्षमा पूजा गरेर भगवान्लाई आशीर्वाद माग्ने र अर्को भाकल गरेको दिनमा पूजा गर्ने वचन सहित नम्र भएर विधिअनुसार क्षमा माग्ने प्रथा छ। यसरी नेवार जातिले भगवान्सँग पनि डर राखेर परम्पराअनुसार पूजा सम्पन्न गर्ने प्रथा छ। अन्य धेरै सकरात्मक पक्षका परम्पराहरू छन् जुन अति प्रेरणादायक रहेका छन्।

❑


*With Best Compliments from*

**ASHIRWAD KRISHI BHANDAR**

Hat Bazar, Kalimpong

*Deals in:*
*Seeds, Fertilizers, Agro-Chemicals*

**Mr. A. Pradhan, B. Sc. (Hons) Ag.**
**Contact:**
**94342 48159 / 96099 51645**

CSC
Common Services Center
Digital India
Power To Empower

Xerox, Colour & B/W Printing,
Online Job Application, Voter Card,
Passport, PAN Card Apply,
Jeevan Pramaan, Train & Flight Tickets,
Bhutan-Kolkata Bus Tickets,
Money Transfer, Deposit,
DH2 & Mobile Recharge,
Lamination and
more services done here.

Contact: 03566-451366, 90469 27953,
76795 95064, 0975-17761237
**Jaigaon, Alipurduar,**
**West Bengal, 736182**

# नेवार समाजमा नारी

**डा. गायत्री नेवार**
प्रवक्ता, एन.आर.एल.सि.,
गुवाहाटी, असम।

**प्रारम्भ -** नेवार एक सम्पूर्ण सम्प्रदाय हो। हिन्दू समाजमा ब्राह्मणदेखि शुद्रसम्म जसरी सबै वर्णका मानिस पाइन्छन् त्यसरी नै नेवार समाजमा पनि ब्राह्मणदेखि शुद्रसम्मका वर्ण पाइन्छन्। नेवारहरू भारतीय हिन्दू र तिब्बतका बौद्ध धर्मीय मानिसका समिश्रणमा सृष्टि भएको समिश्रित जाति हुन्। नेपाली भाषा प्रयोगबाहेक पनि यिनीहरूका आफ्नै भाषा छ। नेवारहरूमा हिन्दू-बौद्ध दुवै धर्म पाइन्छन्। तर असममा मूलतः हिन्दू धर्मीय नेवारहरू पाइन्छन्।

भाषा वंशावलीको मतअनुसार नेवारहरू पहिले दक्षिणका नायार प्रदेशका मानिस थिए। इतिहासविद् H. A. Oldfield को भनाईअनुसार - The race of Newars is a mixed race derived from Indian or Tibetian stocks and their religion naturally presents a corresponding of Indian and Tibetian needs. इतिहासविद Hamilton ले An Account of the Kingdom of Nepal ग्रन्थमा नेवारहरू मङ्गोल जातीय भनेका छन्।

### मूल विषय : नेवार समाजमा नारी

नेवार समाज पुरुषप्रधान भए तापनि नारीको एक छुट्टै मर्यादा देख्न पाइन्छ। नेवार समाज संस्कृतिका अधिकांश रीति-थितिमा नारीलाई सम्मानसहित उच्च स्तरमा राखेका छन्। यहाँ यस समुदायमा नारीलाई प्राधान्य दिने संस्कारबारे विश्लेषण गर्ने प्रयास गरिन्छ।

**गाईजात्रा -** नेवार समाजमा पालन गरिने गाईजात्रा एक प्रमुख त्योहार हो। नेवारहरूले गाईलाई निकै महत्व दिएको देखिन्छ। यस त्यौहार नेपालमा बढी धुमधामसँग मनाइन्छ। यस दिन रात्रि लक्ष्मीदेवी (नेवाः लक्ष्मीद्य) को पूजा आराधना गरिन्छ। यस पूजा घरका ज्येष्ठ महिलाले गर्छन् भनी घरका कन्नेकेटीलाई लक्ष्मीको रूपमा सम्झी टिको लगाई दक्षिणासहित आशीर्वाद दिन्छन्।

**ईही (बेल विवाह) -** नेवार समाजमा छोरी-चेलीका ईही अथवा बेलबिहे गर्ने गरेको देख्न पाइन्छ। यस ईही केवल नेवार समाजमा मात्र देखिन्छ। नेवारहरूले छोरीहरूका उमेर पाँच, सात, नौ अर्थात् पर सर्ने अघिनै बेजोर वर्षमा दिन-बार हेरचार गरी ईही गर्ने प्रचलन चलिआएको छ। यस ईही अनुष्ठानमा

छोरी-चेलीलाई बेलसँग बिहे गरिन्छ। यस्तो गर्दा नेवार महिलाहरूले त्यो बेल पछिसम्म रहँदा आफ्नो स्वामीको मृत्यु पश्चात् पनि सधवा भई जीवन निर्वाह गर्न सक्ने भनाइ छ। अर्थात् अर्को विवाह गर्न सक्ने मान्यता छ। नारीहरूलाई जीवन जिउने स्वाधीनता नेवार समाजले दिएको छ। स्वास्नीको मृत्यु हुँदा लोग्नेले भने केही नियम नीतिमा बस्नु नपर्ने र लोग्नेको मृत्यु हुँदा चाहिँ स्वास्नीले समाजले निर्माण गरेको रीति रिवाजभित्र कक्रिएर जिउनु पर्ने अवस्था हाम्रो नेपाली समाजमा परिदृश्य हुन्छ। यस्तो परिवेश र परिस्थितिलाई पन्छाएर नेवार समाजले यस ईही अर्थात् बेल बिहेको रीतिले हामी नारी समाजलाई एउटा बलियो र गहिरो स्वाधीनता दिएको अनुमान हुन्छ।

**भूमे पाथि -** नेवारहरू कृषि कार्यमा पनि उत्तिकै भिजेका छन्। कृषि कर्म समेटेको पछि अर्थात् धान थन्काउने बेलामा छोरी-चेलीलाई नेवार परिवारका मूख्य व्यक्तिले धान दिने (भूमे पाथि) चलन दृश्यमान हुन्छ। यस परम्पराले पनि नेवार नारीहरूलाई घरका सम्पत्तिमाथि हक दिएको बुझिन्छ। घरका छोरी-चेलीलाई केवल मात्र गृहकार्यमा निमग्न नगरी छोरालाई सरी घरका सम्पत्तिमाथि हक र प्राप्यको दृष्टिकोण छर्लङ्ग हुन्छ।

**यः मरि पुन्ही (धान्य पूर्णिमा) -** नेवार समाजमा मनाइने यः मरि पुन्हीको दिन विभिन्न प्रकारका परिकार बनाएर खाने गर्दछन्। यस दिन विवाह भएका चेली-बेटीलाई बोलाएर खुवाउने गरिन्छ। यस पर्वदेखि पनि हामी नेवार समुदायमा नारीलाई महत्व दिएको कुरो अनुमान गर्न सक्छौँ।

**धौ-वजि (दही-चिउरा) -** धौ (दही) लाई नेवार समुदायले उत्तम सगुनको रूपमा मान्दै आएको पाइन्छ। कुनै पनि शुभ कार्यमा दही चिउरा खुवाउने चलन नेवारहरूमा रही आएको छ। यसै परम्पराअनुरूप नै विवाहित महिला गर्भवती भएको नौ महिना पश्चात् बच्चा जन्मने समय नजिक आएपछि माइतिघरको तर्फबाट धौ-वजि खुवाउने कार्य गरिन्छ। यसरी दही-चिउरा खुवाउन जानको लागि दही, चिउरा, मिठाइ, फलफूल इत्यादिको साथै पूजाको थाली समेत लगिन्छ। यसरी दही-चिउरा खुवाउन जानुको प्रमुख उद्देश्य हो बिना विघ्नबाधा शिशुलाई जन्म दिन सकियोस् भनी गर्भवती महिलालाई माइतिघरको तर्फबाट शुभकामना सहित सगुण अर्पण गर्नु। मूलतः माइतिबाट नारीलाई प्रेमसहित सबल र साहसी हुनै पर्ने वार्ता पनि दिएको देखिन्छ।

**मचावु व्यंकेगु (शिशु जन्म चोख्याउने)-** नवजात शिशुको जन्म भएपछि जातकर्म गर्दा नानी र आमाको मात्र पूजा गरिन्छ, पुरुष अर्थात् पिताको गरिदैंन। उल्लेख्य के छ भने, बच्चाको नाममा फुपूले द्वीप प्रज्वलन गर्ने चलन छ। अझ चोख्याउने कार्य पनि नारीले नै गर्दछ। यस जातकर्म दिदी अजि (सुँडिनी) ले गर्छन्। त्यस दिन मात्र नानीको बाबुलाई आफ्नो बच्चा स्वीकार्न लगाइन्छ र हस्तान्तरण गरिन्छ।

**पारपाचुके (वैवाहिक सम्बन्ध विच्छेद)** - नेवार समाजमा पारपाचुके गर्ने चलन छ।

लोग्नेको मृत्यु भएमा, पत्नीबाट सन्तान नभएमा वा कोख शून्य भएमा वा पारिवारिक झगडा उत्पन्न भएमा विवाह हुनु अघि पतिसँग विवाहको कुरा छिन्दा लिएका १० वटा सुपारी फिर्ता दिएर परम्परागत तरिकाले सम्बन्ध विच्छेद गरिन्छ। त्यसरी नै लोग्नेको मृत्यु भएमा मृतकको लाशमा वा घर-परिवारकाले सुपारी लिएर वा झ्यालबाट सुपारी फाल्न लगाएर वा पारिवारिक सल्लाहबाट सुपारी फिर्ता दिएर पारपाचुके गर्ने परम्परा रहेको थियो भनेर पूर्वजबाट थाहा लाग्छ। वास्तवमा, पारपाचुके भएपछि कन्या सरह अर्कै पुरुषसँग विवाह गर्न सक्ने स्वाधीनता थियो। तर वर्तमान समयमा यी परम्परा प्रचलनमा नरहेको पाइन्छ।

**न्हायपं प्वा खनेगु (कान छेड्ने कार्य)** - नेवार समाजमा कान छेड्ने कार्य पनि एकजना नारीबाटै गरिन्छ। यस कार्य दिदी अजीले गर्दछ। दिदी अजीको लागि एउटा टपरीमा चामल र दक्षिणा राखेर अर्पण गरिन्छ। सर्वप्रथम दिदी अजीले देवीमाको पूजा गर्दछ र कालो रंग लगाएको कपासको धागो भएको सियो आगोमा पोलिन्छ र सियो सेलाए पछि कानमा प्वाल हुने गरी छेड्ने कार्य गरिन्छ।

**क्वाँति पूर्णे (जनै पूर्णे)** - नेवार समुदायका एउटा उल्लेखनीय चाड हो क्वाँति पूर्णे। चना, मस्याम, मुगी, बोडी, मास, भटमास, ठुलो सिमी, सुकेका केराउ, हरिया केराउ मिसाएर पकाएका परिकार क्वाँति हुन्छ। यस दिन विवाहित चेली-बेटीलाई माइतिमा ल्याई सम्मानपूर्वक नाना प्रकारका परिकार पकाएर खुवाउने चलन छ। यस रीतले पनि महिलाहरूलाई सम्मान, प्रेम र आदर गरेको देखिन्छ।

**दशैं** - दशैंमा घरका मूल व्यक्तिले दशमीको दिन टिको लगाउने बेलामा सर्वप्रथम कन्नेकेटीलाई टिको लगाई आशीर्वाद दिएपछि मात्र अन्य व्यक्तिलाई टिको लगाउने गरेको देखिन्छ। यसले पनि नारी अर्थात् छोरी-चेलीलाई लक्ष्मीको रूपमा वा ठुलो आसनमा राखेको प्रतीत हुन्छ।

कतिपय शुभकार्यमा पनि कन्नेकेटीको विशेष महत्व रहेको देख्न पाइन्छ। शुभकार्यमा दुई कन्नेकेटीलाई दियो-कलश समातेर अघि सार्दै आएको देखिन्छ।

सासू-ससुरा र जेठाजुको अगाडि घुम्टो उड्ने चलन नेवार समुदायमा छैन। यसले बुहारीलाई सासू-ससुराले छोरी र जेठाजुले बहिनी दर्जा दिंदै आएको अनुभव हुन्छ। बुहारीले नयाँ घरमा स्वाधीन चित्तले बस्न सक्ने परिवेश पाउँछन्।

उल्लेख्य कुरा के भने, जब हामी घर पोत्छौँ त्यस बखत छोरी-चेलीले पोतेका छन् भने ज्येष्ठजनले लिपेको ठाउँ कुल्चिने अघि ढोग गरेर मात्र खुट्टा टेकेको देख्न पाउछौँ। छोरी-चेलीले लिपेको ठाउँलाई समेत नेवार व्यक्तिहरूले श्रद्धा गरिआएका छन्।

नेवार जातिको आफ्नै भाषा, लिपि, साहित्य, कला, संस्कृति, सभ्यता र आफ्नै जीवन संस्कारहरूसमेत हालसम्म पनि प्रचलनमा रहेका छन्।

❑

# सन्दर्भ नेवार युवतीको विवाह र नारी अधिकार

**सदीप प्रधान**
दार्जिलिङ।

**परिचय :** नेवार समुदायलाई नेवाः भनिन्छ। नेपालको राजधानी काठमाडौं उपत्यका र यसका वरिपरिका क्षेत्रका ऐतिहासिक वासिन्दा साथै यस क्षेत्रका ऐतिहासिक सम्पदा र सभ्यताका निर्माताका रूपमा पनि नेवारहरू परिचित छन्। नेवार नेपाललगायत पूर्वी हिमालय क्षेत्र साथै सिक्किम, दार्जिलिङ आदि क्षेत्रहरूमा नेपाली जातिका एक समुदायको रूपमा पनि चिनिन्छ। नेवाः अथवा नेवार एउटा भाषिक समुदाय हो। नेवारभित्र चार वर्ण ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र अनि यसभित्र पनि धेरै उप जातहरू रहेका छन्। नेवार वर्तमानमा नेपाली जातिभित्रको एक उपजातिका रूपमा सीमित रहे तापनि यो सांस्कृतिक रूपमा धेरै सम्पन्न जाति हो। नेवारहरूले आफ्नो पुरानो परम्परागत पद्धति र प्रचलनलाई निरन्तरता दिँदै आफ्नो धर्म, संस्कृति र सभ्यताको संरक्षण गर्दै आएका छन्। नेवारहरू संस्कृति, कला, साहित्य, व्यापार, कृषि साथै खानपानमा आफ्नो योगदानको निम्ति परिचित छन्। नेवार जातिको परिचय नेवाः संस्कार र संस्कृति हो। प्रत्येक जात जातिका आ आफ्नै संस्कार र संस्कृति हुन्छन्। आफ्नो जाति चिनाउने मुख्य थोक नै उसले मान्दै अथवा पालन गर्दै आएको संस्कार र संस्कृति हो। नेवार जातिको परिचय भन्नसाथ नेवार दर्शनको कुरा आउँछ त्यसपछि मात्र संस्कृतिको कुरा आउँछ। वास्तवमा नेवार संस्कृति दर्शनको एउटा पक्ष हो। संस्कृति मानिसहरूका व्यवहार, आचारविचार र संस्कार हो भने जीवन र जगत्‌बिचको सम्बन्धलाई हेर्ने दर्शन हो। नेवार संस्कृति बुझ्न नेवार दर्शन जान्न आवश्यक छ। नेवारहरूले कुनै व्यक्ति वा शक्तिलाई देव मानेका छैनन्। मानिसमा निहित शक्ति नै मानिसलाई देवस्थानमा राख्ने ऊर्जा हो। त्यस्तो शक्ति प्राप्त गर्न साधनाको आवश्यकता पर्छ र यही शक्तिबाट आफैलाई देवस्थानमा स्थापित गर्न सकिन्छ। यही नै नेवार दर्शनको विशेषता हो।

**विषय प्रवेश :** नेवार समुदायमा छोरीको तीनपल्ट विवाह गरिने संस्कार छ। छोरीको रजस्वला हुनअघि नै वेल विवाह (इहि) र सूर्य विवाह (वाःराःतेयेगु) गराइन्छ। सूर्य विवाहपूर्व छोरीलाई गुफाभित्र राख्ने संस्कार वा चलन छ। यी सबै विवाह नेवार संस्कृतिमा देवविवाह हुन्। देवविवाह पछि मात्र मानिससँग विवाह हुने

भएकाले नेवारी युवती कहिल्यै दूषित र अपवित्र नहुने मान्यता छ। महाभारतको उद्योगपर्वको अत्रि संहितामा नारी जातिको चार विवाह हुने कुरा वर्णित छ। यस संहिताअनुसार नारीको सोम, गन्धर्व र अग्नि विवाह भएपछि मात्र पुरुषसँग विवाह हुन्छ।

नेवार समुदायमा इहि वा वेल विवाह ५ देखि ११ वर्षभित्रका केटीहरूका रजस्वला हुन अगावै गरिने संस्कार वेल विवाह हो। यसलाई सुवर्ण कुमार विवाह पनि भनिन्छ। कन्यादान गर्ने बाबुले राम्रा गुण र पुरुषार्थ ज्वाइँ ठानेर सुवर्णकुमारको प्रतीकको रूपमा वेलसँग कन्यादान गरिने हुनाले यसलाई वेल विवाह भन्ने गरिएको हो। केटीहरूका वेल संस्कार वा वेल विवाह सकेपछि ७, ९, ११, १३ वर्षको बिजोडी उमेरमा साइत हेरेर विधिपूर्वक गुफा राख्ने संस्कार गरिन्छ। यो गुफा राख्ने संस्कार १२ दिनसम्म सूर्यको किरण पनि नछिर्ने कोठामा राखिने हुनाले यसलाई गुफा कर्म पनि भनिन्छ। गुफा राख्नु भनेको केटी अब युवती वा तरुणी भएको ठानेर आवश्यक प्रशिक्षण दिनु हो। रजस्वाला हुने प्रकृतिलाई बुझाउनु अनि नारी र पुरुषको जीवनयापन प्रक्रिया सिकाउनु तथा नारीमा आमा हुनसक्ने शारीरिक र मानसिक क्षमताबारे ज्ञान दिलाउने अथवा मुख्यतः यौनशिक्षाको अभिप्राय नै गुफा राख्ने संस्कार हो। नेवार समुदायमा यसलाई गुफा कर्म भनिएको छ। १२ दिनपछि गुफाबाट विधिपूर्वक बाहिर निकाल्ने समयमा केटीलाई नुहाउन लगाएर दुलही झैं श्रृङ्गार गरेर पानीमा सूर्यको छाया दर्शन गराएर थकालिनी (घरका ठूला नारी) ले सिन्दुर लगाएर आकाशमा सूर्य दर्शन गराएर अनि बाबुको अनुहार देखाएर सूर्यसँगको विवाह सम्पन्न गरिन्छ।

यी दुई विवाहलाई नेवार समुदायमा देवविवाह भनिन्छ। देवसँग विवाह भएपछि युवती पनि देवी बन्छन् अनि उनी जीवनभर पवित्र बन्छे भन्ने संस्कार रहेको पाइन्छ। नेवार युवतीको पुरुषसँग हुने विवाह जीवन यापन अनि प्रकृतिको नियमलाई निर्वाहन गर्ने विवाह हो भनिएको छ।

**नेवारी युवतीको विवाह र नारी अधिकार :** नेवार समुदायमा छोरीको तीनपल्ट विवाह हुन्छ। अघिल्लो दुई विवाहलाई देवविवाह भनिन्छ। देवसँग विवाहपछि मात्र मानिससँग विवाह हुने भएको कारण नारी कहिले पनि अपवित्र र दूषित नहुने मानिन्छ। यी सबै विवाह कन्यादानको एक विधि हो। अघिल्लो दुई विवाहसम्म दानको रूपमा छोरीले घर त्यागेर जानु पर्दैन। नेवार समुदायको प्रचलनमा मानिससँगको विवाहमा कन्यादान गरिँदैन अथवा अन्य समुदायको परम्परामा झैं छोरीलाई परपुरुषको हातमा सुम्पिने चलन छैन। अघिबाटै अग्निसँग विवाह गरिएकाले जग्गेमा अग्निलाई साक्षी राखेर विवाह धर्म निभाउने संस्कार पनि नेवार समुदायमा पाइँदैन। वास्तवमा नेवारहरू कन्यादान गर्नु भनेकै छोरीलाई परपुरुषलाई दान गर्नु अथवा जिम्मा लगाउनु हो अनि जसले दान लिन्छ उसले त्यसको जसरी पनि उपभोग गर्छन् तथा छोरी उपभोग्य वस्तु होइन भन्ने नारी अधिकारको पक्ष यहाँ पाइन्छ। वेल विवाह र सूर्य विवाहले नेवारी नारीहरूलाई यही अधिकार प्रदान गरेको छ।

**वर चयन गर्ने अधिकार :** नेवार समुदायमा वेल विवाह भनेको आमा बाबुले जिम्मा लगाइदिन लागेका सुवर्ण कुमारको त्याग हो तथा छोरी आफैले रोजेको महादेवसँग विवाह हो भन्ने प्रचलन छ। यसले नेवारी समाजमा नारीलाई आफ्नो वर आफ्नै इच्छाअनुसार चयन गर्ने अधिकार छ। गैर नेवारी समुदायमा एकापट्टि छोरालाई कन्या चयन गर्ने अधिकार भए तापनि यस अधिकारबाट छोरीहरूलाई वञ्चित राखिन्छ तर नेवार नारीहरूले यो अधिकार युगौँ अघिदेखि पाएर आएका छन्। यसर्थ वेल विवाह नारीले आफ्नो अधिकारको निम्ति उठाइएको आवाज मानिन्छ।

कहिले पनि नअस्ताउने सूर्य, कहिले नसुक्ने फल वेलसँगको विवाहले अघिबाटै नेवारी नारीका पतिव्रता र सौभाग्य सुनिश्चित गरेको छ। यसर्थ पुरुषसँग गरिएको विवाहमा नेवारी नारीहरूको जीवनमा लोग्नेको महत्त्व गौण रहेको हुन्छ। अथवा अघिल्ला दुई विवाहपछि पुरुषसँगको विवाह वंश बचाउनका निम्ति मात्र सीमित रहेको देखिन्छ। नारी अस्तित्वको प्रश्न र नारी अधिकारको पक्षमा धर्म, प्रकृति र चेतनाको संयोजन खुबै रोचक र महत्त्वपूर्ण छ।

**विधवा नबन्ने अधिकार :** वेल विवाहपछि नै नेवारी युवतीहरूले सिन्दुर लगाउन थाल्छन्। पुरुषसँगको विवाहमा यदि लोग्नेको मृत्यु भए तापनि नेवारी महिलाले सिन्दुर लगाउन पाउँछिन् साथै विधवा भएपनि श्रृङ्गार र रातो लुगा लगाउन सकिन्छ, अथवा अन्य समुदायमा जस्तै नेवारी नारी लोग्नेको मृत्युपछि पनि विधवा हुँदैनन्। नेवारी परम्पराअनुसार अघिबाटै देवविवाह भएको कारण नारी पनि देवी हुन् यसैले लोग्नेको मृत्युपछि नारी विधवा हुँदैनन्। यस परम्पराले नेवारी नारीलाई विधवा बनेर बस्नुको सट्टा फेरि विवाह गरेर जीवन यापन गर्ने अथवा आफ्नो जीवन आफ्नै खुशीमा बिताउन पाउने अधिकार दिइएको छ।

**माइतीघरको अधिकार :** हिन्दु संस्कारअनुसार नारीले पुरुषसँग विवाह गरेपछि जन्मघर त्याग्नुपर्छ अनि लोग्नेको घर नै उसको आफ्नो घर हुन्छ साथै माइतीघरमा कुनै अधिकार हुँदैन। तथापि नेवारी संस्कारले नारीहरूलाई यो बन्धनबाट मुक्त राखेका छन्। नेवारी संस्कारमा माइतीघरलाई 'थछेँ' अथवा *मेरो घर* भनिन्छ भने लोग्नेको घरलाई 'छेँ' अथवा *घर* भनिन्छ। विवाहपछि पनि नेवारी नारीहरूलाई आफ्ना आमा बाबु पाल्ने कर्तव्यबाट वञ्चित गराइँदैन। छोरीले आमा बाबु पाल्न चाहेको खण्डमा जन्मघरमाथिको स्वामित्व छोरीको हातमा जाँदछ। यही कारण नै नेवारी समुदायमा निनी अथवा फुपूको अहम् भूमिका हुँदछ।

**सम्बन्ध विच्छेदको अधिकार :** नेवारी समुदायमा सम्बन्ध विच्छेद गर्दा पनि नारी अधिकार सुरक्षित गरिएको छ। विवाहको अघिल्लो दिनसम्म पनि यदि नारीले विवाह गर्न नचाहे केटाको घरबाट सगुनको रूपमा पठाइएको सुपारी फिर्ता गरे विवाह रोकिन्छ। त्यसरी नै विवाहपछि पनि नारीले लोग्नेलाई सुपारी फिर्ता दिए सम्बन्ध विच्छेद हुन्छ। लोग्नेको जीवनको अन्तिम घडीसम्म वा लोग्नेको मृतदेहमाथि पनि नेवार स्वास्नीले यदि सुपारी फर्काए लोग्नेबाट मुक्त हुन सकिने व्यवस्था छ। यस अधिकारबाट

नारीलाई एक्लै जीवन यापन गर्ने कि अर्को पुरुषसँग विवाह गर्ने भन्ने निर्णय लिने स्वतन्त्रता प्राप्त छ।

**निष्कर्ष :** नेवारी समुदायमा छोरीको तीनपल्ट विवाह गरिने संस्कार छ। छोरीको रजस्वला हुनअघि नै वेल विवाह (इहि) र सूर्य विवाह (वारातेउ) गराइन्छ। सूर्य विवाहपूर्व छोरीलाई गुफाभित्र राख्ने चलन छ। यी विवाह नेवार संस्कृतिमा देवविवाह हुन्। देवविवाह पछि मात्र मानिससँग विवाह हुने भएकाले नेवारी युवती कहिल्यै दूषित र अपवित्र नहुने मान्यता छ। नेवार संस्कृतिमा रहेका यी विवाहले नारीलाई धेरै अधिकार दिइएको छ। यी विवाहहरू नारीले आफ्नो अधिकारका निम्ति उठाइएको अहम् मुद्दा हो, बेथितिमाथिको जित हो साथै कन्यादान परम्परा अस्वीकार गर्ने सामाजिक र सांस्कृतिक क्रान्ति हो। नारीको जीवनशैली सहज बनाउन साथै नारी अधिकार सुरक्षित राख्न, बाल विवाह र विधवालाई मान्यता नदिन नै इहि वा वेल विवाह अनि सूर्य विवाह जस्तो संस्कार नेवार समुदायमा चलाइएको पाइन्छ। नेवारी समुदायमा प्रचलित यी देव विवाहहरूले नारी अधिकारलाई सङ्कुचित बनाउने प्रचलनहरूलाई बुद्धिमता साथ अङ्कुश लगाउने कार्य गरेको छ। नेवारी समाजमा नारीहरूलाई नाक छेंडेर फुली अथवा ढुङ्ग्री लगाउन पनि निषेध छ, प्राचीन समाजमा पशुलाई झैं अपराधी, दासदासी आदिलाई नाकमा फुली लगाएर देश घुमाउने चलन थियो। यस्तो दासत्व प्रथाबाट नारीलाई मुक्त गर्न नाकमा फुली लगाउने प्रथा नेवारी समुदायले त्यागेको भनाई रहेको पाइन्छ। नेवारी नारीलाई यसरी धर्म, संस्कृति तथा संस्कारले नै नारी अधिकार प्रदान गरेको छ, यस्ता अधिकारहरूका निम्ति नेवारी नारीहरूले छुट्टै लडाइँ लड्न परेको छैन। नेवारी संस्कार तथा परम्पराले नारीलाई विभिन्न अधिकारहरू प्रदान गरेर नारीलाई सशक्त बनाउने कार्य गरेको छ भन्न सकिन्छ।

❑

*(कालिपद घोष तराई महाविद्यालय, बागडोगरामा सम्पन्न दुई दिवसीय अन्तराष्ट्रिय सेमिनारमा प्रस्तुत कार्यपत्र।)*

With Best Complements from

TIKA NURSERY

Bong Busty, Barbote Kalimpong

We deal in:

Indoor
&
Ornamental Plants

Lalkazee Pradhan
Mob. No.: 99334 47825

# सिक्किममा नेवारहरूको आगमनको ऐतिहासिक पृष्ठभूमि

**कल्पना प्रधान**
गान्तोक, सिक्किम।

**४.१.१ सिक्किममा नेवारहरूको आगमनको ऐतिहासिक पृष्ठभूमि**

ऐतिहासिक प्रमाणअनुसार ई. सं. तेह्रौँ शताब्दीतिर तिब्बतका ल्हासो मोङ नाउँ गरेको एक उग्र फौजले सिक्किम, भुटान र पूर्वी नेपालको किराती भागमा अधिकार जमाएर नेपाल उपत्यका भित्र छिरे। त्यसताक नेपाल उपत्यकामा राजा बसन्तदेवले शासन चलाउँदै गरेका थिए। ल्हासो मोङको फौजले तत्कालीन नेपाललाई लुटे। राजा बसन्तदेव र उनका फौजले तिब्बतको उक्त फौजलाई सिक्किमसम्म खेदेर लगे। पूर्वी नेपालका लिम्बू र सिक्किमका लेप्चाहरूले पनि तिब्बती हमलावरहरूलाई धपाउन उक्त युद्धमा भाग लिएका थिए। ल्हासो मोङको अगुवालाई लेप्चाहरूले मारेपछि मात्र उनका सिपाईहरू तिब्बततिर फर्केर गए। बाह्र वर्षसम्म लगातार भएको उक्त युद्धले गर्दा लिम्बूवान व सिक्किममा अन्नको ठूलो अभाव भयो। यस्तो अनिकालको अवस्था उत्पन्न भएको देखेर लिच्छवी राजा बसन्तदेवले आफ्नो राज्यका केही कृषकहरू (ज्यापु) लाई धान, मकै र अन्य खाद्यान्नका बिजन दिएर सिक्किममा पठाए (धरणीधर दहाल : ८-९ )। लेप्चा भाषामा यी चामल र अन्नहरूलाई सख्या जो, दर्मा जो, तक्मर जो, जोकाप जो, त मक्सा कनेउ (मकै), साम्दुर कनेउ, सुम ब्रो, (फापर), मुम कुप (असार महिनामा फल्ने), कछेर (जौ), काक्यो (गहुँ), कधु (तिते फाफर) कथात् (गुलियो फाफर) आदि। यसरी ज्यापुहरूले अनिकालको समयमा सिक्किमलाई सहायता गरेकाले लेप्चाहरूले नेवार ज्यापुहरूलाई ‘Nemyel” भनेर सम्बोधन गर्ने गरे। ‘नेम्येल’को अर्थ ‘नेपालका पवित्र मान्छे’ हुन् (धरणीधर दहाल : ९)।

तर नेपालबाट आएका यी कृषकहरू सबै आफ्नो अभियानकार्य सकिएपछि नेपाल फर्केर गए वा यिनीहरूमध्ये कतिपय यहीँ स्थायी बसोबास गरेर बसे भन्ने उल्लेख कतै भएको भेटिएको छैन।

श्री हेमराज शाक्यज्यूले आफ्नो पुस्तक **‘बोधिमण्डप कुटागार, महाबुध्द मन्दिर संक्षिप्त इतिहास**’मा उल्लेख गरेका छन् कि ने. सं. ७७४, वैशाख अर्थात् सन् १६४४ सालमा

पाटन महाबुध्द मन्दिरको प्रतिष्ठाकार्य सु-सम्पन्न भए पश्चात्, प्रसाद बोकेर पण्डित जयमुनि शाक्य आफै सिक्किमका राजा फुन्सो नामग्याल (१६०४-१६७०) लाई प्रसाद चढाउन सिक्किम गएका थिए। प्रसाद बोकेर लगेको उक्त थालभरि सिक्किमपति राजाले सुन राखेर पण्डित जयमुनिलाई उपहार दिई पठाएका थिए। यही सुनको आयस्ताबाट पण्डित जयमुनि शाक्यले बुंगलोकेश्वर (रातो मच्छेन्द्रनाथ) लाई 'लुसाहा गुठि' थापना गरेर गए। यही लुसाहा गुठि आजसम्म पनि उनका सन्तानहरूले चलाउँदै आएका छन् (हेमराज,२०४५ : ६३)। यही सुनले बुंगलोकेश्वरको रथको विमानमा सुनको जलप लगाइएको हो। जुन सुनको जलप आज पनि बुंगलोकेश्वर रथको विमानमा देख्न सकिन्छ।

लगभग तीन सय सत्तरी वर्षअगाडि कुनै एकजना आफन्त वा चिनाजाना परिवार सिक्किममा नभइकन एउटा अन्जान देशका भोटिया राजालाई उपहार लिएर भेट्नु भनेको त्यति सहज कार्य होइन। त्यसैकारण त्यसताक पनि सिक्किममा नेवारहरूको बसोबास भइसकेको थियो भन्ने अनुमान गर्न सकिन्छ।

भुवनप्रसाद प्रधानका भनाइअनुसार सिक्किममा लक्ष्मीदासको आगमनभन्दा धेरै पहिला नै यहाँ नेवारहरूको बसोबास भइसकेको कुरा उल्लेख गरेका छन्। उनका अनुसार लक्ष्मीदासका भाई कान्छा चन्द्रवीरले धेरै अगाडिदेखि सिक्किमको विभिन्न ठाउँ (डुगा, पाक्योङ, अम्बा, रिनाक)मा बसोबास गर्दै आएका नेवार परिवारका चारजना चेलीहरूसँग छुट्टाछुट्टै विवाह गरेका थिए।

**मंगनका धमारी जोशी (श्रेष्ठ) नेवारहरू**

हाल मंगनमा बस्ने नेवार परिवारका पुर्खा नेपालको पाटन सुन्धाराको माथिल्लो टोले खलस्बाट कुनै कारणवश करिब २५०-२६० साल पहिला बसाइँ सर्दै काठमाडौंबाट पूर्वतिर आएर जिरी र पछि ओखलढुङ्गामा बसाइँ सर्न आए। पाटन सुन्धारामा उनीहरूलाई धमारी जोशीको थरले चिनिन्थ्यो। उनका पुर्खाले जिरी र पछि ओखलढुंगामा खेतीपाती, बन्द व्यापार र भेडाको व्यापार शुरु गरे।

यसरी व्यापार गर्दै यिनका एकजना पिंढि धिर्द नारायण सर्वप्रथम सिक्किममा बसाइँ सर्न आए। त्यस पश्चात्, उनका छोरा अनन्त नारायण रिनाकमा घरजम गरी खेती व्यापार गरे। मंगनका आदिवासी लेप्चाहरूलाई नयाँ तरिकाबाट खेतीपाती गर्न सिकाउन सिक्किमका राजा थुटोब नामग्यालबाट हुकुम हुँदा अनन्त नारायणका छोरा भीमनारायण प्रधानलाई सर्वप्रथम सन् १८७५ मा सिक्किमको उत्तर जिल्ला मंगनमा गए। राजाको हुकुम अनुसार उनले मंगनमा मालिङ काजिबाट एक ठेकी दही र चार दाम तिरेर हालको मंगन बजार इलाका र वरिपरिको जमिन किने। त्यसताका हालको मंगन बजार त्यहाँभन्दा केही पर सिङ्गिक भन्ने ठाउँमा थियो। हालको मंगन इलाका त्यसताका अति अविकसित र चारैतिर जंगल नै जंगल थियो। सन् १८७५ सालमा उनले जंगल फाँडेर त्यहाँ एउटा राशन दोकान र एउटा चिया दोकान खोलेर हालको मंगन बजारको नीव हाले। यसरी मंगन बजार बसाल्ने श्रेय भीमनारायण प्रधानलाई जान्छ।

पछि भोजराज जेठमल र सिंघि परिवार पनि मंगनमा आएर भीमनारायण सँगसँगै व्यापार गर्न थाले। त्यसताक तिब्बतसँगको व्यापार मंगनको बाटो भएर हुन्थ्यो, त्यसैले समय समयमा आउने बेलायती र भारतीय अभियान दलहरू र व्यापारीहरू त्यही बाटो भएर तिब्बत आउ-जाउ गर्ने हुँदा उक्त चिया दोकान, राशन दोकान खुबै चल्थ्यो। भीमनारायणले यसरी चिया दोकान, राशन दोकान अनि भेडाको गोठ राखेर राडी पाखीको पनि व्यापार शुरू गरे, भेडाको दूधबाट बनिने चीजहरू जस्तै छुर्पि, घ्यू इत्यादिको पनि थोक व्यापार गरे।

संभवत: गुरुङ समुदायलाई नेपालबाट ल्याएर सिक्किममा ठूलो ठूलो भेडाको गोठ राखेर व्यापार गर्ने कार्य यिनका पुर्खाले नेपालको जिरीबाटै शुरु गरेका थिए। किनकि जिरीको घाँसपात घरेलु जीवजन्तुलाई सुहाउँदो र त्यसताक त्यहाँ विशाल गौचरण यत्रतत्र छरिएको हुँदा त्यहाँका अधिकांश बासिन्दाहरूको मुख्य व्यवसाय पशुपालन नै थियो। सन् १९६० को शुरुवातमा स्वीजरल्याण्डको एउटा स्वीस कम्पनीको तकनिकी सहायतामा जिरीमा असंख्य दूध सम्बन्धी लघु उद्योगहरू हालसम्म पनि सफलताको साथ चलिरहेको छ।

भनिन्छ राजाबाट भीमनारायणलाई "तिमीहरू खेती किसान गर्ने कि व्यापार गर्ने?" भनेर सोध्दा उनले व्यापारलाई रोजे। उनले ठेक्काको काम पनि गर्थे। राजाद्वारा आदेश भएपछि बेलायत भारतीय यात्रा दल, अभियान दललाई राशन पानी पुऱ्याउने ठेक्का पनि उनले नै लिए। पाङथाङदेखि दिक्चु, मंगन, चुङथाङ, लाचेन लाचुङसम्मको घोरेटो बाटोको ठेक्काको काम पनि यिनले नै गरे। ग्यान्जे धावामा ब्रिटिश सैनिकलाई उनले नै राशन-पानी सप्लाई गरेका थिए।

यिनका जेठा छोरा मणिनारायण प्रधानले संकलन, फोदोङ, सामदोङमा बस्तीवालाको सहायतामा निजी तवरमा स्कूलहरू खोले लेप्चा, भुटियाका नानीहरूलाई शिक्षित गराउने कदम चाले। मंगन मेशिनरी स्कूलका उनी आफै र उनका दुई तीन भाइ पहिलो विद्यार्थी थिए। यस स्कूलको सतक वर्ष पनि मनाइएको थियो। मणिनारायण प्रधानले उत्तर सिक्किममा हुलाक व्यवस्था पनि सञ्चालन गरेका थिए। उनले जहाँ-जहाँ स्कूल खोले त्यहाँ नजिकै हुलाक अड्डा पनि खोले। उनी डाक बाबुको नामले प्रख्यात थिए।

भीमनारायण प्रधान र उनका परिवारले बनाउने उच्चकोटीको जाँड-रक्सी खुबै प्रख्यात थियो। यसरी उनीहरूले मंगनमा स्थापित गरेको गद्दीबाट तुमलोङ दरवारसम्म रक्सी-जाँडको आपुर्ति हुन्थ्यो। पछि राजाले मंगन चुङथाङ आदि ठाउँमा बस्ने आदिवासी लेप्चाहरूलाई नेवारी तरिकाले जाँड-रक्सी बनाउने प्रशिक्षण दिने हुकुम पनि दिएका थिए।

राजाले नेवारहरू बुद्धिष्ट हुनू, तिमीहरूले पनि धर्म परिवर्तन गर्नुपर्छ भनेका थिए। तर उनीहरू शिवमार्गी भएकोले त्यस्तो गर्न मानेनन्। हेमसिंङ प्रधानका अनुसार यदि त्यस्तो गरेको हुँदो हो त उत्तर सिक्किमका नेवारहरू शायद जनजाति बनिसक्ने थिए, किनकि तामाङहरू बौद्धमार्गी भएका कारण उनीलाई उत्तर सिक्किम जमीन

ग्रहण गर्न दिइयो भन्ने उनको विचार छ।

हुनत, सन् १९०९ सालमा नै पेनलोङदेखि उत्तरमा बसोबास गर्ने पहाडी बस्तीवालाहरूले सन् १९०९ को ३१ डिसम्बरसम्म उक्त स्थान खाली गर्नुपर्ने चेतावनी दियो भने सन् १९११ मा एउटा नोटिसद्वारा पेनलोङदेखि उत्तरमा अझै सफा रेखा खिंचेर उक्त स्थानभित्र नेपालीहरूले बसोबास गर्न नपाउने भन्ने नियम बनाए।

यो आश्चर्यको कुरा छ कि, सरकारबाट यस्तो सर्कुलर दुई दुईपल्ट निस्के तापनि पेनलोङ भन्दा सुदूर उत्तरमा बसोबास गर्ने नेवार परिवारलाई किन हटाइएन। यसको मुख्य कारण हुनसक्छ नेवारलाई त्यतिबेला नेपाली समूह भित्रको मानिन्दैन थियो। किनभने कतिपय पुराना दस्तावेजहरूमा नेवार तथा नेपाली भनेर उल्लेख गरिएको पाइन्छ। नेवारलाई नेपाली समुहभित्र राख्ने प्रक्रिया धेरै पछि मात्र शुरु गरेको हो।

सन् १९२८ सालमा कानून सिक्किममा लागू गरियो, जसअनुसार मंगन प्रधानहरूको ७५५ जग्गा जमीनलाई छौग्याल सरकारले फर्काई लिए र भोटे लाप्चेलाई बाँडिदिए। प्रेमनारायण प्रधानका अनुसार सिक्किममा Revenue Order No = 1 लागू गर्नुमा उत्तर जिल्लामा नेवारहरू एउटा कारण बन्न पुग्यो। Revenue Order No = 1 सिक्किममा लागू गराउनुमा नेवारहरूको उत्तर जिल्लाको जग्गा जमिनमाथि आँखा गाडेर बसेका केही मुट्ठिभर भोटे समुदायका मानिसहरूले रचेको दावपेचको नतिजा थियो भनेर भुटिया समुदायका एकजना प्रभवशाली व्यक्तिले व्यक्त गरेको उनले बताए। हाल भीमनारायण प्रधानका वंशज, मंगन, नौ माइल, पाङथाङ भुसुक, पुतलिसडक (काठमाडौं), र सिक्किमको दिक्चुमा बसोबास गर्दै आएका छन्। (Interview with Hem Sing Pradhan, Prem Narayen Pradhan and .....of Mangan, dated 16/6/2016)

### ४.१.२ सिक्किममा विभिन्न नश्लका नेवारहरूको आगमन

**शाक्य परिवारको सिक्किममा आगमन**

ई.सं १८६६ सालमा सिक्किम सरकारबाट पूर्व सिक्किमको रंगेलीमा नेपाली र भुटिया-लेप्चाहरूलाई बजार बनाएर बसोबास गर्ने हुकुम दिइएको हुँदा रंगेलीको जंगल फँडानी गरेर सर्वप्रथम भीम नरसिंह शाक्यले त्यहाँ एउटा घर बनाएर दोकान खोले। सन् १९०३ सालमा ग्यान्चीमा हमला भएदेखि यहाँको व्यापार खुब चल्न थाल्यो। फलस्वरुप सन् १९०३ देखि अरु अरुले पनि रंगेलीमा आएर घर बनाएर धमाधम दोकान खोलेको कुरा रंगेलीको एउटा मन्दिरमा भीम नरसिंह शाक्यले खुद झुण्ड्याएको घण्टीमा कोरिएको अभिलेखबाट चाल पाइन्छ (कंचनजंघा, १९७०, पे. ८६)। भारत-सिक्किम-तिब्बतको व्यापार रंगेलीको बाटो हुँदै हुने समयमा रंगेलीदेखि जेलेपलासम्म खच्चरलाई दिइने दानाको बन्दोवस्त गर्ने त्यसताका यस ठाउँको मुख्य व्यवसाय थियो। यस बाहेक यहाँ अलैंची र आलुको व्यापार पनि नेवारहरूको अधीनमा थियो। पछि सिक्किम सरकारबाट हुकुम पाएर, रिनाक काजी र त्यसताकका अग्रगन्य बूढा-पाकाको सहयोगमा उपरोक्त रंगेली बजारमा प्रत्येक आइतबारको

दिन हाट लगाउने व्यवस्था उक्त शाक्य परिवारले मिलाएका थिए भन्ने जनश्रुति छ (क्षत्र नरसिंह शाक्यवंश १९७० कञ्चनजंघा : ८९-९०)।

**मास्के परिवारको सिक्किममा आगमन**

त्यस्तै १८ रौं शताब्दीको अन्ततिर, कुनै अज्ञात कारणले गर्दा टिकाराम मास्के (प्रधान) नेपालको पाटन शहरको सुन्धाराबाट पूर्व नेपालको भोजपुरतिर बसाइँ सरे। उनका छोरा महेश्वर मास्के आफ्ना चारजना छोराहरूलाई (चन्द्रवीर मास्केलगायत अरु तीन भाइ) साथमा लिएर सन् १८३० तिर भोजपुरबाट अझै पूर्वतिर आएर तत्कालीन दार्जिलिङ (सिक्किम) पसेका थिए। त्यसताका दार्जिलिङ जंगली मुलुक नै थियो।

उनले दार्जिलिङको बजार लाइनमा एउटा दोकान पनि बनाएका थिए। तन्देरी भएपछि चन्द्रवीर मास्केले उक्त दोकानमा नून, तेल, चामल इत्यादिको व्यापार गरे। केही वर्षपछि अर्थात् सन् १८४०-४५ तिर दार्जिलिङको घर व्यापार दाजुभाइलाई छोडेर दार्जिलिङबाट अझ पूर्वतिर आएर दक्षिण सिक्किमको सदाम, सुम्बुक इलाकातिर आएर खेती, व्यापार गर्न शुरु गरे। (दयाप्रसाद प्रधान, १९९७ : १)। सुनिन्छ, सुम्बुकको मुनितिर अवस्थित हालको ‘रोलो मन्दिर’ कुनै समयमा चन्द्रवीर मास्केहरूको गुँध्यो (इष्ट देउता) हुने गर्थ्यो। मानपुर खेतमा बाली रोप्दा, उठाउँदा रोलो मन्दिरमा बलि चढाइ पुजा हुन्थ्यो।

पछि सिक्किमका अरु रैथाने नेवारहरू जस्तै लक्ष्मीदास प्रधान, कान्छा चन्द्रवीर प्रधान र लम्बोदर प्रधान, जितमान प्रधानसँग मिलेर सिक्किममा नेवारहरूको एउटा संगठन पनि खडा गरे। यी पाँचभाई नेवार मिलेर पछि सिक्किमका विभिन्न ठाउँहरूमा ताँबाखानि खन्ने काम पनि शुरु गरे। यस विषयमा अध्याय ४ मा अझै विस्तृत रुपमा प्रकाश पारिने छ। यी पाँचभाइ नेवार मिलेर सदाम, पचेखानी दिकलिङ, पान्डाम इलाकाहरू साझेदारीमा लिएर उक्त ठाउँहरूमा उन्नति गर्न थाले। सन् १८६७ मा यिनीहरू बीच एउटा लेखापढी भएको कुरा अघि नै जनाइसकेको छ।

चन्द्रवीर प्रधान मास्केले, पाकिम बजारसहित भएको जमीन, डुम्बा इलाकाका जम्मै जमीन किनेर सालैपिच्छे खजाना तिरेर आफू एक रैती मात्र भएर बसे। आफूले जिम्मा लिएका पाण्डाम इलाकामा र आफ्नै नाममा पट्टा भएको स्टेटहरू तिमि, रिगु, छोटा पाथिङमा सिक्किम सरकारबाट आदेश लिएर वरिपरि क्षेत्रहरूबाट मानिसहरू ल्याएर रैतीहरू बसाले। ती मानिसहरूलाई चार दाम अर्थात् चार पैसा र एक ठेकी दहीमा एक घरले जति कमाउन सक्छ त्यति जमीन छुट्याएर सालमा कति खजाना तिर्नुपर्ने भन्ने तोकिदिए। यिनीहरूको हेरचाह गर्नु र समयमा खजाना उठाउन मण्डलहरू र कारवारीहरू नियुक्त गरे, अनि खेतबारी शुरू गरे।

उनले रम्फूमा एउटा घर बनाएका थिए, जो अहिलेसम्म रम्फू कचहरीको नामले प्रख्यात छ। रम्फू ताँबा खानी यिनकै देखरेख र जिम्मावारीमा चल्थ्यो, जो पछि सिक्किम माइनिङको नामले प्रख्यात भयो। यिनका छोरा कालुराम र लक्ष्मीनारायण प्रधानले टिस्टादेखि रम्फूसम्म गोरूगाडी चल्ने बाटो बनाए। पाकिम,

रम्फू, सिङताम आदि बजारहरू आफ्नो निजातर्फबाट बसाए। पछि आफूले बसाएका यी बजारहरू सरकारलाई जिम्मा लगाई फेरि आफैले ठिक्कामा लिए।

सन् १९०८ सालमा लक्ष्मीनारायण प्रधान 'रायसाहेब'को पदबाट विभूषित भए (दयादप्रसाद : ७)। पाकिम, रम्फू अनि रंगेली बजारहरूमा भएको झगडाको फैसला गरेर दोषीलाई सजाय दिनु भनेर राः साः लक्ष्मीनारायाणलाई अधिकारसहित हातकडीहरू पनि सरकारबाट दिइएको थियो। राजाबाट पाइएको एक आदेश दयाप्रसादको पुस्तकमा छापिएको छ जसको प्रतिलिपि पुनः यहाँ परिशिष्टमा सामेल गरिएको छ। सन् १९११ सालमा बेलायतकी राजारानीको राजतिलक समारोह दिल्लीमा हुँदा श्री ५ सिक्किमपति महाराजको साथमा रा. सा. लक्ष्मीनारायण पनि गएका थिए।

सर्वप्रथम अलैंची र बजारहरूको ठिक्काको प्रथामा काम गर्ने कालुराम लक्ष्मीनारायण प्रधानहरू नै थिए भन्ने प्रमाण सिक्किमका पोलिटिकल अफिसरले सन् १९११ फरवरी १७ तारिखका दिन जारी गरेको एउटा पत्रबाट थाहा लागिन्छ, जसमा वर्ष १९१०-१९११ का लागि अलैंचीको खजाना रु० १३००० बुझाउनका लागि रायसाहेब लक्ष्मीनारायणलाई भनिएको छ। (दयाप्रसाद : परिशिष्ट ) राय साहेब लक्ष्मीनारायण प्रधान पछि गएर सिक्किम काउन्सिलको एक सदस्य पनि भए।

सरकारलाई हरेक पाइलामा सहयोग दिए बापत् तिनताकका पोलिटिकल अफिसर जे. सि. ह्वाइटले पाक्योङ स्थित रायसाहेब लक्ष्मीनारायणको घर, पसल आदि कर मुक्त गरिएको अर्डर दयादप्रसादले आफ्नो पुस्तकमा छापेका छन्। त्यसरी नै पाकिम डाक घरको हेरचाह र मरम्मतिका लागि हरेक तीन महीनामा एकपल्ट रु० १५ का दरले सरकारलाई सहयोग पुऱ्याउँथे भन्ने कुरा पनि दयादप्रसादले आफ्नो पुस्तकमा लेखेका छन्।(दयादप्रसाद : ८)

## कसजु परिवारको सिक्किम आगमन

सिक्किममा लक्ष्मीदासको आगमनको समयलाई लिएर विभिन्न स्रोतले विभिन्न साललाई अंकित गरेका छन्। तर पनि सन् १८४६ मा नेपालमा घटेको कोतपर्वपछि जंगबहादुरका गुप्तचरहरूले विरोधी गुटका आफन्तहरूलाई समेत समातेर यातना दिने, सर्वस्व हरण गर्ने कार्य भइरहेको हुँदा लक्ष्मीदास आफ्नी पत्नीसहित नेपालको भक्तपुर, इनाचो टोलबाट पलायन हुनुपरेको कुरा बुझ्न सकिन्छ। भुवनप्रसादका अनुसार लक्ष्मीदास सर्वप्रथम सन् १८४८ सालमा हनुमाननगर र जलपाईगुडी हुँदै दार्जिलिङ प्रवेश गरेका हुन् (भुवन, ९९९३ : ८)। त्यसरी नै दयाप्रसाद प्रधानका अनुसार लक्ष्मीदास सन् १९५० सालमा दार्जिलिङ भएर सिक्किम पसेका हुन् (दया प्रसाद, १९९७ : २)। आफ्ना साथी स्वरूप नारायणलाई भक्तपुरबाट झिकाएर सन् १९५२ सालमा उनी फेरि एकपल्ट दार्जिलिङ प्रवेश गरेको कुरा भुवनप्रसादले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।

अन्तिमपल्ट आफ्ना सबै परिवार र एकजना आफन्त केशवनारायणलाई साथमा

लिएर उनी सदाका लागि सन् १८५३ मा दार्जिलिङमा बसाई सरेको कुरा पुनः भुवन प्रसादले लेखेका छन्। हुनुसक्छ पहिलो, दोस्रो र तेस्रोपल्ट उनी व्यापारको सिलसिलामा दार्जिलिङ छिरेका थिए वा व्यापार लागि उपयुक्त छ छैन हेर्नु दार्जिलिङ प्रवेश गरेका थिए।

सन् १८५३ मा दार्जिलिङमा बसाइँ सरेपछि लक्ष्मीदासले दोकान खोलेर खाद्यान्न र अरु आवश्यक घरेलु जिनिसहरू किनबेच गर्ने काम शुरू गरे। त्यसताक दार्जिलिङको माहौल स्वच्छ, स्वतन्त्र र रोजिरोटीको बाटो पनि खुल्ला भएकोले गर्दा सिक्किम, भुटान र नेपालबाट दार्जिलिङमा बसाइँ सर्ने एउटा लहरै चलेको थियो। दार्जिलिङमा आएर लक्ष्मीदासले गुन्द्रुक-सिन्कीको व्यापार शुरु गरे। नेपाली समुदायलाई मनपर्ने गुन्द्रुक-सिन्कीको व्यापार तथा अरु अरु चाहिँदो घरेलु समान जस्तै सियो, सिन्दूर सुपाडि, जाइफल इत्यादि किनबेच गर्ने गरेकाले उनको पसल र व्यापार केही समयमै प्रख्यात भयो। दार्जिलिङको मुन्तिर पर्ने दक्षिण सिक्किमको माझिटार र आसपासका इलाकाबाट उनले गुन्द्रुक खरिद गरेर ल्याउँथे। यसरी दक्षिण सिक्किममा उनको आउजाउ निकै हुन्थ्यो। यस कुराबाट त्यस समयमा दक्षिण सिक्किममा गुन्द्रुक-सिन्की खाने जातिहरूको बसोबास प्रशस्त मात्रमा थियो भन्न कुरो थाहा लाग्छ। दार्जिलिङको गुन्द्रुक बेच्ने ठाउँ पछि गएर गुन्द्रुक बजारको नामले प्रख्यात भयो। लक्ष्मीदासले आफ्मो ठेगाना गुन्दरी बजार लेख्थे। त्यसरी नै अरु घरेलु सामानहरू जस्तै सियो, सिन्दूर सुपाडि, जाइफल इत्यादि उनले दिनाजपुरबाट खरिद गर्थे। जसको रशिदको नमूना भुवनप्रसादले आफ्नो पुस्तकमा छापेका छन्। जुन यस प्रकारले छ :-

१) लुगा सिउने सियो २००/- गोटाको मोल - ४ आना
२) २॥ सिन्दूरको रु० १/-
३) १॥ सेर जायफलको रु० १/- इत्यादि।

व्यापार धन्धा फस्टाउँदै गएपछि उनले आफ्ना भाई चन्द्रवीरलाई नेपालबाट बोलाए, अनि दुइ भाई मिलेर व्यापार धन्दामा अझै उन्नति गरे। यसप्रकारले उक्त पसल त्यस समयमा किनबचको मुख्य केन्द्र हुनुपुग्यो। लक्ष्मीदास र उनका भाइ चन्द्रवीरको दोकानको लोकप्रियताले गर्दा सिक्किम राज्यका भाइभारदार, गन्यमान्य व्यक्तिहरू पनि उक्त पसलमा आएर किनमेल र कारोबार गर्न थाले।

त्यसताक दार्जिलिङ निवासी, सिक्किमका एकजना जमिन्दार दोर्जे लामाले उनीहरूको पसलमा राशनपानी र अरु घरेलु सर-समान खरिद गर्न अटूट रुपमा आउँथे। निज लामाले उक्त पसलबाट माल-समान उधारोमा लान्थे। यसरी लेनदेनको कोरोबारबाट धैरै उधारो लग्दा दोर्जे लामाले बाँकी लगेको सर-सामान बराबर रकमको सट्टामा सिक्किमको तुरूक स्थित आफ्नो जमीन भर्नामा दिने प्रस्ताव लक्ष्मीदाससमक्ष राखे। जसलाई लक्ष्मीदास र चन्द्रवीरले केही हिचकिचाहटकासाथ स्वीकार गरे, किनभने दार्जिलिङमा फलीफुली फस्टाएको समयमा जंगल पस्नु (सिक्किम) भनेको कम साहसको कार्य थिएन। भुवनप्रसादका अनुसार यस निर्णयलाई

एउटा 'झोंक' नै मान्नुपर्छ। किनकि त्यसताकसम्म पनि सिक्किम जंगल अवस्थामा नै थियो।

त्यस समयमा सिक्किमलाई विभिन्न इलाकामा विभाजन गरेर प्रत्येक इलाकालाई एक-एकजना जमिन्दारको जिम्मा लगाइन्थ्यो। प्रत्येक वर्ष जनतासँग असूल गरेको खजाना जम्मा गरेर राजालाई बुझाउनुपर्ने जिम्मेवारी जमिन्दारहरूको हुनआउँथ्यो। यसरी दोर्जे लामाको मार्फत राजालाई खजाना बुझाउनु जाँदा राजाले उप्रान्त त्यस इलाकाको जमिन्दारी तिमी आफैले चलाउनु भनि हुकुम भए अनुसार तुरुक इलाका लक्ष्मीदासको हातमा परे।

त्यस समयमा सिक्किममा ऐन कानुनको राम्रो व्यवस्था थिएन। उत्तर सिक्किममा भुटियाहरूको आफ्नै कानुन लाग्थ्यो, तर गान्तोक इलाका छोडेर अरूतिर ऐन कानुनको व्यवस्था थिएन। त्यसैकारण लक्ष्मीदासले भक्तपुरबाट कानून जान्ने जस्तै डिठ्ठा, खरदार जस्ता मानिसहरू र मुलुकी ऐन जस्ता किताबहरू ३/४ भाग लगेर तुरूक सिक्किममा नेपालको जस्तै अड्डा कचहरी स्थापना गरे। सबै जनतालाई नियम कानून बमोजिम चल्नुपर्ने बाध्य गराए।

त्यसरी नै सिक्किमका मन्त्री खाङसा देवान (च्याखुङ इलाकाका अधिपति) पनि त्यस पसलमा समय समयमा आउँथे। लक्ष्मीदासको इमान्दारी र परिश्रमलाई देखेर खाङसा देवानले उनीहरूलाई सिक्किममा स्थायी बसोबास गर्ने आग्रह गर्न थाले। देवानले लक्ष्मीदासलाई सिक्किममा जमीन दिने र उक्त जमीनमा रैती बसाएर उन्नति गर भनेर निवेदन गरेका हुनाले केही वर्षपछि फेरि उनले नेपाली बासिन्दा भएको भुजेल गाउँ, जसलाई हाल सुम्बुक भनिन्छ, सो किने। सन् १८६७ सालभन्दा अघि पनि लक्ष्मीदासलाई राजाद्वारा विधिवत रुपमा जमीनको पट्टा दिएको अभिलेख हालसम्म नभेटिए तापनि शुरुवाती वर्षहरूमा लक्ष्मीदासले काजी, देवानहरूको अधिनस्थ ईलाकाहरूमा सम्भवतः बसोबास गरेर उन्नति गरेको अनुमान गर्न सकिन्छ।

प्रत्येक वर्ष लक्ष्मीदास आफ्ना भाइ चन्द्रवीरलाई साथमा लिएर गान्तोकमा काजी, देवान मार्फत राजाकहाँ खजाना बुझाउनु जान्थे। आफुले विशेष नाफा नराखी समयमा ठीक हिसाब बुझाउने हुँदा यी दाजुभाइप्रति राजाको विश्वास बढ्नु स्वाभाविक थियो। किनकि त्यसबेला सरकारलाई खजाना नबुझाउने र कुनै कारणबस खजाना बुझाउन असमर्थ हुने जमिन्दारहरू निकै थिए। त्यसैले उनीहरूको इमान्दारी देखेर राजाले तुरुक, सुम्बुक इलाकाको जमिन्दारी तिमी आफैले चलाउनु भनि हुकुम भएपछि यी इलाकाहरूको लक्ष्मीदासलाई एउटा सनदद्वारा दिइयो। र साथै राजाले यी इलाकाहरूमा नेपालीहरू झिकाएर बसोबासो गराउनु भनियो। अनि उक्त जमिनको खजाना देवानलाई यति बुझाउनु भनि तोकिएको देवान खाङसार्पाद्वारा ज्ञात गराइयो। यिनीहरूको विश्वसनीयता देखेर पछि राजाबाट अरु अरु इलाकाहरूको पनि पट्टा यी दुई भाइहरूलाई दिए। महाराजा सिडकोङ नामग्यालको समयसम्म लक्ष्मीदास र उनका भाइ चन्द्रवीर कसजुलाई दक्षिण सिक्किमको ठूलो इलाका जस्तै सुम्बुक तुरुक लगायत रातेपानी, नामथाङ र वरिपरिका

इलाका औपचारिक रुपमा सनदद्वारा ठेक्कामा दिइयो। नामथाङ इलाका जमिनको पट्टा सन् १८७२मा समिक छिपोन छिरिङ नागिया, हाल बर्मेक काजीका पुर्खाले कान्छा चन्द्रवीरलाई जिम्मा लगाएको डकुमेन्ट परिशिष्ट २७ मा समावेश गरिएको छ, जसमा उल्लेख गरिएको मुताबिक सुम्बुक बस्तीका बासि कान्छा चन्द्रवीरलाई ११ वर्षका लागि नामथाङका सबै बस्तीहरूमा शासन गर्न र सबै किसिमका मुद्दाहरूको छिनाफाना गर्न र सम्पूर्ण जमिनमा नयाँ बस्ती बसाल्न अनुमति दिइएको छ। यसका लागि सालियाना सरकारलाई रु. ३१ रुपैया बुझाउनुपर्ने पनि उल्लेख गरिएको छ। साथै उक्त खजाना तिर्न नसकेको खण्डमा सिक्किमपति नरेशको कानुनअन्तर्गत जरिमाना तिराउने भनिएको छ।

त्यसरी नै नाम्ची जमिन र चुनाखानीको जमिन पनि लालमोहरद्वारा राजाले लक्ष्मीदासलाई अगाडि नै दिइसकेका थिए।

"... ... ... राजाबाट र बडादेवानले नामचि जमिन र च'नाखानिको अधिपतिका लालमोहर तिमीहरूका नाउमा गरि दियाको थिञौं. लासायाब' र नामचि लामाहरूले झेल बषेडा गरि सो जमिनमा र च'नाषानिमा तिमिहरूलाइ बाहालि गर्न' दियेन फौदो लामा ताहा दर्जलिङमा बस्याको छ निज फौदो लामाले तिमीहरूलाइ सो जमिनमा र च'नाषा(नि)मा बाहालि गराइदिन्या ................लामाहरूले बाहाल गर्न' दियेन भन्या निज फौदां लामा मार्फत हाम्रा हज'रमा अर्जि लेषि पठाउन' र ञहाबाट क'छाप पठाइ दिउला भनि तिम्रा बाब'का नाउमा र मेरा नाउमा सो जमिनमा र च'नाषानिमा नेवार बाब'हरूलाइ तिमीले बाहालि गराइ दिन' निज लासायाब' र नामचि लामाहरूले बाहालि गर्न' दियेन भन्या जो भयाभरको हाल स'र्तको अर्जि हाम्रा हज'रमा लेषि पठाउन' र ञहाबाट क'छाप पठाइ दिउला निज क'छापले निज लासायाब' र नामचि लामाह?लाइ भारि सजाये गरि निज नेवार बाब'ह?लाइ बाहालि गराइ दिन्या छन . लापच्या भोटे बस्ति निज नामचि लामालाइ गरिदिन' पाहाडिया बस्ति नेवार बाब'हरूलाइ गरिदिन' भंन्या बेहोराको ह'क'मनामा लालमोहर र दस्षत जेष्ट स'दि !! रोज ३ का दिन .. छ्याज' हस्ते आइ प'ग्या......... इति सम्वत !(३५ साल मिति जेष्ट स'दि !३ रोज ५ स'भमे"

यो चिट्ठी हरिदास प्रधान (छोरा)ले लक्ष्मीदास(बुबा)लाई सन् १८७८मा लेखेको हो। यस चिट्ठीमा उक्त सन्देश कसले पठाएको भन्ने उल्लेख नभएको भए तापनि यो पत्र खाङसा देवानले हरिदासमार्फत लक्ष्मीदासलाई सन्देश दिइएको बुझिन्छ।

त्यसरी नै लक्ष्मीदास र चन्द्रवीरको हातमा पूर्व सिक्किमको रिनाक, रेगु, पाचे, अम्बा व पाथिङ आदि इलाकाहरू पनि परे। एवं प्रकारले पाकिमका चन्द्रवीर मास्केको कब्जामा दुगा, पाक्योङ व तिमि इलाका परे।

भुवन प्रसादले उल्लेख गरे अनुसार सुम्बुक इलाकाको जम्मा आम्दानी धुरी खजानासहित रू. १८०० र खर्च बाँड फाँड गरी रू. १४८४ हुने गर्थ्यो। यस हिसाबले सुम्बुक इलाकाको कुल आम्दानी वचत रू. ४०६ हुनु आउँथ्यो।

यसबाट थाहा हुन्छ नेवार जमीनदारहरूले मान मर्यादाका लागि मात्र आ-आफ्ना जमिन्दारी चलाए। यसरी जमिन्दारीले मात्र आफ्नो मान मर्यादा थाम्न साह्रो पर्ने भएकोले सबै जस्तो नेवार परिवारले केही न केही काम धन्दा र व्यापार बन्दा गर्न थाले।

आफ्नो अधिनस्थ परेको जमीनको देखरेख गर्नका लागि लक्ष्मीदास चन्द्रवीरले भक्तपुरबाट आफन्तहरू र अरु विभिन्न जात जातिका सयौं नेपालीहरूलाई बोलाए। यसरी १९सौं सदिको पछिल्लो चार दसकको समयावधिमा धेरै नेवारहरू सिक्किममा स्थायी बसोबास गर्न आइसकेका थिए।

सन् १८७६ सालमा राजा थुटोब नामग्यालले सिक्किमको रिनाक इलाकामा नेवारहरूको बस्ती बसाल्नका लागि लक्ष्मीदास चन्द्रवीरलाई स्वीकृति दिए। यस घटनालाई पुनः निश्चित गर्नका लागि १८८० सालमा राजाको सही भएको आदेश फेरि जारी गरियो। यसरी रिनाक बाहेक, जहाँ जहाँ यी नेवारहरूले जमिन्दारीको काम लिए त्यहाँ त्यहाँ नेवारहरूको बाक्लो बस्ती भएर आयो। नेवारहरू बेसी भएको ठाउँहरू दक्षिण सिक्किमको तुरुक, सुम्बुक, मल्लि, तिमि-तार्कु दरामदिन हुन्। पूर्वमा रिनाक, आरिटार, रोङली, रेगु ,पाचे, अम्बा, दुगा, पाक्योङ आदि हुन्। त्यसरी नै पश्चिम सिक्किममा देन्ताम, रोडो-खान्डु, पेलिङ, सोरेङ इत्यादि हुन्। उत्तरको मंगनमा पनि केही नेवार परिवारको बसोबास छ।

लक्ष्मीदास जब दार्जिलिङ व्यापार वाणिज्यमा संलग्न थिए सो समयमा उनलाई नेपाली समुदायका मुख्य अगुवा मनिन्थ्यो। दार्जिलिङमा कारोबार बढेर सन् १८६१ मा सर्वप्रथम उनले आयकर बुझाएका थिए। लक्ष्मीदास आफै दार्जिलिङ नगरपालिकाका आयुक्त (Municipality Commissioner) थिए। यसरी नगरपालिका आयुक्त नियुक्त हुने उनी सिक्किम दार्जिलिङ भेकका पहिलो नेपाली थिए। अगस्त १८९३ को नोटिफिकेशन संख्या ३९७९ जे० अनुसार बाबु लक्ष्मीदास प्रधान, दार्जिलिङका म्युनिसिपल कमिशनरलाई भारतीय शस्त्र ऐन (XI)अन्तर्गत यनै दफा १३, १४, १५ र १६ द्वारा निषेध गरिएको सबै बन्देजबाट छुट दिइएको छ। यस अनुसार लक्ष्मीदासले लडाइँमा प्रयोग हुने हात हतियारहरू जस्तै तोप, टर्पेडो, रकेट र हात हतियार बनाउने यन्त्रबाहेक अरू सबै किसिमको हात हतियार राख्न पाउने आदेश भारत सरकारका लेफ्टिनेन्ट गर्भनरले दिएका छन्।

त्यसरी नै सन् १८९१ सालमा बंगाल सरकारले लक्ष्मीदासलाई दार्जिलिङ जेलको गैर सरकारी निरिक्षकको पदमा नियुक्त गरेका थिए। बंगाल जेलका इन्स्पेक्टर जनरलको सिफारिस मुताबिक लक्ष्मीदासलाई दार्जिलिङ जेलको गैरसरकारी निरीक्षक नियुक्त गरेको र यसको सामान्य सूचना कलकत्ता ग्याजेटमा प्रकाशित हुने कुरा उल्लेख गरिएको छ। यसरी नियुक्त भएको सूचना मेमो संख्या १०४, मिति छ फरवरी १८९१ द्वारा लक्ष्मीदासलाई दिइएको छ।

यस बाहेक जेलको कामकाजमा लक्ष्मीदासले लिएको रूचिलाई लिएर डेप्युटी कलेक्टर एवं म्याजिस्ट्रेट तथा जेल सुप्रिटेन्डेन्टले लेखेको एउटा प्रशंसा पत्र दिएका थिए।

उनका जेठा छोरा हरिदास प्रधान पुलिस विभागका इस्पेक्टर थिए। सिक्किमको परिवारिक व्यापारका साथै, पुलिस विभागमा इन्स्पेक्टरको ओहदामा तैनाथ थिए। उनले आफ्नो परिवार अधिनस्थ रहेको ताँबाको भण्डारनलाई तौल गराई बोराबन्द गरी मिर्जापुर थोक बजारमा बेच्न पठाउँथे।

यसरी नै रायसाहेब हरिदासले नेपालबाट सिक्किममा आउने साहु महाजन र नेपालीहरूलाई चाहिँदो मद्दत र खातिरदारी गर्ने गर्दथे।

हरिदासका छोरा बालकृष्ण प्रधान त्यसताकाका नेपालका गन्यमान्य राणा परिवारसँग उठबस हुन्थ्यो। यसले गर्दा उनको रहनसहनमा राणा संस्कृतिको झलक देखिन्थ्यो र उनको शान शौकतको चर्चा सिक्किममा मात्र नभएर दार्जिलिङ, नेपालसम्म पुगेको थियो भन्ने कुरा अझै सुन्न पाइन्छ। उनले राणा शासकसँग जोडि लिएर बाउन्न ढोके घर नामथाङ, दक्षिण सिक्किममा बनाएका थिए। उक्त घर हाल नामथाङ कोठीको नामले प्रख्यात छ। बाउन्न ढोका भएको घर बनाएको चाल पाएर त्यसताकका राणा सरकारले सिक्किमका राजामार्फत एउटा ढोका बन्द गर्न लगाएको किम्वदन्ती हालसम्म पनि सुन्न पाइन्छ।

उनको नेपाल, भुटान र सिक्किमका नरेशसँग गहिरो सम्बन्ध थियो।

लक्ष्मीदासका माहिला छोरा रामकृष्ण एक विदुषी युवा थिए। तिलकचन्द्र प्रधानका अनुसार (हिमाली बेला, हिमाली इन्डिया पब्लीकेशन 27 Jan to 2nd Feb, 62nd, Issue, IX Volume) सन् १८७८ मा आफ्ना १८ वर्षका छोरा रामकृष्णलाई साथमा लिएर तुमलोङ दरवार जाँदा तन्देरी रामकृष्णको तीक्ष्ण बुद्धि देखेर सिक्किम नरेशले उनलाई सिक्किममै स्थायी तवरमा राख्ने सल्लाह राजाले दिए। यसै अनुसार उनीहरूको सिक्किमको तुरूक घरमा स्थायी बसोबास गर्न थाले। त्यस पश्चात् उनले दक्षिण सिक्किमको जमिन्दारी, पारिवारिक व्यापार हेर्न थाले र दक्षिण सिक्किमको चौतर्फी विकासको कार्यमा आफुलाई होमे। सन् १८६४ मा रंगित उपत्यकाको सडक निर्माण कार्यमा संलग्न रहेका बेलामा मलेरियाको प्रकोपले ३२ वर्षको उमेरमा उनको मृत्यु भयो।

तिलकचन्द्रले लेखेको अप्रकाशित दस्तावेजमा सन् १८६७ मा दक्षिण सिक्किमको तुक खानीमा ताँबाखानी खन्ने पहिलो व्यक्ति लक्ष्मीदास थिए भनेर लेखेका छन्। तर सन् १८६८ को एउटा अभिलेखमा राजाले लक्ष्मीदासलाई महँगो क्वेचिनको कपडा सौगातमा दिएको र लक्ष्मीदासले खुशी जाहेर गर्दै खानीको राजस्व स्वीकार गर्न निवेदन गरेका थिए। केही वर्षको चिनाजाना र घनिष्टता नभइकन महाराजाबाट नेवार व्यापारीहरूलाई यसरी महँगो सौगात आम तवरमा दिँदैनन्। हुनसक्छ तुक खानीको पट्टा लक्ष्मीदासले सन् १८६७ भन्दा केही वर्ष अगाडि नै पाइसकेका थिए।

### ४.१.३ सिक्किममा नेवार समुदायभित्र प्रधान जातको प्रचलन

सिक्किममा बसोबास गर्दै आएका रैथाने समुदायमध्ये नेवाः जाति पनि एक हुन्। सिक्किमका नेवारहरूलाई 'प्रधान' भनेर चिन्ने

गरिन्छ। दुई-चार परिवारलाई छोडेर अधिकांश नेवाहरूले आफ्नो थर 'प्रधान' भन्ने र लेख्ने गर्छन्। नेवाहरूले आपनो थर 'प्रधान' लेख्ने विषयमा विभिन्न मानिसहरूले विभिन्न विचार व्यक्त गरेका छन्। एउटा कथनअनुसार लक्ष्मीदास कसजुले, जसलाई दार्जिलिङ र सिक्किमका नेपाली समुदायका नाइके मान्दथे, सिक्किम र दार्जिलिङमा नयाँ बसाइँ सरेर आएका विभिन्न थरका नेवारहरूलाई आफ्नो-आफ्नो थर त्यागेर एउटै थर 'प्रधान' भनेर भन्नु र लेख्नु सल्लाह दिए, किनभने नयाँ थलोमा एउटै परिवार सरह बसोबास गरेमा एक मुष्ठ देखिन्छ भन्ने उनको विचार थियो।

स्वर्गीय भुवनप्रसाद प्रधानको भनाइ अनुसार सन् १६१३ मा लक्ष्मीदासले अंग्रेजबाट 'प्रधान' पदवी पाएका हुन। अंग्रेजले सिक्किम र दार्जिलिङमा बस्ने नेपाली समुदायका अगुवा को रूपमा लक्ष्मीदासलाई मान्ने हुँदा 'प्रधान' पदवी दिइएको हो। त्यसैले उनका अनुसार प्रधानको अर्थ 'मुखिया' हो न कि जात।

खगेन्द्र प्रधानको भनाइ अनुसार विभिन्न राजनैतिक कारणले गर्दा सन् १८४६ मा घटित कोतपर्वपछि नेपालबाट दार्जिलिङ, सिक्किममा बसाइँ सरेर आएका नेवारहरूलाई लक्ष्मीदासले आ-अफ्नो थर (वास्तविक चिन्हारी)लाई लुकाएर 'प्रधान' भन्नु वा लेख्ने आदेश दिए। यस्तो गर्नुको मुख्य कारण यसरी राजनैतिक कारणले गर्दा आएका नेवारहरूको ज्यान जोगाउनको लागि हो।

अर्को एउटा भनाइ अनुसार नेपालका राजाले नेपालबाट सिक्किम दार्जिलिङमा भागेर आएका सम्पूर्ण नेवारहरूलाई फिर्ता पठाउन सिक्किमका राजालाई अनुरोध गरे। फेरि नेपालमा फर्केर जानु पर्ला भन्ने आशंकाले गर्दा लक्ष्मीदासले सबै नेवारलाई आ-आफ्नो वास्तविक थरलाई त्यागेर 'प्रधान' भन्ने र लेख्ने आदेश दिएका हुनाले प्रधान भनेर लेख्ने र भन्ने गर्न थालेका हुन्।

जसले जे लेखे, भने तापनि सिक्किमका नेवारहरूले किन र कहिलेदेखि आफ्नो थर 'प्रधान' भन्न र लेख्न थाले भन्ने प्रमाणिक अभिलेख भने आजसम्म भेटिएको छैन। तर लक्ष्मीदास कसजुको प्रेरणा र नेपालबाट आएका सबै जातका नेवारहरूलाई एउटै थर दिएर समस्त सिक्किम दार्जिलिङका नेवारहरूलाई एउटै गुठि परिवार बनाउने लक्ष्मीदासकै दिमागी उपज हो भन्ने कुरा बुझ्न सकिन्छ। ❑

**सन्दर्भ सामग्री सूची :**


१. दाहाल, धरणीधर, (१९८४), सिक्किमको राजनैतिक इतिहास, भाग १, गान्तोक : सुब्बा प्रकाशन।

२. प्रधान, केशवचन्द्र, (२००८), The Life and Times of a Plantsman in the Sikkim Himalayas - A Memoir Wayside Garden, Sikkim

३. प्रधान, दिपक, (२००६), The Newar Aspect in Zamindari System in Sikkim, मतिना, त्रैमासिक पत्रिका, वर्ष ३ अङ्क ११

४. प्रधान, भुवनप्रसाद, (१९९३), सिक्किममा स्वर्गीय लक्ष्मीदास प्रधानको योगदान; एक झलक, गान्तोक : सिक्किम बोल्छ प्रकाशन।

५. शाक्य, हेमराज, (१९८८), बोधिमण्डप कुटागार, महाबुद्ध मन्दिर संक्षिप्त इतिहास।

# क्वाँति पून्हि

**प्रो. दिवाकर प्रधान**
काशी हिन्दु विश्वविद्यालय
वाराणसी।

कृषि उद्यममा आधारित जीवनशैलीमा हामी बाँचेका छौँ। असारमा खेतीपातीका कामले थकित भएका हुन्छन्। साउने झरीमा बिसाउन बाध्य पनि भइन्छ। खेतीको क्रममा शारीरिक श्रम धेर गर्दा शरीरलाई अतिरिक्त ऊर्जाको खाँचो हुन्छ। त्यसैको परिपूर्ति गेडागुडी अर्थात् प्रोटिन (प्रोभूजिन)-ले गर्दछ। प्रोटिनले मांसपेशीलाई स्वस्थ्य राख्ने काम पनि गर्दछ।

असारमा पो खेतीका कामले सन्चोले बस्न पाइँदैन। साउनमा त्यस्ता कामका चटारो पनि हुँदैन। साउनेपानी छल्न छोरीचेली माइत आएका हुन्छन्। रमाइलो गर्छन्। अचेल भने टीभी हेरेर सिको गरी वैरागी लुगा लाएर रुझिभिजी बोल बम गएका पनि देखिन्छ।

शरीरमा पानीको कमी पूरा गर्न बेलपात र पानी आफूले खाई आफूभित्रका शिवजीलाई प्रसन्न गराउनुपर्ने हो। साउने झरी र भदौरे भेलमा कता पो जानु र! स्वादिला र पौष्टिक भोजन पकाउँदै खाने र रमाइलो गर्ने हुनाले साउन-भदौ अर्थात् अगस्तमा थुप्रै पर्व पर्दछन् - क्वाँति पूर्णे, कृष्णाष्टमी, कुशे औँसी बाबुको मुख हेर्ने दिन, तीज, गणेश चतुर्थी, ऋषि पञ्चमी आदि।

आजको साउने पूर्णेलाई नेवारीमा गुँपुन्ही, संस्कृतमा श्रावण पूर्णिमा वा यज्ञोपवीत पूर्णिमा वा ऋषितर्पणी पूर्णिमा, नेपालीमा जनैपूर्णे वा क्वाँतिपूर्णे भनिन्छ। १५ दिने मास हुने चन्द्रपात्रो नेपाल सम्वत्-मा गुँलाथ्व पारुदेखि ञलाथ्व पारुसम्मको एक मास गुँला अर्थात् नवौँ मास हो। गुँला मासमा पर्ने भएकाले यसको नेवारीमा नाम गुँपुन्ही रहन गएको र गुँला नवौँ मास भएकोले पनि नेवार समुदायले कम्तीमा विभिन्न प्रकारका नौ थरी गेडागुडीको मिश्रण क्वाँति खाने गरेको हो। कतिले साहित्यको जस्तै क्वाँतिमा नवरस मान्दछन् भने कतिले नवग्रह शान्ति हुने ठान्दछन्। चना, मस्याम, मुगी, बोडी, मास, भटमास, ठूलो सिमी, सुकेका केराउ, हरिया केराउ मिसाएर पकाएको परिकार क्वाँति हुँदछ। यस्ता गेडागुडीको मिश्रण खानुअघि यिनीहरूलाई टुसा उम्रने गरी पानीमा भिजाउने चलन छ। चार दिन भिजाएर टुसा उम्रेपछि मात्र पकाइने यस्ता परिकार स्वास्थ्यका लागि लाभदायक हुँदछ। शरीर सन्च र चङ्ख हुन्छ।

चङ्ख हुन सिकाउने काग र बाली विनाशक कीरा खाइदिने भ्यागुतालाई पनि भाग

लगाएर क्वाँति खाइन्छ। भोलिपल्ट प्रतिपदामा गाई जात्रा निकालिन्छ। यसलाई सापारू पनि भनिन्छ। सा भनेको गाई पारू भनेको प्रतिपदा। प्राकृतिक सफाईकर्मी चङ्खा कागले यही बेला गुँडबाट बच्चा बाहिर निकाल्छन् भनिन्छ। चेपागाँडाबाट यति बेलै भ्यागुता बनिएका हुन्छन्। कृषिबन्धु यी प्राणीप्रति कृतज्ञता व्यक्त गर्ने काम पनि यसै पर्वमा गरिन्छ।

'क्वाँति' शब्द नेपालभाषाको 'क्वाति' शब्दबाट बनेको हो - 'क्वा' को अर्थ तातो र 'ति' को अर्थ झोल वा सिरुवा अर्थ लाग्ने भएकोले 'क्वाति वा 'क्वाँति' को अर्थ अङ्ग्रेजीमा हट सुप भन्ने बुझिन्छ। हुन ता अङ्ग्रेजीमा पिरोलाई पनि हट भन्ने गरिन्छ। अचेल सुन्दरीलाई पनि हट भनिएको सुनिन्छ।

मास, भटमास, मुगी, सुकेका केराउ, हरिया केराउ, मस्याम, चना, सिमी, टाटे सिमी र बोडीको मिश्रण क्वाँति भएजस्तै सेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बु, हायु, चेपाङ, योल्मो, थारू, थामी, लाप्चे, भोटे, धिमाल, ठकुरी, गिरी, पुरी, खस, कामी, दमाई, सार्की, छेत्री, बाहुन, नेवार र अरू थुप्रै जातको मिश्रण गोर्खा जाति हो। क्वाँतिको सांस्कृतिक, औषधीय अनि जातीय महत्त्व बुझ्दै गएपछि जनै पूर्णिमाको दिनमा नेवारको सिको गरी अधिकांश गोर्खाका घरमा पनि क्वाँति खाने चलन बढ्दै गएको छ, यो हो सकारात्मक पक्ष। शक्ति र स्वाद दुवै पाइने भएकाले पनि क्वाँति अब नेवारको मात्र आहार नभएर सबै गोर्खा जातिको आहार बनिसकेको छ। क्वाँति बनाउने विधि गुगल गुरु वा यूट्युबबाट सिके भइगयो।

सबै गेडागुडीको जस्तै सबै जातका गोर्खाको धरती एउटै हो। सबैका टुसा एकैखाले हुन्छन्। ङ्याआगिँदा बेग्लाबेग्लै भए पनि एउटै धरतीमा सँगै टुसाएको सत्य बिर्सनु हुँदैन। हाम्रा जात-जातका रूप-रेखा-रङ्ग अनेक छ तर सबैमा सौन्दर्यको ज्योति एक छ। यही कुरा कविशिरोमणि लेखनाथले यसरी भनेका छन् :

*"प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ।*
*तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ॥"*

- **वसन्त विचार**, पद्य २८

थुप्रै गेडागुडी खाँदा जातीय एकता सम्झनुपर्दछ। खस, किरात, भोट मूलका हाम्रा सबै जात मिलेर बनेको गोर्खा जाति बलियो हुनुपर्नेमा पारसमणि प्रधानले १०० वर्षअघि नै यस्तो कविता लेखेका थिए -

*"लिम्बू जिम्दार तामाङ् खस मगर गुरूङ् हायु*
*चेपाङ् र कामी।*
*सुन्वार लाप्चे कुसुण्डा गिरि पुरि ठकुरी थारू*
*नेवार थामी॥*
*गोर्खाली जाति हामी भनिकन सबले बोलि नेपालि*
*भाषा।*
*हाम्रो भाषा यही हो भनि तनमनले मान्दछन्*
*मातृभाषा॥"*

धार्मिक मान्यताअनुसार प्रत्येक श्रावण शुक्ल पूर्णिमा अर्थात् जनैपूर्णिमा अर्थात् साउने पूर्णेको दिन खाइने क्वाँति दिनविशेषको महिमा मात्र नभएर गोर्खाको जातीय एकताको प्रतीक

पर्व पनि हो। गोर्खा सबै जातको फूलबारी हो, क्वाँति सबै गेडागुडीको सम्मिश्रित परिकार हो।

क्वाँतिले रोग प्रतिरोधात्मक शक्ति बढाउने, गेडागुडीमा हुने सबै पौष्टिक तत्त्व शरीरले लिन सक्ने भएकाले सौन्दर्यमा क्रान्ति ल्याउने, अजीर्ण अर्थात् मलावरोधको समस्या हटाउने, मधुमेह तथा पाइल्स भएका मानिसलाई समेत नबिराउने, पेटमा अनावश्यक वायु बढ्न नदिने, कुपोषण हटाउने, भिटामिन ए, भिटामिन बी, भिटामिन सी, भिटामिन ई, प्रोटिन तथा खनिज पदार्थ प्रशस्त मात्रामा हुनाले शरीरको थकान र तनाउबाट मुक्त गराउने, सुपाच्य र सुस्वादु हुने गुण हुन्छन्। रोगप्रतिरोधात्मक क्षमता बढाउने 'एन्टी अक्सिडेन्ट' पनि क्वाँतिमा पाइन्छ। क्यालोरीको मात्र पनि बढी हुन्छ। मधुमेह (डाइबिटीज), अर्शरोग (बवासीर/पाइल्स), मलावरोध (अजीर्ण/कोष्ठबद्धता; कन्सटिपेशन, अरबीमा कब्जियत), रुघाखोकी, कलेजोकष्ट (यकृतरोग/लिभरसिरोसिस), सुत्केरी महिला, वृद्ध-वृद्धाका लागि समेत क्वाँतिले लाभ गर्दछ। तर प्रोटिनको मात्रालाई सन्तुलनमा राख्नुपर्ने मिर्गौला रोगी, युरेनिया तथा युरिक एसिडका बिरामीले भने क्वाँति खाँदा विचार पुऱ्याउनुपर्ने हुन्छ। गुनिलो हुन्छ भनेर खाएको खाएकै गर्नु पनि राम्रोचाहिँ होइन। सबैको सीमा हुन्छ - 'अति सर्वत्र वर्जयेत्'। पौष्टिक आहार खाएर ऊर्जा आयो भन्दैमा व्याभिचार गर्नु हुँदैन भन्ने ज्ञान हामी सबैमा हुनपर्दछ।

कति गोर्खाले जनैपूर्णिमामा ऋषितर्पणी पर्व मनाउने गर्दछन्। उनीहरूले ऋषिको सम्झना गर्दै जलाशय तथा धारामा गई माटो, गोबर, कुश, खरानी, अपमार्गले स्नान गरी विशेष मन्त्रबाट मन्त्रिएको डोरी बाँधी रक्षाबन्धन लाउने पनि गर्दछन्। अचेल सिनेमा र टीभी हेरेर मधेशका मानिसहरूको सिको गरी दाजुभाइलाई दिदी-बहिनीहरूले भोजपुरी र मैथली गीत गाउँदै राखी बाँधिदिएको पनि देखिन्छ। राखीभन्दा महत्त्वपूर्ण पर्व त गोर्खाहरूको भाइटीका छँदैछ। आज त पुरोहितले पो यजमानलाई रिखीडोरी लगाइदिने हो। आज बाँधिएको डोरो गाई तिहारका दिन गाईको पुच्छरमा बाँधेमा मृत्युपछि बैतरणी पार भइन्छ भन्ने जनविश्वास पनि रहेको छ। बिहान पुजारी बाहुनले जपेको रिखीडोरी हातमा बाँधिदिन्छन् र उनीहरूलाई दक्षिणाका साथै नौ प्रकारका गेडागुडी मिश्रित क्वाँति खुवाइने जातीय मान्यता छ। पहिले त क्वाँति खाने प्रचलन नेवार समुदायमा धेर थियो तर अब सबै जातको सामुदायिक परिकार हुनथाल्यो। समयानुकूल आधुनिकीकरण गरेर अचेल क्वाँतिमा तामा पनि मिसाउँछन्, कतिले झिँगेमाछा, कुखुराको मासु, खसीको खुट्टा, लसुन, जिरा, ज्वानु, धनिञा र अरू के-के। उम्लिरहेको क्वाँति सिरुवामा ससाना मःमः पनि मिसाउँछन् र कतिले म्याक्रनी आदि। यी प्रकारलाई समयले मागेको संस्कार मान्दा हुन्छ। वर्षायाममा खेतीपातीको कामले थकित शरीरमा ऊर्जा ल्याउन र चिसो भगाउन क्वाँति खाने गर्नाले नेवारलाई मात्र लाभ भएन। वर्षाको पानीले जात छुट्याउँदैन। पानीमा रुझिभिजी हिँड्ने सबै जातका मान्छेलाई चिसो लाग्दछ। क्वाँति अडिलो र स्वादिलो हुनाका साथै चिसो लागेको भगाउन उपयोगी भएको देखेर अरू जातले पनि सिके, सिकाउँदैगए। सिक्ने

र सिकाउने प्रक्रियाले अब क्वाँति पर्व जातीय आहार पर्व भएको छ। अब हर्षोउल्लाससित क्वाँति पर्व सबै गोर्खाले मनाउने गर्दछन्।

वैदिक पद्धतिले व्यास पूर्णिमामा गुरु-पूर्णिमा मनाइन्छ। अब जनै पूर्णिमामा तान्त्रिक पद्धतिले गुरु पूर्णिमा मान्ने चलन छ। झाँक्रीहरूले 'सै सै ला बोम्बो' भन्ने गुरु पुर्ने। द्यौता भाकेर घरेलु शुद्ध पेय पदार्थ, रक्सी वा जाँड र फलफूलले गुरुलाई रिझाउने दिन हो। झाँक्रीले फलाकेको बेला ढोले-धुपौरेहरूले ढ्याङ्ग्रो-गजाले बजाउँदै 'सै-सै बोम्बो सै-सै' भन्दै झाँक्रीका लागि बल मागिदिने गर्दछन्। पाँचकन्ने केटीले दीयो-कलश बोकेका हुन्छन्। काँसका कलशमा अम्लिसोका मुना, काउलोका पात, तितेपाती, फूल भरिएका हुन्छन्। नेपालतिरका झाँक्रीहरू बौलाहा पोखरी, मनकामनातिर पुगेजस्तै दार्जिलिङका झाँक्रीहरू महाकाल थान जान्छन् र चौरस्तामा नाच्छन्, सिक्किमका झाँक्रीहरू टिबेट रोडमा देउभाजु वा गभाजु सूर्यवीर तुलाधर गुरुकहाँ आसिक लिन पुग्दछन्। पहिले लोकवार्ताकार इन्द्र थपलियाहरूले दार्जिलिङको चौरस्तामा गुरुपूजा कार्यक्रम आयोजन गरेका हुन्थे। टाडा-टाडाका झाँक्री भेला हुन्थे। उनीहरूमाझ स्पर्धा पनि हुन्थ्यो। 'दार्जिलिङलाई, सिक्किमलाई, तराईलाई, डुवर्सलाई, टिस्टा- रङ्गीतलाई, सुनकोशलाई, ब्रह्मपुत्रलाई, गङ्गालाई, देशलाई - ल है वरदान, आयु, सम्पत्ति, पशुपक्षी, झार-जङ्गल, माटो, पानी, आगो, हावा, आकाश मागिल्याउँछौँ' भन्दै जामा फर्फर पारी पितृ र द्यौ-द्यौतालाई सम्बोधन गरी झाँक्री फलाक्दथे।

यजमानकहाँ पूजा गर्दा हाम्रा पुरोहितहरूले कालीनाग, सेतीनाग, लाटीनाग, कालीमाई, सेतीमाई, मेचीमाई, टिस्टामाई, गङ्गामाई, संसारीमाई, रानीढुङ्गा, सेतीढुङ्गा, बगरेढुङ्गा, चुह्लाढुङ्गा, चौतारीढुङ्गा, कुलद्यौता, पितृद्यौता, आठाने-चाराने द्यौताहरू सबैलाई सम्झिसम्झी नाम लिएर भाकेपछि दश दिशाको पूजा गर्दथे, तब मात्र 'भारतखण्डे जम्बुद्वीपे, गोरखराज्ये, दार्जिलिङ जनपदे ...' भन्ने गर्दथे। खस बाहुनले किरात द्यौताहरूका नाम पनि लिन्थे भने हाम्रा किरात बिजुवा-फेदङ्बा र बौद्ध तम्बा र लामाहरूले खस देवताका नाम लिन्थे। खस-किरातको सम्मिश्रित स्वरूप गोर्खा जातिमा देखिन्छ। यस कुराको सबल पुष्टि विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' उपन्यासमा भएको पाइन्छ। त्यहाँ बाहुन पात्र सोमदत्त र किरात पात्र सुम्निमाको बिहा हुन नसके पनि सोमदत्तको छोरो र सुम्निमाकी छोरीको बिहा भएको छ। खस-किरातको समन्वयक दृष्टान्तले जातीय एकतालाई लक्षित गरेको पाइन्छ। यसबाट क्वाँति संस्कृति अझ बलवती हुनुपर्ने आवश्यकता बोध हुँदछ।

प्राचीन कालमा हिमाली क्षेत्रमा बलिहाङ नामका शक्तिशाली राजा थिए। कति अन्वेषकले बलिहाङलाई किरात मानेका छन्। आर्य जाति उनको पराक्रमसित परिचित थिए। मधेशतिरका आर्यले उनलाई दानवका राजा बलिराज अर्थात् दानवेन्द्र पनि मान्दथे। वास्तवमा उनी दानेन्द्र (दानका राजा) थिए। मिथक जता लग्यो उतै जान्छ। मिथलाई इतिहास सम्झेमा विचार बाझाबाझ हुन्छ। पाहाडमा त खस र किरात मिलेर बस्दथे। बलि दानी पनि थिए। उनलाई

दानराज पनि भनिन्छ। निर्धनलाई धन दिन्थे, अज्ञानीलाई विद्या पनि सिकाउँदथे, असहायलाई सहायता गर्दथे। आफू खलिखप्पुर हुन्जेल दान गर्दथे। एउटा कथाअनुसार अति दान गरे भनेर परीक्षा लिन दान थाप्ने निहुँ गरी विष्णु वामन रूपमा आएर उनलाई पातालमा पसाइदिईकन देउसीको दिनमा मात्र निस्कनुसक्ने बनाइदिए। देउसेले त्यसैले 'बलिराजको आदेश मान्दै' तथा 'बलिले जस्तै दान गर' भन्दछन्। 'अतिवादी नहुनू' भन्ने अर्ती दिंदा बलिको पनि नाम लिइन्छ - 'अति रूपेण वै सीता चातिगर्वेण रावणः। अतिदानाद् बलिर्बद्धो ह्यति सर्वत्र वर्जयेत्' (भावार्थ : अधिक सुन्दरताले गर्दा सीताको हरण भएको थियो, अति गर्भित (घमण्डी) हुनाले रावण मारिए तथा अत्यन्त दानी हुनाले राजा बलि छलिए। कुनै कुरामा पनि अतिवादी नहुनू।)

बलिको अहम् नबढोस् भनेर ऋषि वृहस्पतिले रक्षासूत्रले उनलाई बाँधिदिए भन्ने कथा पनि पढ्न पाइन्छ। यस कथा सम्झने क्रम अझ छ - 'येन बद्धो वलिःराजा दानवेन्द्रो महावलः। तेन त्वां प्रतिबध्नामि रक्ष माचल माचल' (अर्थात् जसरी गुरु वृहस्पतिले रक्षाविधान गरी बनाएको रक्षाबन्धन (डोरो)-बाट अत्यन्त बलशाली दानवेन्द्र बलिलाई बाँधेका थिए, त्यसरी नै म तिमीलाई बाँध्दछु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ।) यस्तो अर्थ भएको पुरानै मन्त्र पढेर रक्षाबन्धन बाँधिदिने परम्परा आज पनि त्यत्तिकै प्रचलित छ। वृहस्पति ऋषिको सूत्र अर्थात् ऋषिडोरीबाट रिखीडोरी वा राखीधागा बनेको हो भन्ने पनि भनाइ छ।

जनैपुर्नेकै दिन सिद्धार्थ गौतमले काम शक्तिमाथि विजय प्राप्त गरेको स्मरण गर्दै गोर्खा बौद्ध धर्मावलम्बीहरू गुम्बामा पूजा गर्न जाने गर्दछन्। कामवासनालाई दुष्कर्ममा नलगाउने तर उपकारी नागरिक उत्पादन गर्नमा लगाउनुपर्ने मन्त्र बौद्ध धर्मशास्त्रमा पाइन्छ - 'कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादयामि' अर्थात् काम र मिथ्या आचारदेखि टाडो रहने शिक्षा प्राप्त गर्दछु।

संस्कृतिको विशेषता नै हो, एक पिंढीबाट अर्को पिंढीमा हस्तान्तरित हुँदै जानु, जसले मानव सभ्यतालाई अघि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। पुर्खाको सद्व्यवहार वर्तमान संस्कार र संस्कृतिको अन्तर्सम्बन्ध हुन्छ। मानिसलाई एकताको सूत्रमा आबद्ध गर्दै संस्कार र संस्कृतिले सुमार्गतिर अघि बढाउँदछ। फलस्वरूप चाडपर्वको जन्म हुन्छ। त्यसकारण संस्कार, संस्कृति, मानवीय सभ्यता एवं चालचलन नै चाडपर्वकी जननी हुन्। समाज र सभ्यतामाझ, मानवीय व्यवहार र पुराना मान्यतामाझ अनि मुख्य रूपमा संस्कृति र चाडपर्वमाझ गाढा सम्बन्ध हुन्छ।

यस्ता पर्वले परिवार संयोजन गराउनाका साथै समाज पनि संयोजित हुनसक्दछ भन्नेमा विश्वास गरिन्छ।

दशमी वा एकादशीमा गेडगुडी भिजाए पाँच दिनमा टुसा पनि पलाएका हुन्छन्। तब पूर्णेमा क्वाँति बन्दछ। यसो भन्नुको लाक्षणिक अर्थ के हो भने जातिभित्रका सबै जातको साझा संस्कृति जाति र राष्ट्रहितमा सहयोगी होस् र बनोस् क्वाँतिजस्तै उपकारी।

❑

# नेवार पद्धतिमा शुभ विवाहमा लमीको भूमिका

**धननारायण प्रधान**
नायः कालेबुङ अञ्चल।

नेवार जातिको आफ्नै चिनारी भएको जातिको आफ्नै संस्कार संस्कृतिलाई मध्यस्तर गर्ने द्‌यभाजु, गुभाजु नभनेर गुरुज्यू भन्दा दुई मत हुँदैन।

विशेष शुभ विवाहमा हाम्रो विधि विधानमा लमी (कलिया) थकालीको ठूलो भूमिका हुन्छ। लमी आफ्नै जात धर्म-कर्ममा लिप्त भएको हुन अति आवश्यक हुन्छ। नभए आफ्नै समुदाय भित्रको पनि चल्छ।

लमीको शुभकार्यको संकेत पाउने बित्तिकै राम्रो नराम्रो अथवा हुने नहुने अघि बढ्नुपर्ने नपर्ने सबै निर्क्योल गर्नैपर्छ। यसो नगरेपछि भविष्यमा दोषारोपण उत्पन्न नहोस् भनेर यस कार्यलाई ध्यान दिनुपर्ने विशेष जात मिले तापनि कुल कुटुम्बको थर गोत्र मिल्नु हुँदैन, सगोत्री हुनुहुँदैन सके पित्रीथलोको खोजीमा कुन धाराको पानी खाने पनि चलन छ। थप कुरो गर्नु र गुणको पनि ध्यानमा राखी शुभकार्यलाई आरम्भ गर्न सकिन्छ। उक्त विषयलाई मध्यनजर राखी शुभविवाहको लागि मगनी गर्नुपर्छ। मागी खाने फलफूल सरसल्लामा चोरेर भगाए भने तीन दिनमा अति आवश्यक चोरको सोर बुझाउनु पर्छ। चोरको सोरका सामाग्री यस प्रकारका छन् -

१. एक जोडी बोतल आइला
२. दस वटा डल्लो सुपारी (चोट नलागेको)
३. फलफुल
४. एकमुठी बस्तीको चामल
५. एउटा सिक्का
६. मिठाई
७. नेवारी खदा (एक जोडी आइलाको बोतललाई लगाइदिनुलाई)
८. केराको पात
९. दुईवटा कासा-झर्काको थाल

उक्त सबै सरसमान थालभित्र राखी दुई हात जोडी उठेर भट्याउँदै ठाउँ ठेगाना वृतान्त बताउनुपर्छ। स्वीकृति पाएपछि सोधनीको कुरा राख्दा पनि उक्त सरसमान चाहिन्छ।

केटी पक्षबाट सन्तानमा जो सरसल्लाह दिन्छ सोही प्रकारले काम गर्दै अघि बढेर जानु आवश्यक छ।

सर्वप्रथम सबै सपरिवारबाट सरसल्लाह मिलिसकेर शुभविवाहको निर्णयमा आइसकेपछि बागदत्ता केटी पक्षबाट बोल्नु अनि केटा पक्षले लिनुपर्ने काम हुन्छ। त्यसपछि लमी अघि बडेर बागदत्ताको सरसामान जोगाड गरिदिने समय

तय गरी केटीका अभिभावकहरूको समक्ष राखी दुई हात जोडी बिन्तीभाउ गर्दै प्रस्तावना राख्नुपर्छ।

बागदत्ताको सरसामानहरू अघि भनेजस्तै क्रमश एकदेखि दससम्म थप एउटा बाँसको चोयाले बुनेको नाङ्लो (नयाँ) माथि भरि राख्नु उचित हो, अनि काठको दही ठेकी र कुलबाट पुजापाठ गरी बालेको सुकुन्डा साथै दुईवटा माछा भएको पेरुङ्गो, दुधले बनेको कुराउने पेरुङ्गोभित्र हालेको हुनपर्छ भन्ने परम्परागत चलिआएको कुरालाई नकार्न सकिन्न।

यो एउटा म्ह (शरीर) लाई हस्तान्तरण गरिने पद्धति हो। माइतीबाट जसले कुलको पूजा अर्चना गर्छ, उहाँको मुखारवृन्दबाट तीन-तीनपल्ट बोल्नअघि दुवै पक्ष केटा र केटी, हुनेवाला बेहुला र बेहुली सन्तुष्ट छ वा छैन। भलापञ्चको सामुमध्ये नजर राखी माइती पक्षबाट नभए पाजु पक्षबाट सोधखोज गरी वागदत्ता दिनपर्छ। यो समयमा केटीपक्षबाट कुलपित्रीको पूजा-अर्चना गरी कुलथानबाट दसवटा डल्लो सुपारी साथमा बालेको सुकुन्डा, कलस, फलफुल निकाली बागदत्ताको सौगात अघि राख्नुपर्छ।

दुवै पक्षको सौगात भलापञ्चको सामु मध्येनजर राखेर माइती पक्षबाट नभए, पाजु पक्षबाट वागदत्ता दिनुपर्छ। वागदत्ता दिएपछि दस दाना सुपारी फूल अक्षेतालाई एउटा सानो निम्तोको झोलीजस्तो बनाई लमीलाई सुम्पिदिनु पर्छ जुन बेला बेहुली भित्राउने समयमा यो कुलको सुपारी अक्षेता सासुआमाबाट ससुराबुवालाई सुम्पेर कुलमा हुल्ने प्रक्रिया जारी हुन्छ।

प्रथम भेटमा तीन-तीन पल्ट सासुआमालाई खुट्टामा अनि बुवालाई हातमा तर छोरो बेहुलाले तीन-तीन पल्ट आमाबुवालाई खुट्टामा ढोक्नु पर्छ। यो प्रक्रिया सकिएपछि सगुन पानी, खानपान गर्नु सकिन्छ।

**बहुभत्तियार :-**

भोलि पर्सिपल्ट दही ठेकीको चामल आदि सामानहरूलाई घरको चामलसित मिसाई पकाई दाल भात बनाई बेहुलीले सबै सन्तानलाई खुवाउने र चिनाउने चलन छ।

**दुरान फर्काउने चलन :-**

तीन-पाँच दिनपछि सरसल्लाह अनुसार दुरान फर्काउनै पर्छ। त्यसपछि अभिभावक पक्षबाट लमीज्यूले यस कार्यलाई सफलीभूत पार्नलाई अहम भूमिका निर्वाह गरिदिनु भएकोमा शिर उठाउने अनि बिदा दिने काम भएपछि शुभविवाह अन्त भएको बुझिन्छ।

❑

# नेवाः समाजमा धिमे बाजा

**सुदनमान मनिकार**
काठमाडौं।

विश्व मानचित्रमा नेपाल छुट्टै भौगोलिक विशेषता भएको देश हो। यसभित्र परापूर्व कालदेखि केहि सभ्यताहरू रहिआएका छन्, जसमा विभिन्न जात-जातिहरू विकसित भएर आएका छन्। ती सभ्यताहरूमध्ये एक महत्त्वपूर्ण सभ्यता हो नेवाः सभ्यता। नेवाः सभ्यतामा यसका आफ्नै भाषा, लिपि, कला, संस्कार, संस्कृति, जात्रा, पर्व, भेषभूषा, बाजागाजा आदि रहेका छन् जसले विश्वसामु नेपाल राष्ट्रकै प्रतिनिधित्व गरिरहेको बारेमा सबैलाई अवगत नै छ।

हाम्रो भाषा, कला, संस्कृति आदि भनेका हाम्रो चिन्हारी हो जुन हाम्रो जीवनसँग गाँसिएको हुन्छ। यस कुरालाई बुझेर अहिले सम्पूर्ण नेवारहरूले यसलाई पुनरूत्थान गर्ने कार्यहरू भइरहेका छन् र गर्न आवश्यक पनि छ। यस्ता कार्यहरू अहिले देशभरि अभियानको रूपमा अघि बढिरहेको छ। यसै अन्तर्गत नेवारको एउटा महत्त्वपूर्ण धिमे बाजालाई लिइन्छ।

**धिमे बाजाको परिचय :-** नेवाः संस्कृतिमा विभिन्न बाजाहरू छन्, जसको आफ्नै महत्त्व छन् र आफ्नै विधि-विधानअनुसार बजाइन्छ। यद्यपि नेवाः परम्परामा धिमे बाजालाई प्रमुख र महत्त्वपूर्ण बाजाका रूपमा लिइन्छ। धिमे बाजा नेवाः सभ्यताभित्र ज्यापु समुदायले बजाउने बाजा हो भने अहिले समग्र नेवारहरूले बजाउने गर्दछन्।

धिमे दुईवटा शब्द मिलेर बनेको छ, *धि+मे*, *धि* भन्नाले *धिक्का* र *मे* भन्नाले *सङ्गीत* वा *ध्वनि* हो, जसअनुसार कुनै धिक्काबाट सङ्गीतमय ध्वनि निस्कने भएकोले नै धिमे हुन गएको हो। किंवदन्ती अनुसार नाट्येश्वरले नाट्य रूपमा बजाउनु भएको पहिलो बाजा धिमे हो भन्ने नेवाः समाजमा सुन्न पाइन्छ। त्यस कारणले पनि धिमेलाई नेवाः समाजमा नाट्येश्वर (नासःद्यः) को रूपमा लिइन्छ।

बाजाहरू बजाउनुको उद्देश्य भनेको कुनै सूचना दिनाको लागि बजाउने गरिन्थ्यो। कुनै अनुभूति तथा भावनाहरू व्यक्त गर्न पनि बाजाहरू बजाइन्छ। बाजा यस्तो यन्त्र हो जसले हामीलाई प्रकृतिसँग पनि जोड्ने गर्छ। त्यसमाथि धिमे हाम्रो सभ्यताको प्रतीक नै हो।

धिमे बाजा विशेष गरी नेवाः समाजको सबै जसो जात्रापर्व, पूजाआजा, उत्सव महोत्सव, दिवस तथा विभिन्न महत्त्वपूर्ण कार्यक्रमहरूमा विशेष महत्त्वका साथ बजाएर सहभागी हुन्छ। धिमे बाजा बजाएर बाजाको तालमा नाच्ने पनि गरिन्छ जसलाई धिमे नृत्य भनिन्छ।

**धिमे बाजाको सुरुवात :-** धिमे बाजा कहिलेदेखि सुरु भयो भन्ने निश्चित भन्न नसकिए

तापनि नेपाल मण्डलमा नेवाः सभ्यताको विकाससँगै यो बाजा बजाउने परम्परा पनि विकास हुँदै आएको मान्न सकिन्छ। यो नेवाः समुदायको सबैभन्दा पुरानो बाजा हो। नासः द्यः ले सृजना गरी बजाउनु भएको पहिलो बाजा नै धिमे बाजा हो भन्ने विश्वास समुदायमा रहिआएको छ।

**धिमे बाजाको बनावट :-** धिमे कुनै सियो वा अगराठको काठ अथवा पित्तलको गोलाकार डिक्का हुन्छ जसलाई दायाबाया बाख्राको छालाले मोडेको हुन्छ भने गोरुको छालाको तनाले बानेको हुन्छ। बायाँ भागमा भित्रबाट मसला राखेको हुन्छ जसलाई  हामीले हातबाट बजाउँछौँ भने दायाँ भागलाई हामीले सानो घुमाउरो बेदको लठ्ठीबाट बजाउँछौँ जसलाई हामी पौ कट्टी भन्दछौँ। दाया र बाया भागको परम्परागत नाम नासः र मांखा पनि भनिन्छ। धिमे बाजासँग सहायकको रूपमा बजाइने बाजालाई भुछया (नेपालीमा झ्याली) भनिन्छ।

धिमेको दायापट्टि कट्टीले बजाउँदा 'ता' अथवा 'ना' ध्वनि निस्कन्छ भने बायामा हातबाट बजाउदा 'घूँ' र 'खो' ध्वनि निस्कन्छ। दायाबाया दुवैलाई सँगै बजाउँदा 'ध्यां' आवाज बन्दछ।

**धिमे बाजाको प्रकार :-** काठमाडौँमा विशेष गरी दुई प्रकारका धिमे बजाइन्छ।

- **तग्वधिमे (मु धिमे)** - काठमाडौँमा बजाइने धिमेलाई तग्वधिमेको रूपमा लिइन्छ। यसलाई मु धिमे पनि भनिन्छ जसको अर्थ मुख्य हो। यो बाजा ज्यापु समुदायको गुठी खलःको मूल पूजा, जात्रापर्व र विशेष अवसरमा मात्र बजाउने गरिन्छ। कतिपय गुठीहरूमा तग्वधिमेसँगै धुङ्या पनि घुमाउने गरिन्छ। यो बाजा नेवाः परम्पराअनुसार विधि पूरा गरी १२ वर्षमा एकपल्ट मात्र सिकाउने गरिन्छ।

- **चिग्वधिमे** -चिग्वधिमे काठमाडौँ उपत्यकामा नेवार समुदायमा बढी प्रचलनमा रहेको बाजा हो। यो बाजा आजभोलि सबै वर्गकाले समान रूपमा जात्रा, पर्व तथा विभिन्न कार्यक्रमहरूमा बजाउँछन्।

धिमे बाजाका विभिन्न बोलहरू हुन्छन् जसलाई हामी चल्ती र गौको रूपमा वर्गीकृत गर्छौँ। कतिपय बोलहरू ठाउँ र पर्वअनुसार पनि बजाउने गरिन्छ। यो नासः द्यः लाई समर्पित गरी प्रारम्भमा बजाइने बोल द्यः ल्हायुगु हो।

**द्यः ल्हायूगु**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (घु | ना | ता | घु | घु | ना | ताता |
| ताता | खोता | ताखो | ताता | खोता | ताखो | ताघु)२ |
| घुना | खोता | ताखो | ताता | खोताताखो | | ताताखो |
| ता | घु | ताघु | नाता | खोता | घु | ताघु नाता |
| घु | नाता | खो | ता | ताताखोता | | ताखो ताता |
| घु | ना | - | | | | |

# नेवारी दाल-भात

**प्रकाश प्रधान**
खरसाङ।

नेवारी सुकुन्डा दियो बत्ति बाली, नेवारी खदा, सगुण, कलशमा फूल भरी, नेवारी केटा पक्षबाट बिन्तीभाव गर्दै, दस नेवारलाई निम्ताएको कारण खुलासा गर्दै, दस औँला जोड़ी भन्छन् : आज ताः ... ... बजे, आइतबारको दिन समय १०:०० बजे हजुर दस नेवारहरूले निमन्त्रणालाई स्वीकार गरी आज यो मेरो वासस्थानमा आइदिनु भएकोमा धन्यवादसहित स्वागत टक्राउँदछु। मेरो छोराले हिन्दू परम्पराअनुसार अन्य अर्थात् अजात छोरीलाई विवाह गरेको हुनाले अजात छोरीलाई बुहारीको रूपमा हाम्रो नेवारी परम्पराअनुसार दाल-भातको कार्यलाई स्वीकार गर्न नेवारी दाल-भात कार्य सञ्चालन गरी नेवारी जातमा उकास्न हजुरहरू दस नेवारलाई निम्ताएका हौं। यसैले आजको दाल-भात साथै नेवारी परम्पराअनुसार बुहारीलाई जातमा उकास्न हजुरहरूले कार्य गरिदिनहुन्छ भनी म पूर्ण विश्वास राख्दछु।

अब दाल-भात अनि जातमा उकास्नको निम्ति दस नेवारबाट कार्यक्रमलाई अघि बढाउँछन्। नेवार जातिको संरक्षण, हामी नेवार हौं भन्ने परिचय राख्न अनि भावी नेवार पिँढीले पनि विवाहको समयमा दाल-भात, जातमा उकास्न साथै अन्य थुप्रै रीतिथिति जान्न आवश्यक रहेको छ। यसैले आज हामी दस नेवार हजुरले दिनुभएको निमन्त्रणालाई स्वीकार गरी यहाँ उपस्थित भएका छौं। हामीले नेवार जातिको चिनारी जीवित राख्न नेवारी परम्परा, संस्कृति, रहन-सहन, भाषा, भेषभूषालाई जगेरा गर्नु पनि हो। यस्ता परम्परा हामीले गरिरहनु पर्छ। भोलिको दिनमा नेवार परिवारमा कुनै अशुभ घट्ना घट्दा सबैको एउदै प्रश्न हुन्छ फलानालाई नेवार जातमा उकासिएको थियो कि उकासिएको थिएन? या भनौं नेवारी परम्परालाई अप्नाएर विवाह गरेको थियो! यो संसारबाट मान्छे बितेर जान्छ, तर हाम्रा यस्ता रीतिथिति परम्पराअनुसार गरेनौं भने भोलिको दिनमा कुनै घट्ना घट्दा अति अफ्ठयारो पर्न जान्छ। यस्तै अफ्ठयारो नहोस् भनेर पनि हामी सबैले नेवार परिवारले ध्यानपूर्वक नेवारी कार्यक्रमहरूलाई अग्रसर गराई अघि बढाउन आवश्यक देखिन्छ। अब कार्यक्रमलाई अघि बढाउँदै केटा पक्षबाट दश नेवारलाई स्वागत जनाउँदै-नेवारी खदा, नेपाली ढाका टोपी पहिराउँछन्। दस नेवार परिवारबाट कागज-पत्रको

पनि कार्य शुरु हुन्छ। यसैले नेवारको दाल-भात चलन चल्ती राख्न दस नेवार परिवार मार्फत् विवाह प्रमाणपत्रको व्यवस्था गरिएको हुन्छ।

यस प्रमाणपत्रमा छोरा-बुहारी, माता-पिताको नाम, ठेगाना अनि नाम दर्ता गरेपछि दस नेवारको रुपमा उपस्थित दस नेवार परिवारलाई साक्षी राखी नाम अनि हस्ताक्षर गराइन्छ भने केटा पक्षवाट पनि केटा-केटी अनि माता-पिता साथै आफन्तजनबाट साक्षी राखी नाम अनि हस्ताक्षर गराइन्छ।

लेखा-जोखा सबै भइसकेपछि नेवार परिवार पक्षबाट कोही एकजनाले उपस्थित भलापञ्चको अघि विवाहित प्रमाणपत्रमा लेखिएको सम्पूर्ण विवरण पढेर सुनाउँछन्। उक्त कार्यलाइ अघि बढाउँदै अजातमा भएका बुहारीलाई जातमा उकास्ने कार्य शुरु हुन्छ। केटा पक्षको नेवार जात भएको कुनै पनि ठाउँमा बसोबासो गर्ने व्यक्ति जो माइतीको रूपमा परिचय गराउन सक्ने अनि उपस्थित भलापञ्चको अघि राखिन्छ। अनि उसलाई माइती भनेर चिनाइसकेपछि चेली-माइतीको कार्यलाई अघि वढाइन्छ। माइती बनाएका माता-पिताले पनि यस कार्यमा उपस्थिति जनाएको हुनुपर्छ। यसरी केटाको जात नेवार माइती पाएपछि भलापञ्चको अघि उभ्याएर अब अजात बुहारीलाई जातमा उकास्नको निम्ति माइतीको विधि आरम्भ हुन्छ।

माइती पक्षबाट भन्न लाग्छ - आजदेखि मैले तिमीलाई आफ्नै बहिनी/चेलीको रूपमा आजीवन स्वीकार गरैं। तिम्रो घरमा दुःख-सुख साथै कुनै पनि कार्य परे त्यस बेला म एक माइतीको रूपमा सधैं उपस्थित हुनेछु। अनि आजदेखि तिमी-हामीलाई चेली-माइतीको रूपमा समाजले चिन्नेछ।

त्यसपछि चेली/बहिनीले माइतीलाई नेवारी खदा, नेपाली ढाका टोपी लगाइदिन्छन् अनि चेली-ज्वाइँले माइतीलाई ढोग गर्छन्। माइतीले पनि ढोग स्वीकार गर्दै चेलीलाई नेवारी खदा अनि चेली-ज्वाइँलाई नेवारी खदा अनि नेपाली ढाका टोपी लगाइदिन्छन्। माइती अनि माता-पिताले बहिनी-ज्वाइँलाई चामलको रातो अक्षेताले टीका लगाउँदै आजीवन जीवनसङ्गिनी भएर बस्नु भन्दै आशिर्वाद दिन्छन्।

❑

*With the Best Complements from*

**Mayur Lodge**

Ongden Road, Kalimpong

**Bhaju Praman Pradhan**
**&**
**Mayaju Sakshi Pradhan**

*Ph. No.:* **90022 12921**

# स्वतन्त्रता सेनानी भक्तबहादुर प्रधान

**हिमाल पाण्डे**
डिबं, मार्घेरिटा।

भारत स्वतन्त्रताका निम्ति असमका हाम्रा धेरै अग्रज विभूतिहरूले असीम त्याग र बलिदान स्वीकार गरेको इतिहास र प्रमाणहरूको अभाव छैन। जस्तै बिहालीका छविलाल उपाध्याय, डिब्रुगढका श्रमिक नेता दलवीरसिंह लोहार, अनि डिगबोईका भक्तबहादुर प्रधान हुनुहुन्छ।

उहाँको जन्म सन् १९०१ को २८ मार्चको दिन सदियाको भाटिखुटि पहुखेवा गाउँमा हुन्छ। उहाँका पिता - जीतबहादुर प्रधान र माता - विष्णुमाया छेत्री थिइन्। उहाँका पिताद्वारा आफूहरू नेवार थरी भई छेत्रीकी छोरीलाई विवाह गरेका हुनाले जात-पातको भेदभाव अडचनले घर छोडी हिँड्नु परेको थियो। त्यसैले उहाँका पिताले डिगबोईमा आएर बसोबास गरे। र तेल कम्पनीमा साधारण मजदूर र पछि गएर ठेकेदारीको काम गर्न थाले। त्यसताक मजदूरहरूको अभाव हुँदा दार्जिलिङबाट मजदूरहरू ल्याएर काममा खटाउन पनि थाले। डिगबोईमा त्यसताक राम्रो पाठशाला नभएको हुँदा उहाँले दार्जिलिङको खरसाङस्थित प्राथमिक विद्यालयमा पढे अनि दार्जिलिङकै तीनधारे एम.ई. स्कूलमा पढ्न लागे। उहाँको पढाई पूर्णरूपमा चलिरहेको बेला एकदिन कलकत्ताबाट आएका कांग्रेस नेता चित्तरंजन दासले एउटा जनसभामा देशको परिस्थितिसम्बन्धी दिएको भाषण उहाँले सुन्ने अवसर प्राप्त गरे। उहाँले त्यो उमेरमा राजनीतिको परिभाषामा क ख ग सम्म नजाने तापनि उहाँलाई चित्तरंजन दासको भाषणले अभिप्रेरित गर्दछ। त्यसबेला दासले यसरी भनेका थिए - अंग्रेजको शोषणबाट देशका जनतालाई बचाउनु पर्छ भनेर प्रत्येक घरबाट एक एकजना निस्किएर आउनु पर्छ....। यस्ता खाले भाषण उहाँले हृदयगंम गर्न नसके पनि 'शोषण' र 'शासन' यी दुई शब्दको अर्थ र तात्पर्य उहाँले राम्रोसँग बोध गरिसकेका थिए।

यही शब्दको प्रतिफलनस्वरूप उहाँले कांग्रेसमा भलन्टिएर भर्ना हुने मनमा इच्छा राखे। घरेलु कतिपय समस्याका कारणले केही वर्ष पछि शिक्षा ग्रहण समाप्त गरी उनी आफ्नु घर डिगबोई फर्किए। डिगबोई आएपछि उहाँले ब्रिटिश सरकारको गाडी चालकको रूपमा काम गरे अनि परिवारमा दुई-चार पैसा कमाई गरी आर्थिक सहयोग पुऱ्याउन थाले। यहाँ उल्लेखनीय कुरा के छ भने त्यसताक डिगबोईको तेल खानी र मार्घेरिटा-लिडुको कोयला खदानमा समसामयिक रूपमा मजदूरहरूलाई विभिन्न प्रकारको अमानवीय अत्याचार, क्रूरताका साथै शोषण गरेको उहाँले प्रत्यक्ष देखिसकेका थिए। यस्ता

खाले परिस्थितिले उहाँको मनमा आघात पुऱ्याउन थालो। कोयला खदान र तेलखानीका श्रमिकहरूलाई गरेको दुर्व्यवहार र प्रत्येक श्रमिकलाई बाह्रै घण्टासम्म खटाएको, बलपूर्वक उनीहरूलाई पशुसरह गरी दाल-भात मुच्छिएको भोजन खानलाई वाध्य पारेको, झ्याल ढोका बिनाको कोठामा सुत्न वाध्य गराएको, बिना अनुमति बाहिरिन नपाउने, कथङ्काल श्रमिकहरू कोठादेखि बाहिरिँदा विभिन्न प्रकारका यातना भोग्नु परेको देख्दा उहाँलाई दार्जिलिङ्का नेता चित्तरंजन दासको कुरालाई स्मरण गरायो। शोषण र अत्याचारबाट यी श्रमिकहरूलाई कसरी उद्धार गर्न सकिएला यस्ता खाले विविध कुराले उहाँको मनलाई सताइरहन्थ्यो। ठिक त्यसताक सन् १९२६ मा गुवाहाटीको पाण्डुमा भारतीय जातीय कांग्रेसको अधिवेशनमा महात्मा गान्धीको आगमनको कुराले, सारा असममा खुशीको लहर बगेको थियो। महात्मा गान्धीको आगमनले उहाँलाई यत्ति अभिप्रेरित पारेको थियो कि कांग्रेसको प्रतिनिधि नभए पनि अप्रतिनिधि झैँ दर्शक भएर अधिवेशनमा सहभागिता हुने। अधिवेशनमा गान्धीको भाषणले अझ उहाँलाई धेरै प्रेरणा दियो। डिगबोईस्थित तेल कम्पनीमा काम गर्ने मजदूरहरूलाई गरेको अत्याचार र शोषण विरुद्ध प्रतिवाद गर्ने विचार आयो। त्यसैले गर्दा १९३४ सन्मा भारतीय जातीय कांग्रेसका सक्रिय सदस्य बने। त्यसपछि उहाँले निरन्तर रूपमा कांग्रेसमा संलग्न रही सांगठनिक गतिविधि कार्य पूर्ण उद्यमले दिन रातै काम गर्न थाले। गोरा साहेबहरूले खटाएका पूलिस र सेनाको आँखामा धूलो हाल्दै सदस्य भर्नाको काम गर्दै गए। उहाँले तेल कम्पनीको अधीनमा काम गरे तापनि वा मेनेजरले उहाँलाई व्यक्तिगत रूपमा प्यारो गरे तापनि कामदार श्रमिकमाथि गरेको अमानवीय अत्याचार क्रूरताले भरिएको शोषण नीति उहाँले सहन गर्न सकेनन्। फलस्वरुप उहाँले कहिल्यै मालिकी पक्ष नभई नुनको सोझो नभएर मालिकको अगाडी घुँडा टेकेनन्। उहाँको दृष्टिकोणमा प्रजामुक्तिबाहेक अरू केही सोच थिएन्।

कांग्रेस नेता चित्तरंजन दासले उहाँलाई शोषणजस्ता शब्दलाई परिचय गराएको थियो भने जवारहरलाल नेहरूले उहाँलाई 'यूनियन' शब्दको परिचय गराएका थिए। सन् १९३९ को ८ डिसेम्बरका दिन कांग्रेस नेता नेहरूले डिगबोईमा पदापर्ण गरे। डिगबोईको जुवली मैदानमा जनसभालाई सम्बोधन गर्दै भनेका थिए। जो पनि मजदूरहरूले आफ्नो रगत पसिना बगाएर तेल उद्घाटन गर्दैछन् त्यो अमूल्य सम्पदको मालिक गोरा साहेब होइनन्। त्यहाँ श्रमिक-मालिक आफै हुनु पर्छ। नेहरूको यस्तो खाले भाषणले उहाँको मनमा डिगबोईमा यूनियन खोली श्रमिकहरूको सपनालाई वास्तविक साकार पार्ने विचार उब्जिन्छ। फलस्वरुप डिब्रुगढका त्यसताक कांग्रेस नेताद्वय केदारनाथ गोस्वामी र परशुराम दत्तको साथमा सन् १९३८ मा डिगबोई तेल कम्पनीमा उहाँले जगनाथ उपाध्याय यदुनाथ भुइँया आदि धेरै देशप्रेमीको अगुवाईमा यूनियन गठन गरे।

उहाँ अंग्रेजको कर्मचारी भए तापनि कम्पनीको शोषण नीति र अत्याचारप्रति सहन गर्न नसक्ने, निर्विकार भएर पनि बाँच्न नसक्ने, यस्ता खाले परिस्थितिले उहाँलाई कर लगायो

यूनियन सदस्यमा अन्तर्भुक्त हुन्।

भारतीय ट्रेड यूनियन, कांग्रेस सदस्य अन्तर्भुक्तबाट लिएर डिगबोई तेल कम्पनी मजदूर यूनियनद्वारा उहाँले निरन्तर रूपमा स्वतन्त्रता संग्राममा सक्रिय अंश ग्रहण गरी अन्तकालसम्म विभिन्न घात-प्रतिघातले जीवन व्यतीत गर्नु परेको थियो।

डिगबोई मजदूर यूनियन गठन भएको पछिदेखि नै उहाँले एकाग्रताका साथ काम गर्न थाले। परिवारतिर ध्यान नदिई एकहोरो श्रमिक मुक्ति अनि देशको स्वतन्त्रताको निम्ति कार्य गर्न लाग्दा उहाँका परिवारले अनेकौं कष्ट झेल्नु परेको थियो।

यता यूनियन गठन भएको कुरा खबरकागजको पहिलो पानामा छापिएको कुरा थाहा पाउन साथ अंग्रेजहरूको आँखामा निन्द्रा हराउँछ र कसरी यूनियन तोड्न सकिन्छ, त्यसको उपाय खोज्न डि. सि. ब्रिटिश पूलिस अधिक्षक र ब्रिटिश परिचालकहरूले कम्पनीका श्रमिकहरूलाई सामान्य भूलमा कठोर यातना दिन थाल्यो। एकचोटि दुईजना कर्मचारीलाई बिनासित्तैं ब्रिटिश कतृपक्षले कामबाट बाहिर निकालिदियो। त्यस अन्यायको प्रतिवाद गर्न यूनियनले दृढ संकल्प लिन्छ र कांग्रेस नेता, यूनियनका कार्यकर्ताहरूलाई लिएर एउटा सभा राखिन्छ। उक्त सभामा उहाँले सिंह गर्जिए झैं गर्जिएर ब्रिटिश हुकुमत विरूद्ध बोले। अनि सभाले सर्वसम्मति रूपमा न्याय पाउनको निम्ति अर्निदिष्ट धर्मघट पालन गर्ने आवाज उठाए। धर्मघट पालन गर्ने सिद्धान्त ग्रहण गरिसकेपछि उहाँलाई त्यही दिनमै फरमेनको पदमा पदोन्नती गर्ने कुरा चलिसकेको थियो, तर पनि उहाँले आफ्नो व्यक्ति स्वार्थलाई त्याग गर्दै श्रमिकको पक्षमा रही प्रत्यक्ष रूपमा धर्मघटमा योगदान दिए। त्यही कारणले उहाँको जागीर गुम्यो। परिवारमा दुःख-कष्टको सीमा रहेन। फेरि पनि उहाँले विचलित नभई एक कदम पनि पछि नहटी संग्राममा लागी रहे।

विपत्ति कहिलै बाजा बजाएर आउँदैन भनेझैं उहाँको पनि त्यही दुर्दशा भयो। उहाँको जागीर हराएपछि परिवारले अनेकौं कष्ट झेल्नु पर्‍यो। अर्कोतर्फ उहाँलाई अप्रत्याशित रूपमा १९४० मा त्यसताकका लखिमपुर जिल्लाधिपतिले नोटिस जारी गरी उहाँलाई डिगबोई क्षेत्रमा बसोबास गर्न नपाउने धम्की दियो। ताकि ब्रिटिश विरूद्ध यूनियनले शक्तिशाली र धर्मघटले तीव्ररूप लिन नसकोस् भनी। उहाँले बहिष्कारको हुकुम पालन गरी डिगबोई छोडी केही दिनसम्म डिब्रुगढ चौकीडिङतिर गई त्यहाँ सानो किराना पसल (गल्लामाल)को अनि पुराना गाडी किनी भाडा मार्ने काम गरे। दिनमा गाडी भाडा मार्ने गर्दथे त रातमा मजदूर यूनियन र कांग्रेसको आलोचना, संगठन र पुँजीसंग्रह आदिका काम गर्दथे। उता उहाँलाई डिगबोई एउटा प्रवेश निषेध इलाका घोषित भएको थियो नै। उहाँका परिवार भने डिगबोई स्टेसन पाडामा रहन्थे। उता उहाँलाई आफ्नो पिताको बिरामी अवस्थामा मुख हेर्न पाउने अनुमति माग्दै उनका पिताले ब्रिटिश कतृपक्षलाई अनुरोध गरे तर कतृपक्षले खारिज गर्‍यो।

सन् १९४१ मा कांग्रेसको सभामा उनी जाँदा-जाँदै बाटैमा पुलिसले पक्राउ गरेर जेलमा पुर्‍यायो र उहाँले एकसालसम्म कारावास खट्नु पर्‍यो। उहाँ जेलमा रहँदा पनि कैदीहरूलाई

निम्नमानको भोजन दिएको देखेर प्रतिवाद गर्दै जेलभित्रै आमरण धर्मघट गरी कैदीहरूलाई उन्नतमानको भोजन व्यवस्था मिलाउने हेतु ब्रिटिश हुकुमतलाई वाध्य गराएका थिए।

उहाँ साँचै नै गोर्खा सन्तान भएर होला, असम भूमिको हावा-पानी, अन्न खाएर हुर्किएकाले मातृभूमिप्रति रहेको दायवद्धता पालन गर्न संकल्पवद्ध हुनु परेको थियो। जेलबाट छुटेपछि उहाँ चुप लागी बसेनन्। एकचोटि राजद्रोहीको छाप लागिसकेपछि उहाँलाई फेरि दोस्रोचोटि राजद्रोहको छाप नलाग्ने कुरै भएन। उहाँलाई दोस्रोपल्ट पार्टीको कार्यकर्ता भई काम गरेको अभियोगमा असम सरकारका मुख्य सचिवले ७२ घन्टाभित्र असम छोडने हुकुम दिएर पुलिसले पक्रेर उहाँलाई लामडिङ पुऱ्याई छाडे। उहाँले आफ्नो सर्वस्व गुमाई असमबाट लखेटिनु पर्दा, उनी त्रिपुराको राजधानी अगरतला पुगे, त्यहाँ उहाँले एकजना हरिदास नामका मानिसबाट बुद्धजङ राणालाई भेटे। बुद्धजङ राणा एकजना ब्रिटिश राजविषया थिए। उनीसँग परिचय भएपछि आश्रय पाउने खुशीमा उनी विश्वस्त थिए। तर, विडम्बनाको कुरा विधिले दिए पनि विधानले दिँदैन भने झैं उहाँलाई पनि त्यही भयो। बुद्धजंग राणालाई थाहा लाग्छ कि उनी एकजना राजद्रोही लागेका व्यक्ति रहेछन् भनेर त्यसैले आश्रय दिन मिल्दैन। सके उहाँलाई चाडै अगरतला छोडने सतर्कवाणी सुनाए। उहाँलाई पनि जाति-भाइ चाहिएन, बरू स्वतन्त्रता संग्रामीहरूको अनुसन्धान गर्दै उनी त्यहाँबाट पनि हिंडे। जे होस् उहाँलाई ब्रिटिशले वहिष्कार गऱ्यो भन्दैमा भौतारिँदै जतासुकै हिंडेनन्। साहसी पाराले बहुरूप धारण गर्दै, ब्रिटिशको आँखा छल्दै संग्रामी जनतालाई सुसंगठित गर्ने श्रेय लिँदै हिंडे। कहिले परिचय दिँदै, कहिले आफ्नो परिचय लुकाउँदै यसैगरि भारतको विभिन्न ठाउँहरूमा जस्तै- कलकत्ता, दार्जिलिङ, पुर्णेया, भागलपुर, गुवाहाटी, तेजपुर, सदिया, लखिमपुर हुँदै अन्तमा डिब्रुगढमा आएर आफ्नो जन्मथलो सदिया आइपुग्छन्। अनि उहाँले दलवीरसिंह लोहार, जीवन फुकन आदि स्वतन्त्रता सेनानीको सान्निध्य लाभ गरेका हुन्। उनीहरूसँगै देशले स्वतन्त्रता नपाँउञ्जेल विविध सामाजिक, राजनैतिक क्षेत्रमा कांग्रेस दलका कार्यकर्ताको रूपमा सक्रिय कामकाजमा जडित भइरहे।

❑

(साभार : **गोर्खा ज्योति**, आसाम)


With Best Complements from



**Bhaju Gopal Pradhan**

**Dalep Busty,**
**P.O. Pedong, Dist. Kalimpong**

**Mob. No.: 97330 5205**

# भारतीय नेवाः जातिका केही विभूति

**योगवीर शाक्य**
कालिम्पोङ।

भारत स्वतन्त्र हुनुअघिदेखि नै बसोबासो गरेका नेवाः जाति नेपाल राज्यमा भएको सामाजिक व्यवस्था र अवस्थाभन्दा भिन्नै ढङ्गले आफ्नो परिचय राखेर बसिरहेको सत्यलाई लुकाउन सकिन्न। त्यसैले भारत सरकारले पनि नेवाःलाई भारतीय नागरिकको रूपमा हेरेको पाइन्छ। तर पहाडी इलाकामा बसोबासो गरेका नेवाः अन्य जातिहरूसित मिलिजुली बसेकाले सबै जातिको सम्पर्क भाषा नेपाली रहेको कारण नेवाः भाषाभन्दा नेपाली भाषा नै प्रयोग गरेको देखिन्छ। यस्तो परिस्थितिमा पनि कतिपय नेवाः परिवारमा नेवाः भाषालाई बचाइराखेको पाइन्छ नेवाः भाषाको पत्रिकाको प्रकाशन यस वर्ष एक सय पुगेको छ। सन् १९२५ मा यो पत्रिका 'बुद्ध धर्म व नेपाल भाषा' कलकत्ताबाट धर्मादित्य धर्माचार्यको सम्पादनमा प्रकाशित भएको थियो। सन् १९२६ मा कलकत्तामा नै नेपाल भाषा साहित्य मंडल नामक साहित्यिक संस्था स्थापना गरेर कलकत्ता विश्वविद्यालयमा नेपालभाषा पढाउनुपर्छ भनी पत्राचार पनि गरेका थिए।

यसरी नै मास्टर पूर्णमान (पूर्णमान शाक्य)-ले श्री भद्रकाली रेकार्डमा आफ्नै शब्द र सङ्गीत भएको '*गुलि त बाँला नेपालभाषा*'-सित नेपाली र नेवाः गीत रेकार्डिङ भएको पाइन्छ। यसै क्रममा थेरवादी भिक्षुको सम्पादनमा पहिले कलकत्ताबाट पछि कालिम्पोङबाट प्रकाशित '**धर्मोदय**' नामक नेवाः भाषाको पत्रिकाले नेवाः भाषाको आधुनिक काल प्रारम्भ भएको मानिन्छ। यस्तै प्रकाशन इतिहासको कुरा गर्नुपरे कालिम्पोङबाट महाप्रज्ञाले कलकत्ताबाट टाइप झिकाएर नेवाः भाषामा ललित विस्तर पालिभाषाबाट अनुवाद गरी कम्पोज गरेर कुनै प्रेसमा नगई आफैले छापेका थिए। तर यी व्यक्तिहरू जीवनका केही कालसम्म भारतमा कर्मक्षेत्र बनाई नेपालमा फर्केका थिए।

भारतमा रहेर भारतीय नागरिकको रूपमा आफ्नो परिचय राखी भारतको कला साहित्य धर्म क्षेत्रमा स्वर्ण अक्षरमा अङ्कित भएका नेवाः विभूति भनी मेरो नजरमा भएका नेवाः भाषा जान्ने व्यक्तिहरूको छोटो परिचय उल्लेख गर्न धृष्टता राखेको छु। तर यस लेखमा अन्वेषण गरी सबै स्थानका नेवाःको परिचयको अपेक्षा पनि नराखिदिनहुन निवेदन गर्न चाहन्छु।

## राष्ट्रिय पुरस्कारबाट विभूषित बेखाराज शाक्य

सन् १८८४ -मा नेपालको ललितपुरस्थित नागबहाल टोलमा रत्नपति शाक्यको सुपुत्रको रूपमा जन्मेका बेखाराज शाक्यले सन् १९०२-मा भारत आएर यही भूमिलाई कर्मक्षेत्र बनाए।

उनले शान्तिनिकेतनको कला विभागमा शिक्षकको रूपमा काम गर्ने मौका पाएका थिए। त्यहाँ उनले अरविन्दनाथ ठाकुर, नन्दलाल घोष, आलोक बाबू, शुभ ठाकुर, प्रतिभादेवी आदिलाई नेपाली-तिब्बती ढाँचाको कलाको ज्ञान दिलाएका थिए; उनीहरूले पनि बेखाराज शाक्यलाई गुरुको रूपमा स्वीकार गरेका थिए।

बेखाराज शाक्यका कलाकृतिको बारे भन्नुपर्दा उनी चित्रकला, वास्तुकला, मूर्तिकला, धातुकला, काष्टकलामा निपुण थिए। उनका शिल्पकारिता सुन, चाँदी, ताँबा, पितलादि धातुमा देख्न पाइन्छ। सन् १९३४ -मा अखिल भारतीय बौद्ध महासभामा उनलाई 'बौद्ध चित्र विद्या विशारद' उपाधि प्रदान गरियो। सन् १९६६ को जनवरीमा महामहिम राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णनको बाहुलीबाट उनलाई *मास्टर क्राफ्टम्यान*जस्ता उपाधिको नाममा राष्ट्रिय पुरस्कारले विभूषित गरियो।

उनका कलाकृतिहरू बम्बई, कलकत्ता, बडौडा, दिल्ली, सिक्किम आदि म्युजियम र आर्ट ग्यालरीमा सुरक्षित छन् भने दार्जिलिङका धीरधाम, महाकाल थान, जेबी थापा पार्कमा बौद्ध कलाको नमूनासाथै डोर्जेलिङको प्रतीक डोर्जे अथवा विश्वबज्र अङ्कित गुम्बज, टाइगर हिलको गेटको कला कालिम्पोङस्थित त्रिकोण पार्कमा भएको शहीद स्मारक उनका कलाकृति हामीमाझ छन्। आफ्ना सम्पूर्ण जीवन कला,जाति र समाजप्रति समर्पित गरेर उनले सन् १९७१, ४ फरवरीमा दार्जिलिङमा अन्तिम सास फेरे।

## साहित्यकार भाइचन्द प्रधान

नेपाली, हिन्दी, अङ्ग्रेजी तथा नेवाः भाषाका ज्ञाता भाइचन्द प्रधानको जन्म र मृत्यु कालिम्पोङमा नै भएको थियो। नेपाली भाषा साहित्यमा उनी कवि, कथाकार, निबन्धकार, अनुवादक, समालोचक, व्याकरणकारको रूपमा परिचित छन् भने नेवाः भाषामा पनि कलम चलाएर भाषाविद्, कथाकार, सम्पादकको रूपमा परिचय दिन उनी सफल बने।

सन् १९४७ मा नै उनले ***नेवाः भाय् या शिक्षा*** नामक पुस्तिका लेखेका थिए। उक्त पुस्तिका नेवाः भाय् प्रचारिणी समिति, कालिम्पोङको तत्वावधानमा नेवार समाजको पक्षमा प्रकाशित भएको थियो। त्यस समयमा भारतबाट **धर्मोदय** र नेपालबाट **थौंकन्हे**, नेपाल नेवाः पत्रिका प्रकाशित हुन्थे। यी पत्रिकाहरूमा उनका चारवटा कथाहरू र छवटा कविताहरू छापिएका छन्। अस्सी दशकतिर पुनः प्रकाशित भएको **धर्मोदय**का प्रधान सम्पादक बनी उनले नेवाः साहित्यको विकासमा योगदान दिएका थिए।

## सूर्यवीर तुलाधर (गुरूजी)

दार्जिलिङमा जन्मेर सिक्किममा कर्मक्षेत्र बनाएर आजसम्म आध्यात्मिक क्षेत्रमा संलग्न भई मानव सेवा नै माधव सेवा भनी आफ्नो जीवन बिताइरहेका सूर्यबीर तुलाधर गुरूजीलाई नचिनिने मानिस विरलै पाइएला। श्री श्री श्री स्वयम्भू भीमाकाली सूर्य मन्दिरमा उनले मांसाहारी भोजन नचलाए पनि नेवाः पूजाआजामा *सम्येबजि*मा के के खाद्य पदार्थहरू चाहिन्छ सबै विधिअनुसार बाहिरबाट तयार पारी ल्याएर अवगत गराउँछन्। दसैँलाई *म्हःनि* र तिहारलाई *स्वन्ति* भनिन्छ भनी उनले सिकाउने गर्दछन्। उनले *म्हपूजा*को दिनमा नेवाःहरूका निम्ति सामूहिक *म्हपूजा* मन्दिरमा नै आयोजन गर्छन्। नेवार संगठनको स्थापना भएर आफ्नो मातृभाषा नजान्नु राम्रो होइन भनी भाजु खगेन्द्र प्रधानको सल्लाहमा उनको मन्दिरमा नेवाः भाषा सिकाउने काम पनि भएको थियो। बहुभाषी गुरूजीले भाषा मासे जाति मासिन्छ भनी अन्य भाषा जानेजस्तो आफ्नो भाषा सिक्नु बोल्नु आवश्यक छ भन्छन्। सिक्किममा इन्द्र जात्राको सुरुवात उनको देखरेखबाट भएको थियो। आजभोलि सिक्किमको एउटा पर्वको रूपमा इन्द्रजात्रालाई चिनाउने श्रेय उनलाई नै जान्छ भन्दा अत्युक्ति हुनेछैन। उनले आफ्नो पहिलो *ज्याजं*को विधिपूर्वक भव्यरूपले आयोजन गरी नेवाःको संस्कार संस्कृतिबारे ज्ञान दिलाउन उनी रोल मोडल बनेका छन्।

यसरी नेवाः भाषा बोल्न जान्ने र अन्य जातिको समक्ष नेवाःको कलाकृति, भाषासाहित्य र धर्म आध्यात्मको क्षेत्रमा संलग्न भएका व्यक्तिमा वाराणसी निवासी काशीबहादुर श्रेष्ठ, उनका सुपुत्र दुर्गाप्रसाद श्रेष्ठ, मुम्बईका लक्ष्मण श्रेष्ठ, सुष्मा श्रेष्ठ (पूर्णिमा), कालिम्पोङका रत्न उपासक (रत्नप्रसाद तुलाधर) आदिबारे लेख्न बाँकी नै छ जुन काम मबाट यहाँ हुन सकेन यसमा क्षमाप्रार्थी छु।

❑

*With Best Compliments from*

**Bhaju Subash Pradhan**

**Agent: L.I.C. of India**

Kalimpong

D.M.'s Club Member

**STAR HEALTH INSURANCE**

**Contact: 89180 31809**

STAR Personal & Caring | Health Insurance
The Health Insurance *Specialist*

LIC
भारतीय जीवन बीमा निगम
LIFE INSURANCE CORPORATION OF INDIA

# मास्टर पूर्णमान शाक्य : संक्षिप्त जीवनी

**सञ्जय शाक्य**
कालिम्पोङ।

**परिचय :** मास्टर पूर्णमान शाक्यको जन्म काठमाडौँको कान्तिपुरको लगनटोलमा अङ्ग्रेजी साल मई १९०३ वैशाख पूर्णिमाको दिन भएको थियो। उहाँको बुबाको नाम साहु दानमुनि शाक्य भिक्षु हुनुहुन्थ्यो। मास्टर पूर्णमान शाक्यकी श्रीमतीको नाम धनलक्ष्मी शाक्य, उहाँको जन्म कलकत्तामा भएको थियो। श्रीमती धनलक्ष्मी शाक्यका पिताको नाम साहु महाधर तुलाधर उहाँको कलकतामै व्यवसाय थियो।।

मास्टर पूर्णमान शाक्य सानै उमेरदेखि नै सङ्गीतप्रेमी हुनुहुन्थ्यो। उहाँले सङ्गीतको तालिम पनि पाउनुभएको थियो साथै धार्मिक भजन कार्यक्रममा पनि सहभागी हुन्थे।

उहाँले भजनमा प्रयोग हुने वाद्यवादनहरू जस्तै हार्मोनियम, तबला र अरु वाद्यवादनहरूको प्रशिक्षण पनि दिने गर्थे। उहाँ शास्त्रीय सङ्गीतमा निपुण हुनुहुन्थ्यो।

अङ्ग्रेजी साल १९२३, विक्रम सम्वत् १९८० मा कलकत्ताको माधव भवनमा उहाँ बस्नुहुन्थ्यो। अनि उहाँको त्यहाँबाट नै आफ्नो हीरा, मोती, पन्ना आदिको निरीक्षण गर्ने व्यवसाय सुरु भएको थियो।

त्यसपछि उहाँले the washerman institute laboratory limited, मा केही समय सम्म कार्य गर्नुभयो। त्यसपछि एक वर्षसम्म कलकत्ताको ब्रिटिस कम्पनीको मोटर ड्राइभिङ ट्रेनिङ लिई केही समयसम्म त्यस कम्पनीमा मोटर ड्राइभिङ काम पनि गर्नुभयो।

यी सबै काम कुरोहरूको साथै उहाँले सङ्गीतको कार्यक्रमहरू छोड्नु भएनन्। सन् १९२९ दिसम्बर, महिनामा कलकत्तामा भएको All India Buddhist conference को महासभामा भाग लिई बौद्ध भजन र सङ्गीतको प्रस्तुति दिनुभयो। त्यसरी नै सन् १९३१ सालमा दार्जिलिङमा सम्पन्न भएको All India Buddhist conference मा भाग लिई उहाँले बौद्ध भजन र सङ्गीत प्रस्तुत गर्नुभयो, जसका निम्ति उहाँलाई Buddha sangeet visarad, graduate in Buddhist music certificate, प्राप्त गर्नुभयो।

त्यस समय नेपालका एकजना शिक्षित व्यक्ति आचार्य धर्मादित्य धर्माचार्यबाट पनि सङ्गीतसम्बन्धी certificate प्राप्त गर्नुभयो। कलकत्ताको माधव भवनमा बस्दै गर्नुहुँदा उहाँले

आफ्नो जीविका उपार्जन गर्ने व्यापार धन्धाको साथसाथै सङ्गीतको प्रसार गर्ने काम सधैँ नै गरिबस्नु भयो।

यस समय कलकत्तामा बसी व्यापार गर्दै बस्नुहुने साहु महाधर तुलाधरसँग परिचय भई सन् १९३३ सालमा उहाँकी सुपुत्री धनलक्ष्मी तुलाधर शाक्यसित बिहे गर्नुभयो।

वैवाहिक जीवनको आरम्भको साथसाथ सोही माधव भवनमा श्री भद्रकाली नेपाली रेकर्डिङ कम्पनीका मालिक श्री कृष्णगोपाल श्रेष्ठ र लालबहादुर जोशी अनि जनकलाल जोशीको बासस्थानमा नै नेपाली सङ्गीतकारहरूको जमघट हुन्थ्यो।

त्यस समय भारतमा सिनेमाको प्रचलन भर्खरै आरम्भ भएको थियो his master's voice recording company खुल्यो। Bombay talking आरम्भ भयो, हिन्दी सिनेमाहरूका रेकर्डहरूको प्रचारप्रसार हुन थाल्यो। यही कुराहरूलाई ध्यानमा राखी नेपाली नेवारी गीतहरूका रेकर्डहरू निकाल्ने कम्पनी खोल्ने माधव भवनमा बस्ने साहुहरूले निर्णय लिए र माधव भवनमा नै श्री भद्रकाली नेपाली रेकर्ड कम्पनीको स्थापना गरे।

यसै कम्पनीमा मास्टर पूर्णमान शाक्य सङ्गीत विशारद उहाँले कार्य गर्न थाल्नुभयो।

त्यस कम्पनीमा उहाँसँग काम गर्ने अरु उस्तादहरू उस्ताद बद्री, उस्ताद साइँला, प्रोफेसर बालाप्रसाद, मिस पञ्च बाला दासी, श्रीमती हिना देवी, मिस प्रभा, मिस मेलवा देवी आदि गायक गायिकाहरू थिए।

मास्टर पूर्णमान शाक्यज्यूले गाउनुभएको पहिलो नेवारी गीत -

*गुलित बाँला नेपाल भाषा,*

*सरल अति ल्हाय्न अपु।*

यसबाहेक अरु धेरै नेवारी र नेपाली गीतहरू उहाँले यस कम्पनीमा रेकर्ड गर्नुभयो। र ती रेकर्डहरू प्राय सबै नै नेपालमा त्यस समय प्रचलित भए।

यसरी नै आफ्नो नेवारी अनि नेपाली सङ्गीतलाई अघि बढाउँदै जाँदा त्यस समय साल १९३९ मा युरोप र एसियामा द्वितीय विश्वयुद्ध आरम्भ भयो, जसको असर कलकत्तासम्म पर्‍यो। विश्वयुद्धको त्रासले मानिसहरू कलकत्ता सहर छाडेर भाग्न थाले त्यस बिचमा भद्रकाली रेकर्डिङ कम्पनी पनि बन्द भयो।

यसरी मास्टर पूर्णमान शाक्य आफ्नो जहान र नानीहरूसँगै कलकत्ताबाट कालिम्पोङ प्रस्थान गर्नुभयो। त्यस समय कालिम्पोङ तिब्बतसित नेवार व्यापारीहरूको व्यापार गर्ने एउटा प्रमुख स्थान थियो।

कालिम्पोङ आएदेखि उहाँले फेरि आफ्नो व्यवसाय हीरा, पन्ना, जवाहरात, पत्थरहरूको नजर जाँच्ने कार्य सुरु गर्नुभयो। त्यसबाहेक उहाँ ल्हासाबाट आएको लुगा र तिन्खायको अर्डरअनुसार लुगाहरू तिब्बत पठाउने गर्थे।

उहाँले तिब्बतको व्यापार गर्दै गर्दा आफ्नो सङ्गीतको रुचिलाई त्याग्नु भएन। त्यस समय कालिम्पोङमा नेपालका बौद्ध नेवार व्यापारीहरू हजारौंको सङ्ख्यामा थिए, त्यस समय वर्षमा एकपल्ट वैशाख पूर्णिमाको दिन बुद्ध जयन्ती

मनाइन्थ्यो, त्यस समय त्रिपाई स्थित तिब्बतीहरूका गुम्बा थार्पा छ्यौलिङ्ग गुम्बामा बुद्ध जयन्ती मनाइन्थ्यो। मास्टर पूर्णमान शाक्यले यही बुद्ध जयन्तीको निम्ति साना साना नानीहरूलाई बुद्ध भजन सिकाई उपस्थित भक्तजनहरूसमक्ष प्रस्तुत गर्नुहुन्थ्यो। यस प्रकार मास्टर पूर्णमान शाक्यले तीन साल १९४४, १९४५, १९४६ सम्म नानीहरूलाई बौद्ध भजन को तालिम दिनुभयो। त्यसपछि साल १९४६ मा कालिम्पोङ धर्मोदय सभामा बौद्ध भजनहरूको प्रस्तुति दिन थाले।

उहाँले कालेबुङ आएपछि पनि शास्त्रीय सङ्गीतको प्रचारप्रसार गरिरहनु भयो, सन् १९४८ मा उहाँले आफू बसेको बासस्थान टक्सरी हाउसमा शास्त्रीय सङ्गीत तालिम दिने 'सङ्गीत भवन' पाठशाला खोल्नुभयो।

मास्टर पूर्णमान शाक्यको साङ्गीतिक यात्रामा उहाँले रचेका गीतहरू यस प्रकार छन्।

१. गुल् त बाँला नेपाल भाषा
२. चञ्चल मन जीगु गुबले थिर मजुल दैब।
३. हथाय् चाय् मते प्राण
४. छिन जीत मातायरे कृष्ण
५. आवो खुनु चेते जुया भींगु
६. गथे याना खुसी याय् मोहन
७. हे नर वनेगु ईश्वर या शरणे

**नेपाली गीतहरू**

१. बोलायो भने जाउँला बोली नसुनी
२. गरुँला शोक भन्दैमा गरायो दैवले फाटो
३. दुनियाको बुझ्दैन चाल।
४. चैतन्य चोला फेरि कहिले होला
५. स्थिर छैन मेरो मन प्रभुको भजनमा
६. जिन्दगीको के भरोसा को रहेका छन् यहाँ
७. जानुपऱ्यो जर्मनको धावामा
८. रानी वनैमा नारा सम्झ मनैमा
९. हे सखी जीवन रत्न समान

मास्टर पूर्णमान शाक्यले श्रीमती हिना देवीसँग गाउनु भएको नेपाली युगल गीत

१. प्रेमको झोली प्रेमको बोली।
२. कीछी गया मेरी प्यारी।

यी सबै मास्टर पूर्णमान शाक्यले गर्नुभएको अर्थात् विद्यार्थीहरूलाई तालिम साथै शास्त्रीय सङ्गीत प्रस्तुति गरेका कुराहरू।

साल १९५२ मा उहाँले भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरू आफ्नी छोरी इन्दिरा गान्धी कालिम्पोङको भ्रमणमा आउनुहुँदा उहाँलाई अटोग्राफ दिनु भएको पनि प्रमाण छ।

यसरी नै मास्टर पूर्णमान शाक्य आफ्नो साङ्गीतिक यात्राको साथ उहाँको शरीर अस्वस्थ हुँदै जान लाग्यो उपचारको बिचमा नै उहाँको निधन सन् १९६०, जनवरी महिनामा हुन गयो। यस प्रकार उहाँको जीवनलीला यहीँ नै समाप्त भयो।

❑

(स्वर्गीय मास्टर पूर्णमान शाक्यका छोरा, भाजु पुण्यबहादुर शाक्य, नाति भाजु संजय शाक्य।)

# SIDDHI DAS MAHAJU (AMATYA)



Courtesy :
**Maiju Reshu Pradhan**
Gangtok

Newa language today is classified as the "definitely endangered language" by UNESCO. It means that it is no longer being passed down to younger generation as a primary language. It's sad to see that the struggle of so many writers and authors, who fought with their lives to upkeep the identity of the newa language, has lost its influence and the language has again come to a point where it necessitates another revolution to revive it.

The four writers or poets who are known as the four pillars of Newa Language viz. Siddhi Das Mahaju (Amatya), Nisthananda Bajracharya, Jagat Sundar Malla and Yog Bir Singh Kansakar were at the forefront in the movement to renew the Newa language.

The oppressive Rana regime which did everything in their capacity to suppress and destroy newa language severely punished anyone found writing or publishing newa literature or even using it for any purpose. Despite of these circumstances many writers including the four pillars continued to write and produce newa literature enabling the resurgence of newa language at the beginning of the 20th century.

Though all four of them are considered as great writers, however Siddhidas Mahaju among them had the most humble background. He was also known




as Siddhidas Amatya. He was a poet, essayist and linguist. He is honored with the title of 'Great Poet'. Born on 15th October, 1867 in Kel Tol, Kathmandu to father Laxmi Narayan and Mother Harsha Laxmi he translated the epic Ramayana "Siddhi Ramayana" in Newa language in the year 1913, one of his most notable works. It was published by Thaunkanhe Prakashan in 2010.

He lost his mother at a young age. And after the death of his father he became the sole breadwinner for his family. Being married to Ganga Devi at an early age he started taking care of the family's cloth shop to bear the responsibilities. To purchase stock for the business he had to frequently travel to Kolkata, India. During these trips he regularly visited the numerous libraries and book stores there. He brought back newspapers and books in various languages. He also learnt the art of bookbinding. These further

fuelled his passion of writing. But in all this the cloth business suffered a huge setback.

The financial constraint made him do a Government job for a brief period at around 1886. When this did not help, he worked for a trader as a freight forwarder at Birgunj. However, the business collapsed and he came back to Kathmandu after a few years. In 1927, two years prior to his death




he got a job as an assistant at a medicine shop. Things never worked for him and his financial situation deteriorated. Frustrated, he left everything and went on to live with his sister in his final days. Despite of his difficult life, his heart and soul remained with writing. He died a poor man at Pashupati on 29th December, 1929.

Siddhidas Mahaju received his education at home by tutors. Despite not having received a formal education he wrote more than 44 books of poetry, epics, short stories and essays. Among all of his writings "*Sajjan Hridayabharan*", a book of poems on morals published from Bettiah, India in 1920, was the only one published during his lifetime. Other of his notable works include "*Satyasati*" written in 1913 which emphasises on female education, "*Siddhi Vyakaran*" which is a grammar of Nepal Bhasa written in 1927. "*Sukhasagar*" "*Bijuli*" "*Sambad*" "*Sanatan Dharma*" "*Samachar*" are among his other writings. He had also written several philosophies related to the norms of society.

The oppression of the Rana regime provoked him to write and publish more. He consistently distributed his writings among his friends and family. This has aided in preservation of his works even after having surpassed such a difficult time. It was during this




turmoil he coined the famous quote "भाषा म्वाःसा जाती म्वाई" -(*Bhasa mwa sa jaati mwai*) meaning if the language survives the community will too emphasising the importance of language in the existence of any community. It is still used today time and again not just within the newa community but by litterateurs, language revolutionaries, language enthusiast across various communities.

A postage stamp in his honour was issued by the Postal Service Department of the Government of Nepal in 1980. The Kathmandu Metropolitan City has named a street in central Kathmandu as "*Siddhidas Marg*" in his honor. His statue was erected one in Hetauda in 2006 and another at Ratnapark, Kathmandu on the day of his birth anniversary on 29th September, 2015.

He is known as a progressive writer due to his advocacy for equality for women in education and other rights. In spite of the tyranny of the Rana regime which enforced bans and fines and even imprisonment for usage of Newa language in any form, he was among those who headed the revolution and did everything that was in his capacity and even beyond that to save and preserve Newa language. However, seeing the present state of affairs the future of Newa language seems gloomy. It's time we must all learn our language and also teach the next generation. It's time we must revive our beautiful language because after all - *भाषा म्वाःसा जाती म्वाई* (*Bhasa mwa sa jaati mwai*).

❑

# डा. पारसमणि प्रधानको योगदान

**गणेशकुमार प्रधान**
सिलगढी।

**प्रारम्भिक जीवन :-**

१ जनवरी १८६८ को दिन कालिम्पोङको डम्बरसिंह चोकमा पिता भाग्यमणि नेवार र माता लक्ष्मीमायाको कोखबाट पारसमणि प्रधानको जन्म भएको थियो। भाग्यमणि नेवार बनारसमा प्रख्यात प्रकाशक प. विश्वराज हरिहर शर्माको दोकानमा चाकरी गर्थे अनि फुर्सतको समय निकालेर संस्कृत र ज्योतिषशास्त्र अध्ययन गर्थे। काशीबाट प. विश्वराज शर्माले भानुभक्तीय **रामायण** र अरू केही प्रकाशित नेपाली भाषाका पुस्तकहरू भाग्यमणिलाई जिम्मा लगाई बिक्री गर्नका लागि पठाएका थिए। भाग्यमणि नेवारले ती किताबहरू कालिम्पोङ ल्याएर पसल थापी बिक्री गर्न लागे। अन्य स्थानहरू टिस्टा, रम्फू, मतिगढा, सालुगढा, मिरिक, खरसाङका हाट बजारहरूसम्ममा यी पुस्तकहरू उनी बिक्री गर्थे। रामायणका श्लोकहरू, भानुभक्तले लेखेका भक्तमालाका श्लोकहरू लय हालेर उनी आवृति गर्थे। यसो गर्दा अङ्ग्रेजहरूका शासनकालमा क्रिश्चियनहरूलाई लाग्थ्यो उनले आफ्नो जुल्फी हल्लाई हल्लाई आफ्नो हिन्दू धर्मको प्रचार प्रसार गर्दैछन्। यस्तै समयमा सन् १६०१ सालमा बेलायतका महारानी भिक्टोरियाको देहान्त भयो। भारतका प्रमुख शहरहरूमा महारानी भिक्टोरियाको मूर्ति स्थापना हुन थाले। कालिम्पोङमा पनि मूर्ति स्थापना गर्न उपयुक्त स्थानको खोजी हुनथाल्यो। अन्त्यमा पारसमणि प्रधानको जन्मस्थानमै उपयुक्त स्थान चयन गर्दा उनी त्यो स्थान छोडेर सिन्देबोङ बस्तीमा सर्न वाध्य हुनुपऱ्यो। त्यहाँ खेतीयोग्य जमीन किनेर बाख्रा पाली उनले आफ्नो गृहस्थी जीवन चलाउनु पऱ्यो।

पारसमणि प्रधानको न्वारानको नाम थियो प्रशमान प्रधान। उनी गाउँकै प्राथमिक पाठशालामा भर्ना भए। त्यतिबेला हिन्दीमा पढाइन्थ्यो। तिनताक कठोर अनुशासन साथै कठोर सजाय पनि दिने प्रथा थियो। एकदिन यस्तै कठोर सजायको सम्मुखीन हुँदा आमाले बालक प्रशमान प्रधानलाई स्कूल पठाउनै छोडिन्। तर बालकले स्कूल पढने जिद्दी गरेकोले बजारमा मामा हर्कधोज प्रधानले खोलेका स्कूलमा भर्ना गराए। सानैदेखि अध्ययनशील भएकोले प्रशमान प्रधानले रोयल रीडर र रविन्सन क्रूसो पहिल्यै सिध्याएका थिए।

## दार्जिलिङ हाई स्कूलमा अध्ययन :-

सन् १९१३ मा उनी आफ्ना कान्छा मामाका छोरोको भान्से भएर सर्वप्रथम दार्जिलिङ पुगेका थिए। मामाको छोरोको भान्से भएर गएका, तर मामाको छोरो उनी बेगर स्कूल नजाने भएकाले प्रशमान प्रधान पनि भाइसित स्कूलको सातौं श्रेणीमा भर्ना भए। यो उनको अहोभाग्य थियो। त्यहाँ दार्जिलिङ सरकारी स्कूलमा पनि नेपालीमा पठन-पाठन हुँदैन थियो। बुबाले रामायणका पाठहरू र श्लोकहरू लयबद्ध गरी वाचन गरेका, भानुभक्तको भक्तमालाका श्लोकहरू लयबद्ध गरी गाएकाले कतिवटा श्लोकहरू त उनलाई मुखस्थ भएका थिए। यसरी साहित्यप्रति अभिरूचि बढ्दै गएकाले नवौं-दशौं श्रेणीको छात्र भएपछि बनारसबाट नेपाली भाषाका पत्र-पत्रिकाहरू जस्तै- '**चन्द्र**', '**गोर्खाली**' आदि झिकाइ अध्ययन गर्ने गर्थे। यही बिचमा उनलाई आफ्नो न्वारानको नाम 'प्रशमान' प्रधान मन नपरेकोले उनी आफैले आफ्नो नाम पारसमणि प्रधान राखे। यही समयदेखि बनारसबाट प्रकाशित हुने मासिक पत्रिका 'चन्द्र'मा 'अध्यावसाय' र 'विद्या' शीर्षकका उत्कृष्ट लेखहरू प्रकाशित गराएका थिए। बाल्यावस्थादेखि नै उनले अति उत्प्रेरक कथनहरू लेख्ने गरेका थिए, ती यस्ता छन् :-

*What man has done, man can do.* अर्थात् मानिसले गरेका काम मानिसले गर्न सक्छन्। त्यस्तै अर्का पाश्चात्य देशका प्रसिद्ध कवि लङ्फेलोका कविताबाट :-

*The heights by great men reached and kept,*
*Were not attained by a sudden flight,*
*but, while their companion slept,*
*were toiling upward in the night.*

अर्थात् जुन् उच्चतामा ठूला ठूला मानिसहरू पुगेर बसेका छन् उनीहरू त्यसै उडेर त्यहाँ पुगेका होइनन्, तर आधीरातमा पनि जति बेला सारा दुनियाँ मस्त निद्रामा भएका बेला उनीहरू त्यहाँ चढनका निम्ति परिश्रम गरिरहेका हुन्थे।

सन् १९१५-१६ मा नवौं र दशौं श्रेणीका छात्र हुँदा सम्राट बकिमचन्द्रका बङ्गला उपन्यास '**युगलङ्गुरीय**'-को नेपाली अनुवाद **हिरण्यमयी चरित्र** शीर्षकमा धारावाहिक रूपमा छापिन्थे। यसरी साहित्यप्रति उनको अझ उत्साह र चासो बढ्दै गयो।

## नेपाली भाषाप्रति अगाध श्रद्धा :-

सन् १९१६ मा स्कूलको वार्षिक उत्सवमा विद्यार्थीहरूले हिन्दी, अङ्ग्रेजी, बङ्गला, उर्दू, तिब्बती भाषाहरूमा एकाङ्की नाटक प्रदर्शन गर्ने, कविता, आवृत्ति गर्ने, नाचगान गर्ने चाँजो मिलाइएको थियो। यसमा उनले पनि प्रधान अध्यापकलाई नेपाली भाषामा आवृत्ति गर्न पाउँ भनी अनुमति माग्दा प्रधान अध्यापकबाट स्वीकृति पाएपछि स्वरचित '*वीर पत्नीका साहस*' आवृत्ति गरेछन्। यो आवृत्ति दर्शकवर्गले औधी रुचाए। यसमा उनले विशेष पुरस्कार प्राप्त गरेका थिए।

माथि नै उल्लेख गरियो - तिनताक नेपाली भाषामा शिक्षा दिने चलन थिएन। तर अधिकांश नेपाली विद्यार्थीहरू यस कुरामा असन्तुष्ट थिए। स्वभाषामा अध्ययन गर्न पाए, परीक्षा लेख्न पाए हुँदो भन्ने कुरो खट्किरहेको समयमा एकदिन

कलकत्ता विश्वविद्यालयका उपकुलपति डा. सर्वाधिकारी हाई स्कूलको परिदर्शन गर्न आएका थिए। उनीसित अर्का एकजना उनको सहयोगी बङ्गाली महाशय पनि साथमा थिए। यो सुनौलो मौका छोपी पारसमणि प्रधानले हामी नेपाली छात्र-छात्राहरूले पनि आफ्नो नेपाली भाषामा पढ्न र परीक्षा लेख्न पाउँ बनी विद्यार्थीहरूका सही लिइवरी भाइस चान्सलर महोदयलाई ज्ञापन चडाएछन्। यसरी ज्ञापन चढाउँदा भाइसचान्सलर महोदयको सहयोगीले यो के हो भनी प्रश्न गर्दा भनेछन् - *"हामी नेपाली विद्यार्थीहरूले पनि आफ्नो मातृभाषामा पढ्न पाउँ अनि परीक्षा लेख्न पाउँ भनी निवेदन पत्र सुम्पेका हौँ"* भन्दा ती भद्र देखिने बङ्गालीले हियाएर भनेछन् - *'यो नेपाली पनि भाषा हो र? यो त बोली हो, कुल्ली कवाडीले बोल्ने बोली हो'* भन्दा ती विद्यार्थीहरू आक्रोशित बनेछन्। भाइस चान्सलर महोदयले पनि त्यस बिन्ती पत्रको वास्ता गरेनछन्। त्यही दिन स्कूल परिदर्शनपश्चात् करमाइकल होस्टेल पनि परिदर्शन गर्न आउँदा सहयोगी वकील महोदय पनि साथमा थिएछन्। आक्रोशित विद्यार्थीहरूमध्ये एकजनाले हिंड्ने निहुँ गरी वकील महोदयलाई धक्का दिएर लडाइदिएछन्। वकील महोदय उत्तानाचित्त भएर पछारिए। यसको परिणाम त एकदमै नराम्रो हुनेथियो, तर होस्टेल सुपरिन्टेन्डेन्टले छात्रहरूको पक्ष लिई माफ मागेकाले माफ पाएछन्। तर भाइसचान्सलर महोदयले भने विद्यार्थीहरूका आक्रोश चाल पाए। यो खबर उसबेलाको '**गोर्खाली साप्ताहिक**' पत्रिकामा छापिएको थियो। यसको चौतर्फी विरोध भयो। नेपाल दरबार हाई स्कूलका हेड मास्टरले पनि भाइस चान्सलर महोदयलाई यसको विरोध जनाउँदै पत्राचार गरेका थिए। तर अदृश्य रूपमा वरदान नै साबित भयो। यसको प्रतिक्रिया राम्रै भयो। २४ जुलाई १९१८ मा कलकत्ता गजेटमा नेपाली भाषा म्याट्रिक, आइ. ए. र बी. ए. तहको निम्ति स्वीकृत भएको समाचार प्रकाशित भयो।

### गोर्खा साहित्य समाजको स्थापना :-

तिनताक दार्जिलिङ गभर्मेन्ट हाई स्कूलमा छात्रहरूले चलाएको एउटा पुस्तकालय थियो **हिन्दी साहित्य समाज**। यस **हिन्दी साहित्य समाज**को तत्त्वावधानमा समय समयमा तर्कसभा, कवि सम्मेलनको आयोजना हुन्थे। यस पुस्तकालयमा केही नेपाली पुस्तकहरू पनि किनेर राख्ने प्रस्ताव राखे पारसमणि प्रधानले, तर अन्य सदस्यहरूले विरोध गर्दा यस संस्थाबाट आफ्नो नाम कटाएर उनले '**गोर्खा साहित्य समाज**'-को स्थापना गरे। आफ्नो जाति भाषा भनेपछि दिलोज्यान दिने पारसमणि प्रधान यति दृढ संकल्पित थिए।

### चन्द्रिका मासिक पत्रिकाको प्रकाशन :-

सन् १९१७ मा खरसाङमा *गोर्खा लाइब्रेरी* खोलिएको थियो र यसको पुस्तकाध्यक्ष उनी स्वयम् थिए। उनका बुबाले खरसाङमा पनि भानुभक्तीय **रामायण** बिक्री गरेकाले र सायद बुबासित समय समयमा उनी स्वयम् पनि आएकाले होला खरसाङ उनलाई मन पर्थ्यो र यहीँ बसी हरिसिंग थापा र अन्य महानुभावको

सहयोगमा खोलिएको *हरि प्रिन्टिङ प्रेस*मा काम सिकेर '**चन्द्रिका**' मासिक पत्रिकाको सम्पादन र प्रकाशनको जिम्मेवारी पनि आफूले वहन गरे।

यो '**चन्द्रिका**' पत्रिकाको सम्पादकीयमा उनले नेपाली भाषालाई पनि अरू भाषाहरू सरह स्कूल र कलेजमा पठन-पाठनमा स्वीकृति दिनुपर्छ भनेर लेखेका थिए। २४.०७.१९१८ को कलकत्ता गजेटमा नेपाली पढाउन स्वीकृति दिए तापनि पाठ्य पुस्तकको अभावमा समयमै यो कार्यान्वित हुनसकेको थिएन। अझपछि कलकत्ता विश्वविद्यालयमा पढने विद्यार्थीहरूसित सोधखोज गर्दा उपकुलपति आशुतोष मुखर्जीले भनेछन् - *"व्याकरणको आधारमा भाषामा शुद्धता र एकरूपता आउनु पर्छ अनि यही आधारमा लेख, ग्रन्थहरू लेखिएको हुनुपर्छ।"* दार्जिलिङका सबै स्कूलहरूमा अधिकांश विद्यार्थीहरू नेपाली तर ५-६ जना मुसलमान, १०-१५ जना बङ्गाली विद्यार्थीका निम्ति कोठा प्रबन्ध गर्नसक्छ, तर नेपालीहरूका निम्ति कोठाको प्रबन्ध नहुनु सरासर अन्याय भएको विषयमा फेरि पनि '**चन्द्रिका**' पत्रिका मार्फत् सम्पादकीयमा लेखिएपछि नेपाली पढाउने शिक्षकको रूपमा १ अप्रेल १९१९ देखि प. धरणीधर शर्माले स्कूलमा नियुक्ति पाए। ब्रिटिश शासनकालमा यसरी निर्भीक भएर आफ्नो जातिको समस्या राख्दै त्यसको समाधान पनि गर्नु लरतरो कुरा भने निश्चय नै थिएन।

## कालिम्पोङको एस. यु. एम. आइमा भाषा शिक्षकको नियुक्ति :-

तिनताक दार्जिलिङ जिल्लामा दुइवटा मात्र हाई स्कूलहरू थिए - दार्जिलिङ सरकारी स्कूल र एस. यू. एम. आइ, कालिम्पोङ। नेपाली भाषालाई म्याट्रिकुलेशन, आइ. ए. र बी. ए. सम्म पढाउन स्वीकृति दिएपछि कालिम्पोङ एस. यु. एम. आइ. का हेडमास्टर डा. डब्ल्यू. एस सदरल्याण्डले पारसमणि प्रधानलाई नेपाली विषय पढाउने शिक्षकको पदमा नियुक्ति दिए। माथि नै उल्लेख गरियो, भाषामा शुद्धिकरण एवम् एकरूपता ल्याउन व्याकरणको आवश्यकता पर्छ। यसैलाई कार्यान्वयन गर्न प्रधानाध्यापक महोदयको आग्रहले नेपालका गुरुराज हेमराज पण्डितको '**व्याकरण चन्द्रिका**' -को आधारमा विद्यार्थीवर्गलाई उपयोगी हुने नेपाली व्याकरण सन् १९१९ मा उनले लेखेर एक वर्षपछि यो प्रकाशित भयो। यस व्याकरणलाई बङ्गाल सरकारको शिक्षा विभागले पाठ्य पुस्तकको रूपमा अनुमोदन पनि गरेको थियो। यसरी भारतेली नेपाली साहित्यमा सर्वप्रथम पारसमणि प्रधानले नेपाली व्याकरण लेखे।

## स्कूलको सब इन्सपेक्टर पदमा पारसमणि प्रधानको नियुक्ति :-

बङ्गाल सरकारको तिनताकको शिक्षा विभागका डाइरेक्टरले बङ्गाल प्रान्तको उत्तरपूर्वीय सीमामा रहेका कतिपय स्थानहरूको परिभ्रमण गर्ने इच्छा जाहेर गर्दा उनलाई मार्गदर्शन गराउन सम्बन्धित स्थानको विषयमा जानकारी गराउन एकजना उपयुक्त व्यक्तिको चयन गर्ने काम गरियो। स्कूलका प्रधान अध्यापक डा. सदरल्याण्डले पारसमणि प्रधानलाई चुने।

पारसमणि प्रधानले पनि शिक्षा विभागका डाइरेक्टर अफ् पब्लिक इन्स्ट्रक्शन (डीपीआई) श्रीमान् होर्नेललाई सोचेका भन्दा बेसी स्थानहरू भ्रमण गराएकाले अत्याधिक खुशी भएर पारसमणि प्रधानलाई दार्जिलिङ पर्वत खण्डका निम्ति स्कूलको सब-इन्सपेक्टरको पदमा नियुक्त गरे। यसरी उनी दार्जिलिङ जिल्लाका प्रथम नेपाली स्कूल सब-इन्सपेक्टर भए।

सब-इन्सपेक्टरको पदमा नियुक्ति पाए पश्चात् प्राथमिक पाठशालाहरूका परिभ्रमण गर्न जाँदा नेपाली नानीहरूले नबुझ्ने हिन्दी भाषामा पढ्नु परेकोले उनले दुःख प्रकट गर्दै उनले आफ्नो मातृभाषा नेपालीको माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउन थाले। तिनताकका बङ्गालका शिक्षा विभागका डाइरेक्टर अफ् पब्लिक इन्स्ट्रक्शन (डीपीआई) -ले पनि प्राथमिक पाठशालालाई चाहिने निर्दिष्ट पाठ्यसूचि बमोजिम नेपाली भाषामा लेखिएका पुस्तकहरू सरकारी मञ्जुरीका निम्ति पेश गर्ने आदेश दिएका थिए। तर यी पुस्तकहरू लेख्ने कोही पनि निस्केनन्। एकजना अनेपालीले लेखेका पुस्तक भूलैभूल भएकोले पारसमणि प्रधानले भूल सुधारेर लेखे र यो प्रकाशित भएर आयो। निर्दिष्ट पाठ्य अनुसार लेखिनुपर्ने पुस्तकहरू धेरै छन्, तर लेख्ने कसले? लेखे पनि कहाँ छाप्ने र कसले प्रकाशित गर्ने? नेपाली माध्यममा पढाइनुपर्छ भनेर सरकारसित अनुरोध गर्दा त्यो स्वीकृत भयो। तर अब पुस्तक लेख्ने, प्रेसमा छाप्ने र प्रकाशन गर्ने चिन्ताले पारसमणि प्रधानलाई ग्रस्त पार्‍यो। त्यतिबेला प्रकाशक म्याक्मिलन कम्पनी थियो। तर कम्ति किताब छाप्दैन थियो। यो ठूलो समस्याको समाधान कसरी गर्ने! यही सोच लिएर म्याक्मिलन कम्पनीको कार्यालयमा पुगेर खोजी गर्दा त्यसका जेनेरल म्यानेजर दार्जिलिङ आउँदैछन् र उनलाई भेटेर यो विषय राख्नू भन्ने निर्देश उनले पाए।

## म्याक्मिलन कम्पनीका जेनरल म्यानेजरसित भेट :-

पारसमणि प्रधानले म्याक्मिलन कम्पनीका जेनरल म्यानेजर श्रीमान् सी. ए. पार्खर्ष्टलाई भेटे। उनले पनि शिक्षा विभागका डी.पी.आइ. श्रीमान होर्नेलले जस्तै सिक्किम र कालेबुङ भ्रमण गर्ने इच्छा व्यक्त गरेछन्। पारसमणि प्रधानले श्रीमान् पार्खर्ष्टको इच्छानुसार दार्जिलिङको रमणीय स्थानहरू घुमाएर कालेबुङतिर प्रस्थान गराएछन्। यसरी ६ माइल, लोप्चू हुँदै जाँदा बाटामा पार्खर्ष्ट साहेबले बान्ता गरेर उनी अलसतलस भएछन्। पारसमणि प्रधानले उनीहरूको गाडी रोकेर आफ्नो स्वेटरमा बान्ता थापेछन् र केही तल पानी भए ठाउँमा पुगेर बान्ता लागेको स्वेटर सफा गरी पार्खर्ष्ट साहेबलाई केही आराम गराइ फेरि सिक्किमको मल्लीसम्म घुमाइ दार्जिलिङ पुर्‍याइदिएछन्। अतिथि देवोः भवः अतिथिको यथोचित सत्कार मात्र नगरेर सेवा शुश्रूषा पनि गरेकाले पार्खर्ष्ट साहेब कृतज्ञ बनेछन्। पारसमणि प्रधानले आफ्नो स्वेटरमा बान्ता थापी उनको सेवा गरे बापत् पार्खर्ष्ट साहेबले अत्यन्त खुशी हुँदै भनेछन्; *"तपाईंले लगाएको गुण म कहिले बिर्सन सक्तिनँ र यसको बदलामा के दिन सक्छु"* भनेर भन्दा पारसमणि

प्रधानले *"मलाई केही दिनु पर्दैन, तर यी नेपाली पाठ्य पुस्तकहरू तपाईंको प्रेसमा छापिदिनु भए सारा नेपालीहरू खुशी हुनेछन् र तपाईं लाई धन्यवाद दिनेछन्"* भन्दा 'हुन्छ' भनी जवाफ दिए।

**नेपाली माध्यममा शिक्षा दिन अवरोध :-**

बङ्गाल शिक्षा विभागको तारीख १६ नोभेम्बर १६२० को अधिसूचना बमोजिम निर्दिष्ट पाठ्यसूचिअनुसार पाठ्य पुस्तकहरू लेख्ने काममा उनले विविध विषयका पाठ्य पुस्तकहरू लेखी प्रकाशित पनि गरे। यी पुस्तकहरू बङ्गाल शिक्षा-विभागको अधिसूचना बमोजिम स्वीकृतिको निम्ति पेश गरिए, तर शिक्षा-विभागले स्वीकृति दिन ढिलायो। तर पारसमणि प्रधानले मिशनेरी तथा शिक्षाविद्द्वय डा. सदरल्याण्ड अनि डा. ग्रामको सुझाउ लिएर नेपाली माध्यममा शिक्षा दिने व्यवस्था मिलाए। तर शिक्षा विभागका तत्कालीन जिल्ला अधिकारी प्रियनाथ होर नेपाली भाषाको कट्टर विरोधी भएकाले स्कूल सब-इन्सपेक्टर पारसमणि प्रधानको विरुद्धमा आफ्ना उच्च अधिकारीहरूलाई '*कथित अनाधिकृत*' नेपाली पुस्तक चलाएका विषय अवगत गराए। यसैबीच उनले लेखेका पाठ्य-पुस्तकहरू बङ्गाल सरकारका शिक्षा विभागका डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्सन मिस्टर इ. एफ. ओटेनका आदेशानुसार तारीख २६ अक्टोबर १६२६ को सरकारी अधिसूचना न. ४. टी.बी. बमोजिम बङ्गाल प्रेसिडेन्सीका प्राथमिक पाठशाला अनि मिडिल स्कूलका प्राथमिक श्रेणीहरूमा पढाउन पाइने स्वीकृति दिइयो। तर जिल्ला शिक्षा अधिकारीले उच्च शिक्षा अधिकारीलाई विरोध जनाएर लेखेका पत्रको फलस्वरूप राजशाही विभागका शिक्षा अधिकारीले जिल्ला शिक्षा अधिकारी प्रियनाथ होरबाट स्पष्टिकरण मागेछन्।

यस विषयमा जिल्ला अधिकारीले पारसमणि प्रधानलाई स्पष्टिकरण दिन लाएछन्। तर पारसमणि प्रधानले फेरि दार्जिलिङ मिसन स्कूलहरूका अध्यक्षलाई यसको स्पष्टिकरण दिन लाएछन् साथै पारसमणि प्रधान स्वयम्ले राजशाही विभागका शिक्षा अधिकारीलाई यसरी स्पष्टिकरण लेखी पठाएछन्। *"इन्सपेक्टर अफ् स्कूलले स्पष्ट भाषामा मञ्जुरी नदिएको भए तापनि शिक्षा-विभागले यो निर्णय लिएको कुरा साँचो हो। औ मेरो क्षुद्र विचारमा यस जिल्लाका स्कूले केटाकेटीहरूले आफ्नो मातृभाषामा शिक्षा पाउनुपर्छ। यथार्थमा जिल्लाका केटाकेटीहरूले यसरी नै शिक्षा पाउँदै पनि छन्। कुरा यति हो, शिक्षा विभागबाट औपचारिक रूपले स्वीकृति प्राप्त भएको छैन। हाम्रा साना-साना केटाकेटीहरूलाई आफ्नो मातृभाषामा शिक्षा नदिएर उनीहरूले नबुझ्ने हिन्दी भाषामा शिक्षा दिनु त्यसमाथि पनि हिन्दी भाषा जान्दै नजान्ने गुरुहरूबाट यस्तो शिक्षा दिने काम एकप्रकारको क्रूरता हो। पर्वत खण्डका जम्मै स्कूलहरूमा नेपाली भाषा स्वीकार गरियोस् औ यसबारेको सरकारी मजूरी चाँडै दिइयोस् अनि उच्च अधिकारीका सेवामा बिन्तीपत्र चढाइयोस् भन्ने मेरो विनम्र अनुरोध छ।"*

यस पत्रको प्रतिफल राजशाही विभागका इन्सपेक्टर अफ् स्कूल्स्ले डिस्ट्रिक्ट इन्सपेक्टर अफ स्कूल्स्लाई लेखेको पत्र यस्तो छ - *"दार्जिलिङ जिल्लाको पर्वतखण्डका स्कूलहरूमा सरकार नेपाली भाषा र माध्यम चालु गर्न चाहन्छ। मिसनका अधिकारीहरूसित सल्लाह गरेर यो काम हुनसक्ने वा नसक्ने कुराको रिपोर्ट गर्नू"* यसरी धेरै लेखापढी गर्दै स्पष्टिकरण दिए पश्चात् नेपाली भाषालाई प्राथमिक तहका सबै विषयको शिक्षण माध्यम बनाउने पारसमणिको माग युक्तिसङ्गत एवम् न्यायोचित बुझेर नै तत्कालीन राजशाही विभागका अधिकारीबाट २९ दिसम्बर १९२५ मा *"दार्जिलिङ हाई स्कूलका प्राथमिक कक्षाहरूमा सन् १९२६-को शिक्षा सत्रदेखि नेपाली भाषामा शिक्षा दिनू"* भन्ने आदेश आयो।

**सूर्यविक्रम ज्ञवालीले यस सन्दर्भमा यस्तो मन्तव्य गरेका छन् :-**

*साहित्यको सेवा भनेपछि उनलाई अरू थोक केही चाहिँदैन। समय, धन, परिश्रम शारीरिक सुखको केही फिक्री छैन। उनको एकमात्र उद्देश्य नेपाली भाषाको सेवा छ। यस्तो अत्युत्कट मातृभाषा प्रेम वास्तवमा अत्यन्त आदरणीय र स्तुत्य छ।* यसरी पारसमणि प्रधानले दार्जिलिङ सरकारी हाई स्कूलमा नेपाली पठन पाठन व्यवस्थाको निम्ति नेपाली भाषा शिक्षकदेखि भाषा शिक्षणको निम्ति जुन कार्य गरे त्यो अत्यन्त महत्त्वपूर्ण छ। यसैले प्रख्यात समालोचक रामकृष्ण शर्माले पारसमणि प्रधानलाई *'दार्जिलिङमा नेपाली साहित्यको घडेरी निर्माण गर्ने पहिलो व्यक्ति हुन्'* भनेका छन्।

**नेपाली साहित्य सम्मेलनको स्थापना :-**

कलकत्ता विश्वविद्यालयले म्याट्रिक, आइ. ए. र बी. ए. का निम्ति नेपाली भाषालाई स्वीकृति दिएपछि अब नेपाली विषय पढाउने शिक्षकको नियुक्ति पाएर प. धरधीधर शर्मा अनि सूर्यविक्रम ज्ञवाली दार्जिलिङ आइपुगे। *"जबसम्म भाषाको उन्नति हुँदैन तबसम्म कुनै प्रकारको उन्नति हुन सक्तैन। देश समुत्थान गर्ने मुख्य यन्त्र पनि एकमात्र मातृभाषा नै हो, तसर्थ मातृभाषाको उन्नति गर्नु नै हाम्रो मुख्य र परम कर्तव्य हो।"* यसरी आफ्नो विचार स्पष्टसित राख्ने पारसमणि प्रधान नेपाली भाषा शिक्षकहरूका सर सल्लाह लिएपश्चात् नेपाली भाषालाई विस्तार गर्न र यसलाई विकसित तुल्याउन अनि यसलाई समृद्धशाली बनाउन साहित्य सम्मेलनको आवश्यकता बोध गरे। यसरी दार्जिलिङ, कालिम्पोङ, खरसाङ अनि अन्य स्थानका साहित्यप्रेमी र भाषाप्रेमीहरूलाई निमन्त्रणा पठाइ २५ मई १९२४ को दिन दार्जिलिङको हिन्दू पब्लिक हलमा एउटा सभाको आह्वान गरियो। यही सभामा पारसमणि प्रधानले नेपाली साहित्यको सर्वाङ्गीन विकासको निम्ति साहित्य सम्मेलनको स्थापना गर्ने उद्देश्यमाथि प्रकाश पार्दै वक्तव्य राखे। यही प्रस्ताव अनुसार त्यसदिनको सभाले २५ मई १९२४ को दिन नेपाली साहित्य सम्मेलनको स्थापना गरे। यो साहित्य सम्मेलनको प्रथम सभाले एउटा समिति बनायो, जसका सभापति हरिप्रसाद प्रधान अनि सचिव पारसमणि प्रधान निर्वाचित भए। यसरी

दार्जिलिङमा नेपाली साहित्यको सर्वाङ्गीन विकासको निम्ति **नेपाली साहित्य सम्मेलन**को यसरी स्थापना भएको थियो, जुन् अद्यावधि रहेको छ।

जिल्ला शिक्षा अधिकारी प्रियनाथ होर र केही अन्य नेपाली भाषा विरोधी संस्थाहरूले नेपाली भाषा नै शिक्षाको माध्यम हुनुपर्छ भन्ने विषयलाई विरोध गरे तापनि हिमालयन मिसन परिषद्का सभाहरूले नेपाली भाषा नै शिक्षाको माध्यम हुनुपर्छ भनेर समर्थन पारित गरेपश्चात् नेपाली भाषाका पुस्तकहरूको जाँचबुझ गर्न एउटा समिति गठन गरियो र यही समितिले दार्जिलिङ जिल्लाका प्राथमिक पाठशालाहरूमा नेपाली भाषा तुरून्त शिक्षाको माध्यम गराइयोस् अनि पारसमणि प्रधानले लेखेका **नेपाली साउँ अक्षर**, **नेपाली साहित्य** आदि गरी १७ वटा पाठ्य पुस्तक निर्धारित गरियोस् भनी सिफारिश गऱ्यो। यसरी पारसमणि प्रधानले धेरै कष्ट सहेर, दुःख गरेर आफ्नो सरकारी नोकरी पनि गर्दै किताबहरू पनि लेख्दै नेपाली भाषालाई प्राथमिक पाठशालाहरूमा शिक्षाको माध्यमका रूपमा स्वीकृत गराउन प्रमुख भूमिका निर्वाह गरेका थिए।

## भाषाविद् डा. सुनीतिकुमार चट्टोपाध्यायसित भेट :-

प्राथमिक पाठशालामा शिक्षाको माध्यम नेपाली त भयो। अब पाचौं, छैटौं र माध्यमिक तहसम्मका निम्ति नेपालीमै शिक्षा दिनुपर्ने भन्ने विषयमा लगायत प्रवेशिका परीक्षासम्म प्रमुख भाषा स्वीकृत गराउन २७ नोभेम्बर १९३६ मा जिल्लाका प्रमुख साहित्यिक, राजनैतिक र सामाजिक संघ-संस्थाका प्रतिनिधिवर्गका सामूहिक हस्ताक्षर लिएर एउटा पत्र डेपुटी कमिश्नरको माध्यमबाट कलकत्ता विश्वविद्यालयका उपकुलपतिका नाममा पठाए। त्यतिञ्जेलसम्म भारतवर्षकै नेपालीद्वारा लेखिएको शब्दकोश र अरू आवश्यकीय विषयहरू नभएकामा रेजिष्ट्रारबाट केही अपमानित हुनु पऱ्यो। यसैले विश्वविद्यालयका उपकुलपति डा. श्यामाप्रसाद मुखर्जीले सिनेटका दुई सदस्यहरू डा. सुनीतिकुमार चट्टोपाध्याय र रेजिष्ट्रारसँग भेट गर्ने सल्लाह दिए।

यसरी प्रथमपल्ट विद्वान् भाषाविद् डा. सुनीतिकुमार चट्टोपाध्यायसित पारसमणि प्रधानको भेट भयो। डा. सुनीतिकुमार चट्टोपाध्यायले पारसमणि प्रधानलाई आवश्यक सुझाउ दिएपछि त्यही सुझाउ अनुरूप उनले **नेपाली डिक्सनेरी** र '**भारती**' पत्रिका आदिको प्रकाशन गर्दै गए। यतिञ्जेलसम्म उनलाई सहयोग गर्न जिल्ला शिक्षा अधिकारी कृष्णबहादुर गुरूङ र बङ्गाल विधानसभामा विधायक डम्बरसिंह गुरूङ पनि भएकाले धेरैवटा काम गर्न उनलाई सजिलो भएको थियो।

सन् १९५५ सालमा पश्चिम बङ्गालभरि बङ्गला भाषा अनिवार्य रूपमा प्रयोग गरिनुपर्छ भनेर विधानसभामा प्रस्ताव ल्याउँदा तिनताकका विधायक भद्रबहादुर हमालले 'दार्जिलिङ पार्वत्य अञ्चलमा प्रशासनिक कार्यको निम्ति नेपाली भाषालाई सरकारी भाषाको रूपमा मान्यता

दिनुपर्छ’ भनेर र अर्को प्रस्ताव पारसमणि प्रधानले विभिन्न साहित्यिक र सामाजिक सङ्घ संस्थाका प्रतिनिधियर्गलाई सचेत गराउँदै सभाको आयोजना गर्न लगाइ घोर प्रतिवाद गरेका फलस्वरूप २८ सेप्टेम्बर १९७१ मा पार्वत्य अञ्चलमा नेपाली भाषाले सरकारी मान्यता पायो। यही बिचमा उनले **Dictionary of Technical Terminology** लेखी प्रकाशित गराए साथै पारिभाषिक शब्दकोष पनि तयार पारे।

## साहित्य अकादमी, नयाँ दिल्लीमा नेपाली भाषाको अन्तर्भुक्ति :-

नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचिमा अन्तर्भुक्त गरिनुपर्छ भनेर सर्वप्रथम देहरादुन गोर्खा मिलिटेरी कलेजका प्रवक्ता आनन्दसिंग थापाले सर्वप्रथम जनवरी १९५६ सालमा भारतका राष्ट्रपति समक्ष आवेदन चढाएका थिए। तिनताकका साहित्य अकादमीका अध्यक्ष भाषाविद् डा. सुनीतिकुमार चट्टोपाध्याय दार्जिलिङ आएका समयमा साहित्यकार कवि तुलसी अपतनलाई साथमा लिई पारसमणि प्रधान स्वयम्ले लेखेका ‘**नेपाली भाषाका उत्पत्ति र विकास**’ नामक अनुसन्धानात्मक पुस्तक उपहारस्वरूप भेट चढाउन गएका थिए। त्यही भेटघाटको अवधिमा नेपाली भाषालाई पनि भारतीय संविधानको आठौं अनुसूचिमा अन्तर्भुक्त गर्नुपर्छ भन्ने विषय राख्दा डा. सुनीतिकुमार चट्टोपाध्यायले सर्वप्रथम नेपाली भाषालाई साहित्य अकादेमीले मान्यता दिएपछि मात्र यस भाषालाई संविधानको आठौं अनुसूचिमा गाभिने कुरा गर्नू भन्ने सुझाउ दिए।

यसपछि दार्जिलिङमा विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूको प्रतिनिधिहरूका सभाको आयोजना गरी यस विषयको प्रमुखताको चर्चा परिचर्चा लगायत सङ्गोष्ठी गराई सबै सबैलाई सचेत गराउने काम उनले गरे। यही विषयलाई केन्द्रित गरी २९.०३.१९७० मा दार्जिलिङको नेपाली साहित्य सम्मेलनले एउटा सभा राख्यो र त्यस सभाले पारसमणि प्रधान र तुलसीबहादुर छेत्रीलाई संयुक्त आयोजक मनोनित गरी भारतवर्षका राष्ट्रपति-प्रधानमन्त्रीलाई यो माग सम्बन्धमा भेट गरी ज्ञापन पत्र चढाउने जिम्मावारी सुम्पियो। यसै बिचमा पारसमणि प्रधानकृत निम्नलिखित पुस्तकहरू प्रकाशित थिए।

१. **A Short History Of Nepali Literature**
२. **नेपाली भाषाको उत्पत्ति र विकास**
३. **आठौं अनुसूचिमा नेपाली भाषा**

## नयाँ दिल्लीको अकादेमीमा नेपाली भाषालाई अन्तर्भुक्ति :-

२० दिसम्बर १९७३ मा बम्बईमा भाषा विशेषज्ञहरूको एउटा विशेषज्ञ समिति (Expert committee) नेपाली भाषा अनि अरू केही भारतीय भाषालाई साहित्य अकादेमीमा अन्तर्भुक्त गर्ने उद्देश्यबाट योग्य अयोग्य जाँचबुझ गर्न साहित्य अकादेमीकै अध्यक्ष डा. सुनीतिकुमार चट्टोपाध्यायको अध्यक्षतामा एउटा सभा बस्यो। यस सभामा भाषाविद् डा. सुनीतिकुमार चट्टोपाध्यायले पारसमणि प्रधानलाई नेपाली भाषालाई प्रतिनिधित्व गर्ने सदस्य मनोनित गरे।

नेपाली भाषालाई साहित्य अकादमीमा अन्तर्भुक्त गरिनुपर्छ भन्ने सम्बन्धमा - यस भाषा-भाषीको जनसंख्या साथै यो भाषा यू. पी., बिहार, पश्चिम बङ्गाल र असम, उत्तराखण्डमा बोलिन्छ। पश्चिम बङ्गालको दार्जिलिङ जिल्लामा 'नेपाली सरकारी भाषा' भएको छ। पश्चिम बङ्गाल सरकारले '**पश्चिम बङ्गाल**' नामक साप्ताहिक पत्रिका प्रकाशित गर्छ। नेपाली भाषाका पत्र-पत्रिकाहरूका सङ्ख्या आठवटा छ। यसर्थ सभाको निष्कर्षमा नेपालीलाई आधुनिक नेपाली साहित्यिक भाषा मानिलिँदै यसलाई साहित्य अकादेमीले स्वीकृति दियो।

साहित्य अकादेमीले नेपाली भाषालाई आधुनिक भारतीय भाषाको रूपमा सन् १९७५ सालमा मान्यता दिएको एक वर्षपछि सन् १९७६ सालमा दश जना नेपाली विद्वानूहरूलाई लिएर नेपाली भाषा परामर्श परिषद् (Nepali Lauguage Advisory Board) गठन भयो, जसका प्रथम संयोजक डा. पारसमणि प्रधान चुनिएका थिए। सन् १९७७ देखि साहित्य अकादेमी, नयाँ दिल्लीले नेपाली भाषाका लेखक, लेखिकाहरूलाई चयनित उत्कृष्ट रचना-कृतिहरूको निम्ति प्रत्येक वर्ष साहित्य अकादेमी पुरस्कार प्रदान गर्न आरम्भ गयो। यसरी सर्वप्रथम १९७७ सालमा इन्द्रबहादुर राईले '**नेपाली उपन्यासका आधारहरू**' समालोचना ग्रन्थमा पुरस्कार पाएका हुन्।

पारसमणि प्रधानले लेखेका पाठ्य पुस्तकहरू दार्जिलिङ जिल्लाभरि मात्र नभएर भारतका अन्य स्थानहरू जस्तै डुवर्स, सिक्किम, असम, मेघालय, मिजोराम र नागाल्याण्डमा पनि प्रयोग गरिएको छ। विद्यालयहरूमा नेपाली भाषाको पठन-पाठन र शिक्षाको माध्यम गराउनुबाहेक महाविद्यालयहरूमा पनि नेपाली पाठ्यक्रम तयार पार्ने काममा पारसमणि प्रधानको प्रमुख भूमिका रहेको छ। उत्तर बङ्गाल विश्वविद्यालयले दार्जिलिङ क्षेत्रका महाविद्यालयका निम्ति ऐच्छिक नेपालीको पाठ्यक्रम १९६८ सालमा तयार पाऱ्यो। १९६९ मा नेपाली अनर्सको अध्ययन अध्यापन गर्ने स्वीकृति पाएपछि सो पाठ्यक्रम तयार पार्ने अभिभारा पारसमणि प्रधानमाथि आइपऱ्यो। उनकै सिफारिश अनुसार बनिएको पाठ्यक्रमलाई सामान्य परिवर्तन गरेर ४ अगस्त १९६९ मा स्वीकृति प्रदान गरियो। उत्तरबङ्ग विश्वविद्यालय स्नातकोत्तर नेपालीको प्रथम पाठ्यक्रम पनि पारसमणि प्रधानले युवराज काफ्ले, मीमलाल सापकोटा, ज्ञानेन्द्र खतिवडा र सकुरा थुलुङका सहयोगमा तयार पारेका हुन् भन्ने थाह पाइन्छ।

### संविधानको आठौं अनुसूचिमा नेपाली भाषा :-

पारसमणि प्रधानले भारतीय संविधानको आठौं अनुसूचिमा नेपाली भाषालाई अन्तर्भुक्ति गर्ने काममा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। यस विषयमा जन जागरण गराउँदै '**आठौं अनुसूचिमा नेपाली भाषा**' नाम गरिएको एउटा सानो पुस्तिका नै छपाएर प्रश्न-उत्तरका रूपमा भारतीय संविधानको आठौं अनुसूचिमा नेपाली भाषाले अन्तर्भुक्ति पाए के लाभ हुनेछ भन्ने विषयमा विस्तृत जानकारी दिएका छन्। यही

विषयमा उनलाई निम्न प्रश्न गरिएको थियो जसका उत्तर उनी स्वयम्ले यसरी दिएका छन् :

प्रश्न : भारतको संविधानको आठौं अनुसूचीमा नेपाली भाषा अन्तर्भुक्त गराउनाले नेपाली भाषा-भाषीहरूलाई के लाभ होला?

उत्तर : लाभ र हानिको लेखा लाउनुभन्दा पनि भारतीय नेपालीहरूले आफूलाई अरू भारतीय नेताहरू सरह ठान्ने अधिकारको कुरा गुरूत्वपूर्ण होला कि भनिठान्छु। आठौं अनुसूचिमा नाम दर्ता हुनेहरू मुन्टो ठाडो पारेर कहीँ पनि कुरा गर्न सक्छन्। किनभने उनीहरूले त्यसो गर्ने हक पाएका हुन्छन्। सो हक नभएका हुनाले हामी जस्ता नेपाली भाषा-भाषीहरूले उनीहरूका सामु लुरुक्क पर्नुपर्छ। त्यहाँ (Equality) अर्थात् समानताको हेला भएको छ। भारतको संविधानले प्रत्येक भारतवासीलाई समान अधिकार दिएको कुरा यहाँ आएर बाङ्दछ। यसो हुनु उचित होइन।

फेरि संसदमा नेपाली सदस्य छैनन्; कथं कदाचित् कुनै दिन भइहाले भने पनि नेपाली भाषामा उनले बोल्न पाउँदैनन्। यसरी बोल्न नपाउँदा उनको इज्जतमा धक्का लाग्छ। संसदका सदस्यको इज्जत उनले जुन् जनसङ्ख्याको प्रतिनिधित्व गरेका छन् ती जम्मै जनताको इज्जत हो।

केन्द्रीय सरकारले जनताको जानकारीको निम्ति प्रचार र प्रसार गर्ने कुराहरू (पुस्तक, पुस्तिका, सूचना, विज्ञप्ति आदि) आठौं अनुसूचिमा दर्ता भएका भाषामा मात्र छाप्ने गर्छ। यसो हुँदा नेपाली भाषा-भाषीले नेपाली भाषामा सो कुरा पढ्न नपाउँदा तिनीहरू केन्द्रीय सरकारसित एकतान्, एकसूर र एकमत हुने कामबाट वञ्चित हुन्छन्।

नेपाली भाषाले संविधानको आठौं अनुसूचिमा स्थान पाउनाले धेरै नेपालीहरूले नोकरी पनि पाउँछन्, तर यो सुविधा ता सामान्य हो भनिठान्छु। किनभने नोकरी पाउने कामभन्दा पनि प्रत्येक भारतीय नागरिकले वास्तविक नागरिक हुन पाउनुभन्दा ठूलो लाभ अरू छैन भन्ने मेरो तुच्छ विचार हो। भारतका नेपाली जाति (जसलाई गोर्खाली पनि भनिन्छ) जस्ता भारतीय नागरिकलाई सबै कुरामा पूर्ण सुविधा नदिनु भनेको भारतले बङ्गाली र गुजराती, असमी र पञ्जाबी आदिलाई छुट्याउने वा होच्याउने सिद्धान्त लिए जत्तिकै हो।

मेरो तुच्छ विचारमा ता नेपाली भाषालाई भारतको संविधानमा अन्तर्भुक्त गर्ने काममा नेपाली भाषा-भाषीहरू तम्सनुभन्दा पनि केन्द्रीय सरकारका प्रमुख व्यक्तिहरू तम्सनुपर्ने कुरा हो। किनभने भारतको रक्षा गर्ने काममा यिनीहरूले आफ्ना रगत र छाती समर्पण गरेका छन् औ प्रत्येक काममा सरकारको ढाल भएर बसेका छन्। गान्धीजीको रामराज्यमा नेपाली (गोर्खाली)हरूले हनुमानको कामको भार लिएका छन्। यस्ता भक्तहरूलाई सताउनाले भारतलाई लाभभन्दा बढता

हानि हुन्छ। यो कुरा म जस्ताले यहाँ भनिरहनु पर्दैन जस्तो मलाई लाग्छ।

प्रश्न : नेपाली भाषाका बारेमा तपाईंको अरू पनि केही सुझाउ छ कि?

उत्तर : मैले बत्तीसवटा अक्षर ता जानी नजानी दिइसकेँ। बत्तीस अङ्क शुभ अङ्क हो। बत्तीसवटा दाँत उम्रेपछि कुनै मानिसको बुद्धि खुल्दैन भने त्यसलाई हामीले खै के भन्ने? तर, ती बुद्धि नभएका बुद्ध हुन्। त्यस्ता बुद्धलाई अँगालेर कुनै मानिसले पनि आफ्नो काममा सफलता प्राप्त गर्न सक्तैन।

यस सम्बन्धमा अर्को एउटा कुरा मनमा राख्नुपर्ने देखिन्छ। सो के भने नेपाली भाषा बाहुन, छेत्री, कामी, दमाई र सार्कीको मात्र भाषा होइन। यो भाषा तमाम नेपालीहरूको हो अर्थात् परमवीर चक्र धनसिंह थापाको हो, महावीरचक्र नरबहादुर छेत्रीको हो, वीरचक्र कृष्णकुमार प्रधानको हो, मन्त्री देवप्रकाश राईको हो, एम. पी. डम्बरसिंह गुरूङ लगायत मायादेवी र रतनलाल ब्राह्मणको हो। के सैनिक, के असैनिक र सबैले भारतको रक्षा गर्नमा आफ्नो छातीको ढाल बनाइदिएका छन्, रगतको खोलो बगाइदिएका छन्। यसरी भारतको संविधानमा स्थान पाउने अरू पन्ध्र भाषा सरह नेपाली भाषाले पनि आठौं अनुसूचिमा स्थान पाएर अरूका दाँजामा उभिनु पाउनुपर्छ। यो अधिकार नेपाली भाषा-भाषीले पाउनैपर्छ। यही हुनुपर्छ हाम्रो माग। यो माग कुनै निर्दिष्ट पार्टीको मात्र होइन। यो हो हाम्रो सर्वदलीय माग। यो माग श्रेयका निम्ति गरिएको माग होइन, तर यो माग भारतको एकीकरणका निम्ति गरिएको माग। यो गाँठी कुरा सबैले बुझिदिनुपर्छ।

भारतीय संविधानको आठौं अनुसूचिमा नेपाली भाषालाई अन्तर्भुक्त गर्नुपर्छ भन्ने माग चलिरहेको समय अर्को एउटा भ्रमात्मक कुरा निस्कियो। केन्द्रीय नेतृत्वहरूले शङ्का गर्न थाले आठौं अनुसूचिमा मान्यताप्राप्त भाषीहरूले छुट्टै राज्यको माग गर्नेछन् वा गर्छन्। यसले देशको एकीकरणमा बाधा ल्याउँछ। यस विषयमा अकादेमीका सचिवले पारसमणि प्रधानको विचार बुझ्न चाहँदा उनले यसरी भनेछन् - *"नेपाली भाषा भाषीहरू भारतवर्षको अनेकौं स्थानमा छरिएर बसेका छन्। कोही बम्बईमा छन्, कोही कलकत्ता, बनारस, इम्फाल, देहरादुनमा छन्। फेरि कोही लखनऊ, मद्रास, दार्जिलिङ आदि स्थानमा छन्। उनीहरू कुनै एउटै निर्दिष्ट स्थानमा सङ्गठित रूपले बसेका छैनन्। यसर्थ नेपाली भाषा भाषीहरू आफ्ना लागि छुट्टै राज्य मान सक्ने अवस्थामा छैनन्। जहाँसम्म मैले जानेको छु, सचिव राजनजीको शङ्का निराधार हो। हामीले साहित्य अकादेमीमा पस्न चाहेको नेपाली भाषा र साहित्यको विकासको निम्ति हो।"* पारसमणि प्रधानको यस्तो उत्तर सुनेर सभापति डा. सुनीतिकुमार चट्टोपाध्यायले भनेछन् - *'प्रधानजीले भनेका कुरा ठिकै हो। नेपाली भाषालाई साहित्य अकादेमीले स्वीकृति दिनमा केही आपत्ति छैन।'* यसरी साहित्य अकादेमीमा

नेपाली भाषालाई अन्तर्भुक्त गराउन लगायत भारतीय संविधानको आठौं अनुसूचिमा नेपाली भाषालाई अन्तर्भुक्त गराउन डा. पारसमणि प्रधानको महत्त्वपूर्ण भूमिका रहेको छ।

यस्ता सृजनशील साहित्यकार, अनुवादक, सम्पादक, अनन्य भाषा साहित्य सेवक पारसमणि प्रधानले भारतीय संविधानको आठौं अनुसूचिमा नेपाली भाषाको अन्तर्भुक्तिको खुशीको खबर सुन्नै नपाइ र देख्नै नपाइ २ तारीख फरवरी १९८६ को दिन सिलगढीको आफ्नै भवनमा ८८ वर्षको उमेरमा उनको निधन भयो।

नेपाली भाषा र साहित्यलाई वर्तमान स्थितिसम्म पुऱ्याउन तन, मन र धनले सेवा गर्ने अथक साधक पारसमणि प्रधानले असङ्ख्य सम्मानहरू पाएका छन्। तीमध्ये केही प्रमुख निम्नलिखित छ :-

१. लण्डन स्थित रोयल ज्योग्राफिकल सोसाइटीको सदस्य मनोनित भएका थिए- ७ मई १९२८ मा

२. सदस्य-रोयल एशियाटिक सोसाइटी लण्डन-१५.११.१९२८ -मा

३. नेपाल बाहिर रहेर पनि नेपाली भाषा र साहित्यको निरन्तर सेवा गरेबापत नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा त्रिभुवन पुरस्कार - आषाढ ६ गते २०२५ वि.सं.

४. **'टिपन टापन'** ग्रन्थका लागि मदन पुरस्कार वि.सं. २०२६/६/६/५ मा

५. नेपाली भाषाको विस्तार कार्यमा प्रशंसनीय कार्य गरे बापत् काठमाडौं नेपालको त्रिभुवन विश्वविद्यालयद्वारा सम्मानार्थ उपाधि विद्यामहावारिधि Degree of Doctor of Letters - 9th June 1975 -मा।

६. उत्तरबङ्ग विश्वविद्यालयद्वारा Degree of Doctor of literature - 10.04.1981.

७. रत्नश्री पुरस्कार।

८. नेभोला सांस्कृतिक परिषद्, दार्जिलिङबाट सम्मान पत्र ७ जुलाई १९८५ - मा।

❑

साभार : **अक्षुण्ण ज्योति** (२०२४)


*With the Best Complements from*

**Bharatiya Newar Viwah Guthi**

**Bhaju Rupesh Pradhan**

*Mob. No.:* **94344 98284**




# यः मरि-को धार्मिक एवं सांस्कृतिक महत्त्व

**कल्पना महर्जन**
विश्व कीर्तिमानी सगरमाथा आरोही।

वर्षभरिमा जम्मा १२ वटा पूर्णिमा हुन्छन्। ती सबै पूर्णिमा तिथिका आफ्नै भिन्न भिन्न प्रकारका धार्मिक, सामाजिक एवं सांस्कृतिक महत्त्व रहेका छन्। *यः मरि पुन्हि* हेमन्त ऋतुको बखत नेपाल सम्वत्को दोस्रो महिना *थिला पुन्हि* अर्थात् धान्य पूर्णिमाको दिन नेवार समुदायले मनाउने विशेष पर्व मानिन्छ। यो दिन विशेष प्रकारको परिकार **यः मरि** बनाएर खाने चलन छ। नेवार समुदायमा विशेष किसिमको तिल, चाकु, खुवा राखेर चामलको पिठोबाट बनाइएको विशेष प्रकारको परिकारलाई नै *यः मरि* भन्ने गरिन्छ। यस पूर्णिमाको साँझ तिहारमा देउसी, भैलो खेले झैं केटा-केटी, युवा-युवती भेला भई घर घरमा गएर यःमरि माग्ने चलन छ। यः मरि माग्ने प्रचलन यो दिनको एक महत्त्वपूर्ण सांस्कृतिक पक्ष हो। यस दिन घरमा भित्र्याइएको धानको चामलबाट बनेको पिठोको विशेष परिकार खाएर यः मरि पुन्हि मनाउने चलन छ। यस दिन नयाँ अन्न राखिएको भकारी एवं भन्डारमा यःमरि लगायत लक्ष्मी गणेश, कुवेर, नाङ्लो, सुकुन्डा, कुचो समातेको मानस, कछुवा आदि मूर्ति सहित चेप्टो सानो सानो पात आकारको यः मरि बनाइ पूजा गरी चढाउने गरिन्छ। यःमरिलाई घरको सबै भकारी, माटाका टेप, एवं घैटाहरूमा अन्नपूर्णा, लक्ष्मी आदि देवी देवताहरू लगायतका अन्न भण्डारमा चढाउँदा धन-सम्पत्ति र अन्नलाभ हुने जनविश्वास रहिआएको छ। यसरी चढाएको यः मरि चार दिनपछि प्रसादको रुपमा परिवारमा बाँडेर खाने चलन छ। यस दिन विवाह भइसकेको चेलीबेटीलाई पनि बोलाएर यः मरि खुवाउने गरिन्छ। यः मरि पुन्हिका दिनदेखि दिन लामो हुने र रात छोटो हुँदै जानेछ। यः मरिको चुच्चोले लामो दिन हुने सङ्केत दिन्छ भन्ने जनविश्वास छ। यस दिन साँझमा टोलका केटाकेटीहरूको बथान घर घरमा यः मरि माग्न आउँछन्। यसरी यः मरि माग्न आउँदा बोल्ने भाका यस प्रकारका छन्।

*योमरीच्चामु*
*उकीदुने हाकु*
*व्यूसामाकु*
*मव्यूसाफाकु*
*व्यूम्हल्यासे*
*मव्यूम्ह बुढीचा*
*त्योछीं त्यो*

*बकछीं त्यो*

*बकछीं त्यो*

*लातापाताकुलिचाँ*

*जुस्सें त्यो*

*छिमिनँ चिकु*

*जिमनँचिकु*

ननानँ वियाछो

**यः मरि बनाउने तरिका :**

यः मरि बनाउँदा चामलको पिठोमा तातो पानी हालेर मुछेर डल्लो बनाएर एक छेउ चुच्चो हुनेगरी औँलाको सहायताले खाल्डो पारिन्छ। अन्डाकारको स्वरुपमा आइसकेपछि पिठोभित्र विशेष प्रकारका चाकु र तिलको मिश्रण राखिन्छ। यः मरि मास, खुवा आदि राखेर पनि बनाउने गरिन्छ। यसरी बनाएको यःमरि बाफले मात्रै पकाइन्छ। चामलको पिठोबाट बनाइ बाफले मात्रै पकाइने भएकोले यः मरि स्वादिलो र स्वस्थ्यका लागि पनि उपयुक्त मानिन्छ।

**महत्त्व :**

नेवार संस्कृतिमा यः मरिको विशेष महत्त्व छ। धनसम्पति वृद्धि र धनधान्यले भरिपूर्ण हुने जनविश्वासले नेवार समुदायमा यः मरि पुन्हिको दिन सबैले यः मरिसहित विभिन्न देवी देवताको पूजा गरी दान गर्ने गरिन्छ। बच्चाहरूको जन्मदिन मनाउँदा १२ वर्षसम्म यः मरिको माला बनाइ पूजा गर्नुपर्ने र माला लगाइदिने चलन छ। जन्मदिनमा बच्चालाई दुई वर्षसम्म दुईवटा, चार वर्षमा चारवटा यस्तै प्रकारले यःमरिको माला लगाइदिने चलन छ। त्यस्तै छोरीको गर्भावस्थामा बच्चा जन्मिनु केही समयअघि माइतीबाट दही चिउरा खुवाउन जाने चलन छ। यसबेला पनि कुनै कुनै समुदायमा १ सय ८ वटा यःमरि लिएर जानुपर्ने चलन रहेको छ। त्यस्तै नयाँ घर वा मन्दिर बनाउँदा पनि मन्दिरमा नयाँ पाता चढाउँदा पनि घर र मन्दिरको धुरीबाट पूजा गरेर यः मरि खसाल्ने चलन छ। नेवार समाजमा यःमरिको सांस्कृतिक एवं धार्मिक महत्त्व रहेको पाइन्छ।

**लोककथा :**

नेवार समुदायमा यः मरि पुन्हिसँग सम्बन्धित एउटा ऐतिहासिक लोककथा प्रचलित छ।

पाञ्चल देशमा सुचन्द्र नाम गरेका महाजन सपरिवार व्यापारकर्म गरी बस्दथे। धनधान्य र समृद्धिका देवता कुबेरलाई ती दम्पतिको परोपकारका दान-धर्ममा कत्तिको विश्वास रहेछ भन्ने कुरा बुझ्न मन लागेछ र उनी दुःखी र दरिद्रको भेषमा सुचन्द्रको घरमा परीक्षा लिन गएछन्। घरमा एउटा दीनहीन अवस्थाको दरिद्र मानिसले भिक्षा मागेको देखेर सुचन्द्रकी पत्नीमा दयाभाव पलाएछ र उनले त्यस भिखारीको स्वागत सत्कार गरी मिठा मिठा खानेकुरा दिएछन् र उचित आदर सत्कार र श्रद्धा गरिछन्।

सुचन्द्रकी पत्नीले गरेको व्यवहारबाट प्रसन्न भएर कुबेरले उनलाई आफनो सकली रूपको दर्शन दिए र ज्ञान प्रदान गरी अन्तर्ध्यान भए। कुबेरले प्रदान गरको सदबुद्धि र

अर्तीअनुसार सुचन्द्रकी पत्नीले लितको धुलो र चाकुको झोल मिश्रित पदार्थ राखी चामलको पिठोको रोटी (यः मरि) बनाएर त्यही रोटीको कुबेर बनाई अन्न राख्ने भकारीभित्र राखिछन् अनि कुबेरले प्रदान गरेको बिमिरोलाई पनि त्यहीँ विधिपूर्वक स्थापना गरी चार दिनसम्म छोपेर राखी पूजा गरिन्। अनि अन्न, धन र यः मरि दान गरिन्। यसरी कुबेरको आराधना र पूजा गरेकोले त्यसको प्रभावले सुचन्द्रको घरमा धन सम्पतिको वृद्धि हुन गई दैनिक आम्दानीमा बढोत्तरी हुनगयो। त्यसै बेलादेखि धान्य पूर्णिमाका दिन यः मरि बनाएर कुबेर र लक्ष्मीको पूजा गरी पर्व मनाउने चलन चलेको विश्वास छ। यः मरि पुन्हिको दिन विभिन्न मठ-मन्दिरहरूमा मेला लाग्ने गर्छ। यस दिन बनेपाको धनेश्वर मन्दिरमा ठूलो मेला लाग्ने गर्छ। त्यस्तै बौद्धमार्गीहरू पनि स्वयम्भू, बौद्ध लगायतका विभिन्न चैत्य वा विहारमा गएर बुद्धको प्रार्थना गर्ने चलन छ। त्यस्तै ललितपुरको ठेचोमा पनि यस दिनबाट चार दिनसम्म नवदुर्गा देवगण जात्रा हुन्छ।

नेपाली संस्कृतिसित गाँसेको नेपालको आफ्नै प्रमुख मौलिक रोटीको नाम लिनुपर्दा पक्कै पनि तिल चाकु वा खुवा भित्र हालेर चामलको पिठोबाट बनाइएको यः मरिलाई नै लिइन्छ। यो रोटीलाई कसैले शङ्खाकार मानेका छन् भने कसैले स्तूपाकार त कसैले यो रोटीलाई कलश आकार भएकी देवी अन्नपूर्णाको प्रतीकको रूपमा लिइन्छ। मन्दिरको गजुरलाई यही नै कलश आकार दिई मन्दिरहरूको गजूर राख्ने चलन चलेको देखिन्छ। मन्दिरका गजूरलाई कलशको संज्ञा दिइएको छ।

ललितपुरको श्रीकृष्ण मन्दिरको नेपाल संवत ७५७ को शिलाभिलेखका *हर्षान्नेपालवर्षे स्टर शरतुगैरङ्किते फाल्गुणीये पक्षे प्राप्ते वलक्षे, मरगुरुदिवसे शङ्करर्क्षे दशम्याचक्रे जाम्बूनदीयैर्गुरुतर कलबैव्र्भास्वरैकविशैर्न्नेपाल क्षोणिपाल प्रथितभुजबलो भूषणं तन्मठस्य।* (१७) पंक्तिबाट स्पष्ट रूपले थाहा पाउन सकिन्छ।

फेरि अर्कोतिर देवताहरूको पूजोपासनामा यः मरिको भित्रपट्टि तिल र चाकु राख्नुको बदला पञ्चतत्त्वको प्रतीकको रूपमा पाँचओटा अक्षता राख्ने चलन छ। पञ्चतत्त्वका पाँच अधिष्ठाता देवताहरू यी हुन् - आकाशका विष्णु, अग्निका महेश्वरी, वायुका सूर्य, जलका ईश, वायोः सूर्यः क्षितेरीशो जीवनस्य गणाधिपः॥

यसरी प्रस्तुत यः मरि विश्व ब्रम्हाण्डको प्रतीक रहेर यसैका आस्वाद सबैको लागि रुचिकर लाग्ने हुन्छ, अनि बल, स्फूर्ति औ ज्ञानप्रद हुने हुन्छ।

उपर्युक्त विभिन्न आधारहरूबाट न केवल सामाजिक, शैक्षिकमा मात्र नभएर धार्मिक, सांस्कृतिक रीति रिवाजमा पनि यःमरिको अतीव महत्त्व स्थापित भएको स्पष्ट हुन्छ। यहाँका नेवार समाजमा बच्चाहरूको जन्मोत्सव मनाउँदा बाह्र वर्षसम्म बालबालिकाहरूका जोर जन्मोत्सवहरूमा यः मरि बनाइ ती यः मरिले बालबालिकाहरूको अभिषेक गर्नु पर्ने परम्परा प्रचलित छ। जुन परम्परा अहिलेसम्म पनि नेवार समाजमा कायमै छ। त्यस्तै गर्भिनी स्त्रिहरूलाई दही च्यूरा खुवाउँदा यः मरि पनि चाहिन्छ। स्वन्ति (तिहार) चाडमा भाइटीका गर्न जाँदा

अन्य मिठाईको साथमा यःमरि पनि बनाई लैजान्छन् ।

त्यसैगरी नयाँ घर निमार्ण गर्दा छाना हालेको दिन सो घरको छानादेखि यः मरि खसालेर पूर्णताको परिचयक रूपमा उक्त नयाँ घरको अभिषेक गर्ने चलन पनि नेवार समाजमा प्रचलित छ। व्यक्तिगत घरहरूको निर्माण गर्दा मात्र होइन देव मन्दिरहरूका निर्माण गर्दा पनि मन्दिरको निर्माण भएको मितिले प्रत्येक वर्ष सोही दिन पारेर त्यस मन्दिरको वर्षबन्धन (बुसाँध) गर्दा पनि मन्दिरको माथि गजुरदेखि यः मरि खसाल्ने परम्परा पहिलेदेखि नै चलेर आइरहेको छ। पाँचौ शताब्दी ई को चानुको एक खण्डित अभिलेखमा वर्ष बन्धन भनी उल्लेख गरिएको औ वर्षवन्धन गर्दा मन्दिरको माथि गजुरदेखि यःमरि खसाल्ने परम्परा अहिले पनि विद्यमान रहेको पाइएबाट सम्भवतः यःमरिको प्रचलन त्यस बेलादेखि नै नेपालमा भइसकेको अनुमान गर्न सकिन्छ। त्यसैगरी ललितपुरको मत्स्येन्द्रनाथको जात्राको अवसरमा लगन खेलमा मत्स्येन्द्रनाथको गजूरदेखि यःमरि खसाली मत्स्येन्द्रनाथको अभिषेक गर्ने चलन अद्यापि प्रचलित नै छ। यी आधारबाट यः मरिलाई नेपाली सांस्कृतिक रोटी भनेमा खास फरक नपर्ने संस्कृतिशिरोमणि हरिराम जोशी बताउनु हुन्छ।

❑


With Best Complements from


**SACHIN NEWAR**

**AMFI REGISTERED**
**MUTUAL FUND DISTRIBUTOR**




*Mob. No.*
**99541 59187**
*Email*
**sachinnewar08@gmail.com**

### १. प्रचलित नेवारी लिपि : स्वर-व्यञ्जन वर्ण, २. कूटाक्षर लिपि : स्वर व्यञ्जन वर्ण अनि ३. विविध लिपिहरू : स्वर-व्यञ्जन वर्ण



Mi-cellanous alphabets to be met on the man-
useripts and incriptions of Nepal.

This type of Nepalese consonants and vowels is found on the palm leaf manuscript kept in the manastry of Horyuji in Japan

थ्य छगू आखल जापाने होर्युजीपिगु विहारे उष्णीष विजय धारणी-तालपत्रस लुयावगु-नेपाल आखलया स्वर व व्यञ्जन।

A A I EE U OG Ri Ree Lri Lree
अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ

E Ai O Au Am an
ए ऐ ओ औ अं अः

Ka Kha Ga Gha Na Cha Chha Ja Jha Yan
क ख ग घ ङ च छ ज झ ञ

Ta Tha Da Dha Na Ta Tha Da Dha Na
ट ठ ड ढ ण त थ द ध न

Pa Pha Bha Ba Ma Ya Ra La Wa
प फ ब भ म य र ल व

Sha Sha Sa Ha Ksha
श ष स ह क्ष

This type consonants of and vowels are also available in varios incriptions of Nepal

थ्य छगू आखल नं अपाःयाना स्थान स्थानान्तरस शिला लेखसय् खनेदुया निभ्ती च्वयागु जुल गुप्त आखलया स्वर व र व्यञ्जन।

A A I Ee U OO Ri Ree
अ आ इ ई उ ऊ ऋ ॠ



चा छा जा ह्वा । स्यहा सहा हा ह्या । हा ल्हा श्या सा । हा आ ॥

Cha Chha Ja Wha Syaha Saha HaHya Haa Hla S a Sa Ha A





का खा गा घा ङ । च्या छ्या भ्या न्ह्य । ता था धा । पा फा भा ह्मा ।


Ka KhaGaGhaYanChyaChhyaGhyaNhyaTaTha Dha Pa Pha Bha Mya

रञाना ञालिलया कूटाक्षरे व्यञ्जनवर्ण–


Kutakshar Alphabet



| | | | | |
|---|---|---|---|---|
| Ka क | Cha च | Ta ट | Ta त | Pa प |
| Kha ख | Chha छ | Tha ठ | Tha थ | Pha फ |
| Ga ग | Ja ज | Da ड | Da द | Ba ब |
| Gha घ | Jha झ | Dha ढ | Dha ध | Bha भ |
| Na ङ | Yan ञ | Na ण | Na न | Ma म |



| | | |
|---|---|---|
| Ya य | Sha श | Ksha क्ष |
| Ra र | Sa ष | Tra त्र |
| La ल | Sa स | Gya ज्ञ |
| Wa व | Ha ह | |


Consonants and Vowels of Nepalese Alphabets
Currently in use
थौकन्हे प्रचलित आखलया स्वर ब व्यञ्जन
A A I EE U OO Ri Ree Lri Lree
अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ
E Ai O Au Am Ah
ए ऐ ओ औ अं अः
Ka Kha Ga Gha Na Cha Chha Ja Jha Yan
क ख ग घ ङ च छ ज झ ञ
Ta Tha Da Dha Na Ta Tha Da Dha Na
ट ठ ड ढ ण त थ द ध न
Pa Pha Ba Bha Ma Ya Ri La Wa
प फ ब भ म य र ल व
Sha Sha Sa Ha Ksha Tra Gya
श ष स ह क्ष त्र ज्ञ

# AKHIL BHARATIYA NEWAR SANGATHAN, BHARAT
## LIST OF FOUNDER MEMBERS

| Sl. No./Name | Address |
|---|---|
| 1. Late Bhaju Jai Narayan Pradhan | Saureni |
| 2. Late Bhaju Arun Bhakta Pradhan | Mirik |
| 3. Bhaju Sunil Newar Joshi | Mirik |
| 4. Bhaju Pushpa Lal Joshi | Mirik |
| 5. Bhaju DilBahadurPradhan | Soureni |
| 6. Bhaju Kedar Pradhan | Mirik |
| 7. Bhaju Mani Kumar Joshi | Mirik |
| 8. Late Babu Ram Pradhan | Mirik |
| 9. Late Hari Narayan Pradhan | Soureni |
| 10. Late Ganesh Pradhan | Soureni |
| 11. Bhaju Anil Mani Pradhan | Mirilk |
| 12. Bhaju Mani Kumar Pradhan | Soureni |
| 13. Late Bhaju Deep Narayan Pradhan | Soureni |
| 14. Bhaju Lalit Pradhan | Sangma |
| 15. Bhaju lalit Maskey | Soureni |
| 16. Late Bir Bahadur Maskey | Nagari |
| 17. Late Dil Bahadur Pradhan | Mungarjung |
| 18. Bhaju Lov Kumar Pradhan | Mungarjung |
| 19. Late Kedarnath Pradhan | Darjeeling |
| 20. Late Prem Milan Pradhan | Nagari |
| 21. Late Tej Prasad Pradhan | Darjeeling |
| 22. Bhaju Badsha Pradhan | Rimbick |
| 23. Bhaju Mahendra Pradhan | Rimbick |
| 24. Maiju Maha Laximi Pradhan | Darjeeling |
| 25. Late Bhaju Nandalal Pradhan | Darjeeling |
| 26. Bhaju Buddhi Narayan Pradhan | Darjeeling |
| 27. Bhaju Babu Ram Pradhan | Kalimpong |
| 28. Late Bhanu Bhakta Pradhan | Kalimpong |
| 29. Bhaju Chandra Kumar Pradhan | Kalimpong |
| 30. Bhaju Krishna Mani Pradhan | Kalimpong |
| 31. Late Bhai Chandra Pradhan | Kalimpong |

| | |
|---|---|
| 32. Bhaju Nayan Pradhan | Kalimpong |
| 33. Late Manmaya Pradhan | Kalimpong |
| 34. Late Panch Ratna Pradhan | Kalimpong |
| 35. Late Chandra Lal Pradhan | Kalimpong |
| 36. Late Manbahadur Pradhan | Kurseong |
| 37. Late Shanti Pradhan | Kurseong |
| 38. Late Kumar Pradhan | Kurseong |
| 39. Bhaju Megh Raj Pradhan | Kurseong |
| 40. Bhaju Subash Pradhan | Kurseong |
| 41. Bhabu Deepak Pradhan | Kurseong |
| 42. Late Bishnu Kumari Pradhan | Kurseong |
| 43. Maiju Geeta Pradhan | Kurseong |
| 44. Bhaju Rajmohan Pradhan | Dooars |
| 45. Late Bhaju Shiva Kumar Pradhan | Dooars |
| 46. Bhaju Shankarnath Pradhan | Dooars |
| 47. Bhaju Indrajit Pradhan | Dooars |
| 48. Bhaju Kaji Pradhan | Dooars |
| 49. Bhaju Shanker Pradhan | Dooars |
| 50. Bhaju Khagendra Pradhan | Gangtok |
| 51. Bhaju Durga Pradhan | Pelling |
| 52. Bhaju Dil Kumar Maskey | Gangtok |
| 53. Late R. K. Pradhan | Gangtok |
| 54. Bhaju Govind Pradhan | Gangtok |
| 55. Bhaju Jay Sree Pradhan | Gangtok |
| 56. Bhaju K. C. Pradhan | Gangtok |
| 57. Maiju Anita Pradhan | Gangtok |
| 58. Bhaju Hari Prasad Pradhan | Gangtok |
| 59. Bhaju Deb Narayan Pradhan | Kokrajhar, Assam |
| 60. LateM. Kumar Pradhan | Baksha, Assam |
| 61. Bhaju BansidharNewar | Baksha Tamalpur, Assam |
| 62. BhajuShanti Newar | Baksha, Assam |
| 63. Bhaju Bhakta Newar | Odalguri, Assam |
| 64. Bhaju Dal Bahadur Newar | Singgri, Assam |
| 65. Bhaju Ram kumar Pradhan | Biswanath, Assam |
| 66. Bhaju Dhan Kumar Pradhan | Biswanath, Assam |
| 67. Bhaju Man Bahadur Newar | Singri, Assam |
| 68. Bhaju Tek Bahadur Newar | Singri, Assam |

# AKHIL BHARATIYA NEWAR SANGATHAN

## LIST OF ADVISORY COMMITTEE MEMBERS AND PATRONS (UPDATED UPTO 31.05.2025)

| SL/NO. | NAME | DESIGNATION | ADDRESS | CONTACT NO. |
|---|---|---|---|---|
| 1 | SUNIL NEWAR JOSHI | **FOUNDER MEMBER** | MIRIK, WEST BENGAL | **7430047759 / 9609880124** |
| 2 | **SHANKER NATH PRADHAN** | **CHIEF ADVISOR** | **DOOARS, WEST BENGAL** | **9593727292 / 9635296200** |
| 3 | PUSHPA RAJ SHRESTHA | ADVISOR | GOLAGHAT, ASSAM | **9531230560 / 7637977922** |
| 4 | DR PRABHAT PRADHAN | ADVISOR | DARJEELING, WEST BENGAL | **8348207434 / 9832042240** |
| 5 | YOGBIR SAKYA | ADVISOR | KALIMPONG, WEST BENGAL | **9851153415** |
| 6 | DR PRATAP CHANDRA PRADHAN | ADVISOR | SILIGURI, WEST BENGAL | **9474024738** |
| 7 | DR DIWAKAR PRADHAN | ADVISOR | HOD KASHI UNIVERSITY | **9454155457** |
| 8 | **Lt GEN RAM SINGH PRADHAN** | **ADVISOR** | **SM,VSM (RETD) DEHARADUN** | **7500398468** |
| 9 | **ADVOCATE D. K. PRADHAN** | **CHIEF LEGAL ADVISOR** | **DARJEELING, WEST BENGAL** | **6296376948 / 9475430054** |
| 10 | ADVOCATE SHYAM LAL PRADHAN | LEGAL ADVISOR | DARJEELING, WEST BENGAL | **8617824019 / 9832552434** |
| 11 | ADVOCATE RAJU PRADHAN | LEGAL ADVISOR | DARJEELING, WEST BENGAL | **9733292993 / 7797288347** |
| 12 | B. N. PRADHAN | PATRON | DARJEELING, WEST BENGAL | **9434354346 / 7864023935** |
|  | P. L. JOSHI | PATRON | MIRIK, WEST BENGAL | **9635109051 / 9593658005** |

## LIST OF MEMBERS OF THE ABNS CONSTITUTION AMMENDMENT COMMITTEE (UPDATED UPTO 31.05.2025)

| SL/NO. | NAME | DESIGNATION | ADDRESS | CONTACT NO. |
|---|---|---|---|---|
| 1 | **SHANKAR NATH PRADHAN** | **CHAIRMAN** | **DOOARS, WEST BENGAL** | **9593727292 / 9635296200** |
| 2 | PUSHPA RAJ SHRESTHA | CO-CHAIRMAN | GOLAGHAT, ASSAM | **9531230560 / 7637977922** |
| 3 | D. K. PRADHAN | MEMBER | DARJEELING, WEST BENGAL | **6296376948 / 9475430054** |
| 4 | SHYAM LAL PRADHAN | MEMBER | DARJEELING, WEST BENGAL | **8617824019 / 9832552434** |
| 5 | RAJU PRADHAN | MEMBER | DARJEELING, WEST BENGAL | **9733292993 / 7797288347** |
| 6 | SUNIL NEWAR JOSHI | MEMBER | MIRIK, WEST BENGAL | **7430047759 / 9609880124** |
| 7 | SURJA NARAYAN PRADHAN | MEMBER | DARJEELING, WEST BENGAL | **9832066111 / 9434066111** |
| 8 | SHYAM PRADHAN | MEMBER | SILIGURI, WEST BENGAL | **7908722508** |
| 9 | GANESH PRADHAN | MEMBER | SILIGURI, WEST BENGAL | **9932744135** |

# AKHIL BHARATIYA NEWAR SANGATHAN

## LIST OF CENTRAL COMMITTEE MEMBERS (UPDATED UPTO 31.05.2025)

| SL/NO. | NAME | DESIGNATION | ADDRESS | CONTACT |
|---|---|---|---|---|
| 1 | **SURJA NARAYAN PRADHAN** | **PRESIDENT** | **DARJEELING, WEST BENGAL** | **9832066111 / 9434066111** |
| 2 | DEEPAK PRADHAN | SENIOR VICE PRESIDENT | DARJEELING, WEST BENGAL | **9832673913** |
| 3 | L. B. PRADHAN | VICE PRESIDENT | GUWAHATI, ASSAM | **9436002041** |
| 4 | MANI KUMAR PRADHAN | VICE PRESIDENT | GANGTOK, SIKKIM | **9832097474** |
| 5 | **SHYAM PRADHAN** | **GENERAL SECRETARY** | **SILIGURI, WEST BENGAL** | **7908722508** |
| 6 | KRISHNA KUMAR PRADHAN | SECRETARY | GUWAHATI, ASSAM | **9435548800** |
| 7 | PRADEEP MALLA | ASSTT. SECRETARY | DARJEELING, WEST BENGAL | **8972583395** |
| 8 | RAM KUMAR PRADHAN | ASSTT. SECRETARY | BISWANATH, ASSAM | **9101044998** |
| 9 | NIL KAMAL NEWAR | ASSTT. SECRETARY | SONITPUR | **8472849644 / 9435637226** |
| 10 | TILAK PRASAD PRADHAN | MEMBER | ITANAGAR, ARUNACHAL | **8731871543 / 8414803064** |
| 11 | TEJU PRADHAN | MEMBER | DIMAPUR, NAGALAND | **7005772830** |
| 12 | **SMT. KALPANA PRADHAN** | **TREASURER** | **SILIGURI, WEST BENGAL** | **8250461683 / 8250462979** |
| 13 | PRITI PRADHAN | ASSTT. TREASURER | GUWAHATI, WEST BENGAL | **9474963238** |
| 14 | DEB NEWAR | MEMBER | KOKRAJHAR | **9954028938 / 9531230560** |
| 15 | SADEEP PRADHAN | MEMBER | DARJEELING | **9733556037** |
| 16 | ALANKAR SAKYA PRADHAN | MEMBER | KURSEONG | **8617631721** |
| 17 | TARA MANI PRADHAN | MEMBER | CHIRANG, ASSAM | **9101790985** |
| 18 | THANDI NEWAR | MEMBER | TEJPUR, ASSAM | **9864973020** |
| 19 | GOPAL NEWAR | MEMBER | BISWANATH, ASSAM | **9854586959** |
| 20 | DIPAK NEWAR | MEMBER | UDALJURI, ASSAM | **8133923372** |
| 21 | KUMAR PRADHAN | MEMBER | BAKSHA, ASSAM | **7896018602** |
| 22 | LALIT KUMAR PRADHAN | MEMBER | DARJEELING, WEST BENGAL | **8116954933** |
| 23 | GANESH KUMAR PRADHAN | MEMBER | SILIGURI, WEST BENGAL | **9932744135** |
| 24 | COL SANJAY MANI PRADHAN | ASSTT. SECRETARY | SILIGURI, WEST BENGAL | **8170033891** |
| 25 | BADRI NARAYAN PRADHAN | MEMBER | DOOARS, WEST BENGAL | **9734702991** |
| 26 | KUSHAL PRADHAN | MEMBER | DOOARS, WEST BENGAL | **9093242968** |
| 27 | NALIN PRADHAN | MEMBER | UTTRAKHAND | **9557304871** |

# AKHIL BHARATIYA NEWAR SANGATHAN

## LIST OF CENTRAL COMMITTEE MEMBERS FOR THE PERIOD FROM 2022-23 TO 2024-25

### CONSTITUTED ON 03.04.2022 AT SILIGURI IN THE 6TH ANNUAL GENERAL MEETING OF ABNS

| SL/NO. | NAME | DESIGNATION | ADDRESS | CONTACT |
|---|---|---|---|---|
| 28 | GANESH PRADHAN | MEMBER | KURSEONG, WEST BENGAL | **7908091286** |
| 29 | CHANDRA MANI PRADHAN | MEMBER | KURSEONG, WEST BENGAL | **7364086019** |
| 30 | MANI KUMAR JOSHI | MEMBER | MIRIK, WEST BENGAL | **9735032360** |
| 31 | RAVI PRADHAN | MEMBER | KALIMPONG, WEST BENGAL | **8116328861 / 7872104347** |
| 32 | BADSHAH PRADHAN | MEMBER | DARJEELING, WEST BENGAL | **7029361457 / 8001470845** |
| 33 | S. P. PRADHAN | MEMBER | DARJEELING, WEST BENGAL | **7908746876** |
| 34 | DEO RAJ PRADHAN | MEMBER | MIRIK, WEST BENGAL | **9775911589** |
| 35 | DHRUVA PRADHAN | MEMBER | KALIMPONG, WEST BENGAL | **7001420065** |
| 36 | SHIVA KUMAR PRADHAN | MEMBER | MIRIK, WEST BENGAL | **9831772090** |

**AKHIL BHARATIYA NEWAR SANGATHAN**
**PACHIM BANGAL RAJYA SAMITY**
**REGISTRATION NO – WEST BENGAL ACTXXVIOF 1961 NO.S0019350 OF 2021-2022**

Letter No : PBRS/Misc/01/22 — 15 March 2020

**AKHIL BHARATIYA NEWAR SANGATHAN**
**(Adhoc Committee)**
**Darjeeling – 734101**
**West Bengal**

**SUB : LIST OF ELECTED & NOMINATED MEMBERS OF A B N S WEST BENGAL STATE COMMITTE**

The list of the elected and nominated members of **A B N S West Bengal State Committee** is forwarded herewith for the perusal and approval please.

1. **Advisors**
   (a) Bhaju Prof. Dr. Pratap Chandra Pradhan
   (b) Bhaju Bhanu Marmik

2. **President** - Bhaju Ganesh Kumar Pradhan(Siliguri)
3. **General Secretary** - Bhaju Col Sanjay Mani Pradhan(Retd)(Siliguri)
4. **Treasurer** - Bhaju K K Pradhan(Siliguri)
5. **Vice Presidents**
   **(a) Siliguri** - Bhaju Puran Pradhan
   **(b) Darjeeling** - Bhaju M.B. Shrestha
   **(c) Kurseong** - Mayaju Sangeeta Pradhan
   **(d) Kalimpong 1** - Bhaju Rek Mani Pradhan(Kalimpong)
   **(e) Kalimpong 2** - Bhaju Dilli Ram Pradhan(Gorubathan)
   **(f) Mirik** - Bhaju Anil Mani Pradhan
   **(g) Rangbhang** - Bhaju Kumar Pradhan
   **(h) Dooars 1** - Bhaju Binod Pradhan(Bagrakote)
   **(i) Dooars 2** - Bhaju Bidhyasagar Pradhan(Luksan)

6. Joint Secretaries

| | |
|---|---|
| (a) Siliguri | - Bhaju Ashok Kumar Pradhan |
| (b) Darjeeling | - Bhaju Sushil Pradhan |
| (c) Kurseong | - Bhaju Deepak Pradhan |
| (d) Kalimpong 1 | - Bhaju Dhurba Raj Pradhan(Kalimpong) |
| (e) Kalimpong 2 | - Bhaju Kamal Pradhan(Gorubathan) |
| (f) Mirik | - Bhaju Mani Joshi |
| (g) Rangbhang | - Bhaju Bhakta Pradhan |
| (h) Dooars 1 | - Bhaju Mani Pradhan(Jaigaon) |
| (i) Dooars 2 | - Bhaju Ganga Prasad Pradhan(Bagrakote) |

7. EXECUTIVE MEMBERS

| | |
|---|---|
| (a) Siliguri | - Mayaju Kalpana Pradhan<br>- Bhaju Shyam Pradhan |
| (b) Darjeeling | - Bhaju Gobind Pradhan<br>- Bhaju Saroj Pradhan<br>- Bhaju Sri Narayan Pradhan<br>- Bhaju Nakul Pradhan<br>- Bhaju Sanjay Pradhan |
| (c) Kurseong | - Bhaju Rabin Pradhan<br>- Bhaju Subash Pradhan<br>- Bhaju Bishnu Kumar Pradhan<br>- Bhaju Raj Kumar Pradhan<br>- Bhaju Prakash Pradhan |
| (d) Kalimpong | - Bhaju Dhan Narayan Pradhan<br>- Bhaju Amit Kumar Pradhan<br>- Bhaju Arbinda Pradhan<br>- Bhaju Madhu Pradhan<br>- Bhaju Dinesh Pradhan |
| (e) Mirik | - Bhaju Shiva Pradhan<br>- Bhaju Devraj Pradhan |
| (f) Rangbhang | - Bhaju J N Pradhan<br>- Bhaju Lalit Pradhan<br>- Bhaju Kishan Pradhan<br>- Bhaju Subash Pradhan |

3

(h) Dooars

- Bhaju Ram Pradhan
- Bhaju Birendra Kumar Pradhan
- Bhaju Kashi Ram Pradhan
- Bhaju Kundan Pradhan
- Bhaju Suraj Pradhan

15/3/2022

General Secretary
A B N S West Bengal State Committee

Copies to All Zonal Committee(Aanchalik Samity) of West Bengal for information and necessary action

---

# AKHIL BHARATIYA NEWAR SANGATHAN

## UTTRAKHAND STATE COMMITTEE MEMBERS
## (UPDATED UPTO 31.05.2025)

| SL/NO. | NAME | DESIGNATION | CONTACT |
|---|---|---|---|
| 1. | Lt GEN RAM SINGH PRADHAN | CHIEF ADVISOR | 9832066111/9434066111 |
| 2. | Col D. K. PRADHAN | ADVISOR | 9832673913 |
| 3. | BIJAY PRADHAN | ADVISOR | 9436002041 |
| 4. | NALIN PRADHAN | PRESIDENT | 9832097474 |
| 5. | BIMAL SHRESTHA | VICE PRESIDENT | 7908722508 |
| 6. | Capt NARESH PRADHAN | SECRETARY | 9435548800 |
| 7. | BICKY PRADHAN | TREASURER | 8972583395 |
| 8. | SUK DEV PRADHAN | MEMBER | 9101044998 |
| 9. | SANJAY PRADHAN | MEMBER | 8472849644 / 9435637226 |
| 10. | NAWRAJ PRADHAN | MEMBER | 8731871543 / 8414803064 |

# AKHIL BHARATIYA NEWAR SANGATHAN

Estd.20 June 1993

Regd.No. S0019350 of 2021-2022(New)

**ASSAM STATE COMMITTEE**

H.O-Shakti Apartment, Flat No.-1,Shaktigarh Path, ABC, Guwahati-781005

(Reformed on 16th June 2023.)

## LIST OF ADVISORS

| SL.NO./NAME | DESIGNATION | ADDRESS | CONTACT NO. |
|---|---|---|---|
| 1. PUSPARAJ SHRESTHA | ADVISOR | GOLGHAT | 7637977922 |
| 2. DEV NEWAR | ADVISOR | KOKRAJHAR | 9954028938 |
| 3. KRISHNA KR. PRADHAN | ADVISOR | KAMRUP METRO | 9435548800 |
| 4. MOTI KR. NEWAR | ADVISOR | SONITPUR | 7002879311 |
| 5. RAM KR. PRADHAN | ADVISOR | BISWANATH | 9101044898 |
| 6. DAL BDR. PRADHAN | ADVISOR | SONITPUR | 8876899056 |

**LIST OF ASSAM STATE COMMITTEE MEMBERS**

FOR THE PERIOD OF 2023 TO 2026

| | | | |
|---|---|---|---|
| 1. LIL BDR. PRADHAN | PRESIDENT | KAMRUP METRO | 6000899076 |
| 2. BHAKTA PRADHAN | WORKING PRESIDENT | UDALGURI | 8638403751 |
| 3. RABI PRADHAN | VICE PRESIDENT | KOKRAJHAR | 6000137809 |
| 4. DEBILALP RADHAN | VICE PRESIDENT | BISWANATH | 6003542384 |
| 5. PREM NEWAR | VICE PRESIDENT | GOLAGHAT | 9395600737 |
| 6. SHIBA PRADHAN | VICE PRESIDENT | TINSUKIA | 6000313928 |
| 7. TANKA NEWAR | VICE PRESIDENT | SONITPUR | 7576926909 |
| 8. DIPALI PRADHAN | VICE PRESIDENT | SONITPUR | 6002590365 |
| 9. NILKAMAL NEWAR | CHIEF SECRETARY | SONITPUR | 8472849644 |
| 10. KRISHNA NEWAR | ASST. SECRETARY | DIBRUGARH | 8133037102 |
| 11. ASHOK NEWAR | ORG. SECRETARY | DIBRUGARH | 7002856295 |
| 12. SANGITA NEWAR | ORG.SECRETARY | SONITPUR | |
| 13. PRAKASH PRADHAN | CULTURAL SECRETARY | SONITPUR | 6001138462 |
| 14. PRADIP PRADHAN | CULTURALSECRETARY | BISWANATH | 9101195820 |

| | | | |
|---|---|---|---|
| 15. UTTAM PRADHAN | LITERATURE SECRETARY | CHIRANG | 7002818974 |
| 16. AMAR NEWAR | PUBLICITY SECRETARY | KAMRUP METRO | 8638952375 |
| 17. GOBIN NEWAR | SECRETARY | SONITPUR | 8660167346 |
| 18. SAGAR SHRESTHA | SECRETARY | GOLAGHAT | 9101097473 |
| 19. HEM PRADHAN | SECRETARY | UDALGURI | 7002776043 |
| 20. KRISHNA NEWAR | SECRETARY | CHIRANG | 9678319442 |
| 21. JIT BDR. NEWAR | TREASURER | SONITPUR | 9854565991 |
| 22. PRADIP NEWAR | MEMBER | DIBRUGARH | 6003034862 |
| 23. NABA KR .BANIA | MEMBER | SONITPUR | 9101242594 |
| 24. HARKA NEWAR | MEMBER | SONITPUR | 8453923635 |
| 25. HEM BDR. NEWAR | MEMBER | BISWANATH | 9577276432 |
| 26. DR. GAYETRI NEWAR | MEMBER(Female) | KAMRUP METRO | 9954751805 |
| 27. BASUDEV PRADHAN | MEMBER | KAMRUPMETRO | 8486436935 |
| 28. SURJANEWAR | MEMBER | GOLAGHAT | 9854802015 |
| 29. JOY PRASAD PRADHAN | MEMBER | BASKA | 6002363717 |
| 30. RIJU NEWAR | MEMBER | SONITPUR | 9854523389 |
| 31. KUMAR NEWAR | MEMBER | BASKA | 9957404032 |
| 32. SAKAL PRADHAN | MEMBER | TINSUKIA | 8486631025 |
| 33. RUPNARAYAN PRADHAN | MEMBER | BISWANATH | |
| 34. ASHIQ SHRESTHA | MEMBER | TINSUKIA | |
| 35. NARABAHDURP RADHAN | MEMBER | UDALGURI | |
| 36. UTTAM KR. PRADHAN | MEMBER | LAKHIMPUR | 9365481071 |
| 37. RAJIB NEWAR | MEMBER | LAKHIMPUR | |
| 38. KAMAL PRADHAN | MEMBER | BISWANATH | |
| 39. DURGA NEWAR | MEMBER | BISWANATH | |
| 40. SUSHIL NEWAR | MEMBER | BISWANATH | |

❑